# मेरो अख्तियारी र उत्तराधिकार
# (हमारी वसीयत और विरासत)

लेखक
पं. श्रीराम शर्मा आचार्य

अनुवादक
अयोध्या प्रसाद श्रीवास्तव
(गायत्री शक्ति पीठ बर्दिया नेपाल)

कम्प्युटर टाईप
ओमनाथ लम्साल

प्रकाशक
युग निर्माण योजना विस्तार ट्रष्ट
गायत्री तपोभूमि मथुरा

Phone: +977 84420494
www.ayodhyashrivastav.com

# यो जीवन यात्राको गंभीरतापूर्वक पर्यवेक्षणको आवश्यकता

रात्रो अथवा नराम्रै क्षेत्रमा भएपनि, जसलाई विशिष्ट व्यक्ति मानिन्छ,त्यसको जीवनचर्यासँग जोडिएका घटनाक्रमको जानकारी पाउने इच्छा जाग्ने गर्दछ । जिज्ञासाका साथ – साथै यसमा एउटा यस्तो भाव पनि हुन्छ जसबाट आफ्नो काम बन्ने सूत्र समेत फेला पर्न सकोस । जे भए पनि कथा साहित्यसँग जीवनचर्याको सघन सम्बन्ध हुन्छ । यो एकातिर रोचक त हुन्छ नै साथै अनुभव प्रदान गर्ने दृष्टिले उपयोगी पनि हुन्छन् ।

मेरो बारेमा प्रायः मानिसहरुले यस्तै सोधपुछ गर्ने गर्दछन् । तर मैले सामान्यतया यस्ता कुराहरुलाई भरसक पन्छ्याउने गरेको छु । मेरा प्रत्यक्ष क्रियाकलाप सबैका सामुन्ने नै छन् तर मानिसहरु त चटक र चमत्कारका कुराहरु जान्न बुझ्न चाहन्छन् । म सिद्धपुरुष छु रे र मेरा समीप आउनेहरु सजिलैसँग अनुदानबाट लाभान्वित कसरी हुने गर्दछन् भन्ने रहस्यलाई जान्ने उत्सुकता बोकेकाहरु कम छैनन् । वस्तुतः म बाँचुन्जेल त ती सबै कुराहरु किम्बदन्ति नै रही रहने छन् । किनकि मैले यस्ता कुराहरु रहस्यको पर्दा भित्रै रहुन् भनेर प्रतिबन्ध लगाई राखेको छु । यदि त्यस दृष्टिकोणबाट कसैले मेरो जीवनचर्या पढ्न चाहन्छ भने, उसले सर्वप्रथम त मेरो जीवनचर्याको तत्वदर्शनलाई बुझ्नु पर्दछ । केही अलौकिक र विलक्षण कुरा खोजन चाहनेले पनि मेरो जीवनक्रम पढेमा नयाँ बाटो प्राप्त गर्ने सम्भावना छ ।

प्रस्तुत जीवन वृतान्तमा कौतूहल र अतिवाद नभएपनि त्यस्ता सारगर्भित कुराहरु धेरै छन् , जसबाट अध्यात्म विज्ञानको वास्तविक स्वरुप र त्यसको सुनिश्चित प्रतिफललाई बुझ्न मद्दत प्राप्त हुन्छ । त्यसको वास्तविक रुप विदित नभएको कारणबाट आम मानिसहरु यस्तो भ्रान्तिमा फस्न पुग्दछन् कि भ्रमबाट जन्मेको निराशाले गर्दा श्रद्धा नै गुमाउन पुग्दछन् र यसलाई पाखण्ड मान्न थाल्दछन् । आजभोली यस्ता प्रछन्न नास्तिकहरुको संख्या अत्यधिक छ, जसले कुनै समयमा उत्साहपूर्वक देवी देवताको पूजा आजा गर्ने गर्दथ्यो, त्यस्ले अब येनकेन प्रकारले चिन्हपूजा सम्म गर्दछ र त्यो पनि पहिले देखि गरी आएको हुनाले बानी परेको अवस्था र अभ्यासवश मात्र गर्ने गर्दछ । यस्ताले देवपूजनको आनन्द र उत्साह गुमाई सकेका छन् । देवपूजन र चिन्हपूजाबाट उचित प्रतिफल प्राप्त हुननसकेको कारणबाट यस्तो हुन गएको हो । उपासनाको परिणति र फलप्राप्तिका बारेमा जे जस्तो पढेका र सुनेका थिए, ती कुनै कुरा पनि कसी लगाउँदा सही सावित नभएकाले विश्वास अडिग कसरी रहन सक्दछ ?

मेरो जीवनगाथाले सबै जिज्ञासुहरुका लागि एउटा प्रकाशस्तम्भको काम गर्न सक्दछ । यो एउटा बुद्धिजीवी र यथार्थवादीद्वारा अपनाइएको कार्यपद्धति हो । यसमा कुनै कुरा लुके छिपेको छैन । असफलताको लांछन पनि लाग्न सकेको छैन । धर्म प्रति श्रद्धा गुमाई सकेका अर्थात एक प्रकारको नास्तिकै जस्ता भैसकेका ती व्यक्तिहरुले गंभीरतापूर्वक विचार गरेको भए सही लक्ष्यसम्म पुग्नलाई सही बाटो फेला पार्न सकिन्थ्यो भन्ने कुरा स्पष्ट थाह पाउन सक्दथे । शर्टकटको चक्करमा भ्रमपूर्ण कर्महरु

नगरेको भए निराशा र थकान लाग्ने थिएन र परिणाम देखि खिन्न हुनु पर्ने थिएन । शुभ परिणाम प्राप्त गर्न महँगो पर्ने कुरा बुझ्न सकेको भए कि त त्यस्मा हात हाल्ने काम नै गर्ने थिएनन् अथवा सुखद परिणाम पाउने अदम्य इच्छा भए देखि त्यसको उचित मूल्य तिर्ने साहस पनि त गर्ने थिए होलान् । उनीहरुले यस्तो अवसर पाउन नै सकेनन् । यसलाई दुर्भाग्य भन्न सकिन्छ । यदि मेरो जीवनगाथा पढेको भए र यसको आदि देखि अन्तसम्म मिसिएको अध्यात्म तत्वदर्शन र क्रियाविधानलाई बुझ्ने अवसर पाएको भए यस्ता भ्रमित व्यक्तिहरुको अहिले जति विशाल संख्या देखिएको छ, यति ठूलो संख्या कदापि हुने थिएन ।

एउटा अर्को वर्ग छ – विवेक दृष्टिधारी यथार्थवादीहरुको वर्ग । यिनीहरुले ऋषिपरम्परामा विश्वास गर्दछन् र ऋषिहरु आत्मबलका धनी थिए भनेर शुद्ध हृदयले विश्वास गर्दछन् । ऋषिहरुले आफ्ना विभूतिहरुबाट आफ्नो, अर्काको र समस्त विश्वको कल्याण गरेका थिए । जसले भौतिक विज्ञानको तुलनामा अध्यात्म विज्ञानलाई श्रेष्ठ मान्दछ त्यस्ले अध्यात्मको वास्तविक स्वरुप र विधान के हो भन्ने जिज्ञासा पनि राख्दछ । हुनत प्रत्येक फल विक्रेताले आफ्नो पसलको फललाई मिठो नै भन्दछ तर भनाई माथि मात्र विश्वास नगर्नेहरुद्वारा जब उपलब्धीको हिसाब गरिन्छ तब को कति पानीमा छ भन्ने कुरा छर्लङ्ग हुन्छ ।

असल व्यक्तिहरुद्वारा असल प्रयोजनको लागि असल क्रिया अपनाइएमा त्यसको सत्परिणाम त प्राप्त हुन्छ नै । यो आधारमा जसलाई ऋषि परम्पराको अध्यात्मको स्वरुप थाह पाउनु छ , त्यसले यस विषयमा निजी अनुसन्धान गरिरहन आवश्यक छैन । त्यसले त मेरो जीवनचर्यालाई नै आद्योपान्त पढ्न र जाँच गर्न सके पनि पुग्छ । विगतका साठी वर्षको प्रत्येक वर्ष यसै प्रयोजनका लागि व्यतीत भएको छ । यसका परिणाम खुलेको पुस्तकको पाना जस्तै सामुन्ने नै छ । यसमा गम्भीर रुपले हेर्ने हो भने ठोस परिणाम प्राप्त गर्ने व्यक्तिले सही बाटो नै अवश्य अपनाएको होला भनि सहजै बुझ्न सकिन्छ । यस्तो अदभुत बाटो अरुहरुको लागि पनि अनुकरणीय हुन सक्दछ । जुन व्यक्ति आत्मविद्या र अध्यात्म विज्ञानको गरिमाबाट प्रभावित छ र यसको पुनर्जीवन हेर्न चाहन्छ र यसका प्रतिपादनहरुलाई परिणतिको कसीमा कस्न चाहन्छ त्यो व्यक्तिलाई निश्चय नै मेरो जीवनचर्चाका पृष्ठहरुको पर्यवेक्षण संतोषप्रद र समाधान कारक लाग्ने छ ।

प्रत्यक्ष घटनाको दृष्टिले यहाँ प्रकाशित गरिएका केही प्रसंगहरुलाई छोडेर मेरो जीवनक्रममा धैरै विचित्रता र विविधता छैन । कौतुक र कौतूहल व्यक्त गर्ने खालका उतार चढाव भएको कथावस्तु र टुनामुना तथा चमत्कारलाई पनि कुनै स्थान छैन । एउटा सुनिश्चित र सुव्यवस्थित बाटोमा निष्ठापूर्वक हिँड्दै मेरो समय व्यतीत भएको छ । यसकारण विचित्रताको खोजी गर्नेहरुलाई निराशा नै हात लाग्ने छ , तर जसले घटनाको पछाडी काम गर्ने तथ्य र रहस्यमा रुचि लिन्छ त्यसलाई अध्यात्म सनातनको परम्परागत प्रवाहको परिचय मिली हाल्छ , साथै उसले सफलता र असफलताको कारण के हो ? भन्ने कुरा पनि बुझी हाल्छ । क्रियाकाण्डलाई नै सबथोक मानियो र व्यक्तित्व परिष्कार तथा पात्रताको विकासमा

ध्यान दिएन , यसै कारणबाट उपासना क्षेत्रमा निराशा छाएको हो र अध्यात्मलाई उपहास्पद बन्ने र बदनाम हुने लांछन लागेको हो । मेरा काम कुरा सामान्य छन् तर यसको पछाडी त्यो पृष्ठभूमिको समावेश भएको छ जसले ब्रह्मतेजसलाई उजागर गर्दछ र केही महत्वपूर्ण काम गर्न सक्ने समर्थतासम्म डो¥याएर लैजान्छ ।

मेरो जीवनचर्याको घटनापरक विस्तारबाट कौतूहल वृद्धिका अतिरिक्त अन्य कुनै लाभ छैन । वास्तविक कुरा के हो भने यी क्रियाहरुको साथमा गांसिएको अन्तरदृष्टि र त्यस आन्तरिक तत्परताको समावेश, जसले सानो आकारको बिउ र मल जलको आवश्यकता पूरा गर्दै विशाल वृक्ष बनाउनमा समर्थ हुँदै गयो । वस्तुतः साधकको व्यक्तित्वले नै साधनाक्रममा प्राण हाल्ने काम गर्दछ । अन्यथा मात्र क्रियाकृत्य त खेल ठट्टा बन्न पुग्दछन् ।

तुलसीका राम, सूरदासका हरे कृष्ण, चैतन्यको संकीर्तन , मीराको गायन र रामकृष्णको पूजन क्रिया – कृत्यको कारणबाट मात्र सफल भएको थिएन । यस्ता उट्पट्यांग काम त अन्य असंख्य व्यक्तिहरुले गरी नै रहेका छन् तर तिनलाई विडम्बना मात्र हात लाग्दछ । बाल्मीकिले जीवनचर्यामा परिवर्तन गर्नासाथ उल्टो नाम जाप गरेर पनि मूर्धन्य भए । अजामिल, अंगुलिमाल, गणिका र आम्रपालीले ईश्वर नामका केही अक्षर जप्न मात्र सीकेका थिएनन्, उनीहरुले आफ्नो जीवनचर्या पनि अध्यात्मको आदर्श अनुरुप नै सञ्चालन गरेका थिए ।

अहिले त यस्तो विडम्बना देखिएको छ कि मानिसहरु केही नाम अक्षर जप्छन्, क्रिया – कृत्य गर्छन्, स्तवन र उपहार प्रस्तुत गरेर आफ्नो कर्तव्यको इतिश्री भएको ठान्दछन् र चिन्तन, चरित्र र व्यवहारलाई आदर्शवादिताको ढाँचामा ढाल्ने प्रयत्न गर्दैनन् जो आत्मिक प्रगतिको लागि अनिवार्य हुन्छ । मैले आफ्नो साधना पद्धतिमा यो भूलले प्रवेश न पाओस भनेर प्रारम्भ देखि नै होस पु¥याउने गरेको छु । अस्तु, यो यथार्थवादी छ र सर्वसाधारणको लागि उपयोगी पनि छ । यस दृष्टिकोणलाई स्मरण गर्दै मेरो जीवनचर्या पढ्नु पर्दछ ।

## जीवन सौभाग्यको सूर्याेदय

मेरो जीवनको पचहत्तरौं वर्ष पूरा भैसकेको छ । यति लामो अवधिमा एउटा काम मात्र गर्ने मेरो इच्छा रह्यो र त्यही काममा जुटेको छु । यो प्रयोजन हो “साधनाबाट सिद्धि” को अन्वेषण र पर्यवेक्षण । यस्को लागि यो उपयुक्त लाग्यो कि जसरी अनेक वैज्ञानिकहरुले पूरा जीवन लगाएर अन्वेषण कार्य गरे जसबाट मानवजातिको यति ठूलो सेवा संभव हुन सक्यो, ठीक त्यस्तै यो हेर्नुपर्दछ कि पुरातन कालदेखि चलीआएको “साधनाबाट सिद्धि” को प्रकृतिको सिद्धान्त ठीक बेठीक के कस्तो छ ? यसको परीक्षण अरु कसैमाथि नगरेर आफै माथि गर्नु पर्दछ । दस वर्षको उमेरमा नै यो विचार आएको थियो र पन्ध्र वर्षको अवस्थासम्म यही कुरा निरन्तर विचार क्षेत्रमा मन्थन भै नै रह्यो । यसै अवधिमा घटेका अन्य घटनाहरु,

जसको परिचय यदि दिनु नै पर्‍यो भने यति मात्र भन्न सकिन्छ कि मेरा पिताजीले आफ्ना सहपाठी पंडित मदन मोहन मालवीयजीसँग मेरो उपनयन संस्कार गराउनु भयो । त्यसैलाई "गायत्री दीक्षा" भनिएको थियो । मैले गाउँको स्कूलमा प्राइमरी पाठशाला सम्म पढाई गरें । बुवाले लघु कौमुदी सिद्धान्तको आधारमा संस्कृत व्याकरण पढाउनु भयो । वहाँ श्रीमद्भागवतको कथा - पुराण सुनाउन राजा महाराजाहरु कहाँ जाने गर्नु हुन्थ्यो । वहाँले मलाई पनि साथमा लाने गर्नु हुन्थ्यो । यसबाट मलाई भागवत पुराणको आद्योपान्त वृतान्त कण्ठ भै हाल्यो ।

यसै अवधिमा विवाह भयो । पत्नी अनुशासनप्रिय, परिश्रमी, सेवाभावी र मेरा कार्य व्यवहार निर्धारणमा सहयोगिनी थिइन् । यसरी नै पन्ध्र वर्षको आयु पूरा भयो ।

सन्ध्या वंदन मेरो नियमित कर्म थियो । मालवीयजीले गायत्री मन्त्रको विधिवत दीक्षा दिनु भएको थियो र "यो ब्राह्मणको कामधेनु हो" भन्नु भएको थियो । "यसलाई नबिराएर जाप गर्दैजानु । पाँच माला अनिवार्य छ, बढी भएमा झन् उत्तम नै हुन्छ" भन्नु भएकोले वहाँको अर्तीलाई मैले गांठो पारें र त्यो क्रम अनवरत चली नै रहेको छ ।

पन्ध्र वर्षको उमेरमा म माथि भगवानको अनुकम्पा वर्षेको मान्नु पर्दछ र त्यस्तो सुयोग बन्दै गयो जो मेरोलागि विधिद्वारा पहिले देखि नै नियोजित थियो । बालककालमा मैले सोंचेका संकल्पलाई प्रयासको रुपमा परिणत हुने सुयोग मिल्यो ।

मेरो पन्ध्र वर्षको अवस्था थियो । प्रातःकालको उपासना गर्दै थिएँ । बसन्त पर्वको दिन थियो । त्यस दिन ब्रह्म मुहूर्तमा कोठामा नै अचानक एक प्रकाश पुन्जको दर्शन भयो । कुनै भ्रम हो कि ? भनेर आँखा माडी माडी हेरें । तर प्रकाश प्रत्यक्ष रहेछ । कुनै भूत प्रेत देव दानवको मूति - छायाँ हो कि ? भन्ने शंका उठ्यो तर ध्यानपूर्वक हेर्दा त्यस्तो केही पनि होइन रहेछ । म विस्मृत थिएँ र डर पनि लागि रहेको थियो साथै स्तब्ध पनि थिएँ । त्यसपछि त्यो प्रकाश पुन्जको मध्यमा एउटा योगीको सूक्ष्म शरीर देखा पर्‍यो । सुक्ष्म भन्ने तात्पर्य यो हो कि योगीको छवि त देखियो तर त्यो छवि प्रकाशपुन्ज मा बेरिएको र आकाश मै टंगिएको थियो । यो के रहेछ ? मलाई आश्चर्य लाग्यो ।

त्यो छवि बोल्न थाल्यो र भन्यो – "म कैयौं जन्म देखि तिमीसँग जोडिएको छु, मार्गदर्शन गर्दै आएको छु । अब तिम्रो बालअवस्था सिद्धि सकेकोले आवश्यक मार्गदर्शनको लागि आएको छु । सम्भवतः तिमीलाई पूर्व जन्मको सम्झना छैन होला यसै कारणबाट भय र आश्चर्य लागेको छ । अब पहिलेका जन्महरुको विवरण हेर र आफ्नो शंका निवारण गर ।"

मलाई आज पनि सम्झना छ कि जब सिद्ध पुरुष अंशधरले मेरो पन्ध्र वर्षको अवस्थामा मेरो घरको पूजाको कोठामा मलाई दर्शन दिनु भएको थियो, त्यसबेला वहाँको दर्शन हुनासाथ मेरो मनमा तत्काल अनेक प्रश्नहरु अचानक जन्मेका थिए । प्रायः जिज्ञासुहरु सद्गुरुको खोजीमा यत्रतत्र भौतारिदै हिँड्छन् सोधपुछ गर्दछन् र कुनै इच्छा आकांक्षा छ भने त्यसको पुरा हुने वरदान माग्दछन् तर मेरो साथमा जो घटना भयो त्यो सर्वथा अर्कै थियो । बुवाले मेरो आठ वर्षको अवस्थामा नै महामना पंडित मदनमोहन

मालवीयजीबाट गायत्री मन्त्रको दीक्षा दिलाउनु भएको थियो । त्यसलाई प्राणदीक्षा भनिएको थियो । त्यसले गर्दा गुरुवरण गर्ने काम पनि सकिएकै थियो त्यसपछि कुनै अन्य गुरु प्राप्त गर्ने चाहना उठेन अनि अनायस नै त्यस्तो लाभ कसरी मिल्यो त ? जसको सम्बन्धमा अनेक किंवदन्ती सुनेर मलाई पनि ठूलो आश्चर्य लागि रहेको छ ।

शिष्यहरुले गुरुको खोजी गरी रहेका हुन्छन्, गुरु पाउनलाई अनुरोध – विन्ती गरी रहेका हुन्छन् र यदि कतै वहाँहरुको अनुकम्पाले दर्शन भेट भैहाल्यो भने आफूलाई धन्य ठान्दछन् । गुरुसँग केही पाउने आकांक्षा राखिन्छ । अनि मलाई अनायस नै सिद्ध पुरुषको अनुग्रह प्राप्त हुनु पर्ने कारण के ? यो कुनै छल परिपंच त होइन । अचानक कुनै छवि वा छाया प्रकट हुनु भनेको त भूत प्रेत हुन्छन् भन्ने कुरा हामीले सुनेका छौं । भूत प्रेत सँग भेट हुनु भनेको त कुनै अनिष्ट र अशुभको निमित्त कारण मानिन्छ । वहाँको दर्शन भएपछि मेरा मनमा पनि यस्तै विचार उठ्न थाले । यो कुनै विपत्तिमा फस्ने र अशुभ अनिष्ट हुने कुरा हो कि भन्ने शंका उठ्यो ।

वहाँले मेरो मनमा जन्मेको दुविधालाई बुझ्नु भयो तर रिसाउनु भएन । अपितु कुनै पनि वस्तुस्थितिलाई थाह पाएपछि विचारपूर्वक निष्कर्षमा पुग्ने र पछि राम्ररी बुझेर काम गर्ने कुरा वहांले मन पराउनु भएको रहेछ । यो कुरा वहाँको प्रफुल्लित मुख – मुद्रा देखेर स्पष्ट हुन आयो । मैले वहाँसँग तमाम कुराहरु सोधपुछ गरेर समय खेर फाल्नु भन्दा वहाँले आफ्नो परिचय दिएर यहाँ आउनु पर्ने कारण बताएर मेरो पूर्वजन्मको स्मृति गराएर विशेष प्रयोजनको लागि मलाई छनौट गर्नु भएको भन्ने कुरा स्वतः बताई दिनु नै मुनासिब ठान्नु भयो । हुनत घरमा आएको व्यक्तिसँग उसको परिचय र आगमनको कारण सोध्ने लोक व्यवहार नै हो साथै अर्काको घरमा आएको विशिष्ट आगन्तुकले पनि त्यो घरधनी कत्तिको वजनदार र महत्वपूर्ण छ भन्ने कुराको अनुमान गर्दछ । विशिष्ट र वजनदार आगन्तुक अकारण नै कुनै हलुङ्गो र कमसल मानिसका घरमा जाने हुन भने तिनको महत्व घट्दछ साथै कुनै तर्क बुद्धि भएको व्यक्तिको मनमा यस्ता घटना अकारण नै घटित भएको भन्ने संदर्भमा कइयांै शंका उपशंका र आश्चर्य लाग्दछ ।

पूजा कोठामा प्रकट भएको प्रकाशपुञ्ज – ती योगीले भन्नुभयो –"तिम्रो सोंच ठीकै हो । देवात्माहरुले जोसँग सम्बन्ध बनाउँछन्, त्यसको जाँच बुझ पनि गर्दछन् । आफ्नो शक्ति र समय खर्च गर्नु भन्दा पहिले छानबीन पनि गर्दछन् । तिनीहरु जो कसैको सामुन्ने प्रकट हुँदैनन् र जसको त्यसको इच्छित प्रयोजन पूरा गर्न पट्टी लाग्दैनन् । पात्र कुपात्रको अन्तर नै नगरेर जस्ता सुकैसँग सम्बन्ध जोड्नु कुनै पनि बुद्धिमान र सामथ्र्यवानको लागि कहीं पनि सम्भव हुँदैन । कइयौं साधारण मानिसहरुले कुनै सम्पन्न महामानवका साथ सम्बन्ध गाँस्नाले लाभ हुन्छ भन्ने कुरा सोच्दछन् तर तिनले यो बिर्सन्छन् कि त्यस्तो महामानवले आफ्नो शक्ति र सामथ्र्य कुनै निरर्थक व्यक्तिको लागि किन गुमाउँछ ?

वहाँले भन्नु भयो "मैले सूक्ष्म दृष्टिले यस्तो सत्पात्रको खोजी गरीरहेको थिएँ जसलाई यो समयमा लोक कल्याणको निमित्त कारण बनाउनका लागि प्रत्यक्ष कारण बताउन सकियोस । यो मेरो सूक्ष्म शरीर हो । सूक्ष्म शरीरबाट स्थूल काम गर्न सकिदैन । यसको लागि कुनै स्थूल शरीरधारीलाई नै माध्यम र

हतियार बनाएर प्रयोग गर्नु पर्दछ । यो समय विषम छ । यसमा मानिसको अहित हुने बढी सम्भावना छ । त्यसैको समाधानको लागि तिमीलाई माध्यम बनाउनु परेको छ । तिमीमा जुन अभाव छ त्यसलाई हटाउनु परेको छ र तिमीलाई मार्गदर्शन र सहयोग दिनु छ । यसै कारणबाट तिमीसँग आएको छु । अहिलेसम्म तिमी आफ्नो सामान्य जीवनसँग मात्र परिचित थियो र आफूलाई साधारण व्यक्ति मात्र जानेका थियो । यो पनि तिम्रो असमंजसको एउटा कारण रहेको छ । मैले  तिम्रो पात्रताको वर्णन गरे पनि कदाचित तिम्रो मनको सन्देह मेटिदैन होला कसैले अनायाश कुनै कुरा पत्याई हाल्ने समय पनि त होइन । यस कारण मैले तिमीलाई पहिलेका तीन जन्मको जानकारी गराएको हुँ ।”

वहाँले मेरा पूर्वजन्महरुमा जन्म देखि मृत्यु सम्मको पूर्ण विवरण देखाई सकेपछि ती जन्महरुमा वहाँ मसँग कसरी साथमा रहनु भएको थियो र के कस्तो सहयोग गर्नु भएको थियो भन्ने कुरा बताउनु भयो - बुझाउनु भयो ।

वहाँले भन्नु भयो – “यो तिम्रो दिव्य जन्म हो । म यो जन्ममा पनि तिम्रो सहयोगी रही रहने छु र तिम्रो शरीरबाट त्यो काम गराउने छु जुन काम समयको दृष्टिले आवश्यक छ । सूक्ष्म शरीरधारीले प्रत्यक्ष जन सम्पर्क गर्न सक्दैन र स्थूल शरीरधारीले विशेष घटनाक्रम गर्न सक्दैन, यस कारण योगीहरुले स्थूल शरीरधारीको सहारा लिनु पर्दछ ।

तिम्रो विवाह भैसकेको छ यो ठिकै भयो । यो यस्तो समय छ जसमा एक्लो भएर बस्दा लाभ थोरै छ तर जोखिम धेरै छ । प्राचीन कालमा ब्रह्मा, विष्णु, महेश, सूर्य, गणेश, इन्द्र आदि सबै देवता सपत्नीक थिए । सातै जना ऋषिहरुका पत्नी थिए । किनकि गुरुकुल - वनक्षेत्रका आश्रम चलाउनलाई माताको आवश्यकता पर्दछ र पिताको पनि । भोजन, निवास, वस्त्र,, प्यार आदिका लागी माता चाहिन्छ भने अनुशासन, अध्यापन र अनुदान पिताबाट प्राप्त हुन्छ । गुरु पिता हुन् भने गुरुपत्नी माता हुन् । ऋषि परम्पराको निर्वाहको लागि यो उचित छ र आवश्यक पनि छ । आजभोली भजनको नाउँमा आलसीहरुले संतको भेष बनाउँछन् र भ्रम फैलाउँछन् तर तिमी विवाहित भएकाले म प्रशन्न छु । यो विवाहित जीवनमा बीचमा केही व्यवधान त आउन सक्दछ तर पुनः तिमीलाई तिम्रो पूर्व जन्मकी सहयोगिनी पत्नीको रुपमा प्राप्त हुने छिन्, जसले आजीवन तिम्रो साथमा रहेर महत्वपूर्ण भूमिकाको निर्वाह गर्नेछिन् । बितेका दुई जन्ममा तिमी सपत्नीक बस्नु परेको थियो । यसबाट कार्यमा बाधा पर्छ भनेर नसोच्नु । वस्तुतः यसबाट आजका परिस्थितिमा सुविधा नै रहने छ र युग परिवर्तनको प्रयोजनमा सहायता - सहयोग पनि मिल्ने छ ।

त्यो बसन्त पर्वको पावन दिन थियो । प्रातःकाल ब्रह्म मुहूर्त थियो । नित्य गर्ने गरे जस्तै संध्यावंदनको नियम निर्वाह गरीरहेका थिएँ । त्यसैमा प्रकाश पुञ्जको रुपमा देवात्माको दिव्य दर्शन भयो र मेरो मनमा उठेको कौतूहल र जिज्ञासाको समाधान देवात्माबाट भैरहेको थियो । त्यो प्रकाशपुञ्जसँग घनिष्ठ आत्मीयताको नयाँ भाव जाग्यो । वहाँको महानता र अनुकम्पामा मेरो कृतज्ञताको भाव प्रकट हुन थाल्यो । यो स्थितिले मनको कायाकल्प गरी दियो । अब त अहिले सम्म आफ्नो भैरहेको परिवार बिरानो

जस्तो हुन थाल्यो र जुन प्रकाशपुुञ्ज अहिले भर्खरै प्रकट भएको थियो त्यो मेरो आफ्नै आत्मा झैं प्रतीत हुन थाल्यो । त्यही प्रकाशपुञ्जसँग मेरो भूतकाल जोडिएको थियो भने अब यो जुनीमा पनि जीवनको बाँकी रहेका दिनहरु यसैसँग जोडिएर बित्ने छन् भन्ने विश्वास मनमा पस्यो । अबदेखि मैले आफ्नो तर्फबाट केही भनि रहनु नपर्ने र कुनै चीजको चाहना राख्नु नपर्ने भयो तर वहाँको आदेशलाई प्राणपणले पालन गर्नु जीवनको एकमात्र उद्देश्य हुने भयो । यसैको नाम त समर्पण हो । मैले त्यसै दिन त्यो प्रकाश पुञ्ज ÷ देवात्मालाई समर्पण गरें र वहाँलाई मार्गदर्शक मात्र होइन कि वहाँलाई त मैले भगवान नै मानें । त्यस दिन वहाँसँग सम्बन्ध स्थापित भएको र त्यसको निर्वाह गर्दै आएको अहिले साठी वर्ष भन्दा बढी हुन लागेको छ । मैले आजसम्म कुनै तर्क बुद्धि नलगाएर कुनै इनकारी र अनिच्छा नदेखाएर वहाँको संकेतमा वहाँले देखाएको बाटोमा गतिशील रहने गरेको छु । वहाँले अह्राउनु भएको काम पूरा हुन सक्दछ, सक्दैन ? मैले गर्न सक्छु सक्दैन ? यसको परिणाम के होला ? आदि कुनै पनि प्रश्न मेरो मनमा कहिल्यै उठेन ।

त्यस दिन मैले एउटा अर्काे नयाँ कुरा के पनि थाह पाएँ भने सिद्ध पुरुषहरुको अनुकम्पा लोकहित र सत्प्रवृत्ति सम्बर्धनको लागि मात्र हुने गर्दछ । वहाँहरुको न त कोही आफन्ते नाता गोता हुन्छ र न त उदासीन अथवा विरोधी नै कोही हुन्छ । कसैलाई ख्याति, सम्पत्ति र कीर्ति दिलाउनका लागि वहाँहरुको कृपा वर्षने गर्दैन । विराट ब्रह्म – विश्व मानव नै वहाँहरुको आराध्य हुने गर्दछ । वहाँहरुले आफ्ना स्वजनहरुलाई त्यसैको सेवामा लगाउनु हुन्छ । मेरो मनमा जागेको यो नयाँ मान्यताले रामकृष्ण – विवेकानन्दको, चाणक्य – चन्द्रगुप्तको, गाँधी – विनोवाको र बुद्ध – अशोकको गुरु – शिष्य सम्बन्धको सम्झना गरायो । जसको आत्मीयतामा यस्तो केही हुँदैन, र जहाँ सिद्धि – चमत्कार, कौतुक – कौतूहल देखाउने र सिकाउने क्रियाकलाप हुने गर्दछ त्यहाँ गुरु – शिष्यको क्षुद्र प्रवृत्ति छ र चटके खेलाडी जस्तो कुनै खेल खेलवाड चलीरहेको छ भन्ने कुरा बुझ्नु पर्दछ । कोही गन्ध बाबाले जोकोहीलाई सुगन्धित फूल सुँघाउन सक्दथे । बाघ बाबाले आफ्नो कुटियामा बाघलाई बोलाएर बसाल्ने गर्दथे । समाधि बाबा कैयौं दिनसम्म भुईंमा गाडिएर बस्दथे । सिद्धबाबाले आगंतुकको मनोकामना पूरा गर्दथे । मेरो मनमा यस्तै जनश्रुति आउन थाले र यस्ता घटनाको पछाडी मिस्मेरिज्म जस्ता टुना मुनाका कुराहरुले भूमिका निर्वाह गरीरहेको छ भने यस्तालाई महान कसरी भन्न सकिन्छ ? भन्ने कुरा मेरो मनमा आयो । ठंडी प्रदेशमा गुफामा बस्ने जस्ता घटनालाई पनि कौतूहलवर्धक नै भन्नु पर्दछ । साधारण मानिसले गर्न नसक्ने कामलाई कसैले गरेर देखाई दियो भने यसलाई सिद्धिको कुरा भनेर भन्न त सकिन्छ होला तर सिद्धि मानी हाल्न मिल्दैन । मौन भएर बस्नु, भोजन हातमा राखेर खानु, एउटा हात माथि उठाई राख्नु र पिङमा बसेर जीवनको समय बिताउनु जस्ता असाधारण काम कुरा देखाउनेहरुलाई चटके जादूगर भन्न सकिन्छ तर जो वास्तविक सिद्ध वा शिष्य हुन्छ, त्यसले प्राचीन कालको लोकमंगलको लागि जीवन उत्सर्ग गर्ने ऋषिहरु हिँडेको राजमार्गमा नै हिँड्नु पर्दछ । आधुनिककालमा पनि विवेकानन्द, दयानन्द, कवीर, चैतन्य र समर्थ जस्तै वहाँहरुकै राजमार्गमा हिँड्नु पर्दछ । भगवान वहाँको नाम जाप गरेमा मात्र प्रसन्न हुनु हुन्न र न त वहाँलाई पूजा प्रसादको नै आवश्यकता छ । जसले वहाँको यो मनोहर विश्व बगैचालाई सुन्दर र

सुविकसित गर्नमा तत्परता देखाई रहेको हुन्छ, त्यसैको नाम जप सार्थक हुन्छ । मेरो मनमा त्यही बसन्त पर्वका दिन यस्तो विचार दिन भरी नै उठ्दै रहे किनकि वहाँले स्पष्ट भन्नु भएको थियो कि पात्रतामा जुन अभाव छ, त्यस्को पूर्ति गर्नुका साथै लोक मंगलको कार्य पनि सँगसँगै गर्दै जानु पर्दछ । एउटा काम भ्याएपछि मात्र अर्को काम गर्ने भन्ने होइन । दुवै काम एक साथ गर्नु पर्दछ ।" वहाँले चौबीस वर्षसम्म पालन गर्नुपर्ने नियम बताउनु भयो र स्वतन्त्रा संग्राममा एउटा असल स्वयंसेवक भएर काम गर्ने आदेश पनि दिनु भयो ।

त्यो दिन वहाँले मेरो सम्पूर्ण जीवनक्रम कुन तरिकाले चलाउनु छ ? त्यसको स्वरुप र पूर्ण विवरण बताउनु भयो । साँच्चै भन्ने हो भने पूर्ण विवरण बताउनु मात्र भएन कि वहाँले स्वयं मेरो लगाम आफ्नो हातमा लिएर मलाई हिँडाउनु पनि भयो र हिँडाउनु मात्र भएन कि मेरा प्रत्येक प्रयासलाई सफल पनि बनाउनु भयो ।

मैले त्यसदिन आफ्नो अन्तरआत्माले वहाँप्रति समर्पण गरें । वाणीले होइन, मेरो आत्माले भन्यो – "म सँग जे छ, हजुरलाई अर्पित छ । भगवानलाई मैले देखेको छैन । तर भगवानले गर्ने कल्याणकारी काम मैले गरी रहेको छु । यसकारण हजुर नै मेरो भगवान हुनुहुन्छ । आज हजुरले जीवनको जुन ढाँचा बताउनु भएको छ, त्यसमा कत्ति पनि प्रमाद हुने छैन ।

त्यस दिन वहाँले भावी जीवन सम्बन्धी केही कुरा मात्र विस्तारसँग बताउनु भएको थियो । १. गायत्री महाशक्तिको चौबीस वर्षमा चौबीस महापुरश्चरण । २. अखण्ड घृतदीपको स्थापना । ३. चौबीस वर्षमा र त्यसपछि पनि समय - समयमा क्रमबद्ध मार्गदर्शनको लागि हिमालयमा आफ्नो स्थानमा चार पटक बोलाउनु र पुग्नु र प्राय ६ महिना देखि एक वर्षसम्म वहाँको नजीकको स्थानमा रहनु बस्नु ।

वहाँले यस सन्दर्भमा अझै विस्तृत विवरण बताउनु थियो, त्यो पनि बताउनु भयो । विज्ञ पाठकहरुलाई जुन कुराहरुको माथि जानकारी गराइयो त्यो नै पर्याप्त छ । वहाँले निर्देशन गरे अनुरुपका सम्पूर्ण कार्यहरु मैले आजीवन गरेको हुँ र ती उपलब्धीहरु प्राप्त गर्न सफल भएको हुँ जसबाट म आज वर्तमान स्थितिमा पुग्न सकेको हुँ ।

## समर्थ गुरुको प्राप्ती – एक अनुपम सुयोग

रामकृष्ण विवेकानन्दलाई खोज्दै वहाँको घर पुग्नु भएको थियो । शिवाजीलाई समर्थ गुरु रामदासले खोज्नु भएको थियो । चाणक्यले चन्द्रगुप्तलाई ल्याएका थिए । गोखलेले गांधीलाई सघाएका थिए । मेरो सम्बन्धमा पनि यस्तै कुरा छ । मेरा मार्गदर्शक सूक्ष्म शरीरमा मेरो पन्ध्र वर्षको उमेरमा मेरो घरमा आउनु भएको थियो र आस्था जगाएर विशेष दिशा धारामा मलाई परिचालित गर्नु भएको थियो ।

मैले त के सोची रहेको छु कि यहाँ त असंख्य व्यक्तिहरु सद्गुरुको खोजीमा भौतारिदै हिँड्छन र धूर्तहरुलाई गुरु बनाएर टाउको मुडाएर रित्तो हात घर फर्कन्छन् तर यहाँ त मेरो विशेषता नै मान्नु पर्दछ कि एक दिव्य शक्ति, जसलाई मैले जानेको थिएन र मैले बोलाएको थिएन, त्यो शक्ति स्वेक्षापूर्वक मेरो घरमा आएर म माथि अनुग्रहको वर्षा गर्‍यो । यसको एउटै मात्र उत्तर के हुन सक्दछ भने मैले जन्म जन्मान्तर पात्रता आर्जनको प्रयाश गरेको हुनु पर्दछ । प्रायः यो काम छिटो हुन सक्दैन । यस्तो हुनका लागि व्रतशील भएर लामो समयसम्म कुसंस्कारहरmका विरुद्ध लडेको हुनु पर्दछ ।

संकल्प, धैर्य र श्रद्धाको त्रिविध सुयोग अपनाई रहने हो भने अध्यात्मको दिव्य अवतरण धारण गर्न सक्ने मनोभूमिको निर्माण हुन्छ । यो पात्रता नै शिष्यत्व हो जसको पूर्ति जहाँबाट पनि हुन सक्दछ । गुरु प्राप्त गर्नमा त्यति समय लाग्दैन, समय त पात्रता विकसित गर्नमा लाग्ने गर्दछ । एकलव्यका माटोबाट बनाइएका द्रोणाचार्य सक्कली द्रोणाचार्य भन्दा बढी लाभदायक सिद्ध भएका थिए । रामानन्दले कबीरलाई अछुत भएको कारणबाट दीक्षा दिन इनकार गरेपछि उनले एउटा युक्ति निकाले । काशीघाटका ती सीढीहरु जस्मा रामानन्द नित्य स्नानकालागि जाने गर्दथे, कबीर बिहानी पख नै गएर सीढीमा सुते र जब रामानन्द अँध्यारोमा नुहाउन निस्के तब उनको खुट्टा कबीरको शरीरमा पर्न गयो । उनी झस्केर राम – राम भनेर पछाडी हटे । कबीरले यसैलाई दीक्षा संस्कार मानी हाले । उनले रामनामलाई गुरुमंत्र र रामानन्दलाई गुरु भन्न थाले । यो वास्तवमा श्रद्धाको विषय हो । जब ढुंगाको मूर्ति देवता हुन सक्दछ तब श्रद्धावश कोई उपयुक्त व्यक्तित्वलाई गुरु किन बनाउन सकिदैन ? गुरु बनाउनलाई विधिवत संस्कार गराउनु पर्ने अथवा कानमा गुरु मन्त्र फुकाउनु पर्ने आवश्यक हुँदैन ।

अध्यात्म प्रयोजनका लागि गुरुस्तरको सहयोगी व्यक्तिको यस कारण आवश्यकता पर्दछ कि उसले पिता र शिक्षकको दोहोरो दायित्वको निर्वाह गर्नु पर्ने हुन्छ । बाबुले आफ्नो कमाईको एक भाग मात्र खर्च गरेर सन्तानलाई पढ्ने व्यवस्था र साधन सामग्री जुटाउँछ र शिक्षकले उसको ज्ञान तथा अनुभवलाई बढाउने गर्दछ । दुवैको सहयोगले बच्चाको निर्वाह र शिक्षण चलेको हुन्छ । भौतिक निर्वाहको आवश्यकता त बाबुले पूरा गर्न सक्दछ तर आत्मिक क्षेत्रको प्रगतिको लागि जुन वस्तुको आवश्यकता पर्दछ, त्यसमा बच्चाको मनस्थिति अनुरुप उसलाई मार्गदर्शन दिनुका साथै शिक्षक या गुरुले बच्चालाई सुम्पिएको काम गर्नको लागि आफ्नो तपको भण्डारबाट संचित तप झिकेर उसलाई हस्तान्तरित गर्दछ । यो प्रक्रिया र अनुदानको अभावमा बच्चाले अनाथ बालक झै आफ्नै पुरुषार्थको बलमा एक्लै त्यति काम गर्न सक्दैन जति काम उसले गर्नु पर्ने थियो । यसै कारणबाट "गुरु बिन ज्ञान हुँदैन" भन्ने उखान अध्यात्म क्षेत्रमा विशेषरुपले प्रचलित रहेको छ ।

यदि कुनै कुपात्र व्यक्ति गुरु खोज्दै हिँडेको हुन्छ र यदि संयोगले सुयोग गुरु प्राप्ती गरेपनि पछि ऊ निराश देखिन्छ किन भने यस्तो कठोर परिश्रम र कष्ट सहेर गरिएको कमाई कुनै कुपात्रलाई विलाश, संग्रह, अहँकार र अपव्ययको लागि हस्तान्तरित गर्न त सकिदैन नि ? दातामा यति बुद्धि त अवश्य पनि हुन्छ कि उसले प्राप्तकर्ताको प्रमाणिकता कुन स्तरको छ ? दिइएको चीजवस्तुको उपयोग कुन कार्यमा

हुन्छ ? भन्ने कुराहरुको जाँच बुझ गर्न सकोस I ती व्यक्ति जो यो कसीमा कमसल सिद्ध हुन्छ , तिनको दाल गल्दैन I तिनलाई त त्यस्ताले ठग्छन् जससँग दिनलाई केही हुँदैन र जसले शिष्यलाई शिकार ठान्दछ र तिनीहरुलाई आफ्नो जालमा फँसाएर तिनीसँग विभिन्न निहुँमा दान – दक्षिणा माँगी रहन्छ I मेरो लागि सब भन्दा ठूलो खुशीको कुरा नै यही हो कि मलाई यस्तो विडम्बनाले भरिएको प्रचलित कुचक्रमा फस्नु परेन I हिमालयको एउटा सत्ता अचानक मेरो मार्गदर्शनको लागि मेरो घर नै आई पुग्यो र मेरो जीवन धन्य भै हाल्यो I

मलाई यति समर्थ गुरु अचानक कसरी भेटिए ? यो प्रश्नको एकमात्र समाधान के निस्कन्छ भने यसको लागि लामो समय देखि कैयौं जन्ममा पात्रता आर्जनको लागि धैर्यपूर्वक तयारी गरेको रहेछु I हतार गरिएनछ I शब्दजालमा फसाएर कुनै गुरुको खल्ती काट्ने जस्ता बहादुरीको काम गरिएको रहेनछ, अपितु आफ्नो फोहर नालीलाई कुनै पवित्र नदीमा मिसाएर आफ्नो अस्तित्वलाई त्यसैमा डुबाउन प्रतिक्षा गरेको रहेछु I कुनै भौतिक प्रयोजनको लागि यस्तो सुयोगलाई खोजेको नभइ आफ्नो जीवन सम्पदाको श्रद्धान्जली कुनै देवताको चरणमा समर्पित गरेर धन्य बन्नु छ भन्ने कुराको चिन्तन गरेको रहेछु I

स्वामी दयानन्दले गुरु विरजानन्दको इच्छाअनुसार आफ्नो जीवन उत्सर्ग गर्नु भएको थियो I विवेकानन्दले आफ्ना सबै इच्छाहरुलाई खतम पारेर गुरुलाई सन्तोष दिने कष्टसाध्य काममा प्रवृत्त हुनु भएको थियो I यसैमा वास्तविक गुरुभक्ति र गुरुदक्षिणा नीहित हुन्छ I हनुमानले राममा समर्पित भएर प्रत्यक्षतः आफ्नो सबै थोक गुमाउनु भएको थियो तर परोक्षतः उनी सन्त नै बन्न पुगेका थिए र रामले गर्न सक्ने खालका कामहरु पनि उनले गर्न सक्ने भएका थिए I समुद्र फड्कने, पर्वत उखेल्ने र लंका डढाउने जस्ता काम विचरा हनुमानले गर्न सक्ने थिएनन् I उनी त आफ्ना राजा सुग्रीवलाई बालिको अत्याचारबाट सुरक्षित बचाउने काम गर्न पनि समर्थ थिएनन् I तर उनको समर्पणले एकात्म भाव पैदा ग¥यो I फोहर नालीमा अलि कति गंगाजल पोखियो भने त्यो जल पनि फोहर नै बन्न पुग्दछ तर बगी रहेको गंगा नदीमा अलिकति फोहर मिसिन पुग्दछ भने त्यो फोहरको अस्तित्व नै मेटिन पुग्दछ I त्यो फोहर नै गंगाजल हुन पुग्दछ I जो स्वयं समर्थ छैन ऊ अन्य समर्थ व्यक्तिमा समर्पित भएर त्यसै अनुरुप सामथ्र्यवान हुन पुग्दछ I ईन्धन जब आगोसँग जोडिन पुग्दछ तब त्यसको कमजोर स्थिति रहँदैन तब त त्यो ईन्धन नै आगो बन्न पुग्दछ र आगोको समतुल्य प्रखर भै हाल्छ I

श्रद्धाका केन्द्र भगवान हुन् र हामीले भगवानलाई नै प्राप्त गर्नु पर्दछ तर त्यो अदृश्य शक्ति सँग सम्बन्ध जोड्नका लागि कुनै दृश्य प्रतीकको सहारा लिनु पर्ने आवश्यक हुन्छ I यो कार्य देव प्रतिमाहरुको सहारामा सम्पन्न गर्न सकिन्छ र शरीरधारी गुरु यदि यो स्तरका छन् भने उनले पनि यो आवश्यकताको पूर्ति गराउन सक्दछन् I

मेरा यि आकांक्षाहरु अनायाश नै पूरा भैहाले I अनायास यस कारण भन्नु पर्दछ कि यसको लागि पहिलेका जन्महरुमा नै पात्रता अर्जित गर्ने साधनाको प्रारम्भ भैसकेको थियो I कुंडलिनी जागरण, ईश्वर दर्शन र स्वर्ग तथा मुक्ति जस्ता कुराहरु त धैरै पछिका कुरा हुन् I सबभन्दा पहिले त दैवी अनुदानहरुलाई

प्राप्त गर्न सक्ने क्षमता नै अर्जित गर्नु पर्दछ । अन्यथा जुन भारी हामी उठाउन सक्दैनौं र जुन भोजन हामीलाई पच्दैन त्यसको प्राप्तीले त हामीलाई झनै ठूलो विपत्तिमा हाल्न सक्दछ ।

प्रथम मिलनका दिन नै मेरो समर्पण सम्पन्न भयो र असल कमसलको परीक्षा पनि तत्काल नै भै हाल्यो । मलाई वहाँले दुइटा कुरा भन्नु भयो –"संसारीहरुले के गर्दछन् र के भन्छन् ? त्यतापट्टि नहेर्ने र निर्धारित लक्ष्य तिर एक्लै आफ्नै साहस र शक्तिले बढ्दै जाने । अर्को कुरा – आफूलाई अझ धेरै पवित्र र प्रखर बनाउनका लागि तपश्चर्यामा जुट्ने । चौबीस वर्षमा चौबीस वटा गायत्री महापुरश्चरणका साथ जौको रोटी र मही खाएर निर्वाह गर्ने अनुशासन तोकियो । पात्रता अर्थात सामथ्र्य विकसित हुना साथ त्यो सबै थोक प्राप्त हुने गर्दछ , तर जो प्राप्त हुन्छ त्यो विशुद्ध परमार्थको लागि मात्र प्राप्त हुन्छ । तुच्छ स्वार्थहरुको सिद्धिमा ती दैवी अनुदानहरुलाई प्रयुक्त गर्न पाइँदैन ।" बसन्त पर्वको त्यो दिन गुरु अनुशासनको आचरण नै मेरो लागि नयाँ जन्म बनेर आयो । संसारमा माग्नेहरुको कमी छैन तर सत्पात्रहरुमाथि आफ्नो सबै पूँजी लुटाई दिने सहृदयहरुको पनि कमी रहेनछ । कृष्णले सुदामामाथि सब थोक लुटाई दिनु भएको थियो । सद्गुरुको प्राप्ती मेरो जीवनको अनन्य एवं परम सौभाग्यको कुरा रहेको छ ।

## मार्गदर्शकद्वारा भावी जीनक्रम सम्बन्धी निर्देश

मेरो अनुभवमा साधकले शिद्ध पुरुष खोज्नलाई जति उत्सुकता हुन्छ त्यो भन्दा सिद्ध पुरुषले सुपात्र साधकको खोजी गर्ने असंख्य गुना उत्कंठा रहेको हुन्छ । साधक सत्पात्र हुनु पर्दछ । जसले आफ्नो चिन्तन, चरित्र र व्यवहार परिष्कृत गरि सकेको छ, त्यो नै असल साधक हुन्छ । उसले मार्गदर्शकको खोजी गरी रहनु पर्दैन, अपितु मार्गदर्शक स्वयं नै दगुरेर ऊसँग आई पुगदछ र उसको औंला समातेर अगाडी हिँड्ने बाटो सिकाउँछ । साधक जहाँ डगमगाउँछ त्यहाँ उसले काखमा लिएर, काँधमा बसालेर पार लगाई दिन्छ । मेरो सम्बन्धमा यस्तै त भयो । वहाँ मेरो घरमा पाल्नु भयो र मलाई अझै बढी सामथ्र्यवान बनाउनका लागि चौबीस वर्षको गायत्री पुरश्चरण गराउनु भयो र त्यसको पूर्णाहुतिको लागि सहस्त्र कुंडीय गायत्री यज्ञ पनि सम्पन्न गराउनु भयो । धर्मतन्त्रद्वारा लोक शिक्षणको लागि एकलाख अपरिचित व्यक्तिहरुलाई परिचित मात्र होइन, घनिष्ठ समेत बनाएर काँधमा काँध, पाइलामा पाइला मिलाएर हिँड्ने योग्य बनाई दिनु भयो ।

प्रथम पटक दर्शन दिने बेलामा नै गुरुदेवले चौबीस महापुरश्चरण पूरा गर्ने र चार पटक - एक एक वर्षको लागि हिमालय पुग्ने कुरा भन्नु भएको थियो । मलाई पटक - पटक हिमालय बोलाउनु पर्ने कारण थियो । एउटा कारण त यो जान्नु थियो कि सुनसान प्रकृतिको सानिध्यमा, प्राणीहरुको अभावमा आत्मालाई एकान्त एकाकीपन र अप्ठेरो त लाग्दैन । अर्को कारण यो थियो कि यो क्षेत्रमा रहेका हिंस्रक पशुहरुका साथ मित्रता बनाउन सक्ने आत्मियता विकसित भयो - भएन ? तेस्रो कुरा यो सम्पूर्ण क्षेत्र

देवात्मा हो । यसका ऋषिहरुले मेरो मानवी शरीरमा देवत्वको उदय गराएर देवमानवको रुपमा यस्तो भूमिकाको निर्वाह गराउनु भयो जो साधन र सहयोगको अभावमा साधारण मानिसले गर्न सक्ने संभव नै थिएन । ति ऋषिहरुसँग मेरो प्रत्यक्षीकरण गराउनु परेको थियो ।

वहाँको मूल निर्देशन के थियो भने आगामी दिनहरुमा उपलब्ध आत्मबलको उपयोग मैले यस्तो प्रयोजनको लागि एक साथ गर्नु पर्दछ, जो ऋषिहरुले समय समयमा तत्कालिक समस्याको समाधानको लागि आफ्नो प्रबल पुरुषार्थले सम्पन्न गर्नु भएको छ । यो यस्तो समय छ, जसमा अनगिन्ती कमीहरुलाई एकसाथ पूरा गर्र्नु पर्नेछ । साथै एकै साथ आक्रमण गरीरहेका अनेक विपत्तिहरुसँग लड्नु पर्नेछ । यी दुवै कार्यहरु यसै उत्तराखण्ड कुरुक्षेत्रमा विगतका दिनहरुमा सम्पन्न गरिएका छन् । पुरातन देवता र ऋषिहरु मध्ये कोही कोही आंशिक सफल हुनु भएको छ भने कोही कोही त असफल नै हुनु भएको छ । यस पटक म एक्लोले नै सबै प्रयत्न गर्नु परेको छ र समयको मांगलाई पूरा गर्नु परेको छ । यसको लागि जुन मोर्चाबन्दी गर्नु पर्दछ, त्यसको रुपरेखा बनाउने काम समयमा नै पूरा गर्नु पर्दछ जसबाट काँधमा आई परेको उत्तरदायित्वको पूर्व जानकारी रहोस् र पूर्वजहरुले कस्तो दाउपेच अपनाएर विजय वरण गर्दथे ? त्यस अनुभवबाट केही सजिलो पनि होस् । यी तिनैवटा प्रयोजनलाई जान्ने, बुझ्ने र त्यसलाई प्राप्त गर्ने उचित साधन अपनाउने तथा परीक्षा उत्तीर्ण हुनका लागि नै मेरा भावी हिमालय यात्रा हुने छन् भन्ने वहाँको निर्देशन थियो । वहाँले अगाडी थप्नु भयो – “तिमीले पनि हामीहरुले जस्तै सूक्ष्म शरीरको माध्यमबाट अति महत्वपूर्ण काम गर्नु पर्नेछ । यसको पूर्वाभ्यास गर्नको लागि यो सिक्नु पर्ने आवश्यक छ कि स्थूल शरीरबाट हिमालयको कुन भागमा कति समय सम्म र कसरी बस्न सकिन्छ र निर्धारित उद्देश्यको पूर्तिमा कसरी संलग्न रहन सकिन्छ ।

सामान्य ठण्डी – गर्मीको मौसममा जीवनोपयोगी सबै वस्तु प्राप्त हुन सक्दछन् र शरीरमाथि पनि ऋतुहरुको असह्य दबाब पर्दैन, तर हिमालय क्षेत्रको असुविधावाला प्रदेशमा थोरै मात्र साधनको सहारामा कसरी बाँच्न सकिन्छ ? यो एउटा कला हो, साधना हो । जसरी चटक देखाउने नटले शरीरको साधना गरेर अनेक कौतुहलको अभ्यास गर्न सक्छ , लगभग त्यस्तै नै यो पनि एउटा अभ्यास नै हो, जसमा नितांत एक्लीएर बस्नु पर्दछ । पात र कंदमूलको भरमा बाँच्नु पर्दछ र हिंसक जीवजन्तुका बीचमा रहँदा बस्दा आफूलाई बचाएर राख्न सक्नु पर्दछ ।

जबसम्म स्थूल शरीर छ, तबसम्म नै यस्ता झंझट हुन्छन् तर सूक्ष्म शरीरमा गइ सकेपछि ती आवश्यकताहरु जो स्थूल शरीरसँग जोडिएका हुन्छन्, समाप्त हुन्छन् । सर्दी – गर्मी देखि शरीर रक्षा, भोक प्यासको निवारण र निद्रा तथा थकानको दबाब जस्तो झन्झटहरु त्यस स्थितिमा रहँदैनन् । मानिस त खुट्टाको भरमा थोरै मात्र यात्रा गर्न सक्दछ तर सूक्ष्म शरीरको लागि त एक दिनमा सैकडो योजनको यात्रा सम्भव हुन्छ । एक साथ, एक मुखबाट सहस्त्रौं मानिसहरुको अंतःकरण सम्म आफ्नो कुरा पु¥याउन सकिन्छ र सूक्ष्मशरीरधारीले अर्काको यति धेरै सहायता गर्न सक्दछ जो स्थूल शरीरधारीबाट सम्भव नै

हुँदैन । यस कारण सिद्धपुरुषले सूक्ष्म शरीरमा काम गर्दछन् र उनीहरुको साधना पनि स्थूल शरीरधारी भन्दा भिन्न नै हुन्छ ।

स्थूल शरीरधारीको सीमा सानो हुन्छ । यिनीहरुको अधिकांश शक्ति त शरीरको आवश्यकताका सामग्री जुटाउन, कमजोरी, रुग्णता र जीर्णता जस्ता बाधाहरुसँग निप्टनमा नै खर्च भै रहेको हुन्छ तर एउटा लाभ के छ भने प्रत्यक्ष दृश्यमान कार्यहरु स्थूल शरीरबाट नै सम्पन्न हुन सक्दछन् । शरीरस्तरका व्यक्तिहरुसँग घुलमिल हुन र आदान - प्रदान गर्न यसैको सहाराबाट सम्भव हुन्छ । यस कारण जनसाधारण सँग सम्पर्क बनाई राख्नका लागि प्रत्यक्ष शरीर जरा जीर्ण हुन पुग्दछ र अशक्त भैहाल्छ र त्याग्नु पर्ने अवस्था आउँछ । यस्तो अवस्थामा यसद्वारा आरम्भ गरिएका कामहरु अपुरा छुट्न जान्छन् । यस कारण जसले लामो समय सम्म बस्नु छ र महत्वपूर्ण व्यक्तिहरुको अंतरालमा प्रेरणा एवं क्षमता दिएर ठूल ठूला कार्य सम्पन्न गराउँदै जानु परेको हुन्छ, उसले सूक्ष्म शरीरमा प्रवेश गर्नु पर्दछ ।

“जबसम्म तिम्रो स्थूल शरीरको उपयोगिता रहन्छ, तबसम्म यसले काम गर्नेछ । त्यसपछि यसलाई त्यागेर सूक्ष्म शरीरमा जानु पर्ने छ । तब छुट्टै किसिमको साधना हुनेछ र क्षमताहरुमा वृद्धि हुनेछ । विशिष्ट व्यक्तिहरुसँग सम्पर्क रहने छ । यही तरीकाले ठूला कामहरु सम्पन्न हुने छन् ।”

गुरुदेवले भन्नु भयो – “उचित समय आएपछि तिम्रो परिचय देवात्मा हिमालय क्षेत्रसँग गराउने छु । गोमुख भन्दा पहिले संत महापुरुषहरु स्थूल शरीरमा निवास गरी रहेका छन् । यस क्षेत्रमा कइयौं समस्याहरु छन् । वहाँहरुका माझमा निर्वाह गर्ने अभ्यास गर्नका लागि त्यहाँ एक - एक वर्ष बस्ने क्रम बनाई दिने योजना बनाएको छु । यसका अतिरिक्त हिमालयको हृदय जसलाई अध्यात्मको धुरव केन्द्र भनिन्छ, त्यहाँ चार - चार दिन बस्नु पर्ने छ, म साथै हुनेछु । मैले आफ्नो सूक्ष्म शरीरको स्थितिलाई स्थूल शरीर झैं बनाई राख्ने छु । त्यहाँ को बस्दछ ? कसरी बस्दछ ?र तिमीले कसरी बस्नु पर्नेछ ? यी सबै कुराहरु तिमीलाई जानकारी प्राप्त भै हाल्ने छ । दुवै शरीर र दुवै क्षेत्रको अनुभव क्रमशः प्राप्त हुँदै गएपछि तिमी त्यो स्थितिमा पुग्ने छौं, जसमा ऋषिहरु आफ्ना निर्धारित संकल्पहरुको पूर्तिमा संलग्न हुन्छन् । संक्षेपमा भन्ने हो भने तिमीलाई चार पटक हिमालय बोलाउने उद्देश्य यही हो । यसको लागि अभ्यास गर्नु पर्नेछ र परीक्षा उत्तीर्ण गर्नु पर्नेछ, यो बोलावटको उद्देश्य यो पनि हो । यो विशिष्ट प्रयोगबाट तिम्रो पुरश्चरण साधनामा कुनै बाधा पर्ने छैन ।

आज भोली सूक्ष्म शरीरधारी त्यसै क्षेत्रमा निवास गर्दछन् । पछिल्लो हिमयुग पछि परिस्थिति बदलिएको छ । जहाँ धर्तीको स्वर्ग थियो, त्यहाँको वातावरण अब देवताहरुको लागि उपयुक्त रहेन । यसकारण अब उनीहरु अन्तरिक्षमा बस्दछन् । “पूर्वकालमा ऋषिहरु गोमुख देखि ऋषिकेशसम्म आ - आफ्ना रुचि र सुविधा अनुसार बस्दथे । त्यो क्षेत्र अब पर्यटक, तीर्थयात्री र व्यवसायीहरुबाट भरी भराउ भैसकेको छ । यसकारण त्यो क्षेत्र उनीहरुकै लागि छोडिएको छ । त्यहाँ अनेकौं मन्दिर यस कारण बनाइएका छन् कि त्यसबाट यात्रीहरुको कौतूहल, पुरातन कालको इतिहास र त्यहाँका निवासीहरुको जीवन निर्वाह हुन सकोस् ।”

मलाई के पनि बताउनु भयो भने थियोसोफी की संस्थापिका ब्लैवेट्स्की सिद्ध पुरुष हुनु हुन्थ्यो । वहाँ स्थूल शरीरमा रहेर पनि सूक्ष्म शरीरधारीहरुको सम्पर्कमा हुनु हुन्थ्यो । वहाँले आफ्ना पुस्तकहरुमा लेख्नु भएको छ कि "दुर्गम हिमालयमा अदृश्य सिद्ध पुरुषहरुको पार्लियामेण्ट छ ।" यस्तै त्यस क्षेत्रका दिव्य निवासीहरुलाई "अदृश्य सहायक" पनि भनिएको छ । गुरुदेवले भन्नु भयो कि "त्यो सबै सत्य हो । तिमीले पनि यी सबै कुराहरु आफ्ना दिव्य आँखाले हेर्न पाउने छौ जहाँ मेरो निवास छ ।" तिब्बत क्षेत्र त्यस बेला हिमालयको सेरोफेरोमा पर्दथ्यो । अब त्यो परिधि घटेको छ, ता पनि ब्लैवेट्स्कीको भनाई साँचो हो । स्थूल शरीरधारीले त्यसलाई हेर्न सक्दैनन् तर मलाई आफ्नो मार्गदर्शक गुरुको सहायताबाट त्यसलाई हेर्न सक्ने आश्वासन प्राप्त भयो ।

गुरुदेवले भन्नु भयो –"मेरो बोलावटको प्रतिक्षा गर्नु । जब परीक्षाको स्थितिको लागि उपयुक्तता र आवश्यकता हुनेछ, तब बोलाउने छु । आफ्नो तर्फबाट त्यसको इच्छा र प्रतीक्षा नगर्नु । आफ्नो तर्फबाट जिज्ञासावश त्यता यात्रा नगर्नु । यस्ता काम निरर्थक हुनेछन् । तिम्रो समर्पण पछि अब यो मेरो जिम्मेदारी हुन आएको छ ।" यति भनेर वहाँ अन्तरध्यान हुनु भयो ।

## मलाई सुम्पिएका कार्यक्रमको जिउ–ज्यानले निर्वाह

त्यो प्रथम साक्षत्कारको समयमा मार्गदर्शक सत्ताद्वारा मलाई तीनवटा कार्यक्रम दिइएको थियो । सबै नियम उपनियमको पालन गर्दै चौबीस वर्षमा चौबीसवटा गायत्री महापुरश्चरण सम्पन्न गर्नु पर्ने थियो र अखण्ड घृत - दीपक पनि साथ - साथ प्रज्वलित भै रहनु पर्ने थियो । आफ्नो पात्रतामा रहेको कमी कमजोरीलाई हटाएर लोक मंगलको भूमिका पूरा गर्नकालागि साहित्य श्रृजन गर्नु अर्काे महत्वपूर्ण दायित्व थियो । यसको लागि गहन स्वाध्याय पनि गर्नु पर्ने थियो जो एकाग्रता सम्पादनको साधना हुन सक्थ्यो । यस्का अतिरिक्त जनसंपर्कको काम पनि त गर्नु पर्ने थियो जसबाट भावी कार्यक्षेत्रलाई दृष्टिगत गर्दै हाम्रो संगठन क्षमता विकसित हुन सकोस । तेस्रो महत्वपूर्ण दायित्व भनेको स्वतन्त्रता संग्राममा एउटा स्वयंसेवी सैनिकको भूमिका निर्वाह गर्नु थियो । यसो हेर्दा यी सबै दायित्व कार्यशैली र स्वरुपको दृष्टिले परस्पर विरोधी थिए । तर स्वाध्याय र साधनाको प्रगतिमा यिनी मध्ये कुनै दायित्व पनि बाधक बनेन जबकि यसै अवधिमा मलाई दुई पटक हिमालयको यात्रा गर्नु प¥यो । यी सबै दायित्वहरु एक साथ सहजै तरीकाले यसरी सम्पन्न हुँदै गए कि मलाई स्वयं नै यिनीहरुको कार्य सम्पन्नताको बारेमा आश्चर्य भैरहेको छ । यो सबै कामको श्रेय त्यस दैवी मार्गसत्तालाई जान्छ, जसले मेरो जीवनको डोरी शुरु देखि नै आफ्नो हातमा लिएको थियो र सतत संरक्षणको आश्वासन दिएको थियो ।

मलाई जुन दिन ऋषि दृष्टिकोणको दीक्षा मिल्यो त्यहि दिन नै यो परिवार सम्बद्ध त छ, तर विजातीय द्रव्य जस्तो छ, यसबाट बच्नु पर्दछ भनि बताइएको थियो । यसका तर्क र प्रमाणहरुको प्रवेश देखि त कान बन्द गरी राख्नु नै उचित हुन्छ । यस कारण सबैको कुरा सुन्नु त पर्दछ तर आफ्नै मनको काम

गर्नु पर्दछ । गुरुदेवको परामर्श र आग्रहलाई सारभूत मानें र महत्व दिएँ र त्यसलाई स्वीकार्ने मन बनाएँ अनि लक्ष्यसम्म पुग्न कठिन भएन । श्रेय र प्रेयका दुई दिशा धारा एक अर्काका प्रतिकूल हुन्छन् । यी दुई मध्ये एउटालाई मात्र अपनाउन सकिन्छ । संसार खुशी भयो भने आफ्नो आत्मा रुष्ट हुन्छ र आत्मालाई सन्तुष्ट गर्ने हो भने संसार र आफ्ना नजीकका मानिसहरुको असन्तुष्टि सहनु पर्ने हुन्छ । सामान्यतया यस्तो नै भैरहने छ । कदाचित कुनै समयमा मात्र यस्तो सौभाग्य उपस्थित हुन सक्दछ जब हाम्रा नजिकी र सम्बन्धहिरुले हामीले अपनाएको आदर्शवादितामा हाम्रो अनुमोदन र समर्थन गर्दछन् । आत्मालाई त अनेक पटक संसारका सामुन्ने घुँडा टेक्ने अवस्था आउने गर्दछ । उच्चस्तरीय निश्चय त्याग्ने अवस्था आउन सक्दछ र पहिले हिडेको लीकमा नै हिँड्नु पर्ने हुन सक्दछ ।

मेरो सामुन्ने पहिलो दिन देखि नै यो कठिनाई आई लाग्यो । बसन्त पर्वमा मलाई नयाँ जन्म मिल्यो र नयाँ कार्यक्रमको थालनी पनि गरें । पुरश्चरणको श्रृंखलाका साथ – साथै आहार विहारको तपस्वीस्तरको अनुबन्ध पनि गरें । हो – हल्ला मच्चियो । जसले सुन्यो उसले आफ्नै तरीकाले सम्झाउन बुझाउन थाल्यो । मीठा – तीता शब्दहरुको वर्षा हुन थाल्यो । सबैको सल्लाह एउटै थियो, त्यो के भने जसरी अन्य सबै मानिसहरुले जीवन यापन गर्दछन् र कमाउँछन् – खान्छन् त्यही बाटो उचित छ । यी काम कुरामा बाधा विरोध पर्ने पाइला चाल्नु हुँदैन । यद्यपि मेरो पैतृक सम्पत्ति यति थियो कि जसबाट तीन पीढीसम्म घर बसेर नै गुजारा चल्न सक्दथ्यो, तर त्यो तर्कलाई कोही सुन्न पनि तयार थिएन । नयाँ कमाऊ, नयाँ खाऊ र जुन पुरानो सम्पत्ति छ त्यो भविष्य र परिवारका लागि सुरक्षित राखी राख भन्ने मान्यता थियो र सबैले त्यही कुरा गरी रहेका थिए । मलाई अर्ती उपदेश दिने सैकडौं मुख थिए तर तिनलाई जवाफ फर्काउने मेरो मुख एउटै मात्र थियो । क – कसलाई जवाफ दिएर साध्य हुन्छ ? अन्तमा हरेश खाएर मैले गाँधीजीका तीनवटा गुरु मध्ये एउटा गुरुको अर्तीलाई धारण गर्ने सोंच बनाएँ । मौन बस्न थालें । जसबाट राहत पाएँ । वहाँहरुको शिक्षा र सिकावटको उत्तरमा "भगवानको प्रेरणा" भनेर जवाफ दिएपछि मेरो काम सजिलो हुन थाल्यो । किनकि यस जवाफको खण्डन गर्नलाई वहाँहरुसँग कुनै धारिलो तर्क थिएन । बिल्कुलै तल झरेर नास्तिकवादका कुरा गर्ने अथवा अन्तःप्रेरणाको खण्डन गर्न सक्ने तर्क र बुद्धि वहाँहरुले कतैबाट सिक्नु भएको थिएन । । यस कारण कुरा सेलायो । मैले आफ्नो संकल्पित व्रत कसैलाई कुनै जवाफ नदिने गरी चालु गरी दिएँ । कसैको परामर्श लिनु नै थिएन । मैले अब सोच्छु कि त्यति दृढता यदि न अपनाइएको भए दुई चार धक्का खाएर मेरो डुंगा डुबी हाल्ने थियो । जुन साधनाको बल र सहाराले आज आफ्नो र अर्काको भलो हुने जुन काम भैरहेको छ, यो सुयोग कहिल्यै आउने नै थिएन । ईश्वरसँग त्यो नाता जोडिने नै थिएन जुन नातो पवित्रता र प्रखरता भन्दा तलको स्थितिमा जरा गाड्ने स्थितिमा हुने नै थिएन ।

यसपछि दोस्रो परीक्षा बालककालमा नै तब सामुन्ने आयो जब काँग्रेसको असहयोग आन्दोलन प्रारम्भ भयो । जब गांधीजीले सत्याग्रहको बिगुल फुक्नु भयो र देशभक्तहरुको आह्वान गर्नु भयो र जेल जान र गोली खानलाई घर बाहिर आउन भन्नु भयो ।

मैले अन्तर आत्माको पुकार सुनें र यो ऐतिहासिक अवसर हो भन्ने कुरा बुझें । यो अवसर कुनै हालतमा गुम्न दिनु हुँदैन, मैले सत्याग्रही सेनामा भर्ती हुनु नै पर्दछ । मैले आफ्नो मनले त्यस क्षेत्रको भर्ती केन्द्रमा आफ्नो नाम लेखाएँ जसमा साधन सम्पन्न आफ्नो घर छोडेर नुन सत्याग्रहको लागि निर्धारित मोर्चामा जानुपर्ने थियो । ती दिनहरुमा गोली चल्ने भन्ने चर्चा व्यापक थियो । लामो सजाय र कालापानीसम्मको सजाय हुन सक्ने चर्चाहरु थिए । यी हल्ला सरकारी पक्ष र भाडाका प्रचारकहरmले यस कारण खुब व्यापक फिँजाएका थिए कि कोही सत्याग्रही न बनोस र घरका मानिसहरुले सत्याग्रहीलाई पूर्णतया रोकुन । मेरो साथमा यस्तै त भयो । म सत्याग्रही हुन लागेको कुरा थाह हुनासाथ मित्र, छिमेकी र नाता गोला मध्ये मलाई त्यो खतरा नमोलिन भनेर समझाई बुझाई गरेर खतरादेखि बचाउन नआउने कोही पनि भएन । उनीहरुको दृष्टिमा मैले गर्नलागेको काम आत्महत्या जस्तै थियो ।

कुरा बढ्दै – बढ्दै जवाफी आक्रमणको कुरा पनि आयो । कसैले अनशन गर्ने भनेर धम्कायो भने कसैले त आत्महत्या गर्न नै भने । मेरी आमा घरमा अभिभावक हुनु हुन्थ्यो । वहाँलाई त कस्तोसम्म सिकाउन थालियो कि म सत्याग्रही भएँ भने मेरो अंश हक खतम पारेर घरको सम्पत्ति मेरा अन्य दाजु भाईहरुमा बण्डा गरी दिन्छु भनेर धम्काउने प्रेरणा दिन थाले । दाई भाईहरुले घरदेखि तिम्रो सम्बन्ध बिच्छेद हुन्छ र घरमा आउन पाउँदैनौ भने । यसका अतिरिक्त अन्य कैयौं किसिमका धम्की दिए । तिमीलाई समातेर डाँकाहरुको जिम्मामा सुम्पिने छ भनेर भनियो ।

यस्ता तिता मीठा धम्कीहरु म शक्तिपूर्वक सुनी रहें । समयको मांग ठूलो कि परिवारको दबाब ठूलो भन्ने प्रश्न मेरो अन्तर आत्मामा मडारिन थाल्यो । अन्तरआत्माको प्रेरणा महत्वपूर्ण हुन्छ कि मनलाई यताउता भटकाई रहने असमंजसको स्थिति महत्वपूर्ण हुन्छ ? यसको अंतिम निर्णयको सँग गराउँ ? मैले आत्मा र परमात्मा यी दुईलाई साक्षी बनाएर उनीहरुको निर्णयलाई नै अन्तिम निर्णय मान्ने अठोट गरें ।

यस बारेमा प्रहलादको फिल्म चित्र आँखाको सामुन्ने नाच्न थाल्यो । त्यो चित्र पूर्णतया समाप्त हुन नपाउँदै ध्रुबको कथा मष्तिष्कमा तरंगित हुन थाल्यो । यो पनि सिद्धिन नपाउँदै पार्वतीको निश्चय जुरुक्क उठेर सामुन्ने आयो । यो क्रममा महामानव वीर बलिदानी, सन्त, सुधारक र शहीदका अनगिन्ती गाथाहरुको स्मरण हुन थाल्यो । ती मध्ये कसैका घर परिवारका व्यक्तिहरुले, मित्र र सम्बन्धीहरुले समर्थन गरेका रहेनछन् । तिनीहरु आफ्नो आत्मबलको सहारामा एक्लै नै कर्तव्य पथमा हिँडे र त्यसैमा दृढ भएका रहेछन् । अनि त यस समयमा मेरा वरीपरीका मानिसहरुले के भन्दैछन् र के गर्दैछन् भनेर सोच्नु व्यर्थ नै लाग्यो । तिनका कुरा सुनेर आदर्शको निर्वाह नहुने रहेछ । यदि आदर्श निर्वाह गर्नु छ भने आफ्नो मनको लालसा र लिप्सा – मोह मायासँग लड्नु पर्दछ । यति मात्र होइन, मेरा आस – पास रहेका ती व्यक्तिहरुको उपेक्षा पनि गर्नु पर्दछ जो पेट भर्ने र प्रजनन गर्ने कुचक्रमा मात्र घुमी रहेका छन् र अरुलाई पनि त्यसैमा घुमाई रहेका छन् ।

अन्ततः निर्णय आत्माको पक्षमा भयो । म अनेक विरोध र प्रतिबन्धहरुलाई चिर्दै, लुक्दै छिप्दै तोकिएको ठाउँमा पुगी हालें र सत्याग्रही भूमिकाको निर्वाह गर्दै जेल चलान भएँ । भयको जुन काल्पनिक आतंकको कथा मलाई सुनाइएको थियो, त्यस्तो केही पनि भएन ।

मेरो बाल्यअवस्थामा घटेको एउटा घटनाले यो समयमा दुवै प्रयोजनमा मलाई झन् साहस र हौसला बढाई रह्यो । घटना के भने गाउँमा एउटी दलित डुम जातिकी बुढी घाउबाट पीडित रहेको र पखाला पनि लागीरहेको अवस्थामा घाउमा कीरा परेका थिए जसले गर्दा बुढी रोई कराई रहन्थिन् तर छुवाछुतको कारणबाट तिनको घरमा कोही जाँदैनथ्यो । मैले एक जना चिकित्सकसँग उपचारको विधि सोधें र एक्लै सबै औषधि जुटाएँ र बुढीका घर जान थालें । चिकित्सा, सेवा सुश्रुवा र भोजन पु¥याउन पनि जान थालें । यी सबै काम मैले जिम्मेवारीपूर्वक गर्दै रहें । कुनै डुमको घरमा जानु र उसको मलमूत्र लागेका लुगा धुनु आज भन्दा ६५ वर्ष पहिले अपराध नै थियो । मलाई जाति बहिष्कार गरियो । घरका मानिसले घरमा प्रवेश गर्न नदिने भए । यस कारण म गाउँको चौतारीमा बसी रहन्थें र घरका मानिसले उपलब्ध गराएको खाद्य पदार्थ खाएर गुजारा गरी रहेका थिएँ । यति कष्ट आई लाग्दा पनि मैले डुमनी बुढीको सेवा छोडिन । यो सेवा पन्ध्र दिन चल्यो र अन्तमा बुढीलाई सन्चो भयो । ती बुढीले बाँचुन्जेल मलाई भगवान नै मान्दथिन् । त्यस बेला त म झन् १३ वर्ष कै थिएँ र नितान्त एक्लो थिएँ । पूरा घर परिवार र गाउँ एकातिर थियो भने म अर्काे तिर थिएँ । उनीहरुसँग खुब लडेथें र हारिन । अब त म त्यो भन्दा बढी उमेरको भैसकेको छु । यस कारण अब त झन् हार्ने कुरै भएन ।

स्वतन्त्रता संग्रामको कैयौं पटक जेल यात्रा, २४ महापुरश्चरणको व्रत धारण र डुमनी बुढीको सेवा साधना, यी तीन वटा परीक्षा मलाई सानै उमेरमा पास गर्नुपरेको थियो, आन्तरिक कमी कमजोरी र आफन्ते जनहरुको विरोध जस्तो दोहोरो मोर्चामा एकसाथ लड्नु परेको थियो । त्यस आत्मविजयको यो परिणाम भयो कि आत्मबल संग्रह भयो जसबाट धेरै भन्दा धेरै लाभ प्राप्त हुने अवसर मिल्यो । ती घटनाक्रमहरुबाट मेरो व्यक्तित्व बलवान हुँदै गयो तथा ती सबै कार्यक्रम मैले परिपक्वताका साथ पूरा गर्दै गएँ जसको मलाई संकल्प दिलाइएको थियो ।

महापुरश्चरणको श्रृंखला नियमित रुपले चल्दै गयो । गुरुदेवको आदेशले साधनाको शुभारम्भ जुन दिन गरेका थिएँ त्यसै दिन घिउको दीपकको अखण्ड ज्योति पनि स्थापित गरें त्यसको जिम्मा मेरी ती धर्मपत्नीले लिनु भयो जसलाई मैले पनि माताजी भनेर पुकार्ने गर्दछु । सानो बच्चालाई झैं अखण्ड दीपको बारेमा सधैं चनाखो भैरहनु पर्दथ्यो अन्यथा त्यो बच्चा झैं हलचल गर्न सक्दथ्यो वा निभ्न सक्दथ्यो । त्यो अखण्ड ज्योति यति लामो समय देखि कुनै बाधा बिना अहिलेसम्म नियमित प्रकाशित भैरहेको छ । जब यसको सानिध्यमा बसेर साधना गर्दछु तब अनायास नै मनक्षेत्रमा दिव्य भावनाहरु जाग्न थाल्दछन् । जब कुनै समस्याको समाधान देखिदैन तब यो दीपकको सानिध्यमा बसेपछि अनायास नै समस्याको समाधान मिल्ने गर्दछ ।

नित्य ६६ मालाको जप, गायत्री माताको चित्र – प्रतीकको धूप, नैवेद्य, अक्षत, पुष्प र जलले पूजन । जपका साथ साथै प्रातःकालका उदीयमान सविता देवताको ध्यान । अंतमा सूर्याघदान । यो सानो विधि व्यवस्था अपनाएँ । जपमा बीज मन्त्रको संपुट आदि कुनै तान्त्रिक विधि विधान जोडिएन, तर श्रद्धा भने अटूट नै रह्यो । सामुन्ने विद्यमान गायत्री माताको चित्र प्रति असीम श्रद्धा जाग्दै गयो । वहाँ साक्षात बसी रहनु भएको छ भन्ने लाग्दथ्यो । कहिले काहीँ त वहाँको काखमा मुख राखेर प्रेमाश्रु बगाउने मन हुन्थ्यो । वहाँमा ध्यान र मन नलाग्ने कहिल्यै भएन । मन अन्यत्र कहिल्यै भागेन । प्रगाढ स्तरको तन्मयता निरन्तर कायम रह्यो । जप र ध्यानको समय पूरा भएपछि अलार्म बज्दथ्यो अन्यथा त्यहाँबाट उठ्न मन नै लाग्दैनथ्यो । उपासना क्रममा कहिल्यै एकदिन पनि विघ्न परेन ।

अध्ययनको सम्बन्धमा पनि यस्तै भयो । त्यसकोलागि मैले अतिरिक्त समय निकाल्नु परेन । काँग्रेसको काममा प्रायःटाढा टाढाको यात्रा गर्नु पर्दथ्यो । जब हिँड्थें तब यात्राकालमा नै पढ्थें । जब परामर्श अथवा कामको समय आउँथ्यो तब पढ्न बन्द भै हाल्थ्यो र हिँड्न थालेपछि फेरी पढाई शुरु हुन्थ्यो । पुस्तक साइजका चालीस पाना प्रति घण्टा पढ्ने मेरो स्पीड रहेको थियो । कमतीमा दैनिक दुई घण्टा पढ्न पाइ हाल्थें । कहिले काहीँ अझ बढी समय पनि पाउँथें । यसरी दुई घण्टामा ८० पृष्ठ । एक महीनामा २४०० पृष्ठ । एक वर्षमा २८००० पृष्ठ । यो साठ्ठी वर्षको अवधिमा मैले आफ्नो रुचिले साढे अठार लाख पृष्ठ पढेको हुनुपर्दछ । लगभग तीन हजार पृष्ठ नित्य सरसर्ती दृष्टिले पढ्न सक्ने क्षमता भनेको मेरो स्नान र भोजन जस्तै सरल र सहज रहदै आएको छ । यो क्रम प्रायः ६० वर्ष भन्दा बढी समय देखि चल्दै आएको छ र यो अवधिमा मैले ती पुस्तकका अनगिन्ती पृष्ठहरु पढेको छु जो मेरो विषयसँग आवश्यक र सम्बन्धित थिए । महापुरश्चरणको समाप्तिपछि झन् बढी समय मिल्न थालेको थियो । तब मैले भारतका विभिन्न पुस्तकालयमा गएर ग्रन्थ र पाण्डुलिपिहरुको अध्ययन गरें । त्यो अध्ययन मेरो लागि अमूल्य धन साबित भयो ।

मैले मनोरन्जनको लागि कहिल्यै एक पाना पनि पढिन । आफ्नो विषयमा प्रवीणताको उपाधि प्राप्त गर्ने किसिमले गम्भीरतापूर्वक एकाग्र भएर पढ्ने गरेको छु । यस कारण पढेका विषयहरु मस्तिष्कमा जमेर बसेका छन् । मैले जब कुनै लेख लेख्दछु अथवा कुनै गम्भीर विषयमा वार्तालाप या चर्चा गर्दछु, तब पहिले पढेका विषयहरु अनायास नै स्मरण हुने गर्दछन् । मानिसहरुले कन्धा पछाडी मलाई “हिँड्ने डुल्ने इन्साइक्लोपीडिया” भन्ने गरेका छन् । अखण्ड ज्योति पत्रिका पढ्नेहरुले त्यसमा यति धेरै संदर्भहरु पाउँछन् कि तिनीहरु चकित भै हाल्दछन् र एउटा लेखको लागि नमालुम कति पुस्तक र पत्रिकाहरुबाट सामग्री एकत्रित गरेर लेख लेखिएको होला भनि सोच्न बाध्य हुन्छन् । यही कुरा “युग निर्माण योजना” र “युग शक्ति” पत्रिकाको बारेमा भन्ने गर्दछन् । तर साँचो कुरा के हो भने मैले जे पढेको छु उपयोगी मात्र पढेको छु र पुरै मन लगाएर पढेको छु । यस कारण आवश्यकता पर्ना साथ सम्पूर्ण संदर्भ अनायास नै स्मृति पटलमा जागी हाल्छन् । वास्तवमा यो मैले एकाग्रतापूर्वक गरेको साधनाको चमत्कार हो ।

मेरो जन्मभूमिको गाउँमा प्राथमिक पाठशाला थियो । सरकारी स्कूलको पढाईको दृष्टिकोणले भन्ने हो भने मैले यति मात्र पढेको छु । संस्कृत त मेरो वंश परम्परामा पसेकै छ । मेरा बुवा संस्कृतको असाधारण प्रकाण्ड विद्वान हुनु हुन्थ्यो । मेरा भाईहरु पनि त्यस्तै हुनु हुन्छ । सबैको रुचि संस्कृतमा रहेको छ । यसको साथै हाम्रो पैतृक व्यवसाय पुराणको कथा सुनाउनु र पुरोहित्याई गर्नु नै रहेको छ । यसकारण संस्कृतको पनि समुचित ज्ञान हुन गएको हो । आचार्यस्तरका विद्यार्थीहरुलाई समेत मैले पढाएको छु । जबकि म स्वयंको नै डिग्रीधारी योग्यता त्यति छैन ।

यसपछि अन्य भाषाहरु पढ्ने कथा मनोरञ्जक छ । मैले जेलमा फलामका बाटाहरुमा ढुंगाले अंग्रेजी लेखन शुरु गरेका थिएँ । "लीडर" भन्ने समाचार पत्रको एउटा अंक जेलमा फेला परेको थियो । त्यसैबाट पढ्न शुरु गरेको थिएँ । साथीहरुसँग सोधपुछ गरेर पढ्ने गर्दथें । यसरी एक वर्ष पछि जेलबाट छुट्ने अवस्था सम्म अंग्रेजीको राम्रो योग्यता प्राप्त भैहाल्यो । त्यसपछि प्रत्येक पटकको जेलयात्रामा आपसी चर्चाबाट मेरो अंग्रेजी ज्ञानको शब्दकोष बढ्दै गयो र क्रमशः व्याकरण पनि सिक्दै गएँ । त्यसको सट्टा मैले उनीहरुलाई संस्कृत र उखान टुक्काको हिन्दुस्तानी भाषा सिकाएँ । अन्य भाषाका पत्रिका र शब्दकोषहरु मेरो ज्ञानको आधार रहेका छन् र यस्तै बाटो हिँड्दा अन्य कतिपय भाषाहरु पढे सिकेको हुँ । गायत्रीलाई बुद्धिको देवी भनिन्छ । अरु कसैलाई बुद्धि प्राप्तीको लाभ भयो भएन त्यो त म जान्दैन तर मेरो लागि त यो चमत्कारी लाभ प्रत्यक्ष नै देखिएको छ । अखण्ड ज्योतिको संस्कृतनिष्ठ हिन्दीले त प्राध्यापकहरु समेतको मार्गदर्शन गरी रहेको छ । मैले जब यसो भैरहेको देख्दछु तब त्यस महाप्रज्ञालाई नै यसको श्रेय दिने गरेको छु । अति व्यस्तता रहँदा पनि विज्ञको ज्ञानको प्रसाद यति धेरै मात्रामा मलाई प्राप्त भयो कि मलाई यसबाट परिपूर्ण सन्तोष भएको छ र अरुहरुलाई आश्चर्य भएको छ ।

गुरुदेवको आदेश पालन गर्नको लागि मैले काँग्रेसको सत्याग्रह आन्दोलनमा भाग त लिएँ तर प्रारम्भमा अन्यौल यस कारण रह्यो कि जब मलाई चौबीस वर्षको प्याकेजको संकल्प दिनु भएको थियो भने त्यसलाई पाँच वर्ष र उन्नाईस वर्षका दुई टुक्रामा विभाजित किन गर्नु भयो । यसको साथै आन्दोलनमा त हजारौं स्वयं सेवक संलग्न थिए भने म एक जनाको थप घटले त्यसमा के नै प्रभाव पर्न सक्दथ्यो ?

गुरुदेवले साक्षात्कारका समयमा नै मेरो अन्यौललाई बुझी हाल्नु भएको थियो । वहाँले परावाणीमा मार्गदर्शन गर्ने क्रममा भन्नु भयो –"युग धर्मको आफ्नै महत्व हुन्छ । समयले आह्वान गरेपछि अन्य सबै आवश्यक कामहरु छोडेर यसरी दगुर्नु पर्दछ जसरी आगो लाग्दा पानी लिएर दौडिइन्छ र अन्य सबै काम छोडेर आगो निभाउनमा लागिन्छ ।" वहाँले पुनः थप्नु भयो –"आउने दिनहरुमा तिमीले जन सम्पर्कका अनेकौं काम गर्नु पर्ने छ । त्यसको लागि विभिन्न किसिमका व्यक्तिहरुसँग सम्पर्क गर्ने र काम निप्ट्याउने अर्को कुनै अवसर आउँदैन । यो त्यही उद्देश्य पूर्तिको एक चरण हो जसमा भविष्यमा थुप्रै श्रम र समय लाग्ने छ । शुरुका दिनमा जुन पाठ पढेका छौं र पूर्वजन्ममा जसको अभ्यास गरेका थियो,

त्यसको रिहर्सलको अवसर पाउने छौं । यी सबै कार्यहरु निजी लाभको दृष्टिले त महत्वपूर्ण छैनन् तर समयको माँग यसैबाट पूरा हुन्छ ।

"व्यवहारिक जीवनमा तिमीलाई चार वटा पाठहरु पढाईने छन् । १ – समझदारी, २ – ईमानदारी, ३ – जिम्मेदारी, ४ – बहादुरी । यी कुराहरुबाट नै व्यक्तित्वमा खारिन्छ , प्रतिभा र पराक्रम विकसित हुन्छ । हतियारमा खिया त लागेन ? पढेका पुराना पाठहरु बिर्सन त बिर्सिएन ? यसको छानबीन पुनः भै हाल्ने छ । यो दृष्टिले र भविष्यका क्रिया पद्धतिका सूत्रहरुलाई बुझ्नकालागि तिम्रो स्वतन्त्रता संग्रामको अनुष्ठान पनि जरुरी नै छ ।"

मैले देशकोलागि के – के गरें, कति कष्ट सहें र मलाई सुम्पिएका कामहरुलाई कति कुशलतापूर्वक सम्पन्न गरें ? यसको चर्चा गर्नु यहाँ अप्रासंगिक हुनेछ । कसैलाई यी कुराहरु जान्न बुझ्न आवश्यक पर्छ भने पाठकहरुले उत्तर प्रदेश सरकारको सूचना विभागद्वारा प्रकाशित "आगरा संभागका स्वतन्त्रता संग्राम सेनानी" पुस्तक पढ्न सक्दछन् । त्यसमा अनेक महत्वपूर्ण कामका साथमा मेरो उल्लेख भएको छ । "श्रीराम मत्त" भन्ने त्यसबेलाको मेरो प्रचलित नाउँ हो । यहाँ त यति मात्र विचार गर्नु छ कि मार्गदर्शक सत्ताले मेरो हित मध्ये कुन हितलाई समझेर यस्तो आदेश दिएको थियो ।

यो दश वर्षको अवधिमा जेल र जेल बाहिर अनेक प्रकृतिका मानिसहरुसँग भेटघाट भयो । स्वतन्त्रता संग्रामको समयमा जन जागृति चरम सीमामा थियो । मेरो सम्पर्कमा कैयौं शूरवीर, साहसी र संकल्पबल भएका अनेकौं यस्ता व्यक्ति सम्पर्कमा आए जसबाट मैले धेरै कुरा सिक्ने बुझ्ने मौका पाएँ । जनसमुदायलाई लाभान्वित गर्ने र नैतिक क्रान्ति जस्तो ठूलो कामको लागि आफ्नो प्रशंसक, समर्थक र सहयोगी बनाउनका लागि अपनाउनु पर्ने रीतिनीति मैले दुई वर्षमा नै सिकी हाले । अन्यथा अवस्थामा पुरै जीवन लगाएर पनि यी कुराहरु सिक्न सकिने थिएन । मैले यो अवधिमा विचित्र प्रकारका विचित्र प्रकृतिको अध्ययन गर्ने यति अवसर प्राप्त गरें, जति यो देशको अधिकांश भागको परिभ्रमण गरेपछि मात्र उपलब्ध हुन सक्दथ्यो । मेरो मन मस्तिष्कबाट घर गृहस्थी र आफ्नो बिरानोको मोह हट्यो र ती विपरीत परिस्थितिमा पनि प्रशन्नतापूर्वक जीवन बिताएँ र आफैमाथि दृढ विश्वास, आत्मविश्वास जमाउन सफल भएँ । सबभन्दा ठूलो उपलब्धि त के भयो भने मेरो स्वभाव स्वयंसेवक जस्तो बन्दै गयो, जसले गर्दा यो चरम अवस्थामा पुग्दासम्म म निरन्तर विनम्र भइ नै रहें । मसँग गुरुदेवले अनुष्ठान दुई चरणमा किन पूरा गराउनु भयो भन्ने जिज्ञासाको समाधान त्यस अवधिमा व्यतीत भएको स्वतन्त्रता संग्रामका प्रसंगहरुबाट पूरा भयो ।

अहिले काँग्रेसको स्थापनाको एक शताब्दी व्यतीत हुन थालेको छ । जुन समयमा मैले त्यसमा लागेर काम गरें त्यो समय अर्कै थियो । त्यस ताका काम गर्दा मैले विलक्षण अनुभव प्राप्त गरेको छु । त्यसबेला अनेक मूर्धन्य प्रतिभाहरुसँग सम्पर्कमा पुग्ने अवसर अनायास नै प्राप्त भएको थियो । मैले आफूलाई सदैव विनम्र र अनुशासित स्वयंसेवकको हैसियतमा राख्ने गरेकोले मूर्धन्य नेताहरुको सेवामा कुनै विनम्र स्वयंसेवकको आवश्यकता पर्दा मलाई खटाईने गरिन्थ्यो । मेरो उमेर पनि त्यस्तै खाले थियो ।

यस्तै सम्पर्कमा मैले ठूल – ठूला विशेषताहरु सिक्न पाएँ, वहाँहरुका साथमा बस्ने सुयोग पनि पाएँ । साबरमती आश्रममा गांधीजीसँग र पवनार आश्रममा विनोबाजीसँग बस्ने लाभ पाएँ । अरुहरु त वहाँहरुको नजीक पुग्दा दर्शन मात्र गरेर फर्कने गर्दछन् अथवा साथै रहने बस्ने सम्मको अवसर मात्र प्राप्त गर्दछन् तर मैले त वहाँहरुको सम्पर्कमा बसेर धेरै थोक पढेको र बुझेको छु । ती सबै स्मृतिहरुको उल्लेख गर्न यहाँ अप्रासंगिक होला, तर केही घटनाहरु यस्ता छन् जो मेरालागि कल्पवृक्ष जस्तै महत्वपूर्ण सिद्ध भएका छन् ।

सन् १९३३ को कुरा हो । कलकत्तामा इण्डियन नेशनल काँग्रेसको अधिवेशन थियो । त्यस ताका काँग्रेस गैरकानुनी संस्था थियो । त्यसमा जो जान्थ्यो, पक्राउ पर्दथ्यो । गोली काण्ड पनि भयो । जसलाई महत्वपूर्ण ठाने त्यसलाई बर्दवान स्टेशनमा पक्राउ गरे र ईष्ट इण्डिया कम्पनीको समयमा अंग्रेज अपराधीहरुका लागि बनाइएको एउटा विशेष जेल (आसन सोल), मा पठाई दिए । यसमा आगरा जिल्लाका तीनवटा साथी सहित म पनि पक्राउमा परें । त्यहाँ मेरा साथमा मदनमोहन मालवीय, गाँधीजीका पुत्र देवीदास गाँधी, जवाहरलालनेहरु की आमा स्वरुप रानी नेहरु, रफी अहमद किदवाई, चन्द्रभान गुप्ता, कन्हैयालाल खादीवाला र जगनप्रसाद रावत आदि मूर्धन्य मानिसहरु थिए । त्यहाँ हामी रहदा बस्दासम्म सायंकालमा महामना मालवीयजीको नित्य भाषण हुन्थ्यो । मालवीयजी र माता स्वरुपरानीले सबैलाई आफ्नै सन्तान सरह माया र व्यवहार गर्नु हुन्थ्यो । एक दिन वहाँले आफ्नो व्याख्यानमा यो कुरामाथि बढी जोड दिनु भयो कि हामीले आन्दोलनलाई गतिशील बनाउनलाई प्रत्येक पुरुषसँग एक पैसा र प्रत्येक महिलासँग एक मुठ्ठी अन्न मागेर ल्याउनु पर्दछ यसबाट सबैले काँग्रेस हामीहरुकै संस्था हो र हामीहरुकै लगानीमा खडा रहेको छ भन्ने कुरा बुझ्न सक्छन् । यसबाट सबैलाई यो संस्थासँग आत्मीय सम्बन्ध बन्दछ र एक मुठ्ठी अन्नको फन्ड यसको मूल आर्थिक आधार बन्न पुग्नेछ । यो कुरा अरुहरुको लागि त्यति महत्वपूर्ण थिएन तर मैले यस कुरालाई हृदयंगम गरें । ऋषिहरुको आधार यही भिक्षानै त थियो । यसैबाट वहाँहरुले ठूलठूला गुरुकुल र आरण्यक चलाउनु हुन्थ्यो । मलाई गुरुदेवले भविष्यमा बुहतै ठूल ठूला काम गर्नु पर्ने भनि संकेत दिनु भएको थियो । त्यसको लागि पैसा कहाँबाट उपलब्ध होला भन्ने चिन्ता लागीरहन्थ्यो तर यस पटक जेलमा त्यसको समाधान हुने सूत्र फेला परी हाल्यो । जब म जेलमुक्त भएँ र ठूलो काम गर्ने उत्तरदायित्व काँधमा आयो तब मैले त्यो फारमूलालाई प्रयोग गरें । "प्रतिदिन दस पैसा अथवा एक मुठ्ठी अन्न" अंशदानको रुपमा लिने नीति अपनाएँ र यसरी अहिलेसम्म मैले लाखौं होइन करोडौं रुपिया खर्च गर्न सक्षम भएको छु ।

काँग्रेस त गायत्री र गंगोत्री जस्तै मेरो जीवनको धारा रही आएको छ । स्वराज्य प्राप्त भैसके पछि मैले ति कामहरुमा नै विशेष ध्यान दिएँ जसबाट स्वराज्यको समग्रता सम्पन्न हुन सकोस, स्वराज्य साकार र सार्थक रुपमा उभिन सकोस । राजनेताहरुले देशको राजनीतिक र आर्थिक स्थिति सम्हाल्नु पर्दछ तर नैतिक क्रान्ति, बौद्धिक क्रान्ति र सामाजिक क्रान्ति झन् आवश्यक र ठूलो कुरा हो, जसलाई म जस्तो मानिसले नै सम्पन्न गर्न सक्दछ । यो धर्मतन्त्रको उत्तरदायित्व हो ।

मैले यो नयाँ कार्यक्रमको लागि आफ्ना सबै गुरुहरुसँग आदेश लिएँ र काँग्रेसको “खादी धारण” कार्यक्रमलाई अंगीकार गरेर बाँकी उसका सबै सक्रिय कार्यक्रमहरु देखि त्यही दिन पछि सरें जुन दिन स्वराज्य प्राप्त भयो । यसको पछाडी बापूको हात थियो र मलाई दैवी सत्ताबाट निर्देश प्राप्त भएको थियो । मैले काम गर्दै जाँदा लगभग बीस वर्ष पछि जब मेरा साथीहरुले स्वतन्त्रता संग्राम सेनानीको हैसियतमा सरकारबाट जीवनयापनको लागि गुजारा भत्ता रकम पाउने माग पत्र भर्न भने तब मैले हाँसेर त्यो कुरा पन्छाई दिएँ । मलाई राजनीतिमा “श्रीराम मत्त” अथवा “मत्तजी” को नामले चिनिन्छ । जसले मलाई जान्दछ र त्यस समयका जो जनमूर्धन्य जीवित हुनुहुन्छ, वहाँहरुले आचार्यजी (मत्तजी) काँग्रेसका आधार स्तम्भ हुन् र कठिन कामहरुमा अग्रपंतिमा उभिने गरेका व्यक्ति हुन् तर जब श्रेय प्राप्त गर्ने समय आउँथ्यो तब उनले आफूलाई पर्दापछाडी नै राख्ने गर्दथे भन्ने कुरा राम्ररी बुझ्नु भएको छ ।

मैले तीन वटै कामहरु यथावत पूर्ण तत्परता र तन्मयताका साथ पूरा गरेको हूँ र यसका अतिरिक्त गुरुदेवले जब – जब मलाई हिमालय बोलाउनु भयो, तब – तब जाने गरेको पनि छु । यो बीचका दुईवटा बोलावटमा वहाँले मलाई त्यहाँ ६ – ६ महिनामात्र रोक्नु भयो । वहाँले स्वतन्त्रता प्राप्तीको दृष्टिकोणले काँग्रेसको कार्य झन् महत्वपूर्ण छ, यस कारण अहिले तिमीलाई यहां ६ – ६ महिना रोक्नु नै पर्याप्त हुन्छ भन्नु भएको थियो । ती ६ महिनामा मसँग कुन काम गराइयो र के – के भनियो भन्ने कुरा सर्वसाधारणले जान्न जरुरी छैन । मेरा दृश्य जीवनका नै तमाम यस्ता प्रसंगहरु छन्, जसलाई मैले अलौकिक र दैवी शक्तिका कृपाको प्रसाद मान्दछु र त्यसलाई सम्झी – सम्झी कृतकृत्य र पुलकित हुने गरेको छु ।

## गुरुदेवको पहिलो बोलावट प्रत्येक पाइलामा परीक्षै–परीक्षा

गुरुदेवको हिमालयमा मेरो बोलावटको प्रसंग मत्स्यावतार जस्तै बढ्दै गयो । पुराणमा यस्तो कथा छ कि ब्रह्माजीको कमण्डलमा कतैबाट माछाको सानो बच्चो आई हाल्यो । वहाँले आचमनको लागि हत्केलामा पानी खन्याउँदा त्यो बच्चो हत्केलामा आयो र अकस्मात बढेर हत्केला भरमा भयो । वहाँले त्यसलाई पानीको घैटोमा राख्नु भयो तर त्यो एकै छिनमा बढेर दोब्बर हुन पुग्यो । अनि ब्रह्माजीले त्यसलाई तलाउमा हाल्नु भयो, त्यो माछो यति विशाल भयो कि तलाउमा पनि अटेन, तब त्यसलाई समुद्रमा पु¥याइयो र उसले हेर्दा हेर्दै समुद्रलाई पनि ढाक्यो अनि ब्रह्माजीको विवेक जाग्यो र त्यो सानो माछा त अवतारी सत्ता रहेछ भन्ने कुरा थाह पाउनु भयो । तब वहाँले स्तुति गर्नु भयो, आदेश माग्नु भयो र कुरा सकिए पछि मत्स्यावतार अन्तध्र्यान हुनु भयो र जुन कामको लागि वहाँ प्रकट हुनु भएको थियो, त्यो कार्य सम्पन्न भयो ।

म सँग पनि यस्तै घटनाक्रम चलेको छ । मेरो अध्यात्मिक जीवनको प्रारम्भ त्यहाँबाट भयो जहाँबाट गुरुदेवले परोक्ष रुपमा मलाई महामना पण्डित मदन मोहन मालवीयजीसँग गुरु दीक्षा दिलाउनु भएको थियो, यज्ञोपवीत धारण गराइएको थियो र गायत्री मन्त्रको नियमित उपासना गर्ने विधि विधान

बताइएको थियो । यद्यपि मेरो उमेर कम थियो तर पनि मैले ढुंगामा कोरिएको धर्सा े जस्तै मानें र विधिवत आदेशपालन पनि गरें । कुनै एक दिन पनि उपासना विहीन बितेको छैन । साधना गरिदैन भने भोजन गरिदैन भन्ने सिद्धान्त अपनाएँ । यो क्रम आजसम्म बिल्कुल ठीक चलेको छ र जीवनका अन्तिम दिनसम्म यो क्रमको निर्वाह हुने छ भन्ने कुरामा म विश्वास छु ।

त्यसपछि त गुरुदेवको प्रकाश रुपमा साक्षात्कार भएको थियो । वहाँले आत्मालाई ब्राह्मण बनाउनका लागि २४ वर्षको गायत्री पुरश्चरणको साधना बताउनु भयो । त्यो साधना ठीक समयमा पूरा भएको छ । यो अवधिमा बैट्री चार्ज गराउनका लागि र परीक्षा दिनको लागि पटक - पटक हिमालय पुग्ने आदेश प्राप्त भयो साथै प्रत्येक पटकको यात्रामा एक वर्ष र कुनै पटक त्यस भन्दा कम समय दुर्गम हिमालयमा बस्ने निर्देश पनि हुने गरेको छ । त्यो क्रम पनि ठीक दुरुस्त चलेकै छ र परीक्षामा उत्तीर्ण भएपछि नयाँ थप उत्तरायित्व पनि काँधमा परे झै छ । यति मात्र होइन, त्यो दायित्वको निर्वाह गर्नकालागि अनुदान पनि पाएको छु जसबाट कमजोरी अवस्थाको बालक नलोटियोस् - नपछारियोस । जहाँ जहाँ लरबरिने अवस्था आयो, त्यही मार्गदर्शकले ट्याप्प उठाई काखमा लिने गर्नु भएको छ ।

म हिमालयबाट फर्केको एक वर्ष व्यतित हुन नपाउँदै आकाश मार्गबाट मेरो हृदयमा पुनः हिमालय पुग्ने निमन्त्रण प्राप्त भयो । हिंडी हाल्ने भनेर बोलावट भयो । मलाई यसमा उत्सुकता त रहन्थ्यो तर कुनै हतार हुँदैनथ्यो । जुन जुन कुरा त्यहाँ देख्न पाएको छु त्यसलाई हेर्ने उत्सुकता हुन्थ्यो र जुन अनुभव गर्न पाएको छैन, त्यो अनुभव प्राप्त गर्ने आकांक्षा हुन्थ्यो । साथै यस्तो मौसममा, जब अरु कोही त्यता तिर जाँदैन, ठंडी, आहार नपाएको सुनसान र हिंसक जनावरहरु भेटिने आदि कैयौं किसिमका डर मनमा जन्मन्थे तर अन्ततः विजय मेरै भयो । साहस जित्यो । मेरा संचित कुसंस्कारहरुमा एउटा अनजान डर पनि थियो । सुरक्षित रहेर सुविधापूर्वक बाँच्नु छ भन्ने इच्छा थियो । घरमा त झन् महाभारतको स्थितिमा कौरव पाण्डवको जस्तो द्वन्द्व नै भयो । तर यी कुराहरु २४ घण्टा भन्दा बढी टिकेनन् । म भोलीपल्ट नै यात्रामा निस्की हालें । परिवारलाई आफ्नो प्रयोजन बताएँ । विपरीत सल्लाह दिनेहरु चुप लागे । वहाँहरुले मेरो निश्चय फेरिदैन भन्ने कुरा राम्ररी बुझ्नु भएको थियो ।

कठोर परीक्षा दिनु र राम्रो खाले पुरस्कार प्राप्त गर्नु यहि क्रम मेरो जीवनमा चल्ने गरेको छ । पुरस्कारका साथ अर्का े पाइला झन् वेगका साथ उठाउने हौसला पनि पाउने गरेको छु । मेरो मत्स्यावतारको यही क्रम चल्दै आएको छ ।

पहिलो पटक हिमालय जाँदा पहिलो सत्सँग भयो । पहिले पनि टाढाबाट हिमालय देखेको थिएँ । तर त्यहाँ रहँदा बस्दा कस्ता किसिमका परिस्थितिको मुकाबिला गर्नु पर्दछ भन्ने कुराको कत्ति पनि जानकारी थिएन । त्यसको अनुभव प्रथम पटक भयो । त्यस बेला देव प्रयाग देखि उत्तर काशीसम्म मात्र सडक र मोटरको व्यवस्था थियो । त्यसपछिका ु े पुरै बाटो पैदल यात्रा नै गर्नु थियो । ऋषिकेशबाट देवप्रयाग सम्म पनि पैदल बाटो नै थियो । कति सामान बोकेर हिँड्न सकिन्छ भन्ने कुराको अनुभव थिएन । यस कारण सामानको भारी अलि बढी नै भयो । जब बोकेर हिँडें तब मात्र त्यो त बढी गरुङ्गो रहेछ भन्ने

कुरा थाह भयो । म जस्तो मानिसले त्यति भारी बोकेर हिँड्न सक्ने अवस्था देखिएन । यस कारण बोक्ने सामथ्र्य भन्दा बढी वस्तुहरु बाटोमा भेटिएका अन्य यात्रीहरुलाई बाड्दै गएँ र त्यति वस्तु मात्र बाँकी राखें जो नितान्त उपयोगी थियो र बोकेर हिँड्न सकिन्थ्यो ।

यो यात्राबाट गुरुदेवले एउटा परीक्षा लिन खोज्नु भएको रहेछ । विपरीत परिस्थितिमा अठोटका साथ हिँड्न सकने मनस्थिति निर्मित भैसकेको छ छैन ? यो यात्रा शुरु भए पछि क्रमशः कठिन हुँदै गयो । मेरो ठाउँमा अरु कोही व्यक्ति भैदिएको भए त्यो आत्तिएर घर फर्की सक्दथ्यो अथवा चिन्ताले दुखित भएर बिरामी पर्न सक्दथ्यो । तर गुरुदेवले मलाई यो जीवन सूत्र सिकाउन खोज्नु भएको रहेछ कि मनस्थिति बलियो छ भने परिस्थितिहरुको मुकाबिला गर्न सकिन्छ, तिनलाई अनुकूल बनाउन र सहज गर्न सक्ने योग्य बनाउन सकिन्छ । महत्वपूर्ण सफलताको लागि मानिसलाई यति मजबूत हुनै पर्दछ ।

जनश्रुति यस्तो छ कि जब धर्तीको स्वर्ग र हृदय भनिने यो भू – भागमा देवताहरुको निवास थियो, तब ऋषिहरु गोमुख देखि तल र ऋषिकेश देखि माथि बस्दथे । तर हिमयुग पछि परिस्थितिले कोल्टे फे¥यो । देवताहरुले कारण शरीर धारण गरी हाले र अन्तरिक्षमा विचरण गर्न थाले । पुरातनकालका ऋषिहरु गोमुख भन्दा माथि गै हाले । तलको भाग र हिमालय पर्यटकहरुको लागि बाँकी रहन गयो । त्यहाँ कता – कतै साधु – बाबाजीहरुको कुटी त भेटिन्छन् तर ऋषि भन्न सकिने अवस्थाका महात्मा भेटिनु नितान्त कठि छ ।

हिमालयको यात्राको बाटोमा पर्ने गुफाहरुमा सिद्धयोगीहरु बस्दछन् भन्ने कुरा मैले पनि सुनेका थिएँ तर त्यस्तो दर्शन कहीं पाइएन । त्यो त मानिसको गुजाराको लागि सामग्री उपलब्ध हुन नसक्ने र आजीविका चलाउन नसकिने अवस्थाको नितान्त कठिनाईले भरिएको क्षेत्र रहेछ । यस कारण त्यहां लहडीहरुले आवत जावत त गर्दछन् तर बास बस्दैनन् । त्यता भेटिएका केही साधु सन्तहरुसँग कुरा कानी हुँदा तिनीहरु कि त जिज्ञासावस अथवा केही विशेष कुरा पाउने आशाले त्यता गएका रहेछन् भन्ने कुरा बुझियो । उनीहरुसँग न त तत्वज्ञान थियो र न त तिनको दिनचर्या नै तपस्वी जस्तो थियो । तिनीहरुसँग केही समय बसेपछि तिनीहरुले यो यो चीजवस्तुको अभाव छ भन्दै केही पाउने आशा गर्न थाल्दथे ।

यस्ता जोगीहरुले अरुलाई के नै दिन सक्छन् र ? भन्ने मेरो सोचाईमा आयो र अरुहरुले सिद्ध पुरुषहरुको खोजीमा गर्ने गरेका यात्राहरुलाई रमाइलोको यात्रा मात्र मान्न सकिन्छ भन्ने कुरा बुझेर मेरा पाइला अगाडी बढ्दै गए । यात्रीहरुलाई यस्ता जोगीहरुसँग अध्यात्मिक सन्तोष र समाधान त कत्ति पनि हुँदैन होला भन्ने सोचेर मेरो मन दुख्यो । मलाई ती जोगी भन्दा त छेउ छाउमा दोकान थापेर बस्ने पहाडी मानिसहरु नै गतिला लागे । तिनीहरु सीधा सादा र भलाद्मी थिए । तिनीहरुसँग पीठो, दाल, चामल आदि खाद्यान्न किनेपछि खाना पकाउने भाँडा वर्तन किराया नलिएर गन्ती पनि नगरेर त्यसै दि हाल्थें । कसैसँग कुनै चीज वस्तु माग्ने काम तिनले गर्दैनथे । तिनीहरुले प्रायः चिया बेच्ने गर्दथे । बीडी, सलाई, चिया, भेली, सातु र आलु जस्ता पदार्थहरु पनि बिक्री गर्दथे । यात्रीहरु श्रद्धालु त हुन्थे तर प्रायः गरीब नै

बढी हुन्थे । यसकारण तिनीहरुको काम लाग्ने चीजवस्तु नै दुकानमा बिक्री हुने गर्दथ्यो । यात्रीहरुले रात बिताउनका लागि त्यही क्षेत्रमा बनाइका कम्मल भाडामा पाउन सक्दथे ।

एक त शरद ऋतु र त्यसमा पैदल हिँड्नु , यी दुवै परीक्षा कठिन नै थिए । त्यस समयमा, जाडो याममा त्यस क्षेत्रका साधु सन्यासीहरु जाडो छल्नका लागि माथिबाट तल झर्ने गर्दथे । जुन क्षेत्रमा बढी जाडो हुन्छ, त्यस क्षेत्रका गोठालाहरु पनि आफ्ना पशुहरुलाई तल ल्याएर  तलै बस्ने गर्दछन् । गाउँका झोपडीहरु प्रायः रित्तै हुन्छन् । यस्तो कठिन परिस्थितिमा मलाई उत्तर काशीबाट नन्दन वनसम्मको यात्रा पैदल पूरा गर्नुपर्ने थियो । प्रत्येक दृष्टिले यो यात्रा बहुतै कठिन थियो ।

नितान्त एकान्त स्थान । बास बस्ने कुनै ठाउँ थिएन । जंगली जनावरहरु निडर भएर घुम फिर गर्दथे । यी सबै कुराहरु ज्यादै कष्टकर थिए । ती दिनहरmमा ज्यादै चिसो बतास बग्दथ्यो, त्यहाँ सूर्य अग्लो पहाडको छायाँमा पर्ने हुनाले बिहान दस बजेको समयमा मात्र देखा पर्दछ र दिउँसो दुई बजे तिर नै पहाडको चोटी भन्दा मुनि गै हाल्छ । पहाडको चोटीमा घाम लागेको देखा त पर्दछ तर तल तिर अलि अलि अँध्यारो नै रहन्छ । बाटोमा यदा कदा कोही मानिस फेला पर्दथ्यो । जसलाई नितान्त जरुरी कुनै काम पर्दथ्यो अथवा कहीँ कसैको मृत्यु भएको खबर पाउँथ्यो त्यो व्यक्ति मात्र बाहिर निस्कन्थ्यो । मेरो लागि त त्यो क्षेत्र बिल्कुलै सुनसान नै थियो । मेरा संगी साथीको नाममा मेरो छाती भित्र धड्कने हृदय र निरन्तर सोच विचारमा तल्लीन रहने मन नै मेरा साथी थिए । यस्तो अवस्थामा लामो यात्रा सम्भव या असंभव के छ ? मेरो परीक्षा भइरहेको थियो । हृदयले स्वाँस चली रहनु पर्दछ भनेर निश्चय गर्‍यो भने निश्चित अवधिसम्म स्वांस चली रहन्छ । तबसम्म कसैले मार्न सक्दैन । मेरो मस्तिष्कले भन्यो –“वृक्ष वनस्पतिहरुमा पनि त जीवन छ, त्यसमा पंक्षीहरुको वास छ । पानीमा जलचरहरु छन् । जंगलमा जंगली जनावर घुमी रहेका छन् । सबै नांगा शरीर र एक्ला एक्लै त छन् । जब यति धेरै प्राणीहरु यो क्षेत्रमा बसोबास गरी रहेका छन् भने मेरो लागि यो क्षेत्र निर्जन कसरी भयो ? आपूmलाई सानो मान्नु हुँदैन । जब “वसुधैव कुटुम्बकम्”  लाई मानिन्छ भने यति धेरै प्राणीहरुका बीचमा म “एक्लो कसरी हुने भएँ ? मैले मानिसलाई मात्र किन प्राणी मान्दछु ? यी जीवजन्तुहरु के मेरा आफन्ते होइनन् ? अनि सुनोपन कसरी ?

मेरो यात्रा जारी रह्यो र साथ साथै चिन्तन पनि चालु नै थियो । एक्लै रहँदा बस्दा मन माथि दबाव पर्ने गर्दछ किनकि त्यो त सदैव समूहमा बस्ने अभ्यस्त हुन्छ । एकान्त देखि ऊ डराउँछ । अँधकार पनि डरको एउटा ठूलो कारण हुन्छ । मानिस दिन भरि प्रकाशमा बस्ने गर्दछ र राती बत्ती बालेर उज्यालो गराई राख्दछ । तर जब निद्रा लाग्दछ तब बिल्कुलै अँधकार हुन्छ । तर त्यस अँधकारमा त्यति डर लाग्दैन जति कि सुनसानको अँन्धकारमा हुन्छ ।

एक्लोपनमा प्रायःजसो मानिसको मस्तिष्कलाई डर लाग्दछ । योगी त यस्तो डर देखि मुक्त हुनुपर्दछ । “अभय अर्थात निर्भयतालाई अध्यात्मको ठूलो गुण मानिन्छ । त्यस देखि छुटकारा भएन भने गृहस्थ जस्तै संसाधनहरु जुटाएर सुरक्षाको प्रबन्ध गरेर बस्नु पर्ने हुन्छ र मनना डर बनी रहन्छ ।

हिमालय क्षेत्रको एकान्तमा अर्को संकट यो हो कि त्यस क्षेत्रमा जंगली जनावरहरुको, विशेषतया हिंसक पशुहरु देखि डर लाग्दछ । उनीहरु हो हल्ला नहुने क्षेत्रमा नै विचरण गर्दछन् । उनीहरुको भोजन खोजने समय नै रात्रि हो । उनीहरुलाई दिनमा प्रतिरोधको मुकाबिल गर्नु पर्ने खतरा हुन्छ ।

रातीको समयमा, एकान्तमा हिंसक पशुहरुसँग मुकाबिला गर्नु ठूलो संकटको काम हो । संकट त के, सोझै मृत्युसँग मुठभेड गर्नु नै हो । हो – हल्ला र भीड भाड नहुने अवस्थामा त दिनमा पनि हिंसक पशुहरु पानी खान र शिकार खोज्न निस्कने गर्दछन् । मैले आफ्नो यात्रामा यी सबै परिस्थितिको बारम्बार मुकाबिला गर्नु परेको थियो ।

यात्रामा जहाँ पनि बास बसें त्यहाँ प्रायः काला सर्प र अजिंगर फुकारदै भेटिने गरेका थिए । त्यस क्षेत्रमा सानो जातिको सिंह धेरै मात्रामा हुँदा रहेछन् । यी सिंहहरु बबर सिंहको दाँजोमा धेरै फुर्तिला हुन्छन् । यद्यपि आकारको दृष्टिले तिनमा तागत भने कम हुने गर्दछ । यस कारण उसले सानो जनावरहरु माथि आक्रमण गर्ने गर्दछ । शाकाहारी जनावरमा आक्रमणकारी पहाडी भालू हो । शिवालिकका पहाडी र हिमालयको तल्लो भागमा जंगली हात्ती पनि बस्दछन् यिनीहरुको सामान्य प्रकृति के हो भने यिनीहरुसँग यदि आँखा जुध्दैन र तिनलाई कसैले चलाउने भन्ने खतरा लाग्दैन भने उनीहरु आफ्नो बाटो गै हाल्छन् । अन्यथा भय या क्रोधको अलिकति भाव मनमा आउना साथ यिनले आक्रमण गरी हाल्छन् ।

अजिंगर, सर्प, ठूलो, छेपारो, भालू , तेंदुवा, पाटेबाघ र हात्तीसँग प्रायः यात्रीहरुको भेट हुने गर्दछ । यदि यात्रीहरु समूहमा छन् भने यी जनावरहरु बाटो छलेर तर्केर निक्ली हाल्छन् तर जब कुनै एक्लो मानिस अचानक सामुन्ने आई पर्दछ तब उनीहरु तर्केर बाटो छोडेर जाँदैनन् उनीहरु निर्भीकतापूर्वक बाटोमा अडिएर उभिन्छन् । यस्तो अवस्थामा यात्रीले नै उनको बाटो छोडेर हिँड्नु पर्दछ । अन्यथा यस्तो मुठभेडमा आक्रमण हुनु प्रायः निश्चित नै हुन्छ ।

यस्तो आमुन्ने सामुन्ने हुनु र मुकाबिला व्यहोर्नु भनेको त दिन रात चौबीस घण्टामा दश देखि बीस पटक सम्म हुने गर्दथ्यो । म एक्लो मानिसलाई देखेर तिनीहरु निर्भय भएर हिँड्थे र बाटो छोड्दैनथे । तिनको लागि मैले नै बाटो छोड्नु पर्दथ्यो । यो घटनाक्रम लेख्न र पढ्न त सजिलो छ तर व्यवहारमा त्यस्तो अवस्थाबाट पार पाउन साह्रै कठिन हुन्छ । किनभने उनीहरु ठाढै काल जस्तै आउँथे र कहिले काहीँ त साथ – साथ र कहिले त पछि पछि हिँड्थे । हामीलाई, शरीरलाई मृत्यु सब भन्दा भयानक लाग्दछ । हिंस्रक पशु अथवा जसको प्रकृति नै आक्रमणकारी हुन्छ , यस्ता जंगली पशु र भाले नील गाईले पनि आक्रमण गर्दछन् । यदि तिनले आक्रमण गर्दैनन् र पनि तिनलाई देख्ना साथ यति ठूलो डर लाग्दछ कि साक्षात मृत्यु देखे जस्तै हुन्छ र मृत्युको समय आई हाल्यो भनेर पूरा ज्यान ठाढै सुक्छ । जबसम्म कुनै खतरा सामुन्ने आउँदैन तब सम्मको कुरा अर्कै हो तर प्रत्येक घंटामा प्रायः एक पटक मृत्यु सँग भेट हुनु र प्राण जानै लाग्यो भन्ने त्रास ब्यहोरिनु साह्रै कठिन परिस्थितिसँग जुध्नु नै हो । खतरा सामुन्ने आउनासाथ हृदयको धड्कन बढेर जान्थ्यो र खतरा हटना साथ धड्कन सामान्य हुन नपाउँदै फेरी अर्को ज्यान जाने जोखिम आई लाग्दथ्यो र फेरी हृदयको धड्कन तीब्र भएर आउँथ्यो । ती जनावर पनि एक्ला हुँदैनथे । कैयौंको

बथान हुन्थ्यो । हमला गरेको भए मेरो शरीरको एक – एक चोक्टा मात्र भाग पाउँथे र मेरो अस्तित्व समूल नष्ट भै हाल्थ्यो ।

तर यहाँ पनि विवेकलाई संगाल्नु प¥यो, साहस जुटाउनु प¥यो । मृत्यु यद्यपि ठूलो हुन्छ तर जीवन भन्दा ठूलो त हुँदैन भन्ने मलाई लाग्यो । निर्भयता र मित्रताको भाव हृदयमा छ भने हिंसकको हिंसा पनि सेलाएर जान्छ र आफ्नो स्वभाव बदलन्छ । सम्पूर्ण यात्रा अवधिमा लगभग तीन चार सय पटक यस्ता डरलाग्दा मुकाबिला भएका थिए तर प्रत्येक पटक मैले आफ्नो साहसलाई समेट्ने काम गरें । मैत्री र निश्चिन्तताको भाव मुद्रा बनाउनु प¥यो । मृत्युको पनि एउटा निश्चित समय हुन्छ भन्ने सोंच बनाएँ । यदि त्यो ठाउँमा नै जीवन लीला सकिन लेखेको रहेछ भने त्रसित किन हुनु प¥यो ? हांसेरै संकटको मुकाबिला किन नगर्ने ? यस्ता विचार आफै उठेका थिएनन् बरु यि कुराहरु जाने बुझेर विचारमा ल्याउनु परेको थियो । पुरै बाटो भयानक थियो । एक्लोपन अँन्धकार र मृत्युदूतहरुले सधै डराई त्रसाई रहे र घर फर्की हाल्नु पर्ने वातावरण बनाई नै रहे । तर मेरो संकल्प शक्तिले साथ छोडेन र त्यसैको भरमा यात्रा निरंतर जारी रह्यो ।

मेरो त्यस परीक्षाको पहिलो प्रश्न यो थियो कि सुनसान र एक्लोपनमा डर लाग्छ लाग्दैन ? केही दिनको यात्रामा नै मन बलियो हुन पुग्यो र त्यस क्षेत्रका प्राणीहरु मेरा आफन्ते जस्ता लाग्न थाले । भय नमालूम कता हरायो । सुनो ठाउँ मन पर्न थाल्यो र प्रथम परीक्षामा पास भएको भन्ने कुरा मनले ठम्यायो । अझ अगाडीको यात्रा जारी राख्ने कि नराख्ने भन्ने मनको दुविधा पनि हरायो ।

मेरो परीक्षाको दोश्रो प्रश्न पत्र शीत ऋतुको थियो । यसमा मैले के सोंच्न थालें भने जब मुख, नाक, आँखा, टाउको, कान र हात खुल्ला रहन्छन् र खुल्ला रहने अभ्यासले गर्दा यिनलाई जाडो लाग्दैन भने मेरो पूरा शरीरलाई पनि त जाडो नलाग्नु पर्ने हो । उत्तरी धुरव, नर्वे र फिनलैण्ड जस्ता ठाउँहरुमा त सधै शून्य भन्दा तल तापक्रम रहेको हुन्छ । त्यहाँ एस्किमों र अन्य जातिका मानिस बस्दछन् भने यहाँ त दस बाह्र हजार फिटको उचाई मात्र छ यस कारण यहाँ त जाडो देखि बच्ने उपाय खोज्न सकिएला नि । यो कुरा यताका निवासीहरुलाई देखेर बुझ्न सजिलो भयो । पहाडको माथिल्लो भाग त ठंडा हुन्छ तर पहाडमा जुन गुफा हुन्छ त्यो अपेक्षाकृत न्यानो हुन्छ । केही विशेष प्रकारको झारपात यस्तो हुँदो रहेछ जुनकि हरियो भएपनि बल्न सक्दो रहेछ । लांगडा र मार्चा आदि सागपात जंगलमा जत्ति पनि पाइने रहेछ तिनलाई काँचै खान मिल्ने रहेछ । भोजपत्रको हाँगामा हुने डल्ला डुल्लीलाई पानीमा उमालेमा ठंडी धपाउने किसिमको कडक चिया बन्न सक्दो रहेछ । पेटमा घुंडा र टाउको लगाएर उकडू बस्यो भने जाडो अलि कम लाग्दो रहेछ । जाडो मान्यो भने बढी जाडो हुने रहेछ । केटा केटीहरु नंग धडंग अथवा थोरै मात्र लुगा लगाएर खेलकूदमा मस्त रहन्छन् । तिनलाई कुनै कठिनाई हुँदैन । तसर्थ जाडो भनेको मान्ने हो भने जाडो हो अन्यथा होइन । जाडो पचाउने अभ्यास नभएकाहरु र बुढा पाका तथा बिरामीहरुको कुरा अर्कै हो, अन्यथा युवा व्यक्ति जाडोले कठांग्रिएर मर्ने सम्भावना कमै हुन्छ । यी सबै कुराहरु अनुभव गर्दै – बुझ्दै गएँ र त्यस्ता उपायहरु अपनाउँदै गएपछि जाडो सहने शक्ति आउँदै गयो । अर्कांे कुरा के पनि अनुभवमा आयो भने जाडोमा

हरबखत जाडो¬ - जाडो भनेर घोतल्नु भन्दा मनमा उत्साहले भरिएका कुनै अर्को े चिन्तनलाई स्थान दिने हो भने जाडोले त्यति दुःख नदिने रहेछ । यी महत्वपूर्ण शिक्षाहरुबाट त्यस क्षेत्रका समस्याहरुसँग मुकाबिला गर्ने प्रश्नको समाधान हुन पुग्यो ।

त्यसपछि त वन्य पशु र हिंस्रक जनावरको कुरा बाँकी रहन गयो । जनावरहरु प्रायः राती नै बाहिर निक्लने रहेछन् । तिनका आँखा टल्कने रहेछन् । यी जनावर र यहाँ सम्म कि ठूलो बाघ पनि मानिस देखि डराउने रहेछ । यदि उनीहरु देखि हामी नै भयभीत नहुने हो भने र उनीहरुलाई जिस्काउने र चलाउने काम नगर्ने हो भने उनीहरुले मनिस माथि आक्रमण प्रायः गर्दै गर्दैनन्, मानिसका साथी भएर बस्दछन् ।

प्रारम्भमा त मलाई तिनीहरुसँग डर लाग्दथ्यो तर पछि सर्कसमा मानिसले जनावरहरुलाई खेल सिकाउने गरेको कुरा सम्झें । मानिसले जनावरलाई थुप्रै चटके काम सिकाएको हुन्छ । मैले तंजानियाकी एउटा यूरोपियन महिलाको वृतान्त पढेको थिएँ । “बार्न फ्री”  जसको पति वन विभागको कर्मचारी थियो । ती महिलाले बाघका दुइटा अनाथ बच्चा (डमरु) पालेकी थिइन् र तिनीहरु युवा भैसकेपछि पनि ती महिलाको काखमा सुत्ने गर्दथे । यदि हाम्रो मनमा गहिरो निर्भयता र प्रेम भावना छ भने हामी जंगलमा पनि आनन्दपूर्वक बस्न सक्दछौं । वनवासी भीलहरु पनि त त्यो जंगलमा बस्दछन् । तिनलाई न त डर लाग्दछ र न त कुनै जोखिम नै देखा पर्दछ । मेरो मनमा यस्ता उदाहरणहरु खेल्दै गए र मनमा निर्भयता आउँदै गयो । मैले एक दिन यस्तो आउने छ जब म वनमा कुटी बनाएर बस्नेछु र गाई र बाघले एकै घाटमा एकसाथ पानी खाने छन् भन्ने कुरा सोच्न थालें ।

हाम्रो मन यसो हेर्दा बहुतै निर्धा े देखिन्छ तर यसलाई साधना गराएर मनाउन सकेमा समर्थ हुन पुग्दछ । मैले त्यस क्षेत्रमा पुगेपछि यात्रा जारी राखें र मनबाट भयलाई धपाई दिएँ । अनकूल परिस्थिति बनोस भन्ने चाहना राख्नुको सट्टा आफ्नै मनस्थितिलाई बलियो बनाई राख्न सोचें र यसै दिशामा मनलाई पु¥याउँदै गएँ र ती प्रतिकूलता जो शुरुवातमा बडा भयावह देखिन्थे, अब बिल्कुल सरल र स्वभाविक लाग्न थाले ।

मनको कुटाई पिटाई र ढलाई गर्दा गर्दै बीस दिनको यात्रामा त्यो पूर्ण नियन्त्रणमा आयो । यो क्षेत्र मै मेरो जन्म भएको हो र यहीं मर्नु छ भन्ने आभास हुन थाल्यो ।

यात्रीहरुको लागि गंगोत्री सम्म बाटो बनाइएको भए पनि त्यो बाटो भयानक नै छ । ती दिनहरुमा गोमुखसम्म त गोरेटो मात्र थियो । त्यसपछि त अप्ठेरो नै थियो । तपोवन त धेरै उचा ठाउँमा छ । त्यहाँसम्म जानलाई बाटो नै थिएन । अन्तःप्रेरणा र भाग्यकै सहारा लिएर हिँड्नु पर्ने थियो । तपोवन सम्म परेको ठाउँ रहेछ । त्यसपछि पहाडको उच्च श्रृंखला रहेछ र त्यसपछि मात्र नन्दन वन रहेछ । मलाई त्यहाँ पुग्न भनिएको थियो । म समयमा नै त्यहाँ पुगें । त्यहाँ गुरुदेव उभिनु भएको देखा पर्नु भयो । मेरो खुशीको सीमा रहेन । म त खुशी भएँ - भएँ र वहाँ पनि निकै खुशी हुनु भयो । वहाँ पहिलो पटक मेरो घरमा पुग्नु भएको थियो भने आज म वहाँ कहाँ पुगेको थिएँ । यो क्रम जीवन पर्यन्त चल्न सकेमा नै यो सम्पर्क सूत्रको सार्थकता छ भन्ने कुरा सोचें ।

यस पटक तीनवटा परीक्षा हुने रहेछन् । साथी विना आफ्ना सबै काम सक्नु । ऋतु् प्रकोपको कष्ट सहनु र हिंस्रक पशुका साथ रहँदा बस्दा विचलित नहुनु । मैले यी तीन वटै परीक्षामा आफूलाई पास भएको ठानें र परीक्षकले पनि यो कुरालाई स्वीकार गरे ।

वहाँसँगको कुराकानी त एकै छिनमा सकियो । “अध्यात्म शक्ति प्राप्त गर्नकालागि प्रचण्ड मनोबल जुटाउनु, प्रतिकूलताहरुलाई थिचेर अनुकुलतामा परिवर्तित गर्नु, सिंह र बाघको त कुरै छोडौं, मृत्यु देखि पनि नडराउनु । ऋषिकल्प आत्माहरुकोलागि त यो स्थिति नितान्त आवश्यक हुन्छ । तिमीले यस्तै परिस्थितिका बीचमा आफ्नो जीवनको अधिकांश समय विताउनु पर्ने छ ।”

त्यसबेला त्यति मात्र भन्नु भयो र आफू बस्ने गर्नु भएको गुफामा लिएर जानु भयो । गुफामा एउटा कुनामा सुत्न संकेत गर्नु भयो र म सुतें । सुताईमा यति गहिरो निन्द्रा आयो कि अरु दिन भन्दा दोब्बर या तेब्बर समय सम्म सुतेको भए कुनै आश्चर्य छैन । यो सुताईबाट यात्राको थकान यसरी हरायो कि यात्रा गरे जस्तो नै लागेन ।

त्यसपछि त्यही नजीकै छहरामा नुहाएँ र संध्या बन्दन गरें । जीवनमा पहिलो पटक ब्रहमकमल र देवकमल देख्न पाएँ । ब्रहमकमलको सुगन्ध त यस्तो रहेछ कि अलि बेरमै निन्द्रा लगाई दिने या योगनिन्द्रा जस्तो बेहोसी गराई दिने रहेछ । देवकन्द भनेको भुइँमा शकरकंद जस्तो हुने रहेछ सिंघाडा जस्तो स्वाद हुने रहेछ । पाकेको एउटा देवकन्द लगभग पाँच सेरको हुने रहेछ जसबाट एक साता सम्म भोक मेटाउन सकिने रहेछ । गुरुदेवबाट सर्वप्रथम प्रत्यक्ष रुपमा यही दुईटा उपहार मिल्यो । एउटा त शारीरिक थकान मेटाउनका लागि र अर्को े भने मनमा उमंग भर्नका लागि ।

यसपछि मैले तपोवनमा आँखा लगाउन थालें । पूरा समतल चौर भरी मखमली फूलदार गलैंचा ओछ्याए झैं थियो । त्यस बेलासम्म ठूलो हिमपातको शुरुवात भैसकेको थिएन । हिमपात भएपछि ती फूलहरm भुइँमा फैलिन्छन् र अर्को े वर्ष हिउँ पग्लेपछि फेरी उम्रिदा रहेछन् ।

## दुर्गम हिमालयमा ऋषि तन्त्रसँग साक्षात्कार

नन्दन वनमा पहिलो दिन त त्यहाँको प्राकृतिक सौंन्दर्य हेर्दै त्यसैमा परम सत्ताको स्वरुप अनुभव गर्दै बित्यो । सूर्यास्त कति बेला भयो र रात्रिको आगमन भयो भन्ने कुरा थाह नै भएन । त्यसपछि नजिकै रहेको एउटा गुफामा गएर सुत्ने व्यवस्था बनाउन भन्ने परोक्ष निर्देश प्राप्त भयो । मलाई यस्तो लाग्यो कि सुत्न पठाउने प्रयोजन होइन कि सुरक्षित स्थानमा पुग्ने निर्देशन हो । स्थूल शरीरमाथि जाडोको प्रकोप हुन नपाओस भन्ने उद्‌देश्य भए जस्तो लाग्यो । राति पुनः गुरुदेवको दर्शन होला भन्ने सम्भावना थियो र त्यस्तै भयो पनि ।

राती गुरुदेव गुफामा अचानक आई पुग्नु भयो । पूर्णिमाको रात थियो । चन्द्रमाको सुनौलो प्रकाश सम्पूर्ण हिमालयमा फैलिएको थियो । त्यो दिन त हिमालय सुनको झैं लाग्यो । टाढा - टाढासम्म हिँउका टुक्रा र बिन्दुको बर्षा भैरहेको थियो त्यसले गर्दा सुनको वर्षा भैरहेको भन्ने भान हुन्थ्यो । मार्गदर्शक गुरु सत्ता गुफामा प्रकट भएपछि एउटा न्यानो वृत्त बन्यो । अन्यथा रातको समय र यो भयानक ठंडीमा र चिसो बतास चलीरहेको अवस्थामा साधारणतया बाहिर निकल्न सम्भव नै थिएन । दुस्साहस गरिएमा शरीर कक्रिएर मृत्यु हुन सक्दथ्यो ।

कुनै विशेष प्रयोजनका लागि नै गुरुदेवको कृपा भएको रहेछ भन्ने कुरा मैले पहिले नै बुझि सकेको थिएँ यसकारण मैले गुरुदेवसँग कारण थाह पाउन जानकारी माग्ने कुरै थिएन । म वहाँको पछि लागें । वहाँका खुट्टाले भुइँमा टेकेर हिँडेको देखिएन । सिद्‌धि अवस्था प्राप्त भएपछि माथि हावामा उड्ने र अन्तरिक्षमा हिड्ने आवश्यकता किन पर्छ भन्ने कुरा आज मैले बुझें । त्यो हिमाली उकालो ओरालो, ऊबड खाबड हिम खण्डमा हिँड्नु त नितान्त कठिन मात्र होइन असंभव नै रहेछ बरु पानी माथि हिँड्न सजिलो हुनसक्छ होला । आजका राम्रा परिस्थितिहरुमा त्यस्ता सिद्‌धिको आवश्यकता यद्‌यपि नपर्न सक्दछ तर ती दिनहरुमा हिमालय जस्तो विकट क्षेत्रमा आवागमनको कठिनाईलाई बुझ्नेहरुका लागि त्यस्तो सिद्‌धि कै आवश्यकता हुनु पर्ने रहेछ ।

म गुफाबाट बाहिर आएपछि ठण्डीले काम्दै स्वर्णिम हिमालयमाथि आकाशमा गुरुदेवको पछाडी वहाँको पुच्छर झैं जोडिएर उडी रहेको थिएँ । आजको यात्राको उद्‌देश्य पुरातन ऋषिहरुका तपस्थलीको दिग्दर्शन गर्नु थियो । सबै ऋषिहरुले आफ्ना स्थूल शरीर त्यागी सकेका रहेछन् तर ती मध्ये अधिकांशले शूक्ष्म शरीर धारण गरेका रहेछन् । ती सूक्ष्म शरीरलाई नियाल्दा कोही कोहीका त कारण शरीर पनि देखिए । म अकस्मात नतमस्तक हुन पुगें र करबद्‌ध भएँ । आज मलाई हिमालयमा सूक्ष्म र कारण शरीरमा निवास गरीरहेका ऋषिहरुको परिचय र दर्शन गराइने रहेछ । मेरोलागि आजको यो रात जीवनभरको सौभाग्यशाली क्षणहरु मध्ये सब भन्दा धेरै महत्वको बेला रहेछ ।

मैले उत्तराखण्ड क्षेत्रका केही गुफाहरु यदाकदा यात्राको सन्दर्भमा देखेका थिएँ तर ती गुफाहरु मात्र देखेका थिएँ जो यातायातका दृष्टिले सुलभ थिए । तर आजसम्म देखे जति भन्दा नदेखेका नै धेरै रहेछन् भन्ने कुरा बुझें । यी गुफाहरु मध्ये साना गुफाहरु जंगली जनावरहरुले उपयोग गरी रहेका थिए भने ठूला

गुफाहरु सफा सुग्घर र व्यवस्थित थिए, ती ऋषिहरुका सूक्ष्म शरीरको उपयोगमा थिए । वहाँहरु पूर्व अभ्यासले गर्दा अहिले पनि यदाकदा ती गुफाहरुमा निवास गर्ने रहेछन् ।

त्यस बेला वहाँहरु ध्यान मुद्रामा रहनु भएको रहेछ । गुरुदेवले वहाँहरु प्रायः सदैव यसै स्थितिमा रहनु हुन्छ भनि बताउनु भयो । वहाँहरुले अकारण ध्यान तोड्नु हुँदैन । मलाई एक – एक जनाको नाउँ बताएर सूक्ष्म शरीरको दर्शन गराउनु भयो । यस क्षेत्रको सम्पदा, विशिष्टता र विभूति यहाँहरु नै हो भन्नु भयो । वहाँहरुलाई गुरुदेवका साथमा मेरो आगमनको कुरा पहिले देखि नै विदित रहेछ । यस कारण हामी दुवै जना ज – जसकहाँ जुन – जुन समयमा पुग्याेंं, वहाँहरुका आँखा खुल्दै गए र अनुहारमा मधुर मुस्कान झल्कदै गयो र अभिवादनको प्रतिउत्तरमा शिर पनि अलि कति निहुरियो । कसैसँग कुनै कुराकानी भएन । सूक्ष्म शरीरले कसैसँग कुनै कुरा भन्नु प¥यो भने बेखरी र मध्यमा वाणीले होइन, परा र पश्यन्ति वाणीबाट, कानका प्वालबाट होइन, अन्तस्करणमा उठ्ने प्रेरणाको रुपमा भन्ने गर्दछन् । तर मेरो प्रयोजन आज त दर्शन मात्र थियो । केही भन्नु सुन्नु भएन । वहाँहरmको कुटुम्बमा भर्ना हुन आएको एउटा नयाँ विद्यार्थीका बारेमा जानकारी राख्न र उसलाई जुन बेला जस्तो सहायता – सहयोग आवश्यक हुन्छ, त्यस्तो सहयोग उपलब्ध गराई दिने सूत्र जोड्नु नै आजको उद्देश्य थियो । संभवतः वहाँहरुलाई यो कुरा पहिले नै बताई सकिएको हुनु पर्दछ कि वहाँहरुका अपूरा कामहरुलाई समयको अनुकूलता अनुसार पूरा गर्नका लागि यो स्थूल शरीरधारी बालक आफ्नो तरीकाले के – के गर्न गइ रहेको छ र आगामी दिनहरुमा यसको भूमिका के हुनेछ ?

सूक्ष्म शरीरबाट अन्तःप्रेरणा दिने र शक्तिधारा प्रदान गर्ने काम त हुन सक्दछ तर जनसाधारणलाई प्रत्यक्ष परामर्श दिने र घटनाक्रमलाई घटित गराउने काम त स्थूल शरीर कै हो । यस कारण दिव्य शक्तिले आफ्नो प्रयोजन सिद्धिका लागि कुनै स्थूल शरीरधारीलाई नै वाहन बनाउँछन् । अहिलेसम्म त म एउटा मात्र मार्गदर्शकको वाहन थिएँ तर अब ती दिव्य आत्माहरुले पनि मलाई वाहनको काममा लगाउन र त्यस अनुसारको प्रेरणा, योजना र क्षमता प्रदान गर्न सक्दछन् । गुरुदेवले यसै भाववाणीमा वहाँहरुसँग मेरो परिचय गराई रहनु भएको थियो । वहाँहरु बिना लोकाचार र शिष्टाचार बिना नै एक क्षण पनि नष्ट नगरेर एउटा संकेतले मात्र त्यस अनुरोधको स्वीकृति दिइ रहनु भएको थियो । आज रातीको यो दिव्य यात्रा यसै रुपमा चलीरहेको थियो । बिहान उज्यालो हुनु भन्दा पहिले नै वहाँले मेरो स्थूल शरीरलाई निर्धारित गुफामा पु¥याएर आफू आफ्नो स्थानमा गै हाल्नु भयो ।

मलाई आज ऋषिलोकको पहिलो पटक दर्शन भएको थियो । यद्यपि हिमालयका विभिन्न क्षेत्रहरु – देवालय, तलाउ र नदीहरुको दर्शन त विभिन्न यात्रा कालमा पहिले देखि नै हुने गरेको थियो । मैले त्यस प्रदेशलाई ऋषिनिवासको देवात्मा मान्दथैं तर आज भन्दा पहिले मलाई कुन ऋषिको कुन भूमिसँग लगाउ छ भन्ने कुराको जानकारी थिएन । यो कुरा आज पहिलो र अन्तिम पटक देख्न पाएँ । मेरा मार्गदर्शकले वहाँहरुसँग आफ्नो तर्फबाट सम्पर्क गर्ने प्रयत्न नगर्नु भन्ने कुरा फर्कने बेलामा बताउनु भएको थियो । “वहाँहरुको काममा बाधा न पु¥याउनु । वहाँहरुले कुनै निर्देशन गर्नु परेमा स्वयं नै गर्नु हुन्छ । मसँग पनि

त तिमीले आफ्नो तर्फबाट सम्पर्क गर्ने छैनौं भन्ने समझौता छ नि । मलाई जुन बेला जुन प्रयोजनको लागि आवश्यक पर्ने छ म स्वयं तिमीसँग पुग्ने छु र त्यसको पूर्तिको लागि आवश्यक साधन जुटाई दिने छु । यही कुरा तिमीले अन्य ऋषिहरुका सम्बन्धमा पनि बुझ्न सक्दछौ । जसको मैले प्रयोजनवश नै तिमीलाई आज दर्शन गराएको हूँ । यो दर्शनलाई कौतूहल मात्र नठान्नु, अपितु अब यो बुझ्नु कि तिमीलाई मेरो मात्र सीमित निर्देशन रहेन । यी ऋषिहरुले पनि स्थूल शरीरको अभावमा जुन काम आफूले गर्न सक्दैनथे त्यो काम तिमीसँग पूरा गराउने छन् । तिमी जस्ता सत्पात्र – वाहनका माध्यमबाट नै जनसम्पर्क गराउने परम्परा रहेको छ । अब देखि मेरो आदेशलाई शिरोधार्य गर्ने गरे जस्तै वहाँहरुको निर्देशनलाई पनि शिरोधार्य गर्दै जानु र निर्देशित काम गर्नका लागि लागिपर्नु ।"   मैले हुन्छ भनेर टाउको हल्लाउने बाहेक अरु के थियो र ? वहाँ अन्तरध्यान हुनु भयो ।

## भावी रुपरेखाको स्पष्टीकरण

नन्दन वनको प्रवासको दोस्रो दिन त झनै विष्मयकारी रह्यो । पूर्व रात्रिमा गुरुदेवका साथ ऋषिहरुको साक्षात्कारको दृश्य फिल्म जस्तै आँखाको सामुन्ने नाची रहेको थियो । भावी निर्देशनका लागि गुरुदेवको प्रतीक्षामा थिएँ । नन्दन वनको मखमली गलैचामा सूर्यको प्रकाश फैलिन थालेपछि स्वर्ग नै धरतीमा उत्रे जस्तो लाग्यो । किसिम किसिमका रंगीन फूलहरु बाक्लोगरी फैलिएका थिए र चौरस विशाल चौर फूलले टन्न भरिएको थियो । टाढाबाट हेर्दा गलैचा बिछे झैं देखिन्थ्यो ।

अचानक गुरुदेवको स्थूल शरीरमा आगमन भयो । वहांले अब आवश्यकतानुसार पूर्व रात्रि भन्दा भिन्न त्यस्तो स्थूल शरीर बनाउनु भएको थियो जस्तो कि प्रथम पटक पूजाघरमा अवतरित भएर मलाई दर्शन दिनु भएको थियो ।        वहाँले वार्तालाप शुरुगर्दै भन्नु भयो "मलाई तिम्रा पहिलेका सबै जन्मको श्रद्धा र साहसिकताको जानकारी थियो । यस पटक यहाँ बोलाएर तीन वटा परीक्षा लिएको छु र ठूलो कामको भारी बोकन सक्ने तिम्रो मनोभूमि बनेको छ छैन भन्ने जाँच गरेको छु । म तिम्रो यो यात्रामा संधै तिमी सँगै थिएँ र घटनाक्रमहरु तथा त्यसका साथमा तिमीमा हुने प्रतिक्रियालाई हेर्दै थिएँ । यसबाट म ढुक्क भएँ । तिम्रो स्थिति र कार्य व्यवहार सुदृढ र विश्वस्त नभएको भए यस क्षेत्रका निवासी सूक्ष्म शरीरधारी ऋषिगण तिम्रा सामुन्ने प्रकट नै हुने थिएनन् र आफ्नो मनका व्यथा भन्ने थिएनन् ।"   वहाँको भनाईको प्रयोजन के थियो भने रोकिएको, अड्केको काम पूरा गर्नु परेको छ । तिमीलाई समर्थ देखेर नै वहाँहरुले आफ्नो मनोभाव प्रकट गर्नु भएको हो अन्यथा दीन, दुर्बल र अस्मर्थहरुका अगाडी यति ठूला बडा ऋषिहरुले आफ्नो मनको गाँठो किन फुकाउँथे र ?

"यदि तिम्रो समर्पण साँचो छ भने तिम्रो शेष जीवनको पूरा पद्धति बनाई दिन्छौं । यसलाई परिपूर्ण निष्ठाका साथ पूरा गर्नु । पहिलो कार्यक्रम त यो हो कि गायत्री महामन्त्रका २४ लाखका २४ वटा महापुश्चरण २४ वर्षमा पूरा गर्नु । तिम्रो बलियोपनमा जुन कमी कमजोरी छ, त्यो यसबाट पूरा भैहाल्छ ।

ठूलो र गरुङ्गो काम गर्नको लागि सामथ्र्य पनि ठूलो नै हुनु पर्दछ । यसैका लागि यो प्रथम कार्यक्रम सुम्पिएको हो । यसैसँग अरु दुइटा काम पनि चल्दै जाने छन् । एउटा त यो कि आफ्नो अध्ययन जारी राख्नु । तिमीले कलम उठाउनु परेको छ । आर्षग्रन्थहरुको अनुवाद र प्रकाशनको व्यवस्था गरेर त्यसलाई सर्वसाधारण सम्म पु¥याउनु परेको छ । यसबाट देव संस्कृतिका लोप हुन लागेका कडीहरु जोडिने छन् र भविष्यमा विश्व संस्कृतिको ढाँचा खडा गर्नमा मद्दत मिल्नेछ । यसको साथै जबसम्म तिम्रो स्थूल शरीर विद्यमान छ, तबसम्म मानिसमा देवत्वको उदय र पृथ्वीमा स्वर्गको अवतरण गराउने सर्वसुलभ साहित्य, विश्ववसुधाका सबै सम्भव भाषाहरुमा लेख्नु परेको छ । यो कार्य तिम्रो प्रथम साधना शक्तिसँग सम्बन्धित छ । यसमा समय आएपछि तिम्रो सहयोगका लागि सुपात्र मनीषीहरु आईहाल्ने छन् जसले तिमीबाट छुटेका कामहरु पूरा गर्ने छन् ।

तेस्रो काम स्वतन्त्रता संग्राममा एउटा सिपाही सरह प्रत्यक्ष र पृष्ठभूमिमा रहेर लड्नु हो । यो लडाई सन् १९४७ सम्म चल्ने छ । तबसम्म तिम्रो पुरश्चरणको काम पनि धेरै जसो सकिने छ । यो प्रथम चरण हो । यसका सिद्धिहरु जनसाधारणका सामुन्ने आउने छन् । हुन त अंग्रेजले भारत छोडेर जाने खालका लक्षण अहिले त देखा पर्दैन तर तिम्रो अनुष्ठान पूरा हुनु भन्दा पहिले नै यो सफलता प्राप्त हुने छ । तबसम्म तिमीसँग यति विस्तृत ज्ञान भैहाल्ने छ जति कि युग परिवर्तन र नव निर्माणको लागि कुनै तत्वबेत्तासँग हुनु पर्दछ ।

पुरश्चरणको समग्र सम्पन्नता तब हुन्छ जब त्यसको पूर्णाहुति यज्ञ पनि गरिन्छ । २४ लाख पुरश्चरणको गायत्री महायज्ञ यति ठूलो हुनु पर्दछ कि जसमा २४ लाख मन्त्रको आहुति दिन सकियोस र यसै माध्यमबाट तिम्रो संगठन खडा हुन सकोस । यो पनि तिमीले नै गर्नु पर्दछ । यसमा लाखौं रुपैया धनराशी र लाखौं सहयोगीको आवश्यकता पर्दछ । तिमीले आफूलाई एक्लो नठान्नु र म सँग त धन पनि छैन भनेर चिन्तित नहुनु । म तिमीसँग छु र तिम्रो उपासनाको प्रतिफलबाट पनि तिमीलाई सहयोग मिल्ने छ । यसकारण शंका गर्नु पर्ने कुरै छैन । समय आएपछि सब भैहाल्छ । यसबाट सर्वसाधारणलाई सही साधकको सही उपासनाको कस्तो चमत्कारिक परिणाम हुने रहेछ भन्ने जानकारी पनि भैहाल्ने छ । तिम्रो कार्यक्रमको यो प्रथम चरण हो । आफ्नो कर्तव्य पालन गर्दै जानु । मेरो शक्ति नगण्य मात्र छ भनेर कदापि नसोच्नु । यद्यपि तिम्रो मात्र शक्ति थोरै होला तर जब हामी दुइटाको मेल हुन्छ तब एक र एक एघार हुन पुग्दछ । अनि यो त दैवी सत्ताद्वारा सञ्चालित कार्यक्रम हो । यसमा शंका गर्ने ठाउँ नै छैन । समय आएपछि सम्पूर्ण विधि व्यवस्था सामुन्ने आउँदै जाने छ । अहिले देखि नै योजना बनाउन र चिन्ता गर्न आवश्यक छैन । अध्ययन जारी राख्नु । पुरश्चरण पनि गर्दै जानु । स्वतन्त्रता सैनिकको काम गर्नु । धेरै टाढाको कुरा सोच्ने हो भने मनमा उद्धिग्नता मात्र बढ्छ । अहिले आफ्नो मातृभूमिमा नै बस्नु र त्यहीँबाट प्रथम चरणका यी तीन वटै काम गर्नु ।

त्यस पछिको काम संकेत रुपमा बताई रहेको छु । साहित्य प्रकाशनद्वारा स्वाध्यायको र विशाल धर्म संगठनद्वारा सत्संगको काम, यी दुइ काम मथुरामा बसेर गर्नु पर्नेछ । पुरश्चरणको पूर्णाहुति पनि

त्यही हुनेछ । प्रेसको प्रकाशन पनि त्यहींबाट हुनेछ । मानिसमा देवत्वको उदय र धरतीमा स्वर्गको अवतरणको प्रक्रिया त्यहींबाट सुनियोजित तरिकाले संचालन हुनेछ । त्यो एउटा ऐतिहासिक आन्दोलनको प्रयास हुनेछ जस्तो अहिलेसम्म कहीं पनि भएको छैन ।

तेस्रो चरणमा यी सुूक्ष्मशरीरधारी ऋषिहरुको इच्छा पूरा गर्नुपर्नेछ । ऋषि परम्पराको तिमीले बीजारोपण गर्नु पर्ने छ । यसको आफ्नै तरिकाले विश्वव्यापी विस्तार हुँदै जाने छ । यो काम हरिद्वारमा सप्तऋषिहरुको तपोभूमि सप्त सरोवरमा बसेर गर्नु पर्नेछ । तीनवटै कामहरु तीनवटा स्थानबाट उपयुक्त तरिकाले संचालन हुँदै जानेछन् । अहिले त संकेत सम्म गरी रहेको छु । पछि समयानुसार तिमीलाई यहाँ बोलाएर यी कामहरुको विस्तृत रुप रेखा बताउने छु । तीन पटकको बोलावटमा तीनवटा प्रयोजन हुने छन् ।

चौथो पटक तिमी चौथो भूमिकामा जानु पर्नेछ र यस शताब्दीको अन्तिम दशकमा मेरो प्रयोजनको भारी तिमीले आफ्नो काँधमा बोक्नु पर्नेछ । सम्पूर्ण विश्वमा व्याप्त रहेको जटिल र विषम परिस्थितिका अत्यन्त कठिन र अत्यन्त व्यापक काम गर्नु पर्ने छ । पहिले नै घोषणा गरेर कुनै फाइदा छैन । समयानुसार जो जे आवश्यक हुन्छ त्यो तिमीलाई थाह हुँदै जानेछ र सम्पन्न पनि हुँदै जानेछ ।"

मैले हिमालयका गुफाहरुमा सिद्ध पुरुषहरुको निवास छ वहाँहरुको दर्शन मात्र पाए पनि विभूति प्राप्त हुन्छ भन्ने कुरा जनश्रुद्धिको रुपमा सुनेको थिएँ तर यो यात्रामा मलाई त्यसबारे दुविधा भयो । मैले यी कुराहरुको कुनै आधार पाइन । यो त नितान्त किंवदन्ति मात्र हो भन्ने लाग्यो । यो कुरा मेरो मनमा उब्जेको थियो र दुविधा लागेको थियो तर गुरुदेवले यो कुरा थाह पाई हाल्नु भएछ र मेरो काँधमा हात राखेर भन्नुभयो –"तिमीलाई सिद्ध पुरुषहरुको जरुरत किन प¥यो ? ऋषिहरुका सूक्ष्म शरीरको दर्शन र म देखि तिम्रो मन अघाएन र ?"

हुनत मेरो मनमा कुनै अविश्वास जागेको थिएन र कुनै अर्को सिद्ध पुरुषलाई खोज्ने जस्तो चाहना स्वप्नमा पनि आएको थिएन । यो त मात्र बालकको जस्तो कौतूहल मात्र मनमा आएको थियो । गुरुदेवले यसै कुरालाई आफू प्रतिको अविश्वास मानीहाल्नु भयो भने श्रद्धा क्षेत्रमा मेरो कुपात्रता ठहरिन सक्दछ । यो कुरा मनमा उठ्ना साथ म स्तब्ध भएँ ।

मनका कुरा पढ्न सक्ने देवात्माले भन्नुभयो – "वहाँहरु हुनलाई त हुनुहुन्छ तर दुइटा नयाँ कुरा हुन पुगेका छन् । एक त बाटो र सवारी साधनको सुविधाले गर्दा यात्रीहरुको संख्या बढेको छ जसबाट वहाँहरुको साधनामा बाधा पर्दछ र दोस्रो कुरा अन्यत्र जाँदा शरीर निर्वाहमा असुविधा हुन्छ । यस कारण वहाँहरुले स्थूल शरीरको परित्याग गरी सक्नु भएको छ र सूक्ष्म शरीर धारण गरेर बस्नु हुन्छ । यसलाई कसैले न त हेर्न सक्दछ र न त वहाँहरुको लागि निर्वाह साधनहरुको आवश्यकता नै पर्दछ । यसकारण वहाँहरु सबैले शरीर मात्र होइन स्थान पनि बदलिनु भएको छ । स्थान मात्र होइन कि वहाँहरुले साधनाका साथ गाँसिएका कार्यक्रमहरm पनि बदलिनु भएको छ । जब सबै थोक परिवर्तित नै भैसकेछ भने वहांहरुलाई देख्न नै कसरी सकिन्छ ? अर्को कुरा सत्पात्र साधकहरुको अभाव छ र वहाँहरुले कुपात्रलाई

दर्शन दिन र तिनीहरु माथि कृपा दृष्टि दिएर अकारण आफ्नो शक्ति गुमाउन पनि चाहँदैनन् । यस्तो अवस्थामा अरुहरुले वहाँहरुको जति खोजी गरे पनि भेटाउन संभव नै हुँदैन । कसैको लागि पनि सम्भव छैन । तिमीलाई अर्को पटक हिमालयका सिद्ध पुरुषहरुको दर्शन झाँकी गराउँला ।

परब्रह्मका अंशधर देवात्मा सूक्ष्म शरीरमा कसरी रहेका हुन्छन् ? यसको प्रथम परिचय मैले आफ्ना मार्ग दर्शकलाई आफ्नै घरमा हेरेर थाह पाई सकेको थिएँ । मेरो डुंगा विधिवत वहाँको हातमा गैसकेको थियो । तर पनि बालबुद्धिले आफ्नो काम गरीरहेको थियो । हिमालयमा अनेक सिद्ध पुरुष छन् भन्ने जुन कुरा मैले सुनेको थिएँ र त्यस्तो कौतूहल हेर्ने मन पनि थियो, त्यो कुरा ऋषिहरुको दर्शन र मार्गदर्शकबाट दिइएको सान्त्वनाबाट पूरा भैसकेको थियो । मेरो मनको कुनै कुनामा लुकेर बसेको त्यो इच्छा गुरुदेवले पूरा गर्ने भनि आश्वासन दिनु भएको र भविष्यमा दर्शन पनि हुने सान्त्वना दिनु भएकोले मेरो मनको तरंग शान्त भयो । यद्यपि सन्तोष त पहिले नै भैसकेको थियो तर अब त प्रशन्नता र प्रफुल्लताको रुपमा झन् थप हुन पुगेको थियो ।

गुरुदेवले भन्नुभयो –"मैले जहिले बोलाउँदा पनि ६ महिना या एक वर्षको लागि बोलाएको हुँ भन्ने कुरा बुझी हाल्नु । अब यहाँका परिस्थितिमा गुजारा गर्न सक्ने गरी तिम्रो शरीर तयार भैसकेको छ । यो नयाँ अभ्यासलाई परिपक्व गर्नका लागि यो निर्धारित अवधिमा तीन पटक यता हिमालयमा बस्नु पर्नेछ । तिम्रो स्थूल शरीरको लागि आवश्यक पर्ने चीजवस्तुको प्रबन्ध गर्दै जाने छु । यसको आवश्यकता यस कारण पनि छ कि स्थूल देखि सूक्ष्म र सूक्ष्म देखि कारण शरीरमा पुग्नलाई जुन तपस्या र साधना गर्नु पर्दछ त्यो पनि पूरा हुँदै जानेछ । शरीरलाई भोक, प्यास, जाडो, गर्मी, निद्रा र थकानले व्यथित तुल्याउँछ । यी ६ वटा कुरालाई घरमा बसेर जित्न कठिन हुन्छ किनकि घरमा सबै सुविधा उपलब्ध हुन्छन् जसले गर्दा त्यो प्रयोजन पूरा हुने गर्दछ र तप - साधनाको लागि अवसर नै मिल्दैन । यस्तै मनमा बसी रहने ६ वटा कषायकल्मष पनि कुनै न कुनै घटनाक्रमका साथ घटित भै रहन्छन् । काम, क्रोध, लोभ,मोह, मद, मत्सर यी ६ वटा शत्रुहरुसँग भिड्नका लागि जंगलमा बसेर अभ्यास गर्नु पर्दछ । घरमा बसेर यो काम गर्न सकिदैन । यसकारण मानिसको उपस्थिति रहने ठाउँ देखि अलग बस्ने हो भने त्यस आन्तरिक रस्साकसीमा सजिलो हुन्छ । तिमी हिमालयमा बसेर शारीरिक कष्ट साध्यता र मानसिक तप गर्नु । यस प्रकार तीन पटक, तीन वर्ष यहाँ आई रहनु र बाँकी वर्षहरुमा जनसम्पर्कमा रही रहनाले हिमालयमा बसेर गरेको अभ्यास परिपक्व भयो भएन ? भन्ने कुराको परीक्षा हुँदै जानेछ ।

यो कार्यक्रम हुन त देवात्मा गुरुदेवले बनाउनु भएको थियो तर यो मेरो इच्छानुसार कै कार्यक्रम थियो । यो त मेरो मनोकामना पूरा भएको भन्नु पर्दछ । स्वास्थ्य सत्संग र मनन - चिन्तनबाट एउटा तथ्य राम्रो सँग के हृदयंगम हुन पुगेको थियो कि प्रत्यक्षतया दसवटा इन्द्रियहरु र एघारौं चाहीं मन, यी सबैलाई नियन्त्रित गर्न सक्ने हो भने तथ्यात्मक अलगावबाट बच्न सकिन्छ र आत्मसंयमको पराक्रम बन्न सक्ने हो भने मानिसका दुर्बलताहरु मेटिन्छन् र विभूतिहरु जाग्दछन् । सशरीर सिद्ध पुरुष हुने यही एउटा राम्रो बाटो हो । इन्द्रिय संयम, अर्थ संयम, समय संयम र विचार संयम यी चारवटा संयमहरु छन् ।

यिनलाई जसले सुधार्न सक्यो त्यो महामानव बन्दछ र मनलाई काम, क्रोध, लोभ र मोह यी चारवटा भन्दा माथि राख्न सकेमा लौकिक सिद्धि प्राप्त हुन थाल्दछन् ।

म तपस्या गर्न त चाहन्थें तर तपस्या कसरी गर्ने ? अरु प्रति समर्पित भैसके पछि स्वेच्छाले आचरण गर्ने सुविधा नै कहाँ हुन्छ र ? तर मैले जे चाहेको थिएँ त्यही कुरा गुरुदेवका मुखबाट आदर्श रुपमा भनिए पछि म मख्ख परें र त्यो काम गर्नका लागि समय तोकिनलाई पर्खिन थालें ।

गुरुदेवले भन्नु भयो –"अब वार्ता सकियो । तिमी गंगोत्री जाऊ । मैले त्यहाँ तिम्रो निवास र खानपीनको व्यवस्था गरी सकेको छु । भागीरथशिला, गौरी कुंडमा बसेर आफ्नो साधना क्रम शुरु गर्नु । एक वर्ष बितेपछि घर फर्की हाल्नु । म नियमित रुपले तिम्रो हेरचाह गरी रहने छु ।"

गुरुदेव अदृश्य हुनु भयो । वहाँको दूतले मलाई गोमुखसम्म पु¥याई दियो । त्यसपछि वहाँले भन्नु भएको ठाउँमा एक वर्ष बिताएँ ।

समय पूरा भएपछि म फर्कें । यस पटक फर्किने बेलामा ती कुनै पनि अप्ठ्यारा अवस्थाहरु आएनन्, जसबाट जाने बेलामा प्रत्येक पाइलामा दुःख र हैरानी हुने गरेको थियो । ती त परीक्षा पो रहेछन् । परीक्षा सकिएपछि फर्कने बेलामा कठिनाई किन हुन्थ्यो र ?

म एक वर्षपछि घर फर्कें । यो अवधिमा मेरो वजन अठारह पौण्ड बढ्यो । अनुहार रातो र गोल भएको थियो । शारीरिक शक्ति निकै बढेको थियो । अनुहारमा प्रत्येक समय खुशी भरिएको हुन्थ्यो । म फर्केपछि सबैले मसँग गंगाजीको प्रसाद माँगे । मैले गंगोत्रीबाट ल्याई राखेको बालुवाको एक – एक चुट्की प्रसाद र गोमुखबाट ल्याएको जल वितरण गरें । मैले त्यहाँबाट बालुवा र पानी कै प्रसाद लिएर आएका थिएँ । प्रत्यक्ष देखा पर्ने र अरुहरुलाई दिन सक्ने म सँग यही प्रसाद थियो । यद्यपि यसपछि पनि मेरो हिमालय जाने क्रम त निरन्तर जारी नै रहयो र गन्तव्य पनि त्यहीँ थियो तर पनि गुरुदेवका साथमा विश्‍वव्यवस्थाको संचालन गर्ने परोक्ष ऋषि सत्ताको प्रथम दर्शनले अन्तःकरणमा अमिट छाप छोडेको छ । मलाई आफ्नो लक्ष्य, भावी जीवन क्रम र जीवन यात्रामा सहयोगी बन्ने जागृत प्राणवान आत्माहरुको आभास पनि यस यात्रामै भएको थियो । मेरो प्रथम हिमालय यात्रा अनेक अनुभवहरुको कथा गाथा हो, जो अन्य मानिसहरुका लागि प्रेरणाप्रद सिद्ध हुन सक्दछ ।

## अधकल्चो मन हा¥यो म जीतें

मैले पहिलो यात्रामा नै सिद्ध पुरुष र संतहरुको विषयमा वस्तुस्थितिको जानकारी पाई सकेथें । म जुन भ्रममा थिएँ त्यो हटी सकेको थियो र मैले म जस्तै भ्रमित अन्य मानिसहरुको भ्रम निवारण गर्न थालें । मैले हिमालयका ऋषिहरुको दर्शनको प्रसंगलाई समझिदै यदि हामीले आफूलाई सुपात्र बनाउन सकेका छैनौं भने वहाँहरुसँग भैंट हुनु असम्भव हुन्छ, किनकि वहाँहरु सूक्ष्म शरीरमा हुनु हुन्छ र उचित अधिकारीका सामुन्ने मात्र प्रकट हुनु हुन्छ भन्ने कुरा बताउन थालें । पहिले त मलाई पनि यी कुराहरुको जानकारी थिएन ।

मेरो हिमालय यात्राको विवरण यो भन्दा पहिले "सुनसानका सहचर" भन्ने पुस्तकमा प्रकाशित छ । यो विवरण त लामो छ, तर सारांश छोटो छ । अभाव र आशंकाको बीचमा प्रतिकूलतालाई मनोबलको सहाराले कसरी पार गर्न सकिन्छ भन्ने कुराको जानकारी त्यसबाट प्राप्त गर्न सकिन्छ । मनले साथ दिन्छ भने सर्वसाधारणलाई संकट झैं देखा पर्ने प्रसंगहरु हाँसो ठट्टा जस्तो सरल बन्न पुग्दा रहेछन् । यस्तै विवरणहरु उक्त छापिएको पुस्तक प्रसंगमा पाठकहरुलाई उपलब्ध हुन सक्दछ । अध्यात्मको बाटोमा हिँड्ने मानिसले आफ्नो मनलाई यति बलियो त बनाउनै पर्दछ ।

त्यो पुस्तक यद्यपि ठूलो छ र विवरण पनि सुविस्तृत छ, तर त्यसमा कुरा भने थोैरै छ र साहित्यिक विवेचना नै बढी छ । हिमालय र गंगाको किनारा साधनाको लागि किन उपयुक्त हुन्छ ? यसको कारण मैले त्यसमा उल्लेख गरेको छु । एकान्तमा सुनोपनको जुन भय लाग्दछ त्यसमा चिन्तनको दुर्बलता मात्र कारण रहेछ । मन बलियो छ भने साथी खोजी रहनु त पर्दैन नि । साथी नभेटिएमा एक्लोपनको भय किन लागोस् ? जंगलका पशु एक्लै रहन्छन् । तिनी माथि त हिंसक पशुपंक्षी पनि आक्रमण गर्नका लागि तमतयार भएर बसेका हुन्छन् । अनि मानिसदेखि त सबै डराउँछन् र मानिसले आफ्नो रक्षागर्न सक्ने सुझबुझ पनि हुन्छ । यदि हाम्रो चिन्तन भय तिर उन्मुख हुन्छ भने यो संसारमा सबै थोक डरलाग्दो नै छ । यदि साहसले साथ दिन्छ भने हात, खुट्टा, मुख, मन र बुद्धिको निरन्तर साथ रहेमा डराउनु पर्ने कारण नै के रहन्छ र ? जंगली जनावरमध्ये केही मात्र हिंसक हुन्छन् तर यदि मानिस निर्भय रहन्छ र तिनीहरु प्रति हृदय देखि नै प्रेम भाव राख्दछ भने खतराको अवस्था आउने सम्भावना बहुतै कम हुन्छ । राजा हरिश्चन्द्रले डुमको नोकरी गर्दा श्मशानका प्रज्ज्वलित चिताहरुका बीचमा बस्ने गर्दथे । केन्याका मसाईहरु बाघहरु बस्ने ठाउँमा पनि झोपडी बनाएर बस्दछन् । आदिवासी र वनवासीहरु बाघ र सांपहरुका माझमा बस्ने गर्दछन् । अनि त सुझबुझ भएको मानिसले खतरा मानिने त्यस्ता ठाउँहरुमा बस्नै नसक्ने कुनै कारण देखिदैन ।

आत्मा, परमात्माको घरबाट एक्लै आउँछ र खानु, सुत्नु, हिँड्नु एक्ला – एक्लै गरिन्छ । अनि अन्य अवसरमा पनि तपाईंलाई परिष्कृत र भावुक मनको सहाराले खुशीको अनुभूति हुन्छ भने यसमा आश्चर्य किन ? अध्यात्मको प्रतिफलको रुपमा मनमा यति परिवर्तन त देखा पर्नु नै पर्दछ । शरीरलाई जता पट्टी ढाल्नलाई जस्तो अभ्यास गरिन्छ, त्यो त्यतै ढल्किन्छ । उत्तरी धुरबका एस्किमोहरmले माछा

मात्र खाएर पूरा जीवन बिताउँछन् । दुर्गम हिमालय र आल्पस पर्वतको चुचुरोमा बस्नेहरु तमाम अभावहरुका अतिरिक्त पनि स्वस्थ र लामो जीवन जिएका हुन्छन् । पशुले घाँस खाएर जीवन बिताउँछन् । मानिसले पनि यदि उपयोगी घाँस पातको छनौट गरेर आफ्नो आहार निर्धारित गर्दछ भने, अभ्यास नहुँजेल सम्म मात्र अलि अप्ठेरा होला तर पछि त जीवनको गाडी सजिलो बाटोमा हिँड्न थाल्छ । मलाई प्रथम हिमालय यात्रामा यस्तै किसिमका अनेकौं अनुभव प्राप्त भयो र त्यो मन जसले सर्व साधारण मानिसलाई यता उती डो¥याउँदै हिँडाई रहन्छ, त्यो नियन्त्रणमा आयो र कुकल्पना गर्नुको सट्टा आनन्द र उल्लासले भरिपूर्ण अनुभूति सहजै दिन थाल्यो । मेरो “सुनसानका सहचर” भन्ने पुस्तकको सार – संक्षेप यही हो । ऋतुहरुको प्रतिकूलतासँग निप्टनको लागि भगवानले अनेक उपयुक्त माध्यम राखी दिनु भएको छ । जब चौतर्फी हिउँ परेको हुन्छ तब गुफाहरुमा समुचित न्यानोपन हुन्छ । गोमुख क्षेत्रमा केही झारपातहरु हरियो नै बल्न सकिने रहेछन् । राती उज्यालो पार्नको लागि यस्तै एउटा वनोषधि टल्कने, बल्ने गरेको हुँदो रहेछ । तपोवन र नन्दन वनमा शकरकंद जस्तो अत्यधिक मधुर स्वाद भएको “देवकंद” भुइँमा नै पाक्दो रहेछ । भुइँ भन्दा माथि त यो घाँस जस्तो देखिन्छ तर यसलाई खनेपछि यो यति ठूलो आकारको हुँदो रहेछ कि यसलाई काँचो र पोलेर एक सातासम्म गुजारा हुन सक्छ । भोजपत्रको स्याउलाका मोटामोटा गाँठा हुन्छन् तिनलाई कुटेर चिया जस्तै काढा पकाउने हो भने नुन नभए पनि त्यो काढा बहुतै स्वादिष्ट हुने रहेछ । भोजपत्रको बोक्रालाई त ओछ्याउने ओढ्ने र लगाउने गरी वस्त्रको काम दिन सक्दो रहेछ । यी कुराहरु मैले यहाँ यस कारण लेखी रहेको छु कि भगवानले प्रतिकूलतामा बाँच्नलाई प्रत्येक वस्तुको व्यवस्था गर्नु भएको रहेछ । मानिस त आफ्नो मनको कमजोरी र अभ्यस्त वस्तुहरु माथि निर्भर रहने हुनाले दुःख कष्टको अनुभूति गर्दछ । यदि मानिस आत्मनिर्भर रहेछ भने तीन चौथाई समस्याहरु त त्यसै समाधान हुन्छन् र बाँकी एक चौथाइका लागि विकल्पहरु खोज्नु पर्ने हुन्छ र तिनको सहाराले समय बिताउने अभ्यास गर्न सकिन्छ । मानिसले प्रत्येक स्थितिमा आफूलाई फिट राख्न सक्दछ । जब उसले यो चाहन्छ कि अरु सबै जना उसको इच्छा अनुसार काम गरुन् र परिस्थितिहरु सदैव मेरो अनुकूल नै रहुन् तब उसले दुःख र कष्टको सामना गर्नु पर्ने हुन आउँछ । यदि हामीले आफूलाई परिवर्तित गर्न सक्यौं भने हामी प्रत्येक स्थितिलाई पार गर्न सक्दछौंं र प्रसन्न रही रहन सक्दछौं ।

मैले यी कुराहरु पहिले पढेर सुनेका त थिएँ तर प्रथम हिमालय यात्रामा यी कुराहरुलाई व्यवहारमा ल्याउनु परे पछि यो वर्षमा अनुभवमा आएका हुन् । यस्तो अभ्यास एउटा उच्चस्तरीय तपस्या नै थियो जसमा मैले आफू माथि नियन्त्रण गर्ने राम्रो अभ्यास गर्ने मौका पाएँ । अब त मलाई विपरीत परिस्थितिमा गुजारा गर्नु पर्दा पनि कुनै अप्ठेरो लाग्दैनथ्यो । प्रत्येक प्रतिकूलतालाई अनुकूलतामा अभ्यास गरेर उतार्नमा बेर लाग्दैनथ्यो ।

एकाकी जीवनमा काम, क्रोध, लोभ र मोहलाई कुनै स्थान थिएन । यस कारण त्यसबाट निप्टनका लागि कुनै झन्झट नै आएन । परीक्षाको रुपमा यदि कुनै भय अथवा लोभ किञ्चित मात्र पनि मनमा उठना साथ त्यसलाई सजिलै पन्छयाई दिएँ । यहाँ स्वाभिमानले काम गरेन । मैले म त आत्मा हूँ भनेर सोच्न

थालें । प्रकाश पुञ्ज । एउटा समर्थ पुञ्ज । भय र प्रलोभनले न त मलाई तल खसाल्न सक्दछ र न त मलाई उल्टो बाटोमा धकेल्न नै सक्दछ । पतन र पराभवका अवसरहरु आएपनि मनको सुदृढ निश्चय देखेर परास्त भएर फर्के । हिमालय निवासको त्यो एक वर्षमा आएका त्यस्ता अवसरहरुको उल्लेख यहाँ यस कारण गरीरहेको छैन कि अहिले त म बाँचीरहेको छु र मैले नै आफ्नो चरित्र निष्ठाको ऊचाईको प्रशंसा गर्ने हो भने यो पुस्तक पढ्ने कोही पाठकले ममा आत्मश्लाघा रहेछ भनेर शंका गर्न सक्दछ । यस कारण यहाँ मैले यति मात्र भनी रहेको छु कि अध्यात्मको बाटो हिँड्ने बटुवाले सधैं भय र प्रलोभनको दबाव सहनु पर्दछ । यससँग लड्नको लागि प्रत्येक बटुवा कम्मर कसेर तमतयार भैरहनु पर्‌दछ । जसले यति तयारी गर्न सक्दैन त्यसले सरकसमा बिना तयारी संचालक र रिंग मास्टरको पदमा आसीन हुन पुगेका व्यक्तिले जसरी आफ्नो हात खुट्टा भाँचिए पछि अथवा ज्यान नै जोखिममा परेपछि उपहासको पात्र बन्न पुग्दछ ठिक त्यस्तै नै अध्यात्मिक बटुवाले पनि पछि पछुताउनु पर्ने हुन्छ ।

उपासना, साधना र आराधना मध्ये "साधना" प्रमुख हो । उपासनाको कर्मकाण्डलाई अर्काको नोकरी गरे जस्तै गर्न सकिन्छ । "आराधना" पुण्य र परमार्थलाई भनिन्छ । तर साधनामा जसले आफूलाई ठिक्क ठाउँमा राख्न सक्यो अर्थात् अफैलाई नियन्त्रित गर्न सक्यो, त्यसकोलागि अन्य कुनै काम गरी रहनु बाँकी नै रहँदैन । उत्कृष्टता सम्पन्न मनले आफ्नोलागि सबभन्दा लाभदायक व्यवसाय –"पुण्य" र "परमार्‌थ" लाई देख्दछ । मलाई हिमालय यात्राको प्रथम वर्षमा आत्मसंयम र मनोनिग्रहको साधना गर्नु परेको थियो । आज मलाई जे जति चमत्कार प्राप्त भएको छ, त्यो सब त्यही साधनाको प्रतिफल हो । उपासना त अब समय बिताउने एउटा साधन भएको छ ।

घरमा छँदा म चार घण्टा मात्र सुत्थें तर हिमालयमा पुगेपछि छ घण्टा सुत्न थालें । यसको कारण के भने घरमा अनेक स्तरका थुप्रै कामहरु भ्याउनु पर्ने हुनाले सुत्ने समय कम हुन्थ्यो तर हिमालयमा त सूर्यको प्रकाश नभएसम्म मानसिक जप बाहेक अरु कुनै काम गर्न सक्ने सम्भव नै थिएन । पहाडका चुचुराहरुले गर्दा अलि ढीलो गरी घाम लाग्दछ र अँधेरो चाँडै हुन्छ । यस कारण बाह्र घण्टाको अँधकारमा सुत्नका लागि ६ घण्टा र उपासनाका लागि ६ घण्टा पर्याप्त हुन्छ । प्रातः काल नै स्नान गर्ने बन्धन त्यहाँ रहेन किनकि नुहाउन र कपडा सुकाउनलाई मध्यान्हको घाम नै कुर्नु पर्दथ्यो । यस कारण परिस्थिति अनुसार दिन चर्या बनाउनु परेको थियो किनकि मेरो दिनचर्या अनुसार परिस्थिति त बन्न सक्दैनथ्यो ।

मेरो प्रथम हिमालय यात्रा कसरी सम्पन्न भयो भनेर कसैले प्रश्न ग¥यो भने मसँग एउटा ठोस उत्तर के छ भने मैले जस्तो परिस्थिति आयो त्यस्तै - त्यस्तै काम गर्नको लागि मनलाई ढाल्दै गएँ । मैले यसैको राम्ररी अभ्यास गरें । यसले गर्दा मैले आफ्नो आधा लक्ष्य पार गरे बराबर भयो । यसरी प्रथम वर्षमा मैले मानसिक र शारीरिक दबाब त बहुतै सहनु प¥यो तर काँचो फलामलाई तेज आगोको भट्टीमा हालेपछि त्यो यति कमलो बन्न पुग्दछ कि त्यसबाट जुन वस्तु निर्माण गर्न चाह्यो त्यो सजिलै बन्छ, त्यस्तै मेरो पनि साह्रोपन हरायो र आगामी कामका लागि कमलो बन्न पुगें ।

मेरो पछिल्लो जीवन बिल्कुलै अर्का्े बाटोमा हिँड्ने अभ्यस्त थियो । सुविधा र साधनहरुका बीचमा समय बिती रहेको थियो । सबै थोक सरल र सुगम लागि रहेको थियो तर हिमालय पुग्नासाथ सब उलट पलट भयो । त्यहाँको परिस्थिति युद्ध भैरहेको बेलामा सानोतिनो तालिम लिएर युद्ध मैदानमा गएको त्यस्तो सिपाही जस्तो थियो जसले युद्धको पूर्व अनुभव नगरेको होस तर प्रथम पटक नै युद्धमा अपूर्व साहस र शौर्यको परिचय देओस् ।

प्रत्यक्ष हिमालय यात्राको प्रत्यक्ष प्रतिफल एउटा मात्र के रह्यो भने अनुभवहीन मन हा¥यो र मेरो जीत भयो । हलोमा न जोतिएको नयाँ गोरुले शुरुमा हलोमा नारिदा खेरी जसरी नाई – नास्ती गर्छ र हलोदेखि अलग्गिन खोज्दछ त्यस्तै मेरो मनले पनि भागन उफ्रिन खोजे पनि कहीँ कतैबाट सहयोग पाएन – समर्थन मिलेन । मनले असुविधाहरुलाइ स्वीकार नगरेर फर्की हाल्ने प्रयत्न त ग¥यो तर ऊ यस्तो किसानसँग बाँधिएको थियो जसले मर्ने वा मार्ने संकल्प गरेको थियो । अन्तमा मेरो मनले जिद्दी गर्न छोड्यो र हलोमा नारिएर हिँड्नु पर्ने भन्ने आफ्नो भाग्यलाई स्वीकार ग¥यो । यदि – यदि म काँचो संकल्पको मानिस भएको भए त्यो स्थिति बन्ने थिएन, जुन स्थिति आज रहेको छ । त्यो पुरै वर्ष भरी नयाँ – नयाँ प्रतिकूलताहरु देखा पर्दै गए । त्यति कठिन परीक्षामा परेपछि स्वास्थ्य बिग्री हाल्ने र भविष्यको सांसारिक प्रगतिको ढोका बन्द हुन सक्ने शंका उपशंकाले गर्दा मनले तमाम विकल्पहरु खोज्न थाल्यो र सम्पूर्ण स्थिति परिस्थिति माथि पुनर्विचार गर्नु पर्छ कि ? भन्ने सोंच बन्न थाल्यो ।

एक पटक त एउटा यस्तो तमोगुणी विचार आयो कि त्यसलाई लुकाउन उचित नहोला त्यसैले यहाँ खोली रहेको छु । त्यो के भने कइयौं पाखण्डीहरुले हिमालयको नाम लिएर आफ्नो धर्म ध्वजा फहराई रहेका छन् भने मैले पनि त्यस्तै कुनै काम गरेर आफूलाई सिद्ध पुरुष घोषित गराएर आजीवन मोजमस्ती लिन सकिन्छ । त्यस्ता बीसौं जनाको चरित्र र इतिहास मलाई थाह छ र उनीहरुको मोजमस्ती र ऐश्वर्यको आद्योपान्त जानकारी मलाई छँदैछ, त्यस्तै काम गर्नु पर्छ कि ? भन्ने कुविचार मेरो मनमा पनि जाग्यो तर मैले त्यसलाई तुरुत्तै कुल्ची दिएँ । यो त मनको परीक्षा भैरहेको छ भन्ने कुरा बुझी हालें । मैले सोचे कि जब आफ्नो सामान्य प्रतिभाकै आधारमा पनि मोजमस्ती र भोग विलासका साधनहरु खडा गर्न सकिन्छ भने, हिमालय, सिद्ध पुरुष, सिद्धि र भगवानको तपस्यालाई बदनाम गरेर आडम्बर रच्नुको के अर्थ छ ?

त्यो प्रथम वर्षमा मार्गदर्शक ऋषि सत्ताको साक्षत्कारले मलाई आमूल परिवर्तन ग¥यो । अल्लारे मनसँग नयाँ परिष्कृत मनको द्वन्द युद्ध चल्दै रह्यो र मैले पूर्णरुपेण विजश्री प्राप्त गरेर घर फर्के भन्ने कुरा ठोकुवा गर्न सकिने भयो ।

प्रवासको दोश्रो चरण र कार्यक्षेत्रको निर्धारण

मलाई प्रथम परीक्षामा हिमालय बोलावट भएको निमन्त्रणालाई झण्डै दस वर्ष व्यतित भए । यो बीचमा पुनः बोलाउने आवश्यकता अनुभव भएनछ । गुरुदेवको दर्शन जुन किसिमले पहिलो पटक भएको थियो त्यसरी नै त्यही मुद्रामा हुँदै रह्यो । "सबै ठीक छ" यति शब्द भनेर प्रत्यक्ष सम्पर्क हुँदै रह्यो । म एक्लो छु भन्ने लागेन । सदैव दुइ जनासँगै रहे भए जस्तो लाग्दथ्यो । यसरी दस वर्ष व्यतीत भए ।

स्वतन्त्रता संग्राम जारी थियो । यसै बीचमा अनुकूल ऋतुमा पुनः हिमालय पुग्ने आदेश भयो । आदेश पाएको भोली पल्टै हिँड्ने तयारी गरें । आदेशको उपेक्षा गर्नु अथवा विलम्ब गर्नु मेरो लागि सम्भव थिएन । हिमालय जाने भन्ने कुरा घरमा बताएर भोलीपल्ट बिहान ब्रह्म मूहूर्तमा घरबाट निस्कने तयारी गरें । त्यस बेलासम्म पनि उत्तरकाशीसम्म मात्रबाटो बन्न सकेको थियो । त्यो भन्दा अगाडिकोलागि निर्माण कार्य शुरु हुँदै थियो ।

बाटो त मैले देखेकै थिएँ । अघिल्लो पटक जस्तो यसपटक जाडो बढ्न सकेको थिएन । बाटोमा आवतजावत गर्ने यात्रीहरु भेटिदै रहे । चट्टी – (बास बस्न हुने स - साना धर्मशालाहरु ) पूर्णतया खाली थिएनन् । यस पटक कुनै अफ्ठेरो परेन । यस पटक पहिले भन्दा थोरै सामान मात्र साथमा थियो । घर जस्तो सुख सुविधा त कहां हुन सक्दथ्यो तर जुन परिस्थितिमा यात्रा गरें त्यो असह्य थिएन, अनभ्यस्त सम्म थियो । यात्राक्रम यथावत जारी रह्यो ।

प्रथम यात्रामा गुरुदेवले मेरो ३ वटा परीक्षा लिनु भएको थियो तर यस पटक त्यस्तो कुनै परीक्षाको कुरा आएन । एक पटक लिइ सकेको परीक्षालाई नै पटक - पटक दोहराई रहन आवश्यक नै भएन । गंगोत्रीसम्मको बाटो राम्रो थियो यस कारण त्यस बारेमा कसैसँग सोधपुछ गरी रहनु पर्ने थिएन । गंगोत्री देखि गोमुखसम्मको चौध मीलको बाटो यस्तो छ जहाँ प्रत्येक वर्ष हिउँ पग्लेपछि बाटो बदलिन्छ । बाटाका चट्टान र ढुंगाहरु खस्छन् फूटछन र यत्रतत्र छरिएपछि स - साना खोला खोल्साहरु बुजिन्छन् जसले गर्दा खोला खोल्साहरुले आफ्नो बाटो फेर्ने गर्दछन् । यसरी यो बाटो हिँड्नलाई कि त त्यस क्षेत्रको कुनै जानकार मानिसलाई साथ लिएर हिँड्नु पर्दथ्यो कि त आफ्नो विशेष बुद्धिको सहारा लिएर अनुमानको आधारमा हिँड्दै जाँदा बाटो ठिक्क ठहरियो भने त ठीकै भयो अन्यथा गलत बाटो हिँडिएको रहेछ भने फेरी फर्केर सही बाटो खोज्दै अगाडी बढ्दै जानु पर्दथ्यो । यसरी बाटो पैलाउँदै गोमुख पुगें ।

त्यहाँ भन्दा अगाडी गुरुदेवको संदेशवाहकका साथमा जानु थियो । त्यो पनि सूक्ष्म शरीर धारी नै थियो । त्यो छाया पुरुष "वीर भद्र" जस्तै थियो । गुरुदेवले समय समयमा उनीसँग अनेकौ काम लिने गर्दथे । म जति पटक हिमालय गएँ, मलाई नंदन वन र त्यसभन्दा पनि माथिसम्म लैजाने र फिर्ता हुँदा

गोमुखसम्म पु¥याई दिने काम तिनै छाया पुरुषले गरेका हुन् । यस कारण यो दोश्रो पटकमा पनि तिनै सहायकको सहयोगले मैले अपेक्षाकृत थोरै समयमा र बडो सजिलोसँग पुँगी हालें । बाटामा हामी दुवै मौन थियाेंंं ।

नन्दन वन पुग्नासाथ गुरुदेवको सूक्ष्म शरीर प्रत्यक्ष रुपले सामुन्ने देखा प¥यो । वहाँ प्रकट हुनासाथ मेरा मनका भावना एकै चोटी बाहिर आए । औंठ काम्न थाले । सिँगान बग्न थाल्यो । आफ्नै शरीरबाट गुमेको कुनै अंग अकस्मात फेरी जोडिन आईपुगे झैं लाग्यो । त्यो अंगको अभावमा रहेको अपूर्णता पुनः पूर्ण भए झैं भयो । वहाँले मेरो टाउकोमा हात राखेपछि म प्रति अगाध प्रेमको प्रकटीकरण भयो । अभिवादन र आशीर्वादको शिष्टाचार यत्तिकैमा पूरा भयो । गुरुदेवले ऋषि सत्तासँग पुनः मार्गदर्शन लिने बारेमा मलाई संकेत गर्नुभयो । हृदय रोमाञ्चित भयो ।

सतयुगका प्रायः सबै ऋषिहरु त्यसै दुर्गम क्षेत्रमा निवास गर्दै आएका छन् जहाँ मसँग प्रथम साक्षात्कार भएको थियो । हुनत वहाँहरुलाई शरीरचर्याका लागि कुनै स्थान निर्धारित गर्न अथवा साधन सामग्री जुटाई रहनको लागि कुनै आवश्यकता पर्दैन तर पनि वहाँहरुले आ – आफ्नो निर्धारित क्रियाकलाप पूरा गर्नका लागि तथा आवश्यकता अनुसार परस्पर भेटघाट गरी रहनका लागि सबैले एक – एक वटा गुफा निर्धारित गरी राख्नु भएको छ । सबैका एक – एक वटा स्थान निश्चित छन् ।

पहिलो यात्रामा मैले वहाँहरुलाई प्रणामसम्म गर्न पाएथें । अबको यो दोश्रो यात्रामा गुरुदेवले मलाई वहाँहरु एक – एक जनासँग बेग्ला बेग्लै भेट गराउन लिएर जानु भयो । पहिले त अप्रत्यक्ष रुपले आशीर्वादसम्म पाइएको थियो भने यस पटक त वहाँहरुको सन्देश सुन्न पाइने रहेछ । वहाँहरु हेर्दा त मधुरो प्रकाश पुञ्ज जस्तो देखिनु हुन्थ्यो तर जब मेरो सूक्ष्म शरीर ठीक भयो तब ती ऋषिहरुको सतयुगको शरीर पनि यथावत देखा पर्न थाल्यो । संसारिक व्यक्तिले ऋषि शरीरको जस्तो कल्पना गर्दछन् झण्डै त्यस्तै शरीर वहाँहरुको थियो । शिष्टाचारको यथोचित निर्वाह गरें । वहाँहरुको चरणमा आफ्नो मस्तक राखें । वहाँहरुले मेरो टाउकोमा हातले स्पर्श गर्नु भएको अनुभव भयो । मलाई त्यसबाट रोमाञ्च भएर आयो । पूरा शरीर र मन मष्तिष्कमा आनन्द र उल्लासको लहर आयो ।

त्यसपछि कामको कुरा भयो । प्रत्येक ऋषिले “हामीले स्थूल शरीरबाट जे गतिविधि गरी रहेका थियों, ती अब पूर्णतया सकिएका छन् भनि परावाणीमा भने । अब हामी टुटे फुटेका खण्डहरुका अवशेष जस्ता छौं । हामीले दिव्य दृष्टिबाट जब ती क्षेत्रका वर्तमान स्थितिलाई हेर्दछौं तब बडो कष्ट हुन्छ । पहिले गंगोत्री देखि हरिद्वारसम्म पूरा ऋषि क्षेत्र थियो । त्यस्तो एकान्तमा मात्र तपस्याको विधा पूर्ण हुन्थ्यो ।

उत्तर काशीमा जमदग्नि ऋषिको गुरुकुल र आरण्यक थियो । त्यस्तै ऋषि आश्रमहरु यत्रतत्र व्याप्त थिए । बाँकी ऋषिहरु आ – आफ्ना शोध र तपस्यामा संलग्न रहन्थे । जहाँ अहिले हाम्रो निवास छ , त्यहाँ देवताहरु बस्दथे । हिमयुग उप्रान्त स्थान मात्र बदलिएनन्, अपितु गतिविधि पनि बदलिए भन्नु भन्दा गतिविधि त समाप्त भए सरह नै भएको छ । अब त त्यसका केही चिन्ह मात्र बाँकी छन् ।

अहिले उत्तरखण्डमा यत्रतत्र देवीदेवताका जुन मन्दिर बनेका छन् त्यसको उद्‌देश्य यो छ कि मन्दिरमा धनराशि चढाइयोस र पुजारीहरुको भरण पोषण होस्  तर ऋषि को – को थिए ? कहाँ बस्दथे ? के काम गर्दथे भन्ने कुरा आज न कसैले सोध्दछ न त कसैले बताउँछ नै । ती कुराहरुको अब  कुनै चिन्ह नै बाँकी छैन । हामीहरुको दृष्टिमा अब ऋषि परम्पराको त प्रलय भैसकेको छ ।"

झण्डै यही कुरा बीसौं ऋषिहरुले भने । ज जससँगमेरो भेट गराइयो सबैले यही कुरा गरे । मलाई बिदा दिने बेलामा वहाँहरु सबैको आँखामा आँसु रसाएको देखियो । वहाँहरु व्यथित देखिनु भयो । सबैको मन उदास र भारी  थियो । तर मैले भन्नु पर्ने त केही थिएन । यति धेरै  ऋषिहरुले मिलेर जुन भारी बोक्नु हुन्थ्यो त्यो भारी म एक्लोले बोक्ने सामथ्र्य पनि त छैन । वहाँहरुको मन भारी भएको देखेर मेरो मन पनि द्रवित भयो । मैले सोचें कि यदि भगवानले मलाई कुनै योग्य बनाको भए यी देवपुरुषहरुलाई यति व्यथित देखेर यत्तिकै चुप लागेर फर्कने थिएन । म पनि स्तब्ध भएँ । मेरा आँखा पनि रसाए र आँसू बग्न थाल्यो । यति सामथ्र्यवान ऋषि भएर पनि यस्तो असहाय ? यति दुखी ? वहाँहरmको दुखले मलाई बिच्छुले चिले झैं चिल्न थाल्यो ।

गुरुदेवको आत्मा र मेरो आत्मा साथ – साथ हिँडी रहेका थिए । दुवैले एक अर्कालाई हेरी रहेका थिए । वहाँको मुख मण्डल पनि उदास थियो । हे भगवान कस्तो विषम बेला आयो कि कुनै ऋषिको कोही उत्तराधिकारी निस्केन । सबैको वंश नाश भयो । ऋषि प्रवृत्तिको त कोही एक जना पनि बाँचेको देखिदैन । करोडौं संख्यामा ब्राम्हण छन् र लाखौं लाख सन्तहरु छन् । यस मध्ये दस बीसवटा ऋषिहरु पनि जीवित रहेका भए गाँधी र बुद्‌ध जस्तै चमत्कार देखाई हाल्थे । तर अब के भयो त ? कसले गर्ला ? कुन आँट र सामथ्र्यले गर्ला ?

एक जना राजकुमारीले दुखित र भारिलो मनले आँखाबाट आँसु चुहाउँदै "को वेदान उद्‌धरस्यसि" अर्थात "वेदहरुको उद्‌धार कसले गरिदेला"  भनेर भन्दा कुमारिल भट्‌टले "अहिले एउटा कुमारिल भट्‌ट यो पृथ्वीमा जीवित छ, तिमीले यसरी विलाप नगर"  भनेका थिए । तब वास्तवमा एक जना कुमारिल भट्‌ट जीवित थिए । तर आज त कोही पनि देखापरीरहेको छैन । न ब्राम्हण न सन्त । ऋषिहरुको कुरा त धेरै टाढाको कुरा हो । आज त बहुरुपियाहरु नै विचित्र रुप श्रृंगार बनाएर रंगिएका स्याल झैं सम्पूर्ण वन प्रदेशमा हवाँ – हवाँ गर्दै कराउँदै हिँडेका छन् ।

भोलीपल्ट फिर्ता आएपछि मेरो मनमा दिनभरी नै यस्ता विचारहरु उठ्‌दै रहे । म जुन गुफामा बसेको थिएँ त्यहाँ यस्तै विचारले मलाई दुखित बनाई रहे । गुरुदेवले पनि मेरा विचार र चिन्तनलाई पढी रहनु भएको थियो । मेरो मनको पीरले वहांलाई पनि दुखित बनाई रहेको थियो ।

वहाँले भन्नुभयो –"त्यसो भए अब यसो गर"  अब फेरी ऋषिहरुसँग भेट्‌न जाऊँ । त्यहाँ गएर "तपाईंहरुले भन्नु हुन्छ भने त्यसको बीजारोपण मैले गर्छु, तर मलजल तपाईंहरुले गरिदिनु पर्दछ अनि मात्र राम्रो बाली उत्पादन हुन सक्दछ । यदि भएन भने पनि त प्रयास गरेपछि आफ्नो मन त हलुंगो हुन्छ ।"  भनेर भन्नु ।

यसको साथै यो पनि सोध्नु कि कामको शुभारम्भ कसरी गर्ने ? यसको रुपरेखा बताई दिनुहोस् । मैले केही न केही काम अवश्य गर्छु । तपाईँहरुको आशीर्वाद वर्षन थाल्यो भने यो खडेरीपरेको शमसानमा हरियाली देखा पर्नेछ ।

गुरुदेवको आदेश भएमा म त के सम्म भन्न तत्पर भएँ भने म बलेको आगोमा हाम फाल्न सक्छु । हुने हुनामी हुँदै गर्ला । प्रतिज्ञा गर्न र त्यसको निर्वाह गर्नमा प्राणको साक्षीदिएर प्रण त गर्न सकिन्छ नि ? मेरो मनमा यस्ता विचारहरु उठ्न थाले । गुरुदेवले त्यसलाई पढी रहनु भएको थियो । मेरा मनका विचार र भावनाबाट गुरुदेवको अनुहार ब्रह्मकमल झैं चम्किलो र उज्यालो भएको मैले देखें ।

हामी दुवै स्तब्ध थियाेंं र खुशी थियौं । हिजो राती नै भेटेका ऋषिहरुसँग फेरी भेट्ने अठोट गरेर हामी पुनः फर्कन सोच्यो । हामी फेरी त्यहाँ पुगेपछि प्रत्येक ऋषि खुशी भएर आश्चर्य माने ।

म त हात जोडेर टाउको निहुराएर मन्त्रमुग्ध भएर उभिरहें । गुरुदेवले मेरो चाहना, इच्छा र उमंग वहाँहरुलाई परोक्षतः परावाणीमा सुनाउनु भयो । साथै यो मान्छे निर्जीव छैन, यसले जे भन्छ त्यो गर्छ । तपाईहरुले यति बताउनुस् कि तपाईहरुको अधुरो कार्यको पुनः आरम्भ कसरी गर्ने हो ? बिउ कहाँ हाल्ने हो ? हामीले मलजल हालदै गयौं भने यसले छर्ने बिउ निस्तेज हुन पाउँदैन र यसका पाइलाहरmले सकारात्मक परिणाम दिन्छन् ।

यसपछि वहाँले गायत्री पुरश्चरणको पूर्तिमा मथुरामा हुने सहस्त्र कुण्डीय पूर्णाहुतिमा यस्तै छायारुपमा आउने निमन्त्रण दिनु भयो र भन्नु भयो "यो बानर त हो, तर हनुमान हो । यो रीछ हो भने जामवन्त हो । यो गिद्ध हो भने जटायु हो । तपाईंहरुले यसलाई निर्देशित गर्नुहोस अधुरो काम बन्ने छ तथा पुननिर्माण हुने छ । आशा गर्नु होस कि टुसो पलाएर विशाल वृक्ष बन्ने छ । हामी निराश किन हुनु प¥यो । यससँग हामी आशावादी किन नहुने ? जबकि यसले गत तीन जुनीमा दिइएका दायित्वहरुको निष्ठापूर्वक निर्वाह गरेको छ भने अब हामीले शंका किन गर्ने ?

एक जना ऋषिसँग मात्र वार्ताको शुरुवात भएको थियो तर तत्क्षण नै निमन्त्रण पाएर सबै ऋषिहरु भेला भएका थिए । हामीमा व्याप्त निराशा भाग्यो । आशा जागेर आयो र आगामी कार्यक्रम यो बन्यो कि हामीहरmले अहिले सम्म जे जो गर्दै गएका छौं त्यो बीउ एउटा खेतमा छर्नु प¥यो र ब्याड तयार गर्नु प¥यो । त्यो ब्याड सर्वत्र रोप्दै जाऊँ जसबाट ठूलो हराभरा बगैचा तयार हुन्छ ।

यो शान्तिकुञ्ज बनाउने योजना थियो जसलाई मैले मथुरामा एउटा निश्चित अवधि निवास गरेपछि पूरा गर्नु पर्ने थियो । मलाई गायत्री नगर बसाल्ने र ब्रह्मवर्चस शोध संस्थानको ढाँचा निर्माण गर्ने योजना पनि विस्तारसँग बताउनु भयो । मैले वहाँहरुले बताउँदै गएका एक एक कुरा आफ्नो हृदयको पानामा लेख्दै गएँ र २४ लाखको पुरश्चरण पूरा हुनासाथ यो कार्यक्रमको रुपरेखा तयार गरेर काम पूरा गर्ने निश्चय गरें । निसंदेह, पक्कै पनि जसलाई गुरुदेवको संरक्षण प्राप्त भएको छ त्यो मानिस असफल हुने भन्ने कुरा त कल्पना पनि गर्न सकिदैन ।

म थप एक दिन त्यहाँ बसें । गुरुदेवले पुरश्चरणको पूर्णाहुतिको स्वरुप बताउनु भयो र भन्नुभयो – "गत वर्षहरुको घटनाक्रमलाई मैले नियालेर हेरीरहेको छु । त्यसमा जहाँ कुनै कमी कमजोरी देखेको छु, त्यसलाई ठीक गर्दै गएको छु । त्यसपछि गर्नुपर्ने कामको स्वरुप बुझाउनको लागि यस पटक तिमीलाई बोलाइएको हो । पुरश्चरण पूरा हुनमा अब धेरै समय बाँकी छैन । जे जति बाँकी रहेको छ त्यसलाई मथुरा पुगेर पूरा गरीहाल्नु । तिम्रो जीवनको द्‌वितीय चरण अब मथुराबाट शुरु हुनेछ ।

प्रयाग पछि मथुरा नै देशको मध्य केन्द्र हो । आवागमनको दृष्टिले त्यो सुविधाजनक पनि छ । स्वराज्य भैसकेपछि तिम्रो राजनीतिक उत्तरदायित्व पूरा हुन्छ तर त्यो काम अहिले पूरा हुँदैन । राजनीतिक क्रान्ति पछि सरकारले आर्थिक क्रान्ति र त्यससँग सम्बन्धित काम पनि गर्नेछ तर त्यसपछि तीन वटा क्रान्ति जसलाई धर्मतन्त्रको माध्यमबाट पूरा गर्नु परेको छ, बाँकी रहने छन् । ती क्रान्ति सम्पन्न नभए सम्म पूर्णता हुन सक्दैन । देश यस कारण जर्जर र अर्काको दास भएको थिएन कि यहाँ शूर वीर मानिस थिएनन् र आक्रमणकारीहरुलाई हराउन सक्दैनथे । वास्तवमा आन्तरिक कमी कमजोरीले देशलाई पतन र पराभावको खाल्टोमा हालेको थियो । अरुहरुले त त्यस कमजोरीको लाभसम्म उठाएको हो ।

हामीले नैतिक क्रान्ति, बौद्‌धिक क्रान्ति र सामाजिक क्रान्ति सम्पन्न गर्नु परेको छ । यसको लागि उपयुक्त व्यक्तिहरुको छनौट गर्नु, संग्रह गर्नु र भोलीका दिनमा गर्नु पर्ने कामका बारेमा आजै देखि आफ्ना विचारहरु व्यक्त गर्नु आवश्यक छ । यस कारण तिमीले आफ्नो गाउँ घर छोडेर मथुरा जाने तयारी गर्नु परेको छ । त्यहाँ सानो घर लिएर मासिक पत्रिका प्रकाशन गर्न शुरु गर साथ साथ क्रान्तिका सम्बन्धमा आवश्यक जानकारी उपलब्ध गराउने प्रकाशन पनि शुरु गर्नु पर्‌दछ । अहिले त तिमीले यति काम गरी हाल्छौ । त्यसपछि केही समय पश्चात तिमीले मथुराको नजीकमा दुर्वासा ऋषिको तपस्थलीमा एउटा भव्य गायत्री मन्दिर बनाउनु पर्दछ । सहकर्मीहरुको आवागमन निवास र बसोबासको लागि यो आवश्यक हुन्छ । त्यस पछि २४ महापुरश्चरण पूरा भएको पूर्णाहुति स्वरुप एउटा महायज्ञ गर्नु पर्दछ । अनुष्ठानको परम्परामा जपका साथमा यज्ञ पनि गर्नु पर्दछ । तिम्रा २४ लाखका २४ अनुष्ठान पूरा हुन गैरहेको छन् । यसको लागि एक हजार कुण्डको यज्ञशालामा । एक हजार मान्त्रिकहरुद्‌वारा २४ लाख आहुतिको यज्ञ आयोजन गर्नु पर्ने छ । त्यसैबेला यस्तो विशाल संगठन खडा हुन्छ कि जसबाट तत्काल धर्मतन्त्रबाट जनजागृतिको काम प्रारम्भ गर्न सकियोस । अनुष्ठान पूर्तिको यो प्रथम चरण हुन्छ । झण्डै २४ वर्षमा यो दायित्व पूरा गरीसकेपछि तिमी सप्तसरोवर हरिद्‌वार जानु पर्दछ । जहाँ बसेर तिमीले ऋषिहरुको लोप भएको परम्परालाई पुनरजागृत गर्नका लागि ऋषिहरुका सामुन्ने जुन वाचा गरेका छौं त्यो बाचा गरेको काम पूरा गर्नु पर्नेछ ।"

वहाँले मथुराको कार्यशैली आदि देखि अन्तसम्म कसरी सम्पन्न गर्नु पर्ला ? त्यसको एउटा सुविस्तृत रुपरेखा आद्‌योपान्त बताउनु भयो । यसै अवधिमा आर्ष साहित्यको अनुवाद, प्रकाशन र प्रचार प्रसार तथा गायत्री परिवारको संगठन र त्यसका सदस्यहरुलाई कामको जिम्मेवारीको बाँडफाँडको रुपरेखा पनि बताउनु भयो ।

मैले वहाँसंग जे जति आदेशहरु भएका छन् त्यसमा कुनै त्रुटि हुन दिने छैन भनेर पहिले नै प्रतिबद्धता जनाए जस्तै पुनः पुनः त्यही वाचा दोह¥याएँ । तर मेरो मनमा एउटा शंका के उठी राख्यो भने यति विशाल कामका लागि आवश्यक पर्ने धनशक्ति र जनशक्तिको पूर्ति कहाँबाट होला ?

मेरो मनभित्र उठ्ने कुराहरुलाई पढ्न सक्ने गुरुदेवले त्यो शंका पनि थाह पाउनु भयो र हाँस्नु भयो । वहाँले भन्नुभयो –“तिमीले साधन स्रोतबारे कुनै चिन्ता लिनु पर्दैन । तिमीसँग जे जति छ, त्यसलाई छर्न शुरु गर । यो बाली सयगुणा भएर उत्पादित हुन्छ र तिमीलाई जुन काम सुम्पिएको छ त्यो काम पुरा हुने सुयोग बन्दै जानेछ ।”  वहाँले म सँग के - के छ ? त्यसलाई कहाँ र कसरी छर्नु पर्ने हो ? त्यो बाली कहिले र कसरी तयार हुन्छ ? यी सबै कुरा मलाई बुझाउनु भयो ।

मैले वहाँका सबै कुरालाई हृदयमा उतारें । कुनै कुरा बिर्सने भन्ने प्रश्न नै थिएन । कुनै कुरा तब मात्र बिर्सिन्छ जब त्यो कुराप्रति उपेक्षा गरिन्छ । सेनापतिको आदेश सैनिकले बिर्सन्छ र ? मेरोलागि अवज्ञा र उपेक्षा गर्ने कुनै प्रश्न नै थिएन ।

हाम्रो वार्ता सकियो । यस पटक मलाई हिमालयमा ६ महिना मात्र बस्ने आदेश भयो । म जहाँ बस्नु पर्ने थियो, त्यहाँको सम्पूर्ण व्यवस्था वहाँले मिलाई दिनु भयो । गुरुदेवको वीरभद्रले मलाई गोमुख पु¥याई दियो । त्यहाँबाट म तोकिएको ठाउँमा पुगी हालें र ६ महिना त्यहीँ बिताएँ । त्यहाँबाट घर फर्केपछि स्वास्थ्य पहिले भन्दा पनि झन राम्रो भएको थियो । प्रशन्नता र गम्भीरता थपिएको थियो र प्रतिमा जस्तो मुखमण्डलको आभा बनेको थियो । घर फिर्ता आएपछि मलाई देख्ने जो कोहीले पनि हिमालयमा सुख सुविधा पाउने कुनै राम्रो स्थान रहेछ, तिमी त्यहाँ गएर स्वास्थ्य सम्बद्र्धन गरेर आएका रहेछौ भन्न थाले । मैले हाँसेर कुरा सकिन थालें । मसँग अरु उत्तर नै के हुन सक्थ्यो र ?

अब मथुरा जाने तयारी गर्नु थियो । मैले दर्शनको दृष्टिले एक पटक मथुरा देखेको थिएँ तर त्यहाँ कसैसँग कुनै परिचय थिएन । म मथुरा पुगें र अखण्ड ज्योती प्रकाशन गर्न मिल्ने एउटा सानो घर भाडामा लिने अठोट गरें ।

ती दिनहरुमा पनि भाडामा घर पाउन कठिनै थियो । मैले घर खोज्दा खोज्दा थाकें तर मेरो आवश्यकता अनुसारको घर पाउन सकिन । घर खोज्दै जाँदा घीयामण्डी पुगें । त्यहाँ एउटा खाली घर रहेछ । त्यसको मालकिनी एकजना बुढी रहेछिन् । मैले भाडा सोध्दा बुढीले पन्द्रह रुपैया भाडा भनिन् र साँचो मलाई दिइन् । घरमा भित्र पसेर हेर्दा त त्यसमा साना ठूला गरेर पन्द्रहवटा कोठा रहेछन् । यद्यपि घर जीर्ण शीर्ण थियो तर प्रतिकोठा एक रुपैयाको दरले भाडा पर्ने भनेकोले महँगो भन्न त मिल्दैनथ्यो ।मेरो लागिकाम चल्ने पनि थियो । घर मलाई मन प¥यो मैले एक महिनाको पेश्की भाडा पन्द्रह रुपैया बुढीको हातमा राखी दिएँ । बुढी बहुतै खुशी भइन् ।

त्यसपछि म घर गएँ र आफ्नो सर - सामान लिएर आएँ र पत्नी तथा बच्चाहरुसँग त्यस घरमा बस्न थालें । हामीलाई त्यो घरमा बसेको देखेर पुरै टोलमा कानेखुशी हुन थाल्यो । हामी त्यहाँ बस्न जानु भनेको उनीहरुको लागि आश्चर्यको कुरा जस्तो भयो । जब मैले यस्तो कानेखुसीको बारेमा जान्न चाहें तब

कसैले यो भुतहा घर हो भन्यो र यसमा आजसम्म जो बस्न आयो त्यसको ज्यान गएको छ । यसमा कोही बस्न सकेको छैन । हामीले कैयौं जनालाई यहाँ आएको र धनजनको ठूलो क्षति व्यहोरेर भागेको देखेका छौं । तपाईं बाहिरबाट आउनु भएकाले धोकामा पर्नु भएको छ । भएको कुरा बताई दिइ रहेको छु । यसो नभएको भए पन्द्रह कोठाको तीनतले घर वर्षौं देखि किन खाली रहन्थ्यो र ? तपाईं जानेबुझेर त्यसमा बस्नु भएको छ । तपाईंलाई क्षति व्यहोर्नु पर्छ भनेर मानिसहरुले भने ।

यति सस्तो र यति उपयोगी घर अन्यत्र पाउन सकेको थिएन । यस कारण मैले त्यसैमा बस्ने निर्णय गरें । यद्यपि घर भुतहा छ भन्ने कुरा साँचो थियो । छतमा रात भर उफ्रिने कुद्ने भै रहन्थ्यो । ठटाउने, रुने र झै – झगडा भै रहन्थ्यो । त्यो घरमा बिजुली थिएन । मैले लालटिन बालें र माथि गएँ । त्यहाँ केही महिला पुरुषका आकृतिहरु अगाडि पछाडी दौडेको देखियो । तर साक्षात भेट भने भएन । उनीहरुले हामीलाई कुनै हानी पनि पु¥याएनन् । यस्तो घटनाक्रम झण्डै दस दिन लगातार चली रह्यो ।

एक दिन रातको अन्दाजी एक बजेतिर म माथि गएँ । लालटिन हातमा थियो । छतमा दौडधूप गरीरहेका छायाहरु देखा परे । मैले तिनीहरुलाई रmकने आग्रह गरें । उनीहरु रोकिए । मैले भनें –“तपाईहरु धेरै दिन देखि यो घरमा बस्दै आउनु भएको रहेछ । त्यसो हुनाले बरु के गरौं भने माथिल्लो तलाको सात वटा कोठामा तपाईंहरु गुजारा गर्नुहोस् । तलका आठ कोठामा मेरो काम चली हाल्छ । यसरी हामी आपसमा मेल मिलाप गरेर बसौं । यसरी न तपाईंलाई हैरानी हुन्छ र न त हामीलाई नै दुःख हुन्छ ।”

मेरो कुराको उताबाट कुनै जवाफ आएन । उनीहरु उभरिहेका थिए । भोली पल्ट पुरै घटनाक्रम बदलियो । मैले आफ्नो तर्फबाट सम्झौताको पालन गरें र तिनीहरु पनि मेरो कुरामा सहमत भैसकेका थिए । त्यसपछि कहिले काहीं माथिल्लो तलामा मानिस हिँडेको पदचापसम्म सुनियो तर हाम्रो निद्रा खराब हुने, बालबच्चा डराउने र काममा बाधा पर्ने गरी कुनै उपद्रव भने भएन । घरको टुटफुटको सामान्य मरमत मैले आफ्नो पैसाले गराएँ । “अखण्ड ज्योति” पत्रिका यसै घरबाट पुनः प्रकाशित हुन थाल्यो । आफन्तेहरुसँग यहीँबाट पत्रव्यवहार हुन थाल्यो । पहिलो वर्षमा नै अखण्ड ज्योतिका करीब दुईहजार जति सदस्य बने । मैले ग्राहकहरुसँग पत्रव्यवहार गर्दै रहें र कुराकानीका लागि बोलाई रहें । मैले आफ्नो अध्ययनको क्रम बाटो हिँड्दा पूरा गर्न थालें । दैनिक घुम्न जान्थें र त्यही अवधिमा दुइ घण्टा पढी हाल्थें । मेरो सानो पूजा कोठामा अनुष्ठान पनि चलिरहेको थियो । पहिले काँग्रेसमा जुन समय खर्च गर्दथें त्यो समय अब लेखन कार्यमा खर्च गर्न थालें । अखण्ड ज्योति पत्रिका, आर्ष साहित्यको अनुवाद र धर्मतन्त्रबाट लोक शिक्षणको रुपरेखा जस्ता विषयहरुमा कलम चल्न थाल्यो । पत्रिका आफ्नो हैण्डप्रेसमा छाप्थें र अन्य साहित्य अरु प्रेसमा छपाउन थालें । यसरी काम शुरुवात त भयो तर अब आउने दिनहरुमा मथुरामा बसेर जुन प्रकाशनको काम गर्नु छ, प्रेस लगाउनु छ, गायत्री तपोभूमिको भव्य भवन बनाउनु छ, महाभारतकालमा भएको यज्ञ पछि अहिले सम्म हुन नसकेको विशाल यज्ञ गर्नु छ, यी सबै कामको लागि धनशक्ति र जनशक्ति कसरी जुटाउने भन्ने चिन्ता लाग्यो । “छर्ने र काट्ने” भन्ने नीतिलाई समाजरुपी खेतमा

कार्यन्वित गर्नु थियो । वास्तवमा अपरिग्रही ब्राह्मण बन्नु थियो । यसै कार्यक्रमको रुपरेखा मस्तिष्कमा घुम्न थाल्यो ।

## विचार क्रान्तिको वीजारोपण

## पुनः हिमालय आमन्त्रण

मथुरामा नै विचार क्रान्ति अभियानको जन्म भयो । जसको माध्यमबाट आज करोडौं व्यक्तिको मन मस्तिष्कलाई पल्टाउने संकल्प पूरा गरेर देखाउने मेरो अठोट आज पूरा हुन लागेको देखिन्छ । सहस्त्र कुण्डीय यज्ञ त मेरो पूर्वजन्म देखि साइनो जुरेका ती आफन्ते व्यक्तिहरुसँग समागमको माध्यम थियो, जसले भावी जीवनमा महत्वपूर्ण भूमिकाको निर्वाह गर्नु थियो । यस यज्ञमा एक लाख भन्दा बढी मानिसहरुले समाज परिवार र आफूबाट खराबीहरुलाई निकालेर फाल्ने प्रतिज्ञा गरे । यो नरमेध यज्ञ थियो । यसमा समाजको लागि समर्पित लोकसेवीहरुलाई आह्वान गरें र मलाई त्यस्ता सहायकहरm समयानुसार उपलब्ध हुँदै गए । मेरो मान्यता यो छ कि यो सम्पूर्ण खेल त्यस अदृश्य जादूगर द्वारा सम्पन्न भैरहेको छ जसले मलाई माध्यम बनाएर समग्र परिवर्तनको ढाँचा खडा गरेर देखाई रहेको छ ।

मैले मथुरामा नैतिक, बौद्धिक र सामाजिक क्रान्तिको लागि गाउँ गाउँमा प्रकाश वितरण गर्न र घर घरमा गएर घचघचाउनको लागि चौतर्फी गायत्री यज्ञ र युग निर्माण सम्मेलन गर्ने एउटा व्यापक योजना बनाएँ । मथुराको सहस्त्र कुण्डीय यज्ञमा जो प्राणवान व्यक्तिहरु आएका थिए, वहाँहरुले आ – आफ्नो क्षेत्रमा शाखा संगठन खडा गर्ने र यस्तै यज्ञहरुको आयोजना गर्ने भन्ने दायित्व आफ्नो काँधमा बोक्नु भयो । यसलाई यसरी पनि के भन्न सकिन्छ भने त्यो दिव्य वातावरण वहाँहरुको अन्तस्करणमा सामाजिक दायित्व बोक्ने प्रेरणा श्रोत बन्यो र प्रत्येक समाजसेवी कार्यकर्ताले आफ्नो क्षेत्रमा न्यूनतम एक हजार विचारशील व्यक्तिहरुलाई खोजेर आफ्नो सहयोगी बनाउने साहस दियो । चार – चार दिनको

कार्यक्रमको आयोजना गरिएको थियो । यसमध्ये तीन दिन तीनवटा क्रान्तिको लागि विस्तृत रुपरेखा र कार्य पद्धति बताउने किसिमका संगीत र प्रवचनको लागि राखिएको थियो । अन्तिम चौथो दिन यज्ञाग्निका सामुन्ने वहाँहरु मध्ये त्यस व्यक्तिलाई व्रतधारण गर्न (संकल्प लिन) भनियो जो अवांछनीयतालाई त्याग्न र उचित परम्पराहरुलाई अपनाउन तयार थियो ।

यस्तो आयोजना जहाँ जहाँ गरियो, बहुतै सफल भयो । यसको माध्यमबाट लगभग एक करोड व्यक्तिहरुले मिशनको विचारधारालाई सुने र ती मध्ये लाखौं व्यक्तिले अनैतिकता अंधविश्वास र कुरीतिहरुको परित्यागको प्रतिज्ञा गरे । यस्ता आयोजनहरुमा दाइजो नलिएर थुप्रै विवाहहरु धुमधामसँग सम्पन्न भए । मथुरामा नै पछि भएको एउटा सहस्त्रकुण्डीय यज्ञमा १०० वटा आदर्श विवाह गराइयो । त्यहाँ देखि त यो चलन नै चलीसकेको छ र यस्तो आन्दोलनबाट प्रत्येक वर्ष अनेक व्यक्तिहरुले लाभ प्राप्त गरिरहेका छन् ।

सहस्त्रकुण्डीय यज्ञसँग सम्बन्धित महत्वपूर्ण प्रसंगसँग गाँसिएका अनेक रहस्यमय घटनाक्रमको विवरण अहिले सार्वजनिक गर्न जनहितमा उपयुक्त हुँदैन । मेरा मार्गदर्शले मैले शरीर त्याग गरिसकेपछि मात्र ती रहस्यहरु सार्वजनिक होउन् भन्ने प्रतिबन्ध लगाउनु भएकोले मैले त्यस्ता कुराहरmको संकेत सम्म गर्ने गरेको छु तर खुलासा हुन दिएको छैन । त्यो महायज्ञबाट मलाई बहुतै उपलब्धि भयो । गायत्री परिवारको रुपमा एउटा विशाल संगठन बहुतै कम समयमा खडा भयो । युग निर्माण योजनाको विचार क्रान्ति अभियान एवं धर्मतन्त्रबाट लोक शिक्षणको रुपमा भावी भूमिका तयार भयो । जुन जुन व्यक्तिहरुले आफ्नो क्षेत्रमा शाखा स्थापित गर्नको लागि संकल्प लिएका थिए ती व्यक्तिका क्षेत्रहरुमा लगभग दुइ दशक पछि हाम्रा प्रज्ञा संस्थान र स्वाध्याय मंडलहरुको स्थापना भयो । जुन स्थायी कार्यकर्ताहरुले म मथुराबाट यता आएपछि प्रेस प्रकाशन, संगठन र प्रचारको दायित्व बोकेका छन् ती यसै महायज्ञमा स्वस्फुर्त देखापरेका व्यक्तित्वहरु हुन् । पछि निर्मित भएको शान्तिकुञ्जमा स्थायी रुपले कार्यरत बहुसंख्यक स्वयं सेवकहरुको पृष्ठभूमिमा यो महायज्ञ र यसपछि देशभरमा भएका आयोजनाहरुको प्रमुख भूमिका रहेको छ ।

यसबाट स्वयं मेरो पनि संगठन सामर्थ्य विकसित भएको छ । मैले गायत्री तपोभूमि मथुराको सीमित क्षेत्रमा नै एक साता, नौ दिन एवं एक एक महीनाका कैयौं शिविर चलाएँ । आत्मोन्नतिको लागि पञ्चकोषी साधना शिविर, स्वाध्याय सम्बद्र्धनको लागि कायाकल्प सत्र र संगठन विस्तारको लागि परामर्श र जीवनसाधना सत्र केही यस्ता प्रमुख आयोजनाहरु हुन् जसलाई मैले मार्गदर्शकको आज्ञानुसार सहस्त्रकुंडीय यज्ञपछि मथुरामा सम्पन्न गरेको हूँ । गायत्री तपोभूमिमा आएका परिजनहरुबाट मलाई जुन स्नेह र प्रेम मिल्यो र परस्पर आत्मीयताको जुन भावना विकसित भयो, त्यसैले एउटा विशाल गायत्री परिवारलाई जन्म दियो । यो त्यही गायत्री परिवार हो, जसको प्रत्येक सदस्यले मलाई पिताको रुपमा, औंला समातेर हिँडाउने मार्गदर्शकको रुपमा र घर परिवार तथा मनका समस्याहरुको समाधान गर्ने चिकित्सकका रmपमा हेर्दै आएको छ ।

यसै स्नेह र सद्भावले गर्दा मलाई पनि उनीहरुकहाँ जानु प¥यो जो म कहाँ आएका थिये । कैयौं ठाउँमा स – साना आयोजना भए, कहीं सम्मेलन त कहीं प्रबुद्ध समुदायहरुका बीचमा तर्क र तथ्यको प्रतिपादनको आधारमा गोष्ठी आयोजना भयो । मैले मथुराबाट हरिद्वार आउनको लागि जब निश्चय गरें तब तयारी गर्ने क्रममा झण्डैै दुइ वर्ष सम्म पुरै भारतको भ्रमण गर्नु प¥यो । पाँच वटा ठाउँमा त मथुराको सहस्त्रकुंडीय यज्ञ जस्तै विशाल यज्ञहरुको आयोजन भयो । यी स्थान टाटानगर, महासमुन्द, बहराइच, भीलवाडा र पोरबंदर हुन् । मैले आफ्नो अज्ञातवासमा जानु भन्दा पहिले एक एक दिनमा तीन तीन ठाउँमा कार्यक्रम गर्दै हजारौं मीलको भ्रमण गरें । यो भ्रमणबाट मलाई समर्पित, समयदानी कार्यकर्ताहरु भेटिए । यस्ता अनगिन्ती मानिसहरु जो पहिलेको जुनीमा ऋषि जीवन बिताएका थिए, तिनीहरm मेरो सम्पर्कमा आई पुगे । उनीहरुको सामथ्र्यको पहिचान गरेर मैले उनीहरुलाई आफ्नो गायत्री परिवारमा ऊनें र यसरी पारिवारिक सूत्रमा बाँधिएको यो विशाल संगठन तयार भएर खडा हुन पुगेको हो ।

मलाई मार्गदर्शकबाट पुनः ६ महिनाको प्रवासमा हिमालय जाने आदेश धेरै पहिले प्राप्त भैसकेको थियो तर त्यहाँबाट फर्कदा मथुरा नफर्केर त्यहाँको मोह माया च्याट्ट छोडेर हरिद्वारको सप्तसरोवरमा सप्तऋषिहरुको तपस्थलीमा ऋषि परम्पराको स्थापना गर्न जानु भन्ने आदेश भएको थियो । मैले आफ्नो सम्पूर्ण दायित्व धेरै पहिले देखि धर्मपत्नीलाई क्रमशः सुम्पिदै गएको थिएँ । उनी विगत तीन जुनी मध्ये दुई जुनीमा त मेरो पत्नी नै थिइन् । यो जन्ममा पनि उनी अभिन्न साथी – सहयोगीको भूमिकामा छिन् । वास्तवमा मेरो सफलताको मूलमा उनको समर्पण र एकनिष्ठ सेवाभावलाई बुझ्नु पर्दछ । मैले जे जे चाहें र जुन जुन अप्ठेरो स्थितिमा रहन बस्न भनें उनले आफूलाई तत्काल त्यस्तो परिस्थितिमा समायोजित गर्दै गएकी छन् । मेरो पारिवारिक पृष्ठभूमि ग्रामीण जमीनदारको घर – घरानाको हो भने उनी एउटा धनी शहरी कुल घरानाकी हुन् । तर जब दुवैको मिलन भयो तब चीनी – पानी झैं घोलिएर एक भयौं । मैले आफ्नो गाउँको जग्गा विद्यालयलाई दिएँ र जमीनदारीको मुआवजामा प्राप्त रकम गायत्री तपोभूमिको लागि जग्गा किन्न खर्च गरें । अनि त पत्नीले आफ्नो सम्पूर्ण गरगहना तपोभूमिको भवन निर्माणकोलागि दिइन् । यो त्याग र समर्पण उनको हो जसबाट मलाई यति ठूलो उचाइमा पु¥याउन महत्वपूर्ण भूमिका बनेको हो ।

मेरो दोस्रो पटकको हिमालय यात्राको अवधिमा मेरी धर्मपत्नीले नै मेरो अनुपस्थितिमा पुस्तक – प्रकाशन – सम्पादन र संगठनको जिम्मेवारी सम्हालेकी थिइन् । यसपटक दसवर्षपछि सन् १९७१ मा आफ्नो ठूलो परिवार छोडेर हिमालय जानलागेको थिएँ । गायत्री परिवारलाई प्रत्यक्षरुपमा एउटा संरक्षक चाहिएको थियो जसले स्नेह र ममत्व दिन सकोस । परिवारका सदस्यको दुःख परेको बेलामा वेदनाका क्षणमा आँसू पुछ्ने काम आमाबाट नै हुन सक्दछ । यस कारण गुरु आमाले नै यो जिम्मेवारी बोकिन् । यो प्रवासमा जानु भन्दा तीन वर्ष पहिले देखि नै म लामो यात्रामा रहने गर्दथें । यस्तो अवस्थामा मथुरा आउने परिजनहरुसँग भेटघाट र उनीहरुलाई आश्वासन दिने कार्य उनले गर्दै आएकी थिइन् । मेरो सामाजिक जीवनको यात्रामा उनको निरन्तर सहयोग रहँदै आएको छ । दुई सय रुपियामा पाँच जनाको गुजारा र

परिवारको भरणपोषण र आउने अतिथिको समुचित सत्कार उनीबाट सहजै सम्पन्न हुने गरेको छ । कसैलाई निराश भएर फर्कनु परेको छैन । मथुरामा मैले बिताएको जीवन एउटा अमूल्य नासोको रुपमा रहेको छ । यसले भविष्यको मेरो क्रान्तिकारी जीवनको जग मात्र बसालेन, अपितु क्रमशः प्रत्यक्ष पछाडी सर्ने स्थितिमा दायित्व सम्हालन सक्ने बलियो पाखुरा भएका नर – तत्वको उपलब्धता पनि गरायो ।

## मथुराका केही रहस्यमय प्रसंग

प्रारम्भमा मथुरामा बसेर जुन गतिविधिहरुलाई चलाउने हिमालयबाट आदेश भएको थियो त्यसलाई आफ्नो जानकारीको क्षमताद्वारा सञ्चालन गर्न कठिन थियो । न साधन न साथ, न अनुभव न त कौशल । अनि यति विशाल काम कसरी सम्पन्न भए त ? मेरो आँट खस्कन लागेको देखेर मार्गदर्शक सत्ताले अप्रत्यक्ष रुपमा बागडोर आफ्नो हातमा लिनु भयो । मेरो त शरीर सम्मको उपयोग मात्र भयो । बाँकी सबै काम त कठपुतली नचाउने जादूगरले स्वयं गर्न थाल्यो । कठपुतलीको श्रेय त यति मात्र हुन्छ कि उसले बाँधिएको तारको बन्धनमा आफूलाई कसेर समाती रहोस् र नचाउने व्यक्तिको जस्तो संकेत हुन्छ त्यही अनुसार नाच्न देखि इनकार नगरोस् ।

मैले दैनिक चार घण्टा लेख्ने कामको छुट्याएको थिएँ । तर त्यहाँ त व्यास र गणेशजीको उदाहरण दोहरियो । पुराण लेख्ने बेला व्यासले भन्ने गर्दथे र गणेशले लेख्थे । यहाँ पनि ठिक त्यस्तै भयो । आर्ष ग्रन्थको अनुवाद कार्य अति कठिन हुन्छ । चारै वेद, १०८ उपनिषद, ६ वटा दर्शन, चौबीस वटा स्मृति आदि सबै ग्रन्थहरुको अनुवादमा मेरो औंलाहरmको उपयोग मात्र भएको हो । अन्यथा यति कठिन काम यति छीटो पुरा हुन सक्ने सम्भव नै थिएन । अनि धर्मतन्त्रबाट लोकशिक्षणको प्रयोग पूरा गर्न सैकडौं पुस्तक जुन मैले लेखें त्यो लेख्न कसरी सम्भव हुन सक्दथ्यो ? म एक्लोले त्यति लेखन गर्न कसरी संभव हुन्थ्यो ?

यो लेखन कार्य शुरु भएदेखि आजसम्म निरन्तर चल्दै आएको छ, बन्द भएको छैन । यो लेखनको थुप्रोको तौल मेरो शरीरको तौल बराबर वजन भैसकेको छ ।

लेखन सामग्रीको प्रकाशनको लागि प्रेसको आवश्यकता प¥यो । मैले आफ्नो प्रयासबाट बहुत कठिनाईले एउटा ह्याण्ड प्रेस (हाते छापाखाना)को व्यवस्था गरें तर जसलाई यो सबै काम गराउनु थियो त्यसले यसलाई केटाकेटीले खेल गरेझैं मानेर हाँस्यो । अनि त प्रेसको विकास भयो । टे«डिल, सिलेण्डर, अटोमैटिक, अफसेट्सहरु क्रमशः आउन थाले । यी मशीनहरु र प्रकाशित साहित्यको मूल्य लाख भन्दा माथि नाघ्यो ।

मेरो निजी प्रयास – पुरुषार्थले अखण्ड ज्योतिका करिब दुइहजार ग्राहक बनाएर कुरा टुंग्याई सकेको थिएँ तर जब मार्गदर्शकको धक्का लाग्यो, अनि त त्यो बढेर यति धेरै छपी रहेको छ, त्यो एउटा कीर्तिमान हो । यसको संख्या अझ दस दोब्बर थप हुने आशा छ । युगनिर्माण योजना हिन्दी, युगशक्ति गायत्री गुजराती, युग शक्ति उडिया आदि सबै मिलाएर डेढ लाख जति पुग्दछ । एक व्यक्तिद्वारा रचित यति उच्चकोटिको, यति धेरै संख्यामा, विना कुनै विज्ञापन, यति पत्रिका छापिन्छन् र घाटा लाग्दैन र घरबाट खर्च लगाउनु पर्दैन । यो पनि त एउटा कीर्तिमान नै हो । यो देशमा त यस्तो उदाहरण अन्यत्र खोजेर पाइँदैन ।

गायत्रीपरिवारकोसंगठन गर्नकोलागि महापुरश्चरणको पूर्णाहुतिको निहुँमा हजार कुण्डीय यज्ञ मथुरामा सम्पन्न भएको थियो । त्यसको सम्बन्धमा महाभारत कालपछि आजसम्मयति ठूलो यज्ञ भएको थिएन भन्नु अत्युक्ति हुँदैन ।

त्यो यज्ञमा केही रहस्यमयी विशेषताहरु यस्ता थिए, जसको सम्बन्धमा वास्तविक कुरा सम्भवतः अरु कसैलाई थाह हुन सकेन । देश भरको कुना काप्चाबाट एक लाख नैष्ठिक गायत्री उपासक आमन्त्रित गरिएका थिए । ती सबैले धर्मतन्त्रबाट लोक शिक्षणको काम हाताहात सम्हाले र यति ठूलो कामको प्रारम्भ भयो जति भारतका समस्त धार्मिक संगठनहरुले मिलेर गरे पनि त्यसको बराबरी हुन सक्दैन । यी व्यक्तिहरुसँग मेरो बिल्कुलै परिचय थिएन तर ती सबैसँग मेरो निमन्त्रण पत्र कसरी पुग्यो र तिनीहरुले आ – आफ्नो खर्च व्यहोर्दै कसरी मथुरा आई पुगे ? यो त गाउँ खाने कथा जस्तै रहस्य नै छ जसको समाधान खोज्न कठिन छ ।

यज्ञ – दर्शकको संख्या प्रतिदिन दस लाखको हाराहारीमा रह्यो । यिनीहरुलाई सात माईलको क्षेत्रमा बसालिएको थियो । आएकाहरु कोही पनि भोको रहन परेन । मसँग त मुठ्ठी भर मात्र खाद्य सामग्री थियो त्यो त बीस हजार मानिसको लागि पनि पर्याप्त थिएन तर यज्ञको भण्डार अक्षय हुन पुग्यो । पाँच दिनको आयोजनामा पाँच लाख भन्दा बढीले भोजन गरे । त्यसपछि खाद्य सामग्री बाँकी बच्यो र उपयुक्त व्यक्ति र स्थानहरुमा निशुल्क बाँड्नु प¥यो । यज्ञको व्यवस्था यस्तो थियो कि हजार जना कर्मचारी राखेर पनि त्यति व्यवस्थित गर्न सम्भव थिएन ।

यी रहस्यका कुरा हुन् । आयोजनाको प्रत्यक्ष विवरण त मैले दिइसकेको छु तर त्यसमा पनि जुन अझ ठूला रहस्यहरु देखापरे तिनलाई मैले सार्वजनिक गरिरहेको छैन । यज्ञको यति सुदृढ व्यवस्था र यति सामग्री कहाँबाट आयो ? भन्ने कुरा कसैले बुझ्न सकेन । यो त वास्तवमा अदृश्य सत्ताको खेल थियो । प्रथम हिमालय यात्रामा मलाई दर्शन दिनुभएका ऋषिहरु पनि यज्ञमा सूक्ष्म शरीरमा उपस्थित थिए । यी सबै काममा जुन शक्तिले काम गरिरहेको थियो, त्यसको सम्बन्धमा कुनै तथ्य कसैलाई विदित छैन । सबैले यसलाई मेरो पुरुषार्थ र चमत्कार भने तर भगवान साक्षी छन् कि म जड भरत जस्तै, मात्र दर्शक जस्तै यो सम्पूर्ण खेल हेरेर बसेको मानिस हूँ । जुन शक्तिले यो व्यवस्था गरेको थियो, त्यसको सम्बन्धमा सम्भवतः कसैलाई किंचित मात्र पनि थाह भएको छैन ।

मैले मथुरामा गर्नु पर्ने तेश्रो काम गायत्री तपोभूमिको निर्माण थियो । यति ठूलो कामको लागि सानो तिनो भवनबाट काम चल्न सक्ने थिएन । यसको निर्माण कार्य शुरु भयो र म यता हरिद्वार आई सकेपछि पनि निर्माण चलीनै रहेको छ, यो प्रज्ञा नगरको रुपमा विकसित - बिस्तृत भैसकेको छ । जसले मथुराको भ्रमण गर्नु भएको छ, गायत्री तपोभूमिको भवन र प्रेस, अतिथि व्यवस्था, कार्यकर्ताहरुको समर्पण देखेर चकित हुन्छ । यति सामान्य देखिने व्यक्तिले यति विश्राम र भव्य भवनको निर्माण कसरी गर्न सक्दछ ? यो रहस्यको जानकारी खोज्ने व्यक्तिले मेरो कन्धा पछाडी काम गरिरहेको शक्तिलाई नै यसको श्रेय दिनुपर्दछ, व्यक्तिलाई श्रेय दिनु हुँदैन । महाभारतमा अर्जुनको रथ भगवानले सारथी बनेर हाँक्नु भएको थियो । वहाँले पाण्डवलाई जिताउनु भयो तर जीतको श्रेय अर्जुनलाई मिल्यो र राज्य पाण्डवले पाए । यसलाई पाण्डवको पराक्रम र पुरुषार्थ भन्न त सकिन्छ तर वस्तुतः त्यो कुरा साँचो त होइन । यदि यो कुरा साँचो भएको भए उनीहरुको सामुन्ने नै द्रोपदीको चीर हरण किन हुन्थ्यो ? र वानप्रस्थ कालमा यत्रतत्र लुक्दै छिप्दै अर्काका घरमा साना तिना नोकरी गर्दै किन हिँड्नु पर्दथ्यो ?

मेरो क्षमता नगण्य छ तर मथुरामा रहदा बस्दा प्रकट र अप्रकट रुपमा जे जति काम मैले गरें त्यसको कथा आश्चर्यजनक छ । त्यसको जानकारी कसैले लिन चाहन्छ भने मेरो जीवन साधनाको तथ्यलाई ध्यानमा राख्नु पर्दछ र मलाई काठको टुक्राबाट बनेको नृत्य गर्ने कठपुततलीका अतिरिक्त अरु केही मान्नु हुँदैन । यहि समर्पण भाव नै मेरो जीवन गाथाको केन्द्र रहेको छ । मैले मेरा सम्पर्कमा आउनेहरुलाई पनि यहि सिकाएको छु र सत्ताद्वारा परोक्ष रुपमा सञ्चालनको लागि आफूलाई निमित्त मानेर उपासना, साधना र आराधनाका विविध प्रसंगहरुलाई समय समयमा रहस्योदघाटन गरेको छु । जसले चाहन्छ त्यसले तिनै प्रसंगहरुबाट मेरो आत्मकथाको तत्व दर्शन बुझ्न सक्दछ ।

## महामानव बन्ने त्यो विधा जुन मैले सीकें र अपनाएं

अब अगाडीको प्रसंग प्रारम्भ गर्नु भंदा पहिले मैले आफ्नो जीवन साधनाका र आफ्नो आत्मिक प्रगतिसँग गाँसिएका तीनवटा महत्वपूर्ण चरणको व्याख्या गर्न उचित ठान्दछु । मेरो सफल जीवन यात्राको केन्द्रविन्दु पनि यही हो । मेरो यो आत्मगाथा पढ्नेलाई यो बाटोमा हिँड्ने इच्छा जाग्छ र प्रेरणा मिल्छ भने उसले मेरो त्यस तत्वदर्शनलाई हृदयंगम गर्नु पर्दछ जो मैले जीवनमा उतारेको छु । कुनै अलोकिक रहस्य र प्रसंगहरु पढ्न सुन्नमा राम्रो लाग्न सक्दछ तर ती प्रसंगहरु व्यक्ति विशेषसँग सीमित रहन्छन् । यसबाट आत्मसम्मोहित भएर तिनै कर्मकाण्डहरुलाई दोहराउँदै कोही हिमालय जान चाहृयो भने उसलाई केही हात लाग्दैन । यो शरीरमा रहेर मेरो आत्मसत्ताले सबभन्दा प्रमुख शिक्षा के पायो भने साँचो अर्थमा उपासना गर्नु, जीवन साधना गर्नु र समष्टिको आराधना गर्नु नै मुख्य कुरा हो । यो नै त्यो बाटो हो जसले मानिसलाई नरमानवबाट देव मानव र ऋषि तथा देवदूत स्तरसम्म पु¥याउने रहेछ ।

जीवनधारणाको लागि, अन्न वस्त्र र आवासको आवश्यकता पर्दछ । साहित्य श्रृजनाको लागि कलम, मसि र कागज चाहिन्छ । खाद्य बाली पैदा गर्नको लागि बिउ र मलजलको आवश्यकता पर्दछ । यसरी यी तीनवटै तत्वहरु आ – आफ्ना ठाउँमा महत्वपूर्ण छन् । यी मध्ये कुनै एउटाको पनि उपेक्षा गर्न मिल्दैन । आत्मिक प्रगतिका लागि उपासना, साधना र आराधना यी तिनवटैमा समान समन्वयको आवश्यकता पर्दछ । यी मध्ये कुनै एउटैको मात्र सहारा लिएर लक्ष्यसम्म पुग्न सकिदैन । कुनै एउटालाई पनि छोड्न सकिदैन ।

उपासनाको सही स्वरुप

हाम्रो सबभन्दा ठूलो गल्ती के हुन्छ भने हामीले सब भन्दा गौण पक्षलाई, “पूजा पाठ” लाई उपासना मानी हाल्छौं र त्यसैलाई आदि अन्त भन्दछौं । पूजा भनेको हात र वस्तुद्वारा गरिने खुशामद र भगवानलाई दिइने साना तिना उपचार र उपहार हो भने पाठको अर्थ हुन्छ – प्रशंसापरक यस्तो गुणगान जसमा अत्युक्ति भरिएका हुन्छन् । सामान्यतया मानिसको सोंचमा देवता या ईश्वर बहुतै साना स्तरका हुन्छन् । तिनलाई प्रसाद नैवेद्य, नारिवल र अलैंची जस्ता वस्तुहरु कहिल्यै उपलब्ध हुँदैनन् र यी वस्तुहरु भेट्टाउनासाथ उनीहरु मक्ख पर्छन् । उनीहरु सामन्तहरु चाकरीबाज चारणहरुको प्रशस्ति सुनेर दंग परेझैं खुशी हुन्छन् र प्रशस्ति, गाउनेलाई तृप्त गरि दिन्छन् । यस्तो धारणा बनाउनेहरु देवताहरुको स्तर र महानताको सम्बन्धमा सर्वथा अनजान हुन्छन् र तिनलाई बालक झैं नासमझ ठानेर साना तिना खेलौना दिएर फकाउन फुलाउन सकिन्छ भन्ने भ्रममा हुन्छन् । आफ्नो मनोकामना चाहे उचित होस् या अनुचित होस्, त्यसलाई पूरा गर्नका लागि देवताहरुलाई लोभ लालच दिन सकिन्छ र न्याय वा अन्यायपूर्ण जस्तो सुकै काम पनि गराउन सकिन्छ भनेर सामान्य मानिस यसै भ्रमको शिकार भएको छ । तथाकथित भक्तहरु मध्ये केहीले सम्पत्ति र सफलता मागछन् र केही स्वर्ग, मुक्ति र सिद्धिको खोजीमा हुन्छन् । कैयौंलाई त भगवानको दर्शन पाउने भूत चढेको हुन्छ । माला फेर्ने र अगरबत्ती धूप चढाउनेहरु मध्ये अघिकांशतया यस्तै मानिसहरु हुन्छन् । सामान्य रुपमा उपासना भने पछि यही क्रिया काण्डमा सीमिति

हुनु हो । यस विडम्बना मध्ये जसले जति अंश पूरा गर्दछ उसले आफूलाई भक्तजन हो भन्ने स्वांग गर्दछ र यदि पूजापाठ पछि भगवानले उसको मनोकामना पूरा गर्दैन भने भगवानले हजारौं गाली र श्राप सुन्नु पर्दछ । कोही कोहीले त यो भन्दा पनि सस्तो तरिका खोज्छन् । तिनले त प्रतिमा अथवा सन्तको दर्शन झाँकी हेरेर मात्र यो मान्यता बनाउँछन् कि हामीले दर्शन झाँकी हेरेर उनीहरुमाथि उपकार गरेका हौं अब उनीहरुले जसरी भएपनि यसको बदलामा हाम्रो मनोरथ पूरा गर्नु पर्दछ ।

आज बुद्धिहीन स्तरका तमाम मूढ मान्यताहरु समाजमा प्रचलित छन् । मानिसले त्यसमा विश्वास गर्दछ र अपनाउँछ पनि । त्यस्तै एउटा मान्यता यो पनि छ कि आत्मिक क्षेत्रको उपलब्धीको लागि दर्शन – झाँकी अथवा पूजा पाठ जस्ता नुस्खा अपनाई लिना साथ काम त भइ हाल्नु पर्दछ । तर वास्तवमा यस्तो छैन । यदि यस्तो भएको भए मन्दिरको भीड र पूजा पाठको मण्डलीले उहिले नै आकाशका तारा झारेर माला बनाएर पहिरी सकेको हुनु पथ्र्यो ।

हामीले के बुझ्नु पर्दछ भने जुन वस्तु जति महत्वपूर्ण हुन्छ त्यसको मूल्य पनि त्यही अनुपातमा धेरै हुनु पर्दछ । प्रधानमन्त्रीको बराबरको सदस्य बन्नका लागि संसदको चुनाव जित्न आवश्यक हुन्छ । यस्तै उपासनाको अर्थ हो नजीक बस्नु । यो रेलगाडीका यात्री एक अर्का माथि गुत्थमगुत्था हुने जस्तो होइन, अपितु यो त दुइजना घनिष्ठ मित्र दुई शरीर एक प्राण भएर रहने जस्तो हो । सही समीपता यस्तै गम्भीर अर्थमा बुझ्नु पर्दछ । यसमा कसैले कसैप्रति समर्पण गर्नु पर्दछ भन्ने कुरा याद राख्नु पर्दछ । पहिलो उपाय यो हो कि भगवानले आफ्नो नियम, विधान, मर्यादा र अनुशासनलाई छोडेर कुनै भजनानन्दीका पछिपछि नाकमा डोरी हालेर घुमुन् र भजनानन्दीले जे जस्तो निर्देशन गर्छ त्यसको पूर्ति गरुन् र दोश्रो उपाय यो हो कि भक्तले भगवानको मर्जी अनुसार आफ्नो जीवन बनाउनको लागि आत्मसमर्पण गरोस् ।

मलाई मेरा मार्गदर्शकले जीवनचर्याको आत्मोत्कर्षको त्रिविध कार्यक्रममा नियोजित गर्नको लागि सर्व प्रथम उपासनाको तत्वदर्शन र स्वरुप बुझाउनु भएको थियो । वहाँले भन्नु भएको थियो –“भगवान तिम्रो मर्जी अनुसार नाच्दैन । तिमी नै भगवानको भक्त बन्नु र उसको संकेतमा हिँड्नु पर्नेछ । यस्तो गर्न सक्यो भने त्यस अनुरुप हुने लाभ प्राप्त गर्न सक्ने हो ।”

वहाँले उदाहरण दिएर भन्नु भयो –“भात पकाउने दाउराको हैसियत दुई पैसा बराबर हुन्छ तर जब त्यो अग्निसँग जोडिन्छ तब त्यसमा आगोका सबै गुणहरु प्रविष्ट हुन पुग्दछन् । आगो दाउरा बन्दैन, दाउराले नै आगो बन्नु पर्ने हुन्छ । सानो खोल्सो नदीमा मिसिएर नदी जस्तै पवित्र र महान बन्न पुग्दछ तर नदी खोल्सोमा फिर्ता भएर फोहरी खोला बन्न जाँदैन । पारसलाई छोएर फलाम सुन बन्दछ तर फलाम पारस बन्दैन । कुनै भक्तले भगवान मेरो इशारामा नाच्ने छ भनि सोच्नु र आशा गर्नु आत्म प्रवंचना मात्र हुन्छ । भक्तले नै भगवानको संकेतमा कठपुतली झैं नाच्नु पर्दछ । भक्तको इच्छा भगवानले पूरा गर्नका लागि भक्तले नै आत्मसमर्पण गर्नु पर्दछ । पानीको थोपाले नै समुद्रमा मिसिनु पर्दछ । समुद्र थोपा बन्दैन

। उपासनाको तत्वदर्शन यही हो । जो भगवानको नजीक बस्न चाहन्छ, उसले उसको निर्देशन र अनुशासन स्वीकार गर्नु पर्दछ र उसैको अनुयायी र सहयोगी बन्नु पर्दछ ।”

मैले यस्तै गर्नु परेको हो । मैले गायत्री माताको जप र सविता पिताको ध्यान गर्दै भगवानको उपासना गरेको हूँ । मैले श्रवण कुमार जस्तै वहाँहरुलाई तीर्थयात्रा गराउने आदर्शको परिपालन गर्ने भावना राखेको छु । तपाईंहरुसँग केही माग्ने छैन । तपाईंहरुको साँचो छोरा भनाउन सकूँ, यस्तो व्यक्तित्व बनाउने छु । तपाईंको निकृष्ट सन्तान बनेर बदनाम गराउने छैन ।

मैले ध्यानको सुविधाको लागि गायत्रीलाई माता र सवितालाई पिता मानें तर साथ साथ यो पनि अनुभव गरें कि वहाँहरु सर्वव्यापक र सूक्ष्म हुनुहुन्छ । यसै मान्यताका कारण मैले वहाँहरुलाई आफ्नो शरीरको रौं – रौं मा उतार्न सकेको छु र मेरो वहाँहरुको प्रत्येक तरंगमा घोलिन सम्भव हुन सकेको छ । यो भन्दा घटी भयो भने त मिलनको आनन्द नै आउँदैन । मैले वहाँहरुलाई व्यक्ति विशेष मानेको भए हामी दुवैका बीचमा अन्तर बनी नै रहन्थ्यो र यसरी आपसमा घोलिएर आत्मसात हुने अनुभूति हुनमा बाधा भै नै रहन्थ्यो ।

अभ्यासको लागि प्रारम्भिक चरणमा आफूलाई लहरो र भगवानलाई रुख मानेर रुखमा बेरिदै रुखको टुप्पोमा – त्यस उचाईमा पुग्ने कुरा त ठीक हो । यस्तै आफूलाई वंशी र भगवानलाई वंशीवादक मानेर वहाँबाट अनुशासित र अनुप्राणित गरिने ध्यान पनि सुविधाजनक लाग्दछ । बालकको हातमा पतंगको धागो र उसको संकेतले पतंग आकाशमा उड्ने भन्ने ध्यान पनि उत्साह बर्धक नै हुन्छ । मैले यी तीनवटै ध्यान समय समयमा गरेको छु र त्यसबाट उत्साहवर्धक अनुभूतिको एकाकार अनुभवमा भएको छ । बत्तीको पुतलीको दीपकमा आत्मसमर्पण गर्नु, पत्नीले पतिको हातमा आफ्नो शरीर, मन र धन वैभव सुम्पिनु भनेको भक्तलाई भगवानसँग जोड्ने इच्छा अनुभव हो । मैले उपासना कालमा यिनै काम गर्दै जप र ध्यानको प्रक्रिया पूरा गर्दै रहेको छु ।

मेरो उपासना कर्मकाण्ड प्रधान होइन, श्रद्धा प्रधान रहेको छ । निर्धारित जप संख्या पूरा गर्ने अनुशासनको कठोरतापूर्वक पालन गरेको छु । प्रातः एक बजे बिउँझी हाल्ने र निर्धारित संकल्प पूरा गर्नमा कहिले कदाचत आपत्तिकालमा कुनै भूल चूक भएको भए थाह छैन ।

मेरो निर्धारित कार्यक्रममा कुनै समयमा बाधा अवरोध आउँदा मैले त्यसको क्षतिपूर्ति भोलीपल्ट नै गर्ने गरेको हूँ । उपेक्षा कहिल्यै गरिएको छैन । यति कार्य व्यस्ततामा पनि यस अवधिमा निरन्तर भावनामा डुबुल्की लगाई रहने अभ्यास जारी राखेको छु र त्यसमा सफल पनि भएको छु । शुरुमा त समर्पण, एकता, एकात्मता र अद्ैवतको भावनाको अभ्यास कल्पनाको रुपमा गर्ने गरेका थिएँ । कालान्तरमा त्यही भावना नै मान्यताको रुपमा बलियो हुँदै गयो र अन्तमा अनुभूति नै बनी हाल्यो ।

गायत्री माताको सत्ता – कारण शरीरमा श्रद्धा, सूक्ष्म शरीरमा प्रज्ञा र स्थूल शरीरमा निष्ठा बनेर प्रकट हुन थाल्यौ । यो कल्पना मात्र त होइन । यसको लागि पटक – पटक आत्मपरीक्षण गर्ने गरेको छु । आदर्श जीवन र समष्टिका प्रति श्रद्धा बढीरहेको छ छैन र प्रलोभन र दबाव देखि इनकार गर्न सक्ने

स्थिति छ छैन भन्ने कुराको विचार गर्दै आएको छु । समय समयमा घटित विभिन्न घटनाहरुसँग आफूलाई जोडेर नियालेर हेर्दा र कसी लगाउँदा मेरा भावनाहरु परिपक्व हुँदै गएका रहेछन् भन्ने कुरा स्पष्ट हुँदै आएको छ । भावनाले आफ्नो स्वस्थ साधन श्रद्धालाई त्यसरी नै बनाएको देखियो जसरी ऋषि कल्प साधक बनाउने गर्दथे । गायत्री माताले स्त्री शक्तिको रुपमा मात्र दर्शन दिनु हुन्छ तर मेरो विचार संस्थान माथि त प्रज्ञा बनेर बस्नु भयो । यसको मैले हुन सकेसम्म विश्लेषण गरेको छु । अनेक प्रसंगहरुमा मैले समझदारी, जिम्मेदारी र बहादुरीको रुपमा प्रज्ञाको समन्वय आत्मचेतनाको गहिराई सम्म भयो भएन ? भन्ने कुराको परीक्षण गरेको छु । यदि मबाट कहीँ कुनै बेला पक्षपात गर्ने भूल भएको छैन भने भाव चेतनामा प्रज्ञाको रुपमा गायत्री माताको अवतरण भएको र उनको उपासना, ध्यान र धारणा फलदायक हुनलागेको अनुभव भैरहेको छ । मान्यताको गुण कर्म र स्वभावमा प।िवर्तन हुनु नै उपासनात्मक धारणाको पहिचान हो।

त्रिपदा गायत्रीको तेस्रो स्वरुप निष्ठा हो । निष्ठा अर्थात संकल्प, धैर्य, साहस, पराक्रम, तप र कष्ट सहनु हो । जसरी कुमालेको भाँडा पकाउने आगोको भठ्ठीबाट निस्केका भाँडालाई औंलाले ठोंक ठाक गरेर यो फुटेको त छैन भनेर हेरिन्छ त्यस्तै क्रिया र भावनाको दृष्टिले प्रलोभन र भयको प्रसंगमा दृढता धरमराएको त छैन भनेर जाँच गर्दै आएको छु । यसमा प्रगति रोकिएको छैन र प्रत्येक पाइला क्रमशः अगाडी सर्दै गएको छ भन्ने कुरा देखा परेको छ ।

सविताको तेजसलाई ब्रह्मवर्चस भनिन्छ । त्यसैलाई ओजस, तेजस, मनस र वर्चस भनिन्छ । यसको प्रत्यक्ष परिचय पवित्रता, प्रखरता र प्रतिभाको रुपमा देखा पर्दछ । सविताको आलोकको स्थूल, सूक्ष्म र कारण शरीरमा प्रवेश हुने विधिले पहिले नै यस्तो अनुभव गराउन थाल्यो कि शरीरमा बल, मस्तिष्कमा ज्ञान र हृदयमा भाव – साहस भरि रहेको छ । कालान्तरमा त मेरो सम्पूर्ण सत्ता नै अग्नि पिण्ड – ज्योति पिण्ड जस्तो बन्न पुगेको अनुभव हुन थाल्यो । नसा – नसामा, कणकणमा अमृत व्याप्त भैरहेको र सोमरस पिए बराबरको तृप्ति, तुष्टि र शान्तिको आनन्द प्राप्त भैरहेको अनुभव हुन थाल्यो ।

संक्षेपमा भन्नु पर्दा, मेरो दैनिक चार घण्टा नियमित उपासनाको उपक्रम यही हो । यो समय यति राम्ररी बित्थ्यो कि आधा घण्टामा नै समय बिते जस्तो लाग्थ्यो । मलाई कहिले पनि पट्यार लागेन । न थकान लाग्यो न त हाई नै आयो । प्रत्येक क्षण मेरा नसा नसामा आनन्दको संचार हुँदै रह्यो र ब्रह्म सान्निध्यको अनुभव पनि भैरह्यो । यो सहज, सरल र स्वाभाविक प्रक्रिया चल्दै गयो । न कहिल्यै गणना गरियो र न कहिले गर्व नै भयो र न त परिणामको अपेक्षा नै मनमा आयो । जसरी दैनिक दिनचर्याका कामहरु सरल र सहज हुन्छन्, त्यस्तै भगवानको नजिक बस्ने काम पनि यस्तो काम हो जसलाई नगरेर मैले एक दिन बिताउन पनि सम्भव हुँदैन । उपासनाका लागि निर्धारित समय नशा पिउन ताडी पसल (मदिरा पसल)मा जाने जस्तै हो । मैले जे जति पिउन पाएको छु त्यसको नशाको अवशेष चौबीसै घण्टा भैरहेको हुन्छ । आफूलाई भगवानमा र भगवानलाई आफूमा अनुभव गर्दै क्षणहरु बित्दै गएका छन् ।

यस्तो मनस्थितिमा उकाला ओराला परिस्थितिहरु पनि सरल र स्वभाविक लाग्दछन् । न हर्ष हुन्छ न त शोक हुन्छ । चौतर्फी आनन्दको सागर लहराईरहेको देखिन्छ । जता हेर्छु भगवान नै देखा पर्दछन् । अगाडी, पछाडी, जता हिँडे पनि उनी साथै हिँडी रहेका हुन्छन् । बडीगार्ड जस्तै, पाइलट जस्तै, उनको उपस्थिति प्रत्येक क्षण परिलक्षित भैरहन्छ । समुद्र त थोपा बन्न सक्दैन तर थोपा समुद्र बन्न सक्छ भन्ने अनुभूतिमा अब कुनै सन्देह रहेन । उनको उपस्थितिमा न निश्चितताको अभाव छ न निर्भयताको

आत्मालाई परमात्मासँग मिलाउन सक्ने जुन श्रद्धालाई मैले यो लामो जीवन अवधि भर सुरक्षित गर्दै रहें, त्यसले अब साक्षत माता भगवती जस्तै आफ्नो उपस्थिति र अनुभूतिको परिचय दिइ रहन्छ ।

## जीवन साधनाः जो कहिल्यै व्यर्थ हुँदैन

मानिस बालक जस्तै सीमित छ । उसलाई असीम क्षमता त उसको सुसम्पन्न श्रृजेता भगवानसँग उपलब्ध हुन्छ तर यो सशर्त हुन्छ । साना बच्चाहरुले वस्तुको वास्तविक उपयोग गर्न जान्दैनन् र न त त्यसलाई हिफाजतसाथ राख्न नै जानेका हुन्छन् यसकारण उनीहरुलाई माया गरेर तल्लो स्तरका चीज वस्तु दिइन्छ । ब्यालुन, झुनझुना, सीटी जस्ता खेलौना र लेमनचूस स्तरका विनोदी वस्तुहरु बच्चाले मन पराउँछन्, मागछन् र पाउँछन् पनि । जब बच्चा ठूलो हुन्छ प्रौढ हुन्छ तब उसलाई घरको जिम्मेदारी बोध हुन्छ र घरलाई सम्हाली रहेको हुन्छ । परिणाम स्वरुप माग्दै नमागेर पनि उत्तराधिकारको हस्तान्तरण भैरहन्छ । यसका लागि प्रार्थना र याचना गरि रहनु पर्दैन । न दाँत देखाउनु पर्दछ र न टाउको कन्याउनु पर्दछ न नाक रगडनु पर्दछ । हामीलाई मागनमा जति उत्साह हुन्छ, भगवानलाई र महामानवलाई दिनमा हजार गुना बढी उत्साह हुन्छ । तर एउटा समस्या के मात्र हुन्छ भने हामीमा प्राप्त हुने वस्तुको सदुपयोगको पात्रता विकसित भएको छ छैन ?

यस सन्दर्भमा भगवानसँग भविष्यमा राम्रो काम गर्छु भनेर झुठ्ठा वचनबद्धता गरेर काम बन्दैन । अहिलेसम्म आफूलाई जे जो प्राप्त भएको छ त्यसको सदुपयोग गरेको छु भन्ने कुराको प्रमाण दिनु पर्ने हुन्छ । यसैबाट “हिष्ट्रीसीट”  तयार हुन्छ र प्रमोशन हुनलाई पहिलेको काम कुरा नै प्रमाण लाग्दछ । मलाई पहिलेका कैयौं जन्ममा आफ्नो पात्रता र प्रमाणिकता सिद्ध गर्नु परेको छ । जब मेरो प्रमाणिकता सही सिद्ध भयो तब अनुग्रहको क्रम आफै चल्न थाल्यो ।

सुग्रीव, विभीषण, सुदामा र अर्जुनहरुले जे पाए र जे जे गरेर देखाए, त्यो तिनको पराक्रममात्रको फल थिएन । त्यसमा ईश्वरको सत्ता र महत्ताले काम गर्ने गरेको थियो । नहरसँग जोडिएका पानीका नालीहरु यस कारण खेतमा पानी दिई राख्नमा सक्षम हुन्छन् कि ती नहरहरु ठूल ठूला नदीसँग जोडिएका हुन्छन् । यदि यो सूत्रमा अलिकति पनि कमी कमजोरी आयो भने अवरोध खडा हुन्छ र पानी वितरणको

क्रम टुट्छ । मानिसले भगवानसँग आफ्नो सुदृढ सम्बन्ध सुनिश्चित आधारमा नै बनाई रहन सक्दछ । त्यसमा चापलूसी जस्तो कुनै कुरा हुँदैन । भगवानको कसैसँग निजी मित्रता र शत्रुता छैन । उनी नियममा बाँधिएका छन् र समदर्शी छन् ।

मेरो व्यक्तिगत क्षमता सर्वथा नगण्य नै छ । प्रायः सर्वसाधारण जस्तै त हो । यदि कुनै कुरा बढी देखिएको छ अथवा बन्न पुगेको छ भने त्यसलाई विशुद्ध रुपमा दैवी अनुग्रह नै मान्नु पर्दछ । यी कुराहरु सोझै मलाई प्राप्त भएका होइनन् कि मार्गदर्शकको माध्यमबाट प्राप्त भइरहेका छन् । तर यसबाट कुनै फरक पर्दैन । धन त बैंककै हुन्छ नि । चाहे त्यो नगद अथवा चेक, ड्राफ्ट आदि जुनसुकै रुपमा जुनसुकै माध्यमबाट पाइएको होस् ।

यो दैवी उपलब्धि कसरी सम्भव भयो भन्ने प्रश्नको एउटै उत्तर छ – पात्रताको सम्बद्र्धन । यसैको नाम जीवन साधना हो । उपासनाका साथ यसको अनन्य र घनिष्ट सम्बन्ध छ । बिजुली धातुमा दौडन्छ, काठमा होइन । आगोले सुकेकोलाई जलाउँछ, चिसोलाई होइन । आमाले बच्चालाई काखमा तब उठाउँछिन जब ऊ सफा सुग्घर हुन्छ । बच्चा यदि मलमूत्रमा लतपतिएको छ भने आमाले पहिले त्यसलाई धोएर पुछपाछ पारेर अनि मात्र काखमा लिन्छिन् र त्यसपछि मात्र दूध खुवाउने काम हुन्छ । भगवानको नजीक पुग्नलाई शुद्ध चरित्र आवश्यक हुन्छ । कैयौं व्यक्ति त यस्ता भए जसको पहिलेको जीवन फोहर  थियो तर भक्तिको साधना अपनाउने दिन देखि नै आफ्नो कायाकल्प गरे । बाल्मीकि, अंगुलिमाल, विल्वमंगल र अजामिल आदि पहिले जस्ता रहे भए पनि जुन दिनदेखि भगवानको शरणमा गए, त्यस दिन देखि सही अर्थमा सन्त बने । हामी त "राम – नाम जप्नु, बिरानो माल आफ्नो"  भन्ने नीति अपनाउँछौं । कुकर्म गरिरहन्छौं र साथसाथ भजन पूजनको सहारा लिएर दण्डबाट बचाउ हुन्छ भन्ने सोच बनाई रहन्छौं । यो कस्तो विडम्बना हो ?

कपडा रंगनु भन्दा पहिले धुनु पर्दछ । बिउ छर्नु भन्दा पहिले जग्गा जोत्नु पर्दछ । भगवानको अनुग्रह पाउनको लागि शुद्ध जीवनको आवश्यकता पर्दछ । साधक नै वास्तवमा उपासक हुन सक्दछ । जसले जीवन साधना गर्न सकेको छैन, त्यसको चिन्तन, चरित्र आहार विहार र मस्तिष्क अवान्छनीय कुराहरुबाट भरिभराउ रहन्छ । फलस्वरुप मन नै लाग्दैन । जसको मनलाई लिप्सा र तृष्णाले हरसमय पिरोली रहन्छ, त्यसबाट न एकाग्रता सम्भव हुन्छ र न त चित्तमा तन्मयता नै आउँछ । कर्मकाण्डको चिन्ह पूजाबाट कुनै समाधान निस्कदैन । भजनको भावना सँग सोझो सम्बन्ध छ । जहाँ भावना हुन्छ त्यहाँ मानिसले आफ्नो गुण, कर्म र स्वभावमा सात्विकताको समावेश अवश्य गर्दछ ।

जब कोही सम्भ्रान्त पाहुना घरमा आउँछ अथवा कुनै उत्सव हुन्छ, तब घरको सफाई गरिन्छ, लीपपोत गरेर सुग्घर पारिन्छ । यस्तै जुन हृदयमा भगवानलाई  बसाल्नु छ, त्यो हृदयलाई फोहर मैला देखि स्वच्छ गर्नु पर्दछ । यसको लागि आत्मनिरीक्षण, आत्मसुधार, आत्मनिर्माण र आत्मविकासलाई चारै दिशा र धारामा बढाउनु पर्दछ । मलाई यी तथ्यहरुको बारेमा राम्ररी बुझाइएको थियो र मैले सफा मनले यसलाई हृदयंगम पनि गरें । मैले सोचें कि जीवन गर्हित किन बन्छ ? र निष्कर्ष पनि आफै निकालें

। त्यो के भने यी सबैको उद्गम केन्द्र तीन वटा रहेछन्, लोभ, मोह र अहँकार । जुन मानिसमा यिनीहरुको मात्रा जति धैरै हुन्छ त्यो व्यक्ति त्यति नै दुर्गतिमा फँस्दै जान्छ ।

प्रवृत्ति जस्तो हुन्छ, त्यस्तै क्रियाकलाप गर्दै गइन्छ । शरीर मनबाट सञ्चालित भैरहेको हुन्छ । मनमा जस्तो किसिमको उमंग उठ्छ, शरीरले त्यस्तै किसिमको गतिविधि अपनाउन थाल्दछ । यसकारण अवान्छनीय काम र दुष्कृत्य कालागि शरीरलाई होइन मनलाई उत्तरदायी ठहराउनु पर्दछ । यसै तथ्यलाई ध्यानमा राख्दै विष वृक्षको जरा नै काट्नु पर्ने उपयुक्त हुन्छ र आधारभूत क्षेत्र मन देखि नै जीवन साधनाको शुरुवात गर्नु पर्दछ ।

अपराध प्रायः आर्थिक प्रलोभन या आवश्यकताहरुको परिणाम स्वरुप हुने गरेको देखिन्छ । यस कारण त्यसको जरो काटनको लागि औसत भारतीय उपमहादीपीय स्तरको जीवनयापन अपनाउने व्रत लिएको हूँ । आफ्नो निजी कमाई जति भए पनि, ईमानदारी र परिश्रमबाट नै कमाइएको भए पनि त्यसलाई आफू र परिवारमाथि खर्च गर्दा स्थानीय हिसाबबाट नै खर्च गर्नु पर्दछ जसबाट कि आम नागरिकको औसत हैसियत अनुसार गुजारा चलाउन सम्भव होस । "सादा जीवन उच्च विचारको यो व्यवहारिक निर्धारण हो । सिद्धान्ततः कैयौंले यो कुरा मन पराउँछन् र यसको समर्थन पनि गर्दछन् तर जब उनीहरुको आफ्नो निजी जीवनमा यो सिद्धान्तको प्रयोगको कुरा आउँछ तब तिनले यसलाई असम्भव भन्न थाल्दछन् । यो सिद्धान्तको प्रयोग व्रतशील भएर गर्न सकिन्छ । साथै परिवारका सदस्यहरुलाई यस कुराको लागि सिद्धान्त र व्यवहारतः तयार गर्नु पर्दछ । यस सम्बन्धमा "लोक प्रचलन" ले सब भन्दा ठूलो बाधा खडा गर्दछ । जब समाजमा सबैजना ईमानदारी वा बेइमानीको कमाईले मौजमस्ती गर्दछन् भने हामीले मात्र आफूमाथि यस्तो नियन्त्रण किन गर्ने ? यस प्रश्नमा आफन्तेहरु र तिनका पक्षधरहरुलाई सहमत गर्न बहुत कठिन हुन्छ । तैपनि यदि तर्क, तथ्य र परिणामका उदाहरणहरु दिएर हामी आफ्नो कुरा राम्ररी प्रस्तुत गर्न सक्यौ र आफ्नो मन दृढ छ भने हाम्रा नजीकका मानिसहरु हाम्रो काम कुराबाट कत्ति पनि प्रभावित हुँदैनन् ? यस्तो त हुनै सक्दैन । आर्थिक अन्यायको जरा काट्नु छ भने यसै स्तरको लोक शिक्षण र प्रचलनबाट मात्र त्यस्तो कार्य सम्भव हुन सक्दछ । म यसै विश्वासका साथ आफ्नो कुरामा दृढ रहें । घियामण्डी मथुरामा मेरो पाँच जनाको परिवार थियो । तब त्यसको औसत खर्च प्रति महिना दुइ सय रुपैया बनाई राखें र त्यसपछि सन् १९७१ मा हरिद्वार गएका हौं । हाम्रो परिवारले मिलजुल गरेर मितव्ययतापूर्वक काम गरेको र अरुहरु भन्दा भिन्नै आफ्नो छुट्टै जीवन स्तर बनाएको हुनाले यो काम सजिलो भयो । यद्धपि मसँग जीवन निर्वाहका साधन अलि बढी नै थियो र पैतृक सम्पत्तिबाट पैसा आई रहेको थियो तर त्यो धनलाई आफूहरु माथि मात्र खर्च नगरेर अन्य सम्बन्धी र आफन्तेहरुका सन्ततिलाई बोलाएर पढाउने नयाँ दायित्व बहन गर्न थाल्यौं । दुर्गुण र दुर्व्यसन जन्मने गरी पैसा बच्दै बचेन र जीवन साधनाको एक महत्वपूर्ण पक्ष सरलतापूर्वक पूरा हुँदै गयो ।

हामीलाई परिवार सुखसैल र सुसज्जित पार्ने, सुसम्पन्न बनाउने र उत्तराधिकारमा सम्पत्ति छोडेर मर्ने लोभ हुन्छ । हामी स्वयं विलासी जीवन जिउँछौं र बच्चाहरुमा पनि त्यस्तै बानी विकसित गर्दछौं ।

फलस्वरुप धनको दुरुपयोगको क्रम शुरु भै हाल्छ र अनीतिको धनोपार्जनको लागि दुराचार गर्न सोच बनाइन्छ र त्यस्तै प्रयाश गरिन्छ । मैले अरुहरुको पतन र अनुभवको लाभ उठाएँ र त्यस्तो चिन्तन र प्रचलनलाई घरमा प्रवेश नै हुन दिइन । यसकारण धनको दुरुपयोग भएन, दुर्गुण बढ्न पाएनन्, खराब प्रचलन चल्न पाएन र एउटा सुसंस्कारी परिवार विकसित हुँदै गयो ।

तेस्रो पक्ष अहँकार हो । मपाईं हुने, बडप्पन ठाठबाट, सजीसजाउ र फेशनमा मानिसले तमाम समय र धन खर्च गर्दछ । मैले निजी जीवन र परिवारमा नम्रता र सादापनको यस्तो ब्राह्मणोचित वातावरण बनाई राखें कि अहँकार प्रदर्शनले कुनै ठाउँनै पाएन । हातबाट घरेलु काम गर्ने बानी बसालियो । माताजीले वर्षां देखि हाते जाँतो चलाएर पीठो पिस्नु भएको छ । घरको र अतिथिको भोजन वहांले नै पकाइ रहनु भएको छ । बाहिरी कामको असाधारण विस्तार भएपछि र माताजी अन्यत्र व्यस्त भएपछि मात्र घरेलु कामदारको खाँचो परेको हो ।

हामीले के अनुभव गर्‍यौं भने ठाटबाट सँग रहने मानिसलाई ठूलो मानिस र गरीबीमा गुजारा गर्नेलाई उद्धिग्न, अभागी अवहेलित र पछिपरेको मानिस भन्न ठान्ने कुरा गलत रहेछ । मेरो सम्बन्धमा यो कुरा त कहिले लागू भएन । आलस्य र अयोग्यतावश गरीबी पालिएको भए निश्चय पनि त्यस्तो हुन्थ्यो । तर स्तर वृद्धि गर्ने योग्यता हुँदा हुँदै पनि सादा जीवनको प्रत्येक पक्ष स्वेच्छापूर्वक अपनाइएकोले सिद्धान्तहरुको परिपालन गरिएको नै देखिन्छ । म कहाँ जति अतिथि आए र जति मित्र र सम्बन्धी हरुलाई मेरो रहनसहनको बारेमा जानकारी भयो ती मध्ये कसैले पनि यसलाई दरिद्रता भनेनन् । बरु ब्राह्मण परम्पराको निर्वाह गरेको भन्ने ठान्यो । हामी मध्ये कतिपयले खुर्सानी नखाने, खराऊ मात्र लगाउने भन्ने जस्ता दुइ चार वटा नियम अपनाएर सादा जीवन जिएको भन्ने सात्विकताको विज्ञापन गर्दछन् वस्तुतः अध्यात्मिकताको निर्वाह सर्वतोमुखी संयम र अनुशासनबाट हुन्छ । त्यसमा समग्र जीवनचर्यालाई ब्राह्मण जस्तो बनाउन र अभ्यासमा उतार्नको लागि सहमत हुनु पर्दछ । यो लामो समयको क्रमिक साधना हो । मैले यसका लागि आफूलाई साधेको छु र म सँग जोडिएकाहरुलाई यथासंभव सधाएको छु ।

संचित कुसंस्कारको प्रवाह प्रत्येक व्यक्तिमाथि चढ्दछ । काम, क्रोध, लोभ, मद, मत्सरले आफ्नो उपस्थिति दिँदै रहे तर ती देखा पर्नासाथ तिनलाई दबाएँ । तिनीहरुसँग असावधान रहेको भए तिनी मेरो जीवनमा उम्रने थिए र पछि कब्जा जमाउन सफल हुने थिए । जब जब त्यस्तो अवसर आयो, तिनलाई लखेटियो । गुण, कर्म र स्वभाव तिनवटैमा साधक अनुसार सात्विकता को समावेश छ छैन भन्ने कुराको पूरा ध्यान राखियो । सन्तोषको कुरा यो छ कि यो आन्तरिक महाभारतको लडाई जीवन भरी लड्दै रहेकोले अब हिँड्ने बेलाको अन्तिम अवस्थामा आफूलाई विजयी घोषित गर्न सकेको छु ।

जन्मले सबै अदक्षनै हुन्छन् । जन्म जन्मान्तरका कुसंस्कार सबैमाथि धैरै थोरै मात्रामा चढेका हुन्छन् । तिनी अनायासै भागदैनन्, हट्दैनन् । गुरु कृपा र पूजा पाठबाट पनि त्यो प्रयोजन सिद्ध हुँदैन । त्यसको समाधानको एक मात्र उपाय हो –लड्नु संघर्ष गर्नु । मनमा कुविचारहरु उठ्ना साथ तिनीसँग

लड्नको लागि पहिले देखि नै प्रशिक्षित र कटिबद्ध राखिएको प्रतिपक्षी सद्विचारको सेनालाई विरोधीहरुसँग लड्नका लागि फुकाई दिनुपर्दछ । कुविचारलाई जड जमाउने अवसर मिलेन भने यी कुसंस्कार धेरै बेरसम्म अडन सक्दैनन् । यिनको सामथ्र्य बहुतै कम हुन्छ । यी बानी व्यहोरा र प्रचलनमा निर्भर हुन्छन् । जबकि सद्विचारको पछाडी तर्क, तथ्य, प्राण र विवेकको बलियो समर्थन रहन्छ । यसकारण शास्त्रकारहरmको "सत्यको विजय हुन्छ, असत्य कहिल्यै जित्दैन" भन्ने भनाई सर्वथा सत्य ठहरन्छ । जब सर्कसका भालु र बानरलाई आश्चर्यजनक कौतुक र कौतूहल देखाउनका लागि प्रशिक्षित गर्न सकिन्छ भने अदक्ष मन र जीवनक्रमलाई संकल्पवान साधनको कोर्रा लगाएर सुसंस्कारी बनाउन नसकिने कुनै कारण छैन ।

## निरन्तर अपनाइएको आराधना

गंगा यमुना र सरस्वतीको मिलन भएपछि संगम बन्छ र त्यसमा स्नान गर्नेको कायाकल्प हुन्छ भन्ने कुरा बताइएको छ । आकृति परिवर्तन भएर बकुल्ला हंस हुने र काग कोइली हुने कुरा सम्भव हुँदैन तर यस आधारमा निर्मित भएको अध्यात्म धाराको परिपालन गर्नाले मानिसको अन्तरंग र बहिरंग जीवन असाधारण रुपले फेरिन्छ । यो कुरा निश्चित छ । यस्तो त्रिवेणी, उपासना, साधना र आराधनाको समन्वयबाट बन्दछ । यी तीनवटै कुनै क्रियाकाण्ड होइनन् जसलाई यति समय, यो विधिबाट यस प्रकार बसेर सम्पन्न गर्नु पर्दछ भन्ने कुरा निश्चित गर्न सकियोस । यो त चिन्तन चरित्र र व्यवहारमा हुने उच्चस्तरीय परिवर्तन हो । जसको लागि आफ्नो शारीरिक र मानसिक गतिविधि माथि निरन्तर ध्यान दिनु पर्दछ । कुसंस्कारको संशोधनमा प्रखरताको उपयोग गर्नु पर्दछ र नयाँ विचारधारामा आफ्नो गुण, कर्म र स्वभावलाई यसप्रकार अभ्यस्त गर्नु पर्दछ जसरी अनभ्यस्त पशुपंक्षीहरुलाई सरकसमा खेल देखाउनको लागि प्रशिक्षित गरिन्छ । पूजा केही समयको लागि हुन सक्दछ तर साधना त काखको बच्चालाई हुर्काउन हर समय सावधान रहनु पर्ने अवस्था जस्तो हो । साधना नै फलवती हुने हो । जसले पूजालाई चटक मान्दछ र येन तेन विभिन्न प्रकारका कर्मकाण्ड मात्र गरेर त्यसको सट्टा रिद्धि - सिद्धि पाउने दिवास्वप्न देख्दछ, त्यस्ले ठूलो गलती गरिरहेको हुन्छ ।

मेरा मार्गदर्शकले त प्रथम दिन नै मलाई त्रिपदा गायत्रीको व्यवहार र स्वरुप – उपासना, साधना र आराधना को रुपमा राम्ररी बताउनु भएको थियो । नियमित जप र ध्यान गर्ने भन्ने कुराको वाचा लिनुका साथै चिन्तनमा उपासना, चरित्रमा साधना र व्यवहारमा आराधनाको समावेश गर्नमा पूरा सतर्कता र तत्परता देखाउनु भन्ने कुराको निर्देशन पनि दिनु भएको थियो । त्यो निर्देशनको अद्यावधि यथासम्भव ठीक तरिकाबाट पालन भएको छ । त्यसै कारणले अध्यात्म अवलम्बनको प्रतिफल यस रुपमा प्राप्त भएको छ कि कसैले यसको सरल उपहास गर्न सक्दैन ।

आराधनाको अर्थ हो लोक मंगलमा लागि पर्नु । जीवन साधना प्रकारान्तरले संयम साधना हो । यसबाट न्यूनतममा काम चलाएर अधिकतम बचत गर्न सकिन्छ । समय, श्रम, धन र मन शरीर तथा परिवारको लागि यति मात्रामा खर्च गर्नु पर्दछ, जसको अभावमा काम चल्न सक्दैन । काम नचल्ने भन्ने कुराको कसी हो "औसत देशवासीहरुको स्तर" । यो कसौटीमा कसदा कुनै पनि श्रमशील र शिक्षित व्यक्तिले जति उपार्जन गर्न सक्दछ त्यसबाट आफ्नो आवश्यकता पूरा गरेर केही बचत समेत गर्न सक्दछ ।यसैको सदुपयोगलाई आराधना भनिन्छ । सामान्यतया मानिसले आफ्नो बचत धनलाई विलास र अपव्यय अथवा कुटम्ुवीहरुमा छरी दिन्छ । तिनलाई यो संसारमा अरु पनि आफन्तेहरु छन् र अरुहरुका पनि केही आवश्यकता छन् भन्ने कुरा देखा पर्दैन । यदि मानिसको हेराईमा यति विशालता आएको भए आफ्नो बचत धनलाई यस्तो काममा खर्च गरिएको हुन्थ्यो जसबाट अनेकौंको वास्तविक हित साधन हुन्थ्यो र समयको माँग पूरा हुनमा सहयोग प्राप्त हुन्थ्यो ।

ईश्वरको एउटा साकार रुप पनि हुन्छ ,जो ध्यान धारणाको लागि आफ्नो मान्यता अनुसार रचना गरिन्छ । यो मानिससँग मिल्दो जुल्दो आकृति – प्रकृतिको हुन्छ । यो रचना त्यो प्रयोजनको लागि त उपयोगी हुन्छ तर यो स्वरुप वास्तविक होइन काल्पनिक हो भन्ने कुरा बुझ्नु पर्दछ । ईश्वर एक छन्, उनको यति धैरै आकृति हुनै सक्दैन जति विभिन्न सम्प्रदायहरुमा रचिएका छन् । भगवानको यो साकार रुपको उपयोग मनको एकाग्रताको अभ्यास गर्नसम्म सीमिति राख्नु पर्दछ । प्रतिमा पूजनको पछाडी आद्योपान्त यति मात्र प्रतिपादन हो कि दृश्य प्रतीकको माध्यमबाट अदृश्य दर्शन र प्रतिपादनलाई बुझ्न र हृदयंगम गर्ने प्रयत्न गरियोस् ।

सर्वव्यापी ईश्वर निराकार हुन सक्दछ । उनलाई परमात्मा भनिएको छ । परमात्मा भनेको आत्माहरुको परम समुच्चय । यसलाई आदर्शहरुको एकाकार भन्नमा अत्युक्ति हुँदैन । यही विराट ब्रह्म या विराट विश्व हो । कृष्णले अर्जुन र यशोदालाई आफ्नो यसै रुपको दर्शन गराएका थिए । रामले कौशल्या र काग भुशुण्डीलाई यसै रुपको झाँकी, झझल्को देखाएका थिए र प्राणीहरुलाई त्यसको दृश्य स्वरुपको दर्शन गराएका थिए । यसै मान्यताको आधारमा यो लोक सेवा नै विराट ब्रह्मको आराधना बन्न पुग्दछ । विश्व – बगैंचालाई सुखी र समुन्नत बनाउनको लागि नै परमात्माले बहुमूल्य जीवन दिएर हामीलाई आफ्नो युवराज झैं यहाँ पठाएका छन् । यसको पूर्तिमा नै जीवनको सार्थकता छ । यसै बाटोको अझ बढी

श्रद्धापूर्वक अवलम्बन गर्नाले अध्यात्म उत्कर्षको त्यो प्रयोजन फलदायी हुन्छ, जसलाई हामीले आराधना मान्दछौं ।

मैले सबै काम त गर्दै आएको छु । सामान्य दिनचर्यामा राती सुत्ने देखि लिएर नित्य कर्म र दैनिक उपासना पनि त यिनै बारह घण्टामा राम्ररी सम्पन्न हुने गरेकै छ । यी तीनवटा कर्मका लागि बारह घण्टा त पर्याप्त नै छन् । यसै अवधिमा बिहान चार घण्टाको भजन र शेष आठ घण्टामा नित्य कर्म र शयन । यसमा शयनमा कटौती गर्नु परेन । आलस्य र प्रमाद गर्ने हो भने त पूरै समय जथाभावी खर्च भै हाल्छ तर एक एक मिनट माथि घोडा चढे झैं सवार रहने हो भने त यस्तो लाग्छ कि जागरुक व्यक्तिहरुले यसै समयमा तत्परता देखाएर ती महत्वपूर्ण कार्यहरु गर्न सक्दछन् जसको लागि साथीहरुले आश्चर्य मान्ने गर्दछन् ।

यो त रातीको प्रसंग भयो । अब दिनको कुरा गरौं । यसलाई पनि सामान्यतया बारह घण्टाको मान्न सकिन्छ । यस मध्ये भोजन र विश्रामको लागि दुइ घण्टा घटाई दिने हो भने विशुद्ध दस घण्टा बाँकी रहन्छ । मैले यो समयको उपयोग परमार्थ प्रयोजन र लोक मंगल आराधनामा नियमित रुपले गर्दै आएको छु । संक्षेपमा यसलाई यसरी भन्न सकिन्छ ः (१) जनमानसको परिष्कारको लागि युग चेतना अनुरुप विचारणाको निर्धारण अर्थात साहित्य श्रृजन (२) संगठन – प्राणवान जागृत आत्माहरुलाई युग धर्म अनुसार गतिविधि अपनाउनको लागि उत्तेजनात्मक मार्गदर्शन । (३) व्यक्तिगत कठिनाईबाट उम्कने र सुखी भविष्य निर्माणको लागि परामर्श र योगदान दिने । मेरो सेवा साधना यी तीनवटा विभागहरुमा बाँडिएको छ । यसमध्ये दोश्रो र तेश्रो धाराको लागि असंख्य व्यक्तिहरुसँग सम्पर्क गर्नु परीरहेको छ । यस मध्ये अधिकांशलाई प्रकाश र परिवर्तनको अवसर प्राप्त भएको छ । तिनीहरुको नाम लेख्नु र घटनाको विवरण दिनु सम्भव छैन । किनकि जसको सहायता गरिन्छ त्यसको नाम ठेगाना सम्झि राख्नु मेरो बानी छैन, अर्को कुरा तिनीहरुको संख्या यति धेरै छ र घटना यति छन् कि त्यसको वर्णनबाट एउटा महापुराण लेख्न सकिन्छ । यसको अतिरिक्त तिनलाई आपत्ति पनि त हुन सक्दछ । आज कृतज्ञता व्यक्त गर्ने प्रचलन सकिसकेको छ । अर्कालाई दिइएको सहायता र सहयोगलाई मैले लेखनमा कम महत्व दिएको छु । आफ्नो भाग्य र पुरुषार्थको वर्णन गर्नु नै उचित छ । अर्कालाई सहयोग गरेको कुरा लेख्दा घमण्ड आउन सक्छ । यस अवस्थामा मैले स्वयं नै ती घटनाहरुको उल्लेख गर्नु जसमा पीडितहरुको दुःख कष्ट घटाउन सकेको छु अथवा प्रगतिको अवसर निर्मित गर्न सकेको छु, उचित हुँदैन । अझ अर्को महत्वपूर्ण कुरा यो छ कि परमार्थका कुराको वर्णन गर्ने हो भने पुण्य घट्छ । यति बाधा व्यवधान भएको हुनाले त्यस्ता घटनाको सम्बन्धमा मौन धारण गर्नु नै उपयुक्त ठानेको छु र केही नभनेर प्रसंग समाप्त गर्दैछु ।

यति हुँदा हुँदै पनि ती सेवा त महत्वपूर्ण नै छन् । अहिलेसम्म प्रज्ञा परिवारसँग झण्डै चौबीस लाख भन्दा बढी मानिस सम्बन्धित छन् । ती मध्ये सिद्धान्त र आदर्श देखि प्रभावित भएर यता पट्टी आकर्षित हुनेहरुको संख्या कम छ । तर व्यक्तिगत जीवनमा प्रकाश, प्रेम, सहयोग, परामर्श एवं अनुदान प्राप्त गर्नेहरुको संख्या बढी छ । यस्ता प्रसंगले मानिसको अन्तस्करणमा स्थान बनाएको हुन्छ ।

विशेषतया तब, जब सहयोग गर्ने व्यक्ति आफ्नो प्रमाणिकता र निस्वार्थताको दृष्टिले प्रत्येक कसीमा खरो – चोखो ठहरन्छ । सम्पर्क क्षेत्रमा केही मात्र यस्ता होलान् जसलाई मिशनको आदर्श र मेरो प्रतिपादनको गम्भीरतापूर्वक बोध होस् । बाँकी त आफ्नो दुःख पीडाको अवस्थामा दगुरेका छन् र डढेलो लागे जस्तो परिस्थितिमा शान्तिदायक अनुभूति लिएर फर्की रहेका छन् । यही कारण हो जसले गर्दा यति ठूलो क्षेत्र बन्न पुगेको हो । अन्यथा, मात्र सिद्धान्तको लागि सब थोक भइरहेको भए आर्यसमाज र सर्वाेदय जस्तै यसका पनि सीमित सदस्य हुन्थे र व्यक्तिगत आत्मीयता र घनिष्टताको जुन वातावरण देखिन्छ, त्यो देखिने थिएन । आगंतुकहरुको संख्या यति धेरै हुनु र समय – कुसमय, जुनबेला पनि आगंतुकको आगमन भैरहनाले बास र भोजन दिने जस्ता व्यवस्थाको अभावले गर्दा यो दबावको सर्वाधिक भार माताजीले सहनु परि रहेको छ तर त्यस असुविधाको सट्टा जति धेरै जनाको जति धेरै मात्रामा आत्मीयता आर्जित गरेका छौं, त्यसलाई देखेर हामीहरु धन्य भएका छौं । यस्तो लाग्छ कि हामीले जे जति गरिरहेका छौं त्यो ब्याज सहित असूल हुने गरेको छ । पैसाको दृष्टिले नभए पनि भावनाको दृष्टिले पनि यदि कसैले केही घटी नै लिन्छ भने उसको लागि त्यो घाटाको व्यवसाय त हुँदैन नि ?

आराधनाको लागि र लोकमंगल साधनाको लागि गाँठीमा दाम चाहिन्छ । धनको अभावमा भोको मानिसले के खान्छ र के बाँड्न सक्छ ? यो पूँजी कहाँबाट आयो र कसरी प्रबन्ध भयो ? यसको लागि मार्गदर्शकले पहिलो दिन नै भनेका थिए –"तिमीसँग जे छ, त्यसलाई बिउ छरे झैं भगवानको खेतमा छर्न सिक ।" मैले त्यस्तै गरें र म सँग जे थियो त्यो छर्न थालें र जति पटक छरें त्यो सय गुणा वृद्धि हुन थाल्यो । अभीष्ट प्रयोजनमा कहिल्यै कुनै कुराको अभाव हुन सक्दैन । वहाँले बाबा जलारामको उदाहरण दिँदै भन्नु भएको थियो । वहाँ किसान हुनु हुन्थ्यो र वहाँले आफ्नो भोजन गरेर बच्ने सबै आमदानी आवश्यकता परेकाहरुलाई खुवाउनु हुन्थ्यो । भगवान यो सत्य साधनाबाट अति प्रशन्न हुनु भयो र बाबालाई एउटा यस्तो अक्षय झोली दिएर जानु भयो जसको अन्न कहिल्यै पनि सकिएन र आज पनि वीरपुर (गुजरात)मा वहाँको अन्न दान चली नै रहेको छ । जसमा हजारौं भक्तजन दैनिक भोजन गर्दछन् । यसरी जसले आफ्नो पूँजी भगवानको काममा खर्च गर्दछ उसलाई नमागेर नै बाहिरी सहयोग प्राप्त भैरहन्छ । तर जसले आफ्नो पूँजी सुरक्षित राख्दछ र अरुहरmसँग मागदै हिँड्छ, त्यो चन्दा माग्नेलाई सबैले व्यंग नै गर्दछन् र अलि कति दिएर पठाउन खोज्छन् ।

मैले गुरुदेवको निर्देशनमा आफ्नो चारै सम्पदालाई भगवानको चरणमा अर्पित गर्ने निश्चय गरें । (१) शारीरिक श्रम (२) मानसिक श्रम, (३) भाव संवेदना, (४) पूर्वजहरुबाट प्राप्त भएको धन । मैले आफूले कमाएको त केही छँदै थिएन । यसकारण उपर्युक्त चारैवटा सम्पत्तिलाई अनन्य निष्ठाका साथ निर्धारित लक्ष्यको लागि लगाउँदै आएको छु । परिणामस्वरुप त्यो सबै वास्तवमा सय गुना भएर वापस आउने गरेको छ । यो शरीरबाट मैले नित्य बारह घण्टा श्रम गरेको छु । यसमा कहिल्यै थकाई लागेन । बरु कार्यक्षमता बढेको बढेनै छ । आज यो बुढेस कालमा पनि नौजवान जस्तो कार्य क्षमता छ । शारीरिक श्रमका साथ मानसिक श्रम पनि जोडिएकै छ । त्यसको परिणति यो हो कि मनोबलमा मस्तिष्कीय क्षमतामा कहीँ कुनै

पनि यस्तो लक्षण प्रकट भएन जस्तो कि बृद्धावस्थामा सामान्यतया प्रकट हुने गर्दछ । हामीले हृदय खोलेर प्रेम बाँडेका छौं र छरेका छौं । फलस्वरुप अर्कोे तिरबाट पनि अभाव रहेको छैन । व्यक्तिगत स्नेह, सम्मान, सदभाव मात्र होइन मिशनको लागि जब जब, जुन जुन अपील, अनुरोध गरिन्छ तिनको पूर्तिमा कहिल्यै कुनै अभाव देखिएको छैन । दुई वर्षमा २४०० प्रज्ञापीठहरु निर्मित भएर खडा हुनु यसको जीवन्त उदाहरण हो । प्रारम्भमा त मेरो आफ्नो धन मात्र थियो । पैत्रिक सम्पत्तिबाट नै गायत्री तपोभूमिको निर्माण भएको हो । जन्मभूमिमा हाईस्कूल स्थापित गरियो र पछि त्यहाँ एउटा शक्तिपीठको पनि निर्माण भयो । माग्दै नमागेपनि जनस्तरबाट सहयोग होला र यति ठूलो संरचना खडा होला भन्ने आशा कमै थियो । आज गायत्री तपोभूमि, शान्तिकुन्ज गायत्री तीर्थ र ब्रह्मवर्चसका भवनहरुलाई देखेर छरेको बिउ सय गुना फल्छ भन्ने कुरा सहजै अनुमान लगाउन सकिन्छ । यो त श्रद्धाको अभाव भएर हो, जसमा मानिसहरु आफ्नो संचित धन काखी च्यापेर बसेका हुन्छन् र भगवानसँग चिठ्ठामा धन पाउने प्रार्थना अथवा चन्दा माग्दै हिँड्छन् । यदि आत्मसमर्पण देखि काम शुरु गर्न सकियो भने आश्चर्यजनक परिणाम देखा पर्दछ । निर्मित भएका शक्तिपीठहरु मध्ये जूनागढका निर्माताले घरका भाँडा कुँडा बेचेर काम शुरु गरेका थिए र त्यही भवन आजसम्म निर्मित सबै भवनहरुमा उच्चस्तरीय संरचना रहेको छ ।

मकै र जुनेलो जस्तो अन्नको एउटा दाना छरेपछि सयकडौं दाना भएर पाकेर तयार हुन्छ । मैले आफ्नो संचित सम्पदाको उत्सर्ग गर्ने दुस्साहस देखाएर यो उदाहरण सही रहेछ भन्ने देखि सकेको छु । म सँग जे जति पूँजी थियो त्यस मध्ये परिवारलाई त्यतिमात्रामा र तबसम्म मात्र दिएँ जबसम्म उनीहरु आफ्नो हातबाट कमाउने खाने लायक बन्न पुगेनन् । योग्य र समर्थ सन्तानको लागि सम्पत्ति छोडेर मर्नु र आफ्नो श्रम तथा मनोयोग उनीहरुकै लागि  खर्चनु मैले सदैव अनैतिक मानेको छु र यसको विरोध गरेको छु । अनि मैले स्वयं त्यस्तो काम किन गर्थे हूँला ? फोकटको कमाई हरामको हुन्छ, त्यो कमाई आफ्ना पूर्वजहरुले कमाएको किन नहोस् । हरामको कमाई न त पच्छ र न त फल्छ । यस आदर्शमा परिपूर्ण विश्वास राख्दै मैले शारीरिक श्रम, मनोयोग, भावसंवेदना र संग्रहीत धन यी चारवटा सम्पदा मध्ये कुनैलाई पनि कुपात्रको हातमा जान दिएको छैन । यसको एक एक कण सज्जनताको सम्बद्र्धन र भगवानको आराधनामा लगाएको छु । परिणाम सामुन्ने नै छ । जुन मसँग थियो त्यसबाट लाखौं जना लाभान्वित भैसकेका छन् । यदि कन्जूस जस्तो ती उपलब्धिहरुलाई विलासमा, लोभ लालच र संग्रहमा र परिवारलाई धन कुबेर बनाउनमा खर्च गरेको भए यो सबै व्यर्थ भएर जाने थियो । कुनै महत्वपूर्ण काम बन्ने थिएन । अपितु त्यो श्रम र साधनको जसले उपयोग गर्ने थियो त्यो दुव्र्यसनी बनेर नाफामा होइन घाटामा रहने थियो ।

कतिपय पुण्यफल त यस्ता हुन्छन्, जसको सत्परिणाम पाउनकालागि अर्कोे जुनीसम्म कुर्नु पर्ने हुन्छ । तर लोक साधनाको परमार्थ यस्तो हुन्छ कि जसको प्रतिफल हाताहात मिल्छ । कुनै पीडित व्यक्तिका आँसु पुछ्ने बेलामा असाधारण आत्मसन्तोष हुन्छ । उसले पैंचो फर्काउन नसके पनि उपकार गर्नेको मनमनै सम्मान गर्दछ, आर्शीवाद दिन्छ । यसको अतिरिक्त एउटा दैवी विधान यो पनि छ कि

उपकारीको भण्डार कहिले रित्तिदैन त्यसमाथि ईश्वरीय अनुग्रह बर्सीरहेको हुन्छ र जे जति खर्च हुन गएको हो त्यसको क्षतिपूर्ति भइ रहन्छ ।

भेडीले ऊन कटाई रहन्छ । तर उसलाई प्रत्येक वर्ष नयाँ ऊन मिली हाल्छ । वृक्षले फल दिन्छन् र अर्को वर्ष तिनका हाँगा बिँगा पुनः फलफूलले लटरम्म हुन्छन् । बादलले पानी बर्षाउछन् तर कहिले रित्तिदैनन् । उनलाई समुद्रले पानी वर्षाउनको लागि तत्काल नै जल सम्पदा उपलब्ध गराईहाल्छ । उदार व्यक्तिहरुको भण्डार कहिल्यै रित्तिदैन । कसैले कुपात्रलाई आफ्नो श्रम र समय दिएर भ्रमवश दुष्प्रवृत्तिहरुको पोषण गरेको र त्यसैलाई पुण्य मानेको भए कुरा बेग्लै छ । अन्यथा लोक साधनाको परमार्थको प्रतिफल त यस्तो हुन्छ, जो तत्काल मिल्छ । यो आत्मसन्तोष, लोक सम्मान र दैवी अनुग्रहको रुपमा तीनगुना सत्परिणाम प्रदान गर्ने यस्तो व्यवसाय हो जसमा जसले पनि हात हाल्यो त्यो कृतार्थ नै भएको छ । कन्जूस नै यस्तो हुन्छ जसले चतु¥याईको कुरा गर्दछ तर प्रत्येक दृष्टिकोणबाट घाटा नै उठाउँछ ।

लोकसाधनाको महत्व तब घट्छ जब त्यसको बदलामा यश पाउने लोभ हुन्छ । यो त अखबारमा सूचना छपाएर विज्ञापन गर्ने जस्तो व्यवसाय हुने भयो । उपकार गरेको देखाउने र पैंचो चाहनाले पनि पुण्य फल नष्ट हुन्छ । साथी भाइहरmको दबाव मानेर चन्दा दिइ हाल्नाले दानको भावना पूर्ण हुँदैन । यस्ता प्रयाशको फलस्वरुप सद्भावनाको सम्बद्र्धन हुन्छ हुँदैन ? भन्ने कुरा हेर्नु पर्दछ । सत्प्रवृत्तिलाई टेवा पु¥याउन जुन कार्य सहायक हुन्छ त्यसैको सार्थकता हुन्छ । अन्यथा फोकटमा धन सम्पत्ति प्राप्त गर्ने र छल प्रपन्च गरेर सीधा साधा सरल मानिसहरुलाई लुट्नका लागि आज भोली अनगिन्ती आडम्बर प्रचलनमा आएका छन् । त्यस्ता ठाउँमा धन या मालवस्तु दिनु भन्दा पहिले मेरो प्रयत्नको अन्तिम परिणति के हुने होला ? भन्ने कुराको विचार गर्नुपर्दछ । यस्तो दूरदर्षिता र विवेकशीलता अपनाउन आज भोली नितान्त आवश्यक छ । मैले यस्ता ठाउँहरुमा स्पष्ट इनकारी व्यक्त गर्ने गरेको छु । औचित्य मिश्रित उदारताका साथ साथै अनौचित्यको गन्ध अपनाएपछि अनुदारता अपनाउने र रिसको खतरा उठाउने साहस गरेको छु । आराधनामा यी तथ्यहरुको समावेश पनि नितान्त आवश्यक हुन्छ ।

उपरोक्त तीनवटै प्रसंगमा मेरो जीवन दर्शनको एक झलक देखा पर्दछ । यो त्यस्तो राजमार्ग हो जसमा सबै महामानव हिँडेका छन् र लक्ष्य प्राप्तीमा सफल भएर यशका भागीदार बनेका छन् । कुनै प्रकारको “शर्टकट” लाई यसमा कुनै ठाउँ हुँदैन ।

## तेस्रो हिमालय यात्रा–ऋषि परम्पराको बीजारोपण

मथुराको कार्य सुचारु रुपले चलीसके पछि हिमालयबाट तेस्रो बोलावट भयो । जसमा आगामी चौथो पाइला उठाउने संकेत थियो । समय धैरै बिति सकेको थियो । यस पटक कामको चाप अत्यधिक

रह्यो र सफलताको साथ थकावट पनि बढ्दै गएको थियो । यस्तो परिस्थितिमा मेरो लागि "ब्याट्री चार्ज " गर्ने यो निमन्त्रण बहुतै उत्साहवर्धक थियो ।

निर्धारित दिनमा प्रस्थान गरें । देखे जानेको बाटो पार गर्नमान कुनै कठिनाई भएन । अनि मौसम पनि यस्तो राखिएको थियो कि जाडोको प्रकोपको सामना गर्न नपरोस् र एक्लोपनको प्रथम पटक जस्तो कठिनाई नहोस् । गोमुख पुगेपछि गुरुदेवको छायापुरुषसँग भेट र तिनले मलाई अत्यन्त सरलतापूर्वक नन्दन वन पु¥याउने क्रम पहिले जस्तै भयो । वास्तविक आत्मीयजनहरुको पारस्परिक मिलन कति आनन्द र उल्लासले भरिएको हुन्छ ? यो कुरा भुक्तभोगीले नै थाह पाउन सक्दछ । बाटाभर जुन शुभ क्षणको प्रतिक्षा गर्नु परेको थियो त्यो समय आई पुग्यो । अभिवादन र आशीर्वादको क्रम चल्यो र त्यसपछि बहुमूल्य मार्ग दर्शनको क्रम चल्यो ।

यस पटक मथुरा छोड्ने र हरिद्वार गएर बस्ने निर्देशन मिल्यो र "त्यहाँ गएर ऋषि परम्परालाई पुनर्जीवित गर्ने कार्य प्रारम्भ गर्नु परेको छ । तिमीलाई सम्झना छ, जब यहाँ पहिलोपटक आएका थियो र मैले यस क्षेत्रका सूक्ष्म शरीरधारी ऋषिहरुको दर्शन गराएका थिएँ, तब वहाँहरुले ऋषि परम्परा लोप भएकोमा दुःख प्रकट गर्नु भएको थियो र तिमीले यो काम म सम्पन्न गर्छु भनि वचन दिएका थियो । यस पटक त्यसैको लागि बोलाइएको हो ।"

"भगवान अशरीरी छन् । उनले जब कुनै महत्वपूर्ण काम गर्नु पर्ने हुन्छ तब त्यो काम ऋषिहरुद्वारा गराउँछन् । उनले महापुरुषहरुलाई निर्मित गरेर खडा गरि दिन्छन् । स्वयं तप गर्दछन् र देवात्माहरुलाई आफ्नो शक्ति दिएर ठूल ठूला काम गराउँछन् । विश्वामित्रले रामलाई रक्षाको निहुँमा बोलाएर आफ्नो आश्रममा लगे र त्यहाँ उनलाई बला र अतिबला (गायत्री र सावित्री) विद्याको शिक्षा दिएर उनको माध्यमबाट असुरताको किल्ला भत्काउने र रामराज्य – धर्मराज्यको स्थापना गर्ने कार्य गराएका थिए । कृष्ण पनि संदीपन ऋषिको आश्रममा पढ्न गएका थिए र त्यहाँबाट गीता गायन, महाभारतको निर्णय र सुदामा ऋषिको कार्यपद्धतिलाई अगाडी बढाउने निर्देशन लिएर फर्केका थिए । समस्त पुराणमा ऋषिहरुद्वारा महापुरुष उत्पन्न गरिएका छन् र तिनीहरुको सहायताले नै महान कार्य सम्पादित गराइएका छन् भनि उल्लेख रहेको छ । उनीहरु स्वयं विभिन्न शोध प्रयोजनमा र तपसाधनामा संलग्न रहन्थे । तिमीले अब यसै कामलाई पूरा गर्नु परेको छ ।"

"गायत्रीका मन्त्रद्रष्टा विश्वामित्र थिए । उनले सप्तसरोवर नामको ठाउँमा बसेर गायत्रीमा पारंगता प्राप्त गरेका थिए । तिम्रो लागि पनि त्यही स्थान नियत रहेको छ । तिमीलाई उपयोगी स्थान सरलतापूर्वक प्राप्त भै हाल्छ । त्यसको नाम शान्तिकुञ्ज गायत्री तीर्थ राख्नु र ती सब कार्यको बीजारोपण गर्नु जसलाई प्राचीनकालका ऋषिहरुले स्थूल शरीरबाट गर्दै आएका छन् । वहाँहरु अब सूक्ष्म शरीरमा हुनु हुन्छ । यस कारण अभीष्ट प्रयोजनको लागि शरीरधारीलाई माध्यम बनाउने आवश्यकता परिरहेको छ । मलाई पनि त यस्तै आवश्यकता परेको छ र तिम्रो स्थूल शरीरलाई सत्पात्र देखेर सम्पर्क गरें र अभीष्ट कार्यक्रममा लगाई रहेको छु । यी सबै ऋषिहरुको यही इच्छा हो । तिमीले उनीहरुको परम्परालाई नया

तरीकाबाट बीजारोपण गर्नु । यी कामहरु अपेक्षाकृत भारिला हुनेछन् र कठिनाई पनि बढी नै रहने छ, तर साथ साथै एउटा अतिरिक्त लाभ पनि के छ भने मेरो मात्र होइन, वहाँहरु सबैको संरक्षण र अनुदान तिमीलाई प्राप्त भैरहने छ । यस कारण कुनै काम रोकिने छैन ।”

जुन ऋषिको अपूरो कामलाई मैले पूरा गर्नु थियो त्यसको संक्षिप्त विवरण बताउँदै वहाँले भन्नु भयो - विश्वामित्र परम्परामा गायत्री महामन्त्रको शक्तिबाट जन जनलाई अवगत गराउनु एवं एउटा सिद्धपीठ – गायत्री तीर्थको निर्माण गर्नु हो । ब्यास परम्परामा आर्ष साहित्यका अतिरिक्त अन्य पक्षहरुमा पनि साहित्य श्रृजन एवं प्रज्ञा पुराणको १८ खण्ड लेख्नु हो । पातंजलि परम्परामा – योग साधनाको तत्वज्ञानको विस्तारको र परशुराम परम्परामा अनीति उन्मूलनका लागि जनमानसको परिष्कारको लागि वातावरण निर्माणको तथा भागीरथ परम्परामा ज्ञान गंगालाई जन जनसम्म पु¥याउने दायित्व सुम्पिएको छ । चरक परम्परामा वनौषधि पुनर्जीवन र वैज्ञानिक अनुसन्धान, याज्ञवल्क्य परम्परामा यज्ञबाट मनोविकारको शमनद्वारा समग्र चिकित्सा पद्धतिको निर्धारण, जमदग्नि परम्परामा साधना आरण्यकको निर्माण एवं संस्कारहरुको बीजारोपण, नारद परम्परामा सत्परामर्श - परिव्रज्याको माध्यमबाट धर्म चेतनाको विस्तार, आर्यभट्ट परम्परामा धर्मतन्त्रको माध्यमबाट राजतन्त्रको मार्गदर्शन, शंकराचार्य परम्परामा ठाउँ ठाउँमा प्रज्ञा प्रतिष्ठानहरुको निर्माण, पिप्लाद परम्परामा आहार - कल्पका माध्यमबाट समग्र स्वास्थ्य सम्बद्र्धन एवं सूत - शाौनिक परम्परामा ठाउँ ठाउँमा प्रज्ञा आयोजनद्वारा लोक शिक्षणको रुपरेखाका सूत्रहरु मलाई बताइयो । अर्थववेदीय विज्ञान परम्परामा कणाद ऋषिद्वारा प्रणीत वैज्ञानिक अनुसन्धान पद्धतिको आधारमा ब्रह्मवर्चस शोध संस्थानको रुपरेखा बन्यो । मैले हरिद्वारमा बसेर के गर्नु छ र मेरो बाटोमा आई पर्ने बाधाहरुको समाधान कसरी गर्नु छ ? भन्ने कुरा माथि उल्लेख भए बमोजिम मलाई विस्तार पूर्वक बताइयो यस पटक भनिएका कुराहरु पनि पहिले झैं मनमा अंकित गरें । पहिले त गुरुदेव एक्लैको इच्छा पूर्तिको भार थियो भने अब त यति धैरै जनाको इच्छाको पूर्ति गर्ने अभिभारा बोकेर हिँड्नु पर्नेछ । गधाले किनकि धैरै भारी बोकेको हुन्छ यस कारण अपेक्षाकृत धैरै सावधानी पूर्वक र धैरै मेहनतले हिँड्नु पर्दछ ।

साथै यति काम गरिसकेपछि चौथो पटक पनि यहाँ आउनु पर्ने र यस भन्दा पनि बढी उत्तरदायित्व सम्हाल्नु पर्ने र सूक्ष्म शरीरमा प्रवेशको पाइला अघि सार्नु पर्नेछ । यी कुराहरु वहाँले स्पष्ट त भन्नु भएन तर संकेत भने गर्नु भयो ।

वहाँले हरिद्वारको कार्यपद्धति मथुराको कार्यक्रम भन्दा ठूलो छ भन्नु भयो । यस कारण उकाला ओरालाहरु धैरै रहने छन् । असुरताको आक्रमण पनि सहनु पर्नेछ आदि कुराहरु वहाँले बुझाउनु भयो । समयको विषमतालाई हेर्दै त्यस क्षेत्रमा धैरै समयसम्म रहन वहाँलाई उचित लागेन र एक वर्षको सट्टा ६ महिना मात्र बस्ने निर्देशन दिनु भयो । कहाँ कसरी बस्ने र कसरी दिनचर्याको निर्वाह गर्ने भन्ने कुरा पनि बुझाउनु भयो र आफ्नो कुरा टुंग्याउनु भयो । र पहिले झैं यस पटक पनि अन्तध्र्यान हुन लाग्दा भन्नु भयो –“यो कामलाई सबै ऋषिहरुको साझा काम ठान्नु । यो मेरो मात्र काम होइन ।” मैले पनि विदाईको

प्रणाम गरें र भनें –“मेरो लागि तपाईं नै समस्त देवता, समस्त ऋषिहरु र परब्रह्मका प्रतिनिधि हुनुहुन्छ । यो शरीर रहुँजेलसम्म तपाईंको आदेश बर्खिलाफ कुनै काम हुने छैन ।”

कुरा सक्कियो । मैले विदा माँगे र हिँडें । छाया पुरुष (वीरभद्र) ले गोमुखसम्म पु¥याई दियो । त्यसभन्दा अगाडी बताइएको स्थानमा जानलाई पैदल हिँडे ।

मलाई यी यात्राहरुमा जुन जुन ठाउँहरुमा रुक्नु – बस्नु प¥यो, त्यसको उल्लेख यहाँ यस कारण गरिएको छैन कि ती सबै ऋषिहरु दुर्गम हिमालयमा गुफाहरुमा बस्दथे र समय समयमा स्थान बदली रहन्थे । अब त वहँहरुको शरीर नै समाप्त भैसकेको छ । यस्तो अवस्थामा त झन् त्यसको उल्लेखको आवश्यकता नै रहेन ।

म फिर्ता हुने बेलामा हरिद्वारमा त्यस ठाउँमा रोकिएँ जहाँ गुरुदेवले सप्तऋषिहरुको तपोभूमि भनेर संकेत गर्नु भएको थियो । त्यो भूक्षेत्रमा धेरै जसो भूभाग सुनसान थियो र बिक्रीमा थियो । भूमिबाट पानीको श्रोत निस्की रहेको थियो । पहिले यहाँ गंगाजीको धार थियो । यो स्थान मलाई पनि मन प¥यो । जग्गाधनीसँग जग्गा खरीद बिक्रीको कुरा गर्दा जग्गा सरलतासँग खरीद गर्ने कुरा मिल्यो । त्यसलाई लेखापढी र पास गराउनमा धेरै समय लागेन । जग्गा पाई सकेपछि कहाँ कहाँ के के बनाउनु छ भन्ने कुराको निर्धारण गर्नु थियो । यो कुरामा पनि म एक्लैले निर्णय गरें । सल्लाहकारहरुको परामर्श यस कारण काम लागेन कि वहाँहरुलाई मैले बहुतै प्रयत्न गरेर पनि यो बुझाउन सकिन कि यहाँ कुन प्रयोजनको लागि कुन कुन आकार प्रकारको के कस्तो निर्माण कार्य गर्नु परेको छ । मैले त्यो काम पूरा गरें । यस प्रकार शान्तिकुञ्ज गायत्री तीर्थको स्थापना भयो ।

## शान्तिकुञ्जमा गायत्री तीर्थको स्थापना

म मथुराबाट हिमालय गएर त्यहाँ ६ महिना बसेर हरिद्वार आएँ । हरिद्वारमा मैले यो भन्दा पहिले नै निर्धारित स्थानमा शान्तिकुञ्जमा माताजी र उनका साथमा बस्ने कन्याहरुको बस्नको लागि एउटा सानो भवन बनाई सकेका थिएँ । अब अरु थप जग्गा किनेपछि नयाँ निर्माण कार्य शुरु गरें । यस पटक ऋषि आश्रम बनाउने इच्छा थियो । सर्वप्रथम मैले आफु र सहकर्मीहरु बस्नको लागि तथा अतिथिहरुलाई बास दिनको लागि निवास स्थान र भोजनालय बनाइयो ।

यो आश्रमले ऋषिहरु र देवात्मा हिमालयको प्रतिनिधित्व गर्दछ । यसकारण उत्तराखण्डको गंगाको प्रतीक देवालय बनाइयो । यसका साथै सात जना प्रमुख ऋषिहरु लगायत अन्य ऋषिहरुको प्रतिमाहरुको स्थापनाको प्रबन्ध गरियो । आद्यशक्ति गायत्रीको मन्दिर र इनारहरु बनाइयो, प्रवचन कक्ष निर्मित भयो । अब निवास योग्य व्यवस्था भयो । अनि मैले र माताजीले नवनिर्मित शान्तिकुञ्जलाई आफ्नो तपस्थली बनायौं । साथमा अखण्ड दीप थियो । त्यसको लागि एउटा कोठा र गायत्री माताको प्रतिमा स्थापित गर्नको लागि एउटा कोठाको व्यवस्था पहिले नै भैसकेको थियो ।

यो बाँझो प्रति जग्गाको सुतीरहेको संस्कारलाई जगाउनको लागि २४ अखण्ड पुरश्चरण गराउनु पर्ने थियो । यसका लागि ९ जना कुमारी कन्याको प्रबन्ध गरियो । प्रारम्भमा दिनमा ४ घण्टा र राति ४ घण्टा यिनीहरुको ड्यूटी थियो । पछि यिनको संख्या २७ भयो तब समय घटाइयो । यिनीहरुलाई दिनमा माताजीले पढाउनु हुन्थ्यो । ६ वर्ष उपरान्त यि सबैले स्नातक र परास्नातक स्तरको पढाई शुरु गरे । बीस र पच्चीस वर्षको आयुको बीचमा सबैको सुयोग्य घर वर खोजेर विवाह गरियो ।

यो भन्दा पहिले संगीत र प्रवचनको अतिरिक्त प्रशिक्षण क्रम पनि चलाइयो । देशव्यापी नारी जागरणको लागि यी कन्याहरुलाई ५ – ५ जनाको टोली बनाएर मोटर गाडीमा पठाइयो । तबसम्म पढ्ने कन्याहरुको संख्या १० भन्दा माथि गैसकेको थियो । यी कन्याहरुको भ्रमणबाट देशको नारी समाजमाथि अत्यधिक प्रभाव प¥यो ।

मैले हरिद्वारमा तेजस्वी कार्यकर्ता निर्मित गर्ने कार्य शुरु गरें । यसको लागि प्राण प्रत्यार्वतन सत्र, एक एक महिनाका युग शिल्पी सत्र तथा वानप्रस्थ सत्र पनि लगाइयो । सामान्य उपासकको लागि साना ठूला गायत्री पुरश्चरणको श्रृंखला पनि चलाइयो । गंगाको किनारा, हिमालयको छाया, दिव्य वातावरण, प्राणवान मार्गदर्शन जस्ता सुविधा देखेर सैकडौं सख्यामा पुरश्चरणकर्ता आउन थाले । पुरै समय दिने वानप्रस्थहरुको प्रशिक्षण छुट्टै चल्दै रहयो । दुवै किसिमका साधकहरुको लागि भोजनको प्रबन्ध गरियो ।

यो नयाँ संख्या निरन्तर बढ्न थाल्यो । ऋषि परम्परालाई पुनर्जीवित गर्नका लागि यसको आवश्यकता पनि थियो । सुयोग्य र आत्मदानीले पूरा समय दिएर हातमा लिएको महान कार्यको पूर्तिको लागि आवश्यक आत्मबल संग्रह गरेर व्यापक कार्यक्रममा जुट्नको लागि यस्ता साधकहरुले साधना गर्न र प्रशिक्षण लिन आवश्यक नै थियो ।

काम बढ्दै गएपछि गायत्री नगरमा २४० क्वार्टर बनाउनु प¥यो । प्रवचनमा एक हजार व्यक्ति बस्न सक्ने ठूलो आकारको प्रवचन हल बनाउनु प¥यो । यो भूमिलाई अझ बढी संस्कारवान बनाउनु थियो । यस कारण ९ कुण्डको यज्ञशालामा प्रातःकाल २ घण्टा यज्ञ गर्ने व्यवस्था गरियो र आश्रमका स्थायी निवासी तथा पुरश्चरणकर्ताको औसत जप यो अनुपातमा निर्धारित गरियो कि प्रत्येक दिन २४ लाख गायत्री महापुरश्चरण सम्पन्न हुँदै जाओस् । आवश्यक कार्यकोलागि एउटा सानो प्रेस पनि लगाउनु प¥यो । यी सबै कामको लागि निर्माण कार्य आजसम्म एक किसिमले लगातार चल्दैआएको छ ।........आईपर्दा यति विशाल आकार लियो कि साडीको त्यो ठूलो गठ्ठरलाई बोकेर स्वयं भगवान नै दगुर्दै आउनु भयो । “तिमीले जे पाउनु छ त्यसलाई छर्न शुरु गरि देउ ।” यही बीज मन्त्र मलाई बताइयो र मैले यसै लाई अपनाएँ । प्रतिफल ठिक्क त्यही आयो जस्तो कि मैले अहिले भनि सकेको छु ।

शरीर, बुद्धि र भावना स्थूल, सूक्ष्म र कारण शरीरका साथ भगवानले सबैलाई दिएका हुन्छन् । धन भने आफ्नो उत्पादन हुन्छ । कसैले आफ्नै हातले कमाएको हुन्छ भने कसैले उत्तराधिकारमा पाएको हुन्छ । धन मैले कमाएको त थिइन तर उत्तराधिकारमा समुचित मात्रामा पाएको थिएँ । यसलाई छर्ने र

समय आएपछि काट्ने अवसर थियो । यस कारण समय खेर नफालेर मैले तुरुन्तै आफूलाई त्यस प्रयोजनमा नियोजित गरें ।

मैले शरीर साधनको रुपमा रातमा भगवानको भजन गर्ने र दिनभर विराट ब्रह्मको लागि – विश्व मानवको लागि समय र श्रम नियोजित गरि राखें ।

मेरो बुद्धि लोकमंगलको विधि निर्माण गर्नमा दिनमा मात्र होइन राति सपनामा पनि क्रियाशील भैरह्यो । मेरो आफ्नो लागि सुविधा र सम्पत्ति कमाउने योजना कहिल्यै बनाउँदै बनाइन । मेरो भावना सधैं विराटको लागि नै तत्पर भैरह्यो । प्रेम कुनै व्यक्ति वा वस्तुसँग होइन, आदर्शसँग गरें । लडे पडेकालाई उठाउने र पछि परेकाहरुलाई अगाडी बढाउने भावना तिरन्तर उम्लिदै रह्यो ।

मैले यो विराटलाई नै आफ्नो भगवान मानेको छु । अर्जुनका दिव्य चक्षुले यसै विराटको दर्शन गरेका थिए । यशोदाले कृष्णको मुखमा श्रृष्टाको यही स्वरुप देखेकी थिइन् । रामले झलुवामा सुती रहँदा माता कौशल्यालाई आफ्नो यही रुप देखाएका थिए र कागभुशुण्डी यसै स्वरुपको दर्शन गरेर धन्य भएका थिए ।

मैले पनि मसँग जे जो थियो तिनै विराट ब्रह्म – विश्वमानवलाई सुम्पी दिएँ । बिउ छर्नको लागि यो भन्दा पनि बढी उर्वर भूमि अर्को कुनै हुनै सक्दैन । त्यही बिउ समय अनुसार फूल्यो फल्यो । मेरा घरका भकारी भरिए र मलाई सुम्पिएका दुइटा कामको लागि चाहिने साधनहरु त्यसै उपलब्ध भैहाले ।

मेरो शरीर जन्मजात दुर्बल थियो । हो शारीरिक बनोटको हिसाबले यसलाई दुर्बल नै भन्नु पर्दछ तर जीवन शक्ति भने प्रचण्ड छ । यद्धपि युवा अवस्थामा शाग, तरकारी, घीउ, दूध आदि केही नखाएर २४ वर्षसम्म त जौको रोटी र मही मात्र खाएँ जसले गर्दा शरीर बिल्कुलै कृश हुन गएको थियो तर जब “छर्ने र काट्ने” विधा अपनाएँ तब ७५ वर्षको यो उमेरमा पनि यो शरीर यति सुदृढ छ कि केही दिन मात्र भयो, एउटा रिसहा साँडेलाई काँधको धक्काले नै चित्त पछारी सकेको छु र साँडे बेजोडसँग भागेको थियो ।

यो कुरा त सर्वविदित नै छ कि ५ वर्ष पहिले अनीति र आतंकको पक्षपातीले भाडामा पठाएको हत्याराले ५ बोरको रिवाल्वरबाट ममाथि लगातार फायर गर्दा उसका सबै गोली रिवाल्वरको नालमा नै अड्केर बसेका थिए । अनि भयभीत हत्याराको हातबाट रिवाल्वर त्यहीँ खस्यो । त्यसपछि आत्तिएर उसले मलाई छुरा हान्यो । उसले भकाभक छुरा हान्न थाल्यो । रगतको धारा बग्न थाल्यो तर रोपिएका ती छुराहरु शरीरमा सोझै न घुसेर तेस्रो तेस्रो घाउ बनाए । डाक्टरले टाँका लगाई दियो र केही सातामा नै शरीर जस्तो थियो त्यस्तै भयो ।

पाँच बोरको लोडेड रिवाल्बरले अभ्यस्त अपराधीको हातमा रहेर पनि कुनै काम गर्न सकेन । यसलाई परीक्षाको एउटा घटनाक्रम नै भन्नु पर्दछ । जनावर काट्ने छुराका १२ पटकको प्रहारले प्रमाणको चिन्ह मात्र बन्ने गरी सन्चो भए । आक्रमणकारी आफ्नो बमबाट स्वयं घाइते भयो र जेल पुग्यो । जसको आदेशले उसले यस्तो गरेको थियो त्यसलाई मृत्यु दण्डको घोषणा भएको थियो । असुरताका आक्रमण

असफल भए । एउटा उच्चस्तरीय दैवी योजना जुन सञ्चालित भैरहेको छ, त्यसलाई निष्फल गर्न सकेनन् । मार्ने भन्दा बचाउने ठूलो हुन्छ भन्ने कुरा सिद्ध भयो ।

आज भोली एकबाट पाँच बनाउने भन्ने सूक्ष्मीकरण विधा चलिरहेको छ । यसकारण शारीरिक कमजोरी अवश्य नै आएको छ तर बाहिरी शरीर यस्तो बन्न पुगेको छ कि यसलाई चाहुन्जेलसम्म जीवित राख्न सकिन्छ । तर मैले जाने बुझेर यसलाई यो स्थितिमा राख्दैन । कारण के भने सूक्ष्म शरीरबाट धेरै काम लिन सकिन्छ र स्थूल शरीरले काममा कुनै नकुनै बाधा उपस्थित गरिरहन्छ ।

मेरो शरीरको जीवनी शक्ति असाधारण छ । यसबाट मैले दस दोब्बर काम लिएको छु । शंकराचार्य र विवेकानन्द ३२ – ३५ वर्ष मात्र बाँचे तर ३५० वर्षमा गर्ने काम त्यति समयमै पूरा गरे । मैले पनि ७५ वर्षमा यति काम गरेको छु कि त्यसको लेखा जोखा गर्ने हो भने ती काम ७५० वर्ष भन्दा घटी समयमा गर्न सक्ने सम्भव हुन सक्दैन । यो सम्पूर्ण समय नवश्रृजनको एक भन्दा एक बढी सफल भूमिका बनाउनमा व्यतित भएको छ । म निष्क्रिय, निष्प्रयोजन र खाली कहिले रहेन ।

बुद्धिलाई भावनाको खेतमा छरें र त्यो असाधारण प्रतिभा बनेर प्रकट भई । अहिले सम्म लेखिएको साहित्य शरीरको वजन सँग तौलिन सक्ने जति गरुंगो छ । यो सबै उच्च कोटिको साहित्य छ । आर्ष ग्रन्थहरुको अनुवाद देखि लिएर प्रज्ञा युगको भावी पृष्ठभूमि बनाउने किसिमको साहित्य लेखिएको छ । सन् २००० सम्म प्रकाशित गर्ने साहित्य अहिले नै लेखेर राखी दिएको छु ।

अध्यात्मलाई विज्ञानसँग मिलाउने योजना त धेरै जनाले मनमा नसोचेका होइनन् तर कसैले पनि कार्यान्वित गर्न सकेन । तर यो असम्भवलाई सम्भव भएको देख्नु छ भने ब्रह्मवर्चस शोध संस्थानमा आएर स्वयं आफ्नै आँखाले हेर्नु पर्दछ । अहिले हाम्रो सामुन्ने देखिएका सम्भावनाहरुलाई देखेर आगामी दिनहरुमा अध्यात्म विशुद्ध विज्ञान बन्ने रुपरेखा तयार हुने छ भन्ने कुरा स्पष्ट देखिएको छ ।

ठूला र स – साना देशहरु आफ्ना पञ्चवर्षीय योजना बनाउनका लागि आकाश – पातालको जोड घटाउमा लागेका छन्, तर समस्त विश्वको कायाकल्प योजनाको चिन्तन र कार्यान्वयन जसरी शान्तिकुञ्जको तत्वावधानमा चलिरहेको छ, यसलाई त अदभुत एवं अनुपम नै भन्नु पर्ने हुन्छ ।

मैले पिछडावर्गका लागि भावना समर्पित गरेको छु । शिवजीले पनि यहि काम गर्नु भएको थियो । वहाँको साथमा चित्र – विचित्र समुदाय रहने गर्दथ्यो र वहाँले सर्प सम्मलाई पनि अँगालो हाल्ने र घाँटीमा बेरेर स्थान दिएर राख्नु हुन्थ्यो । त्यही बाटोमा मलाई पनि हिँड्दै रहनु परेको छ । म माथि छुरा र रिवाल्वर चलाउनेलाई पक्राउ गर्नका लागि जब लखेटी रहेका थिए र प्रहरी पनि लागेको थियो, तब मैले सबैलाई फिर्ता बोलाएँ र आक्रमणकारीले भाग्ने अवसर पायो । मेरा विपक्षीहरुले मेरो तर्फबाट कुनै अभाव नराखेको अवस्थामा पनि केही नपाएपनि कमसेकम हाँस्ने हँसाउने प्रतिदान त पक्कै पाउने गरेका मेरो जीवनमा अनेक प्रसंग आएका छन् ।

मैले अरुहरुलाई जति प्रेम गरेको छु, त्यो भन्दा सय गुना बढी संख्यामा मानिसले मलाई प्रेम गर्दछन् मेरो निर्देशनमा हिँडेका छन् र घाटा उठाउन तथा कष्ट सहनमा पछि परेका छैनन् । केही समय

पहिले मैले आफन्तेहरुलाई प्रज्ञा संस्थान बनाउने आदेश दिएँ र दुई वर्ष भित्र नै २४०० गायत्री शक्तिपीठको भव्य भवनहरु निर्मित भएर उभिएका छन् । त्यसमा लाखौं रुपिया खर्च भएको छ । भवन बिनाका १२ हजार प्रज्ञा संस्थान छुट्टै खडा भएका छन् । मलाई छुरा हानिए पछि सहानुभूतिमा आफन्तेहरुको यति ठूलो संख्या देखा पऱ्यो, मानौं मानिसहरुको आँधी – बेहरी नै आएको होस् । यी प्रत्येक व्यक्तिले ऊसँग बदला लिनको लागि तमतयार थिए । मैले र माताजीले सबैलाई प्रेमपूर्वक अर्को दिशामा प्रवाहित गरें । यो त म प्रति प्रेम र सघन आत्मीयताको नै अभिव्यक्ति त हो ।

मैले जीवनभर प्रेम किनेको छु, बटुलेको छु र लुटाएको छु । यसको एउटा उदाहरण मेरी धर्मपत्नी हुन् जसलाई मैले माताजी भन्ने गर्दछु, वहाँको भावना पढेर जो कोहीले पनि कुरा बुझ्न सक्दछ । वहाँ काया र छाया भने जस्तै मेरो साथमा हुनु हुन्छ र एक प्राण दुई शरीर जस्तै मेरो प्रत्येक कार्यमा सघाउनु हुन्छ ।

मैले त पशु – पंक्षीबाट पनि यस्तो प्रेम पाएको छु कि उनीहरु आफन्ते साथीभाई जस्तै मेरा अगाडी पछाडी लागिरहन्छन् । सामान्यतया मानिस देखि सदैव टाढा भाग्ने प्राणीहरु पनि मेरा पछि पछि दगुरिरहन्छन्, काँधमा चढ्छन् र सुटुक्क मेरो खाटमा गएर विस्तरमा सुतेका हुन्छन् र यस्ता दृश्यहरु देखेर मानिसहरु आश्चर्य चकित हुन्छन् । यस्ता दृश्य हजारौंले हजारौंको संख्यामा देखेका छन् र चकित परेका छन् । यो अरु केही होइन प्रेमको प्रतिदान मात्र त हो ।

मलाई समय – समयमा धनको ठूलो आवश्यकता पर्ने गरेको छ । गायत्री तपोभूमि, शान्तिकुञ्ज र ब्रह्मवर्चसको भवन करोडौ मूल्य पर्ने छन् । मैले मानिसका सामुन्ने धनको लागि हात नफैलाउने व्रत निर्वाह गर्दै अचानक यी समस्त आवश्यकताहरु पूरा भएका छन् । पूरा समय काम गर्नेहरुको संख्या एक हजार भन्दा बढी छ । यिनीहरुको आजीविकाको ब्राह्मणोचित व्यवस्था निरन्तर चलिरहेको छ । प्रेस, प्रकाशन र प्रचारमा संलग्न गाडीहरु र त्यस्तै अन्य केही खर्चहरु त यस्ता छन्, जो समय अनुसार बिना कुनै कठिनाई पूरा हुने गरेका छन् । यो त मसँग भएको एक एक पैसालाई भगवानको खेतमा छरेपछि मलाई प्राप्त भएको उब्जनी हो । यो उब्जनी माथि मलाई गर्व छ । जमीनदारी समाप्त भए पछि मलाई जुन धनराशी प्राप्त भएको थियो, त्यो त मैले गायत्री तपोभूमिको निर्माणमा लगाएँ । पूर्वजहरुबाट पाएको अंश भागको जग्गा मैले कुनै नाता – कुटुम्बलाई नदिएर जन्मभूमिमा हाईस्कूल र अस्पताल बनाउनका लागि दिएको छु । म व्यक्तिगत रुपले रित्तो हात छु तर लखपति र करोड पतिले पनि चलाउन नसक्ने खालका योजनाहरु चलाई रहेको छु । यो सबै मेरा मार्गदर्शकले बताउनु भएको सूत्रका कारण संभव भएको हो, जसमा वहाँले "धन जम्मा नगर्नु, छरपष्ट पारि दिनु, छर्नु र काट्नु" भन्नु भएको थियो । प्रज्ञापरिवारको रुपमा हलक्क बढेको लहलहाउँदो सतप्रवृतिको जुन उद्यान देखिएको छ, त्यसको पृष्ठभूमि यसै संकेतको आधारमा बनेको हो ।

## ब्राम्हण मन र ऋषि कर्म

अंतरंगमा ब्राह्मण वृत्ति जागना साथ बहिरंगमा साधु प्रवृत्ति देखा पर्नु स्वाभाविक हो । ब्राह्मण अर्थात लिप्सासँग लड्न सक्ने योग्य मनोबलको धनी । प्रलोभन र दबावको मुकाविला गर्नमा समर्थ । औसत भारतीय उपमहादीपीय नागरिक स्तरको निर्वाहमा गुजारा गरेर संतुष्ट हुन सक्ने । यी परीक्षाहरुमा उत्तीर्ण हुनका लागि मलाई प्रारम्भिक जीवनमा नै मार्गदर्शकको समर्थ प्रशिक्षण प्राप्त भैसकेको थियो । त्यो नै ब्राह्मणको जन्म थियो । माता पिताले त शरीररुपी एउटा मांस पिण्डलाई जन्म दिएका थिए । यस्तो नरपशुको चोला त नमालुम कति पटक धारण गरियो होला । तृष्णाहरुको पूर्तिको लागि नमालुम कति पटक पापको पोल्टो कमाउनु, बोक्नु, ओसार्नु र भोग्नु प¥यो होला । तर गर्व र सन्तोष यसै जुनीमा छ जसलाई ब्राह्म्ण जन्म भन्न सकिन्छ । एउटा शरीर नरपशुको र अर्को नरनारायणको शरीर प्राप्त गर्ने शुभ अवसर यस पटक मात्र प्राप्त भएको हो ।

ब्राह्मणसँग सामथ्र्यको भण्डार बचेकै हुन्छ किनकि शरीरयात्राको गुजारा त बहुतै कममा निप्टिन्छ । हात्ती, उँट र राँगा जस्ता जनावरको पेट ठूलो हुन्छ, त्यसलाई भर्नको लागि सबै समय खर्चियो भन्दा सुहाउन सक्छ, तर मानिसका सामुन्ने त्यस्तो कठिनाई त छैन । दस औंला भएका दुइ हात र कमाउनको लागि हजारौं युक्ति खोज्न सक्ने मस्तिष्क छ, सर्वत्र उपलब्ध रहेका तमाम  साधन र परिवारमा सहयोगी भावना तथा त्यसको अभ्यास छ । यति साधन र सुविधा भएको अवस्थामा कसैलाई पनि जीवन गुजारामा कुनै अभाव र असुविधा त नहुनु पर्ने हो । अनि पेटको लम्बाई चौडाई पनि त जम्मा ६ इन्च छ । यो पेट भर्नलाई त केही घण्टाको परिश्रमले नै पुगी हाल्छ । त्यसपछि त सम्पूर्ण समय खाली नै बचेको हुन्छ । जसको हृदयमा सन्त जुरमुराउँछ उसले मात्र एउटा कुरा के सोच्छ भने समय, श्रम र मनोयोगको जुन प्रखरता र प्रतिभा प्राप्त भएको छ, त्यसको उपयोग कहाँ गर्ने होला ? कसरी गर्ने होला ?

तर यो प्रश्नको उत्तर प्राप्त गर्नमा धैरै समय लाग्दैन । देव मानवहरुको प्राचीन इतिहासले यसकोलागि प्रमाण र उदाहरणको एउटा सिंगो श्रृंखला उभ्याई दिन्छ । त्यस मध्ये आफूलाई जुन प्रिय लाग्छ, अनुकूल देखिन्छ, त्यसलाई छान्न र अपनाउन सकिन्छ । केवल दैत्यका इच्छा र आवश्यकताहरु पूरा हुँदैनन् । कसैका पनि कामना वासना र तृष्णाहरु कहिल्यै पूरा भएका छैनन् । साधनका असंख्य भण्डार जम्मा गर्ने र अतिशय मात्रामा तिनको भोग गर्ने योजना त धैरै जनाले बनाए, तर हिरण्याक्ष देखि सिकन्दरसम्म कसैले पनि पूरा गर्न सकेन ।

आत्मा र परमात्माको मध्यवर्ती एक मिलन बिन्दु छ, जसलाई देवमानव भनिन्छ । यसका अरु पनि कैयौं नामहरु छन् । महापुरुष, सन्त, सुधारक र शहीद आदि । पुरानो युगमा यिनलाई ऋषि भन्दथे । ऋषि अर्थात त्यो व्यक्ति जसको निर्वाह न्यूनतममा हुने गर्दछ र बाँकी बच्ने सामथ्र्य र सम्पत्तिलाई यस्ता कामहरुमा नियोजित गरेका हुन्छन् , जसबाट समयको माग पूरा हुने गर्दछ । वातावरणमा सत्प्रवृत्तिको अनुपात बढोस, श्रेष्ठताको दिशामा अघि सरिरहेको व्यक्तिको मनोबल अनुकूल र उच्च रहोस् ,विनाश गर्न तम्सेकाहरुको कुचक्रलाई सफलता नमिलोस र संक्षेपमा यी कार्यहरु नै यस्ता निर्धारण हुन जसको लागि

ऋषिहरुको प्रत्यक्ष र परोक्ष प्रयास अनवरत गतिले चली रहन्छ । तिनले निर्वाहबाट बाँकी बचेको क्षमतालाई यस्तै काममा लगाउने गर्दछन् । परिणामस्वरुप जब कहिल्यै पनि कामको लेखा जोखा हुन्छ तब तिनले कति काम गरिसके कति लामो दूरीको गन्तव्य पाउन सफल भए भन्ने कुरा देखा पर्दछ । यो एक एक पाइलाको हिँडाईको फल हुन्छ । एक एक थोपा जम्मा गरिएको गतिको परिणति हुन्छ ।

भावोन्माद मात्र भएको तर आचरणको दृष्टिले जे गरे पनि अपराध न हुने खालको शक्तिमा मेरो चित्त बुझदैन । मलाई त्यस्तो न त कुनै सिद्धान्त नै मन प¥यो र न त त्यस्तो भनाईको औचित्यलाई मेरो विवेकले स्वीकार नै ग¥यो । तसर्थ ममा जब – जब भक्ति जुरमुरायो तब – तब मलाई ऋषिहरुकै बाटो उचित लाग्यो र मैले जे जति समय फेला पार्न सकें त्यो सबै पूर्णरुपले ऋषि परम्परामा खर्चने प्रयत्न गरिरहें । हामीले पछाडी फर्केर हेर्दा अनवरत प्रयत्न गर्नेहरुले कण - कण गरेर थुप्रै संग्रह गर्न सक्दा रहेछन् र स - साना चराले कसिंगरबाट पनि राम्रो गुँड बनाउन सकेको देखिन्छ । मेरो पनि झण्डै यस्तै सुयोग र सौभाग्य छ कि ऋषि परम्पराको अनुकरण गर्नको लागि दुइ चार पाइला अगाडि सारेको मात्र के थिएँ, त्यसको परिणाम यस्तो भयो जसलाई जान्ने बुझ्नेहरुले "गज्जब राम्रो" या शानदार भन्ने गर्दछन् ।

विभिन्न ऋषिहरुले आ - आफ्नो समयमा आफ्नो भागमा परेको कामलाई हातमा लिएका थिए र पूरा गरेका थिए । ती दिनहरुमा यस्ता परिस्थिति अवसर र यति फुर्सद पनि थियो कि समयको आवश्यकता अनुरुप आ - आफ्नो कामलाई तिनले धैर्यपूर्वक संचित समयमा सम्पन्न गर्न सके । तर आज त आपत्तिकाल छ र अनेक काम एउटै समयमा द्रुतगतिमा एक साथ पूरा गर्नु पर्ने अवस्था छ । घरमा आगो लाग्यो भने आगो निभाउँदै, बालबच्चा, लुगा फाटो, घरका मालवस्तु र धन सम्पत्ति बाहिर निकाल्ने बोक्ने र बाहिर सुरक्षित गर्ने समेतका कइयौं कामहरु एक साथ गर्नु पर्ने हुन्छ । मैले यस्तै आपत्तिकालको मुकाबिला गर्नु परेको छ र मेरो हिमालय यात्रामा ऋषिहरुद्वारा सुम्पिएको प्रायः प्रत्येक काम एकै समयमा पूरा गर्दै बहुमुखी जीवन जीउनु परेको छ । यसको लागि मेरो मार्गदर्शकबाट प्रेरणा दिशा र सहायता मिल्ने गरेको छ र यो शरीरले मैले जुन जुन काम गर्न सक्थें त्यो काम पूरै तत्परता र तन्मयताका साथ सम्पन्न गरि रहेको छ । यसमा पूरा इमान्दारीको समावेश भएको छ । फलस्वरुप ती सबै काम यसरी सम्पन्न हुृँदै गएका छन् मानौं कि ती पहिले नै सम्पन्न गरेर राखिएको काम हो । कृष्णको रथ चलाउनु र अर्जुनको गांडीव उठाउनु पुरानो इतिहासको घटना भए पनि मलाई त मेरो जीवनमा नै चरितार्थ भएको देखि रहेको छु ।

युग परिवर्तन जस्तो महान कार्य भगवानको इच्छा, योजना र क्षमताको आधारमा हुन्छ, तर वहाँले त्यसको श्रेय ऋषि , कल्प जीवन मुक्त आत्मालाई दिने गर्नु हुन्छ । वहाँको साथमा र पात्रताको यो नै सर्वोत्तम उपहार हो । मलाई पनि यस्तै श्रेय र उपहार दिने भूमिका बन्यो र म कृतार्थ भएँ । मलाई सुदूर भविष्यको झाँकी अहिले नै देखा परिरहेको छ । यसै कारणबाट मलाई यस बारेमा लेखिहाल्न कुनै संकोच भैरहेको छैन ।

अहिले पुरातन कालका ऋषिहरुमा कोही पनि आफ्नो स्थूल शरीरमा छैन वहाँहरुको चेतना मात्र निर्धारित स्थानमा उपस्थित छ । मलाई वहाँहरु सबैसँग परिचय गराएर वहाँहरुकै पदचिन्हमा हिँड्नको लागि भनिएको थियो । वहाँहरुको कार्य पद्धति अपनाउनु, देवात्मा हिमालयको प्रतीक स्वरुप शान्तिकुञ्ज हरिद्वारमा एक आश्रम बनाउनु र ऋषि परम्परालाई यसरी कार्यान्वित गर्नु छ, जसबाट युग परिवर्तनको प्रक्रियाको गति चक्र सुव्यवस्थित चल्न सकोस् ।

मेरा मार्गदर्शक सत्ताले जुन ऋषि र तपस्वी मानवले कुनै बेला हिमालयमा बसेर विभिन्न काम गरेका थिए, मलाई तेस्रो पटकको हिमालय यात्रामा तिनको स्मरण पटक पटक गराएको थियो, यी मध्ये भगीरथ (गंगोत्री), परशुराम (यमुनोत्री), चरक (केदारनाथ), व्यास (बद्रीनाथ), याज्ञवल्क्य (त्रियुगी नारायण), नारद (गुप्तकाशी), आद्यशंकराचार्य (ज्योतिर्मठ), जमदग्नि (उत्तरकाशी), पातंजलि (रुद्र प्रयाग), पिप्लाद, सूत - शौनिक, लक्ष्मण, भरत एवं शत्रुघ्न, ऋषिकेश, दक्ष प्रजापति, कणादि र विश्वामित्र सहित सप्त ऋषिगण (हरिद्वार) यसका अतिरिक्त चैतन्य महाप्रभु, सन्त ज्ञानेश्वर, एवम् तुलसीदासजीको कर्तव्यको झाँकी देखााएर भगवान बुद्धका परिव्राजकहरुद्धारा चलाएको धर्म चक्र प्रवर्तन अभियानलाई युगानकूल परिस्थितिमा संगीत, संकीर्तन र प्रज्ञापुराण कथाको माध्यमबाट देश विदेशमा फिजाउने र प्रज्ञावतारद्वारा बुद्धावतारको उत्तरार्धलाई पूरा गर्ने सम्मका निर्देशनहरु थिए । सोह्रौं शताब्दीमा समर्थ रामदासको रुपमा जन्मलिएर जसरी व्यायामशाला र महावीर मंदिरहरुको स्थापना मेरो हातबाट गराइएको थियो, त्यसैलाई नयाँ संस्करणका रुपमा प्रज्ञा संस्थान, प्रज्ञा पीठ, चरणपीठ, ज्ञान मन्दिर र स्वाध्याय मण्डलद्वारा सम्पन्न गर्ने संकेत मार्गदर्शकद्वारा हिमालय प्रवासमा नै दिइएको थियो । शान्तिकुञ्जलाई देवात्मा हिमालयको प्रतीक प्रतिनिधि बनाउने भन्ने जुन निर्देशन मिलेको थियो त्यो साधारण काम थिएन । यो श्रम र धन साध्य थियो र सहयोगीहरुको सहायतामा निर्भर थियो । यसका अतिरिक्त अध्यात्मको त्यस केन्द्रमा सूक्ष्म शरीरमा निवास गर्ने ऋषिहरुको आत्माको आह्वान गरेर प्राण प्रतिष्ठाको संयोग पनि बसाल्नु परेको थियो । यी सबै यस्ता कामहरु हुन जसलाई देवालय परम्परामा अद्भुत र अनुपम भन्न सकिन्छ । विभिन्न देवदेवताका मन्दिर विभिन्न स्थानमा बनाइएका देखिन्छन् । तिनीहरुको रचना समेत भिन्नाभिन्नै छ । कुनै एउटै स्थानमा सम्पूर्ण देवी देवताहरुको स्थापना भएको सुयोग हुन सकेको भए, होला पनि, तर समस्त देवात्मा र ऋषिहरुको एकै ठाउँमा प्राणप्रतिष्ठा भएको संसार भरमा यस्तो स्थान अन्यत्र कहीँ पनि छैन । यो भन्दा पनि ठूलो कुरा यो हो कि ऋषिहरुको क्रियाकलापको न केवल चिन्हपूजाको रुपमा, बरु यथार्थताको रुपमा पनि, यहाँ दर्शन मात्र होइन अपितु वहांहरुको परिचय पनि प्राप्त हुन सक्दछ । यसरी शान्तिकुञ्ज, ब्रह्मवर्चस र गायत्री तीर्थले एक किसिमले प्रायः सबै ऋषिहरुको क्रियाकलापको प्रतिनिधित्व गर्दछन् ।

भगवान रामले लंका विजय र राम राज्यको स्थापनाको लागि मंगलाचरण रुपमा रामेश्वरम्मा शिव प्रतीकको स्थापना गर्नु भएको थियो । यो त मेरो सौभाग्य हो कि मलाई युग परिवर्तनका लागि संघर्ष एवं सृजन प्रयोजनका लागि देवात्मा हिमालयको प्रतिमा र प्राण प्रतिष्ठा समेत गर्ने आदेश प्राप्त भएको

थियो । शान्तिकुन्जमा देवात्मा हिमालयको भव्य मन्दिर र पाँचै प्रयाग, पाँचैवटा काशी र पाँचैवटा नदी र तलाउहरु समेत देख्न सकिन्छ । यसमा सबै ऋषि स्थानहरुको दिव्य दर्शन हुन्छ । यसलाई आफ्नै किसिमको अदभुत एवं अनुपम देवालय भन्न सकिन्छ । जसले हिमालयका ती दुर्गम स्थानहरुको दर्शन गरेको छैन, त्यस्ले यो "लघु संस्करण" को दर्शन गरेर लाभ प्राप्त गर्न सक्दछ ।

जमदग्निपुत्र परशुरामको फरसाले अनेक उद्दंड र उच्छृंखलहरुको टाउको काटेको थियो । यो वर्णन अलंकारिक पनि हुन सक्दछ । वहाँले यमुनोत्रीमा तपश्या गरेर प्रखरताको साधना गर्नु भएको थियो र श्रृजनात्मक क्रान्तिको मोर्चा सम्हाल्नु भएको थियो । वहाँले जुन व्यक्ति तत्कालिन समाज निर्माणमा बाधक र अनीतिमा लिप्त थिए, तिनको वृत्तिलाई उन्मुलन गर्नु भएको थियो । वहाँले दुष्ट र भ्रष्ट जनमानसको प्रवाहलाई पल्टाएर सीधा गर्ने पुरुषार्थ देखाउनु भएको थियो । यसै आधारमा वहाँले भगवान शिवसँग "परशु" (फरसा) प्राप्त गर्नु भएको थियो । उत्तरार्धमा वहाँले फरसा फाल्नु भयो र फरुवा समात्नु भयो र स्थूल दृष्टिले वृक्षारोपण र सूक्ष्मतः रचनात्मक सत्प्रवृत्तिको बीजारोपण गर्नु भयो । यहाँ पनि शान्तिकुन्जबाट प्रवाहित भैरहेको लेखन र वाणीले त्यसै परशुको भूमिका निर्वाह गरेको छ र असंख्य व्यक्तिहरुको मान्यता, भावना, विचारधारा र गतिविधिहरुमा आमूल परिवर्तन गरेको छ ।

भगीरथले जल दुर्भिक्षको निवारणको लागि कठोर तप गरेर गंगालाई स्वर्गबाट पृथ्वीमा झार्ने काममा सफलता पाएका थिए । भगीरथ शिला गंगोत्री नजीकै छ । उहाँकै तप र पुरुषार्थले गंगा अवतरित भएकी हुन् । यसैले यिनलाई भगिरथी भनिन्छ । भगीरथले लोक मंगलको लागि प्रचण्ड पुरुषार्थ गरेर दैवी कसीमा खरो सिद्ध भएका थिए र भगवान शिवका कृपापात्र बने । आज चौतर्फी आस्थाको संकट व्याप्त भैरहेको छ । यसलाई दिव्य ज्ञानको गंगाधाराबाट मात्र मेट्न सकिन्छ । बौद्धिक र भावनात्मक अकाल निवारणको लागि शान्तिकुन्जबाट ज्ञान गंगाको जुन अविरल धारा बगेको छ, त्यसबाट दुर्भिक्ष मिट्ने आशा छ र सद्भावनाको विस्तार चौतर्फी हुनेछ ।

चरक ऋषिले केदारनाथ क्षेत्रको दुर्गम स्थानहरुमा वनौषधिहरुमा अनुसन्धान गरेर रोगग्रस्तहरुको रोग निवारण गर्ने संजीवनीको खोज गर्नु भएको थियो । ऋषि चरकले औषधिसँग कुरा गरेर गुण सोधने गर्दथे र त्यसको संकलन गरेर अनुसन्धान गर्दथे भन्ने शास्त्र कथन छ । जीवनी शक्ति सम्बर्धन, मनोविकार शमन र व्यवहारिक गुण, कर्म, स्वभावमा परिवर्तन गर्ने गुण भएका अनेक औषधिहरु यसै अनुसन्धानको देन हो । शान्तिकुन्जमा दुर्लभ औषधिहरुलाई खोजेर ल्याउनु, र उसको गुण र प्रभावलाई आधुनिक वैज्ञानिक यन्त्रमा जाँच्ने जुन प्रयोग चल्दछ, त्यसले आयुर्वेदलाई एक प्रकारले पुनर्जीवित गरेको छ । सही औषधिको एक्लो प्रयोगबाट कसरी निरोग रहेर दीर्घायु प्राप्त गर्न सकिन्छ, यो अनुसन्धान यो ऋषि परम्पराको पुनर्जीवनको लागि भैरहेको प्रयाशको एउटा कडी हो ।

महर्षि व्यासले नर – नारायण पर्वतको मध्यमा रहेको वसुधारा जलप्रपातको नजीक व्यास गुफामा गणेशजीको सहयोगबाट पुराण लेखनको कार्य गर्नु भएको थियो । उच्चस्तरीय कामको लागि एक्लोपन, शान्ति र सतोगुणी वातावरणको अभीष्टता हुन्छ । आजको परिस्थितिमा जबकि प्रेरणादायी साहित्यको

अभाव रहेको छ, पुरातन ग्रन्थ लुप्त भैसकेका छन्, शान्तिकुञ्जमा बसेको तन्त्रीले आजभन्दा पच्चीस वर्ष पहिले देखि नै चौतर्फी वेद र अठारह पुराण, एक सय आठ उपनिषद, छ दर्शन, चौबीस गीता, आरण्यक, ब्राह्मण आदि ग्रन्थहरुको भाष्य गरेर सर्वसाधारणको लागि सुलभ र व्यवहारिक बनाएर राखी सकेको छ। साथै सर्वसाधारणको प्रत्येक समस्यामा व्यवहारिक समाधान परक युगानुकूल साहित्य निरन्तर लेख्ने काम भैरहेको छ। जसले लाखौं व्यक्तिहरुको मन मस्तिष्कलाई प्रभावित पारेर सही दिशा प्रदान गरेको छ। प्रज्ञापुराणका अठारह खण्ड नवीनतम श्रृजन हुन्, जसमा कथा साहित्यको माध्यमबाट उपनिषद र दर्शनलाई सर्वसुलभ बनाइएको छ।

पतंजलीले रुद्र प्रयागमा अलकनन्दा एवं मंदाकिनीको संगम स्थलमा योगविज्ञानका विभिन्न प्रयोगको आविष्कार र प्रचलन गर्नु भएको थियो। वहाँले मानवी कायामा ऊर्जा को भण्डार नीहित छ भन्ने कुरा प्रमाणित गर्नु भएको थियो। यो शरीर तन्त्रको ऊर्जा केन्द्रहरुलाई प्रसुप्ति देखि जाग्रत अवस्थामा ल्याएर मानिस देवमानव बन्न सक्दछ र ऋषि सिद्धि सम्पन्न हुन सक्दछ। शान्तिकुञ्जमा योगसाधनाका विभिन्न अनुशासन, योगत्रयी, कायाकल्प एवं आसन प्राणायामको माध्यमबाट यो बाटोमा हिँड्ने जिज्ञासु साधकहरुको बहुमूल्य यन्त्र र उपकरणहरुद्वारा सुयोग्य चिकित्सकहरुबाट शारीरिक र मानसिक परीक्षा गराएपछि साधनाको लाभ दिइन्छ एवं भावी जीवन सम्बन्धी दिशा धारा प्रदान गरिन्छ।

याज्ञवल्क्यले त्रियुगी नारायणमा यज्ञ विद्याको खोजी गर्नु भएको थियो र त्यसका भेद उपभेदका परिणाम मानिस र सम्पूर्ण जीवन जगतको स्वास्थ्य सम्बर्धनकोलागि वातावरण शोधन, वनस्पति सम्बर्धन एवं वर्षणको रुपमा जाँच्ने, कस्ने काम गर्नु भयो। हिमालयको यो दुर्गम स्थानमा अवस्थित एउटा अग्निकुण्डमा अखण्ड अग्नि रहेको सुनिन्छ जसलाई शिव पार्वतीको विवाह काल देखि प्रज्ज्वलित मानिन्छ। यो अग्निशिखा त्यस परम्पराको प्रतीक हो। आज यज्ञ विज्ञानका लुप्तप्राय श्रृंखलालाई पुनः खोजेर समयानुकूल अन्वेषण गर्ने दायित्व ब्रहमवर्चस शोध संस्थाले आफ्नो काँधमा बोकेको छ। यज्ञोपचार पद्धति (यज्ञोपैथी) को अनुसन्धानको लागि समयानुकूल एक सर्वांगपूर्ण प्रयोगशाला आधुनिक उपकरणबाट युक्त ब्रहमवर्चस प्रांगणको मध्यमा विद्यमान छ। वनौषधिको प्रयोगबाट शारीरिक एवं मानसिक रोगको उपचार, मनोविकार शमन, जीवनी शक्ति वर्धन, प्राणवान पर्जन्यको वर्षा र पर्यावरण सन्तुलन जस्ता प्रयोगहरुको निष्कर्ष देखेर जिज्ञासुहरु आश्चर्य चकित हुन्छन्।

विश्वामित्र गायत्री महामन्त्रका दृष्टा र नयाँ श्रृष्टिका सृजेता मानिन्छन्। वहाँले सप्तऋषिहरुको साथमा जुन क्षेत्रमा तप गरेर आद्यशक्तिको साक्षात्कार गर्नु भएको थियो, त्यो पावन भूमि यही गायत्री तीर्थ शान्तिकुञ्ज नै हो जसलाई मेरा मार्गदर्शकले दिव्य चक्षु प्रदान गरेर दर्शन गराउनु भएको थियो र आश्रमको निर्माण गर्न प्रेरित गर्नु भएको थियो। विश्वामित्रको सृजन साधनाका सूक्ष्म संस्कार यहीं सघन रुपमा विद्यमान रहेको छ। महाप्रज्ञालाई युगशक्तिको रुप दिनको लागि वहाँहरुका २४ वटा मूर्ति स्थापित गरेर सम्पूर्ण राष्ट्र र विश्वमा नै आदिशक्तिको वसुधैव कुटुम्बकम एवं सद्बुद्धिको प्रेरणा दिने सन्देश यहींबाट उद्घोषित भएको थियो। अनेक साधकहरुले यहाँ गायत्री अनुष्ठान गरेका छन् र आत्मिक क्षेत्रमा

सफलता पाएका छन् । शब्द शक्ति एवं सावित्री विधामा वैज्ञानिक अनुसन्धान विश्वामित्र परम्पराको नै पुनर्जीवन हो ।

जमदग्निको गुरुकुल – आरण्यक उत्तर काशीमा अवस्थित थियो र बालक तथा वानप्रस्थहरुको समग्र शिक्षा व्यवस्थाको भण्डारागार थियो । अल्पकालीन साधना, प्रयाश्चित र संस्कार आदि गराउने र प्रौढहरुको शिक्षणको समेत यहाँ सुमुचित व्यवस्था थियो । प्रखर व्यक्तिहरुको उत्पादन, बानप्रस्थ र परिव्राजकको लागि लोकसेवकहरुको शिक्षण, गुरुकुलमा बालकहरुलाई नैतिक शिक्षण, तथा युगशिल्पी विद्यालयमा समाज निर्माणको विधाको समग्र शिक्षण यो ऋषि परम्परालाई अगाडी बढाउनका लागि शान्तिकुञ्जद्वारा सञ्चालित क्रियाकलापहरु हुन् ।

देवर्षि नारदले गुप्त काशीमा तपस्या गर्नु भएको थियो । वहाँ आफ्नो वीणा वादनद्वारा जन जागरणमा निरन्तर लागि रहनु हुन्थ्यो । वहाँले जन – जनलाई उचित परामर्श दिएर प्रसुप्ति भक्ति भावनालाई जगाएर प्रौढता सम्म पु¥याउनु भएको थियो । शान्तिकुञ्जको युगगायन शिक्षण विद्यालयले अहिलेसम्म यस्ता हजारौं परिव्राजक प्रशिक्षित गरेको छ । वहाँहरु एक्लै भएपनि आ – आफ्नो क्षेत्रमा र समूहमा जीप टोलीद्वारा भ्रमण गरेर नारद परम्पराको नै अनुकरण गरिरहनु भएको छ ।

देव प्रयागमा रामलाई योगवशिष्ठको उपदेश दिने वशिष्ठ ऋषिले धर्म र राजनीतिको समन्वय गर्नु भएको थियो । शान्तिकुञ्जका सूत्रधारले सन् १९३० देखि सन् १९४७ सम्म आजादीको लडाई लडेको हो । जेलको कठोर यातना सहेको हो र त्यसपछि साहित्यको माध्यमबाट समाज एवं राष्ट्रको मार्ग दर्शन गरेको हो । धर्म र राजनीतिको समन्वय तथा साहचर्यको लागि जे हुन सकेको छ, त्यसलाई मैले पुरै मनोयोगले गर्दै आएको छु ।

आद्य शंकराचार्यले ज्योर्तिमठमा तप गर्नु भयो र देशका चार कुनामा चार धामको स्थापना गर्नु भयो । विभिन्न संस्कृतिहरुको समन्वय र धार्मिक संस्थानको माध्यमबाट जनजागरण गर्नु वहाँको लक्ष्य थियो । शान्तिकुञ्जको तत्वावधानमा २४०० गायत्री शक्तिपीठहरुको निर्माण भएको छ, जहाँबाट धर्म धारणालाई समुन्नत गर्ने कार्य निरन्तर चलि रहेको छ । यसका साथै भवन बिनाका चल प्रज्ञा संस्थान एवं स्वाध्याय मण्डलहरुद्वारा देशमा चेतना केन्द्रहरुको जाल बिछाइएको छ । यी सबै केन्द्रहरु चार धामको परम्परामा आ – आफ्ना क्षेत्रमा युग चेतनाको प्रकाश वितरण गरि रहेका छन् ।

ऋषि पिप्लादले ऋषिकेश नजीकै मनमाथि अन्नको प्रभाव बारे अनुसन्धान गर्नु भएको थियो । वहाँले पिपलको फलमा निर्वाह गरेर आत्मसंयमद्वारा ऋषित्व प्राप्त गर्नु भएको थियो । मैले २४ वर्षसम्म जौको रोटी र महीमा निर्वाह गरेर गायत्री अनुष्ठान गरें र तदुपरान्त आजीवन उमालिएका खानेकुरा र अन्न तथा शाकमा निर्भर छु । अहिले पनि उमालिएको अन्न र हरियो वनस्पतिको कल्प प्रयोगको प्रतिक्रिया र छानबीन शान्तिकुञ्जमा अमृताशन शोधको नामले चलिरहेको छ । सूत – शौनिकले ऋषिकेशमा नै कथा पुराण वाचनको ज्ञान – सत्र ठाउँ ठाउँमा लगाउनु हुन्थ्यो । आज हाम्रो प्रज्ञा पुराणको

कथावाचन यति लोकप्रिय भएको छ कि मानिसहरुले यसलाई युगपुराण भन्दछन् । यसका चार भाग छापिसकेका छन् र १४ भाग छाप्न बाँकी छ ।

"हरकी पौढी" हरिद्वारमा सर्वमेध यज्ञमा हर्षवर्धनले आफ्नो सम्पूर्ण सम्पत्ति तक्षशिला विश्व विद्यालय निर्माणको लागि दान गरेका थिए । शान्तिकुञ्जका सूत्रधारले आफ्नो लाखौंको सम्पत्ति गायत्री तपोभूमि तथ जन्मभूमिमा विद्यालय निर्माण हेतु दिएको छ । यस मध्येबाट आफू र आफ्ना सन्ततिको लागि एक पैसा पनि रखेको छैन । यसै परम्परालाई अब शान्तिकुञ्जसँग स्थायी रुपले जुट्दै आएका लोक सेवीहरुले पनि निर्वाह गरिरहेका छन् ।

कणाद ऋषिले अथर्ववेदीय शोध परम्परा अन्तरगत आफ्नो समयमा अणु विज्ञानको , वैज्ञानिक अध्यात्मवादको अनुसन्धान गर्नु भएको थियो । यस्ता कुरा बुद्धिवादीहरुलाई बुझाउनका लागि समय अनुसार अब शास्त्रवचनका साथ साथ तर्क, तथ्य एवं प्रमाण पनि अनिवार्य छ । ब्रह्मवर्चस शोध संस्थानमा अध्यात्मदेव, एवं विज्ञान दैत्यको समन्वयको समुद्र मन्थन भैरहेको छ । दार्शनिक अनुसन्धान मात्र होइन, वैज्ञानिक प्रमाणको प्रस्तुतीकरण पनि यसको सबभन्दा ठूलो विशेषता रहेको छ । संसारले यसका उपलब्धीहरुलाई नियालेर हेर्दै छ र ठूलो आशावादी छ ।

बुद्धका परिव्राजकहरु संसार भरको धर्म चक्र प्रवर्तनको लागि दीक्षा लिएर निस्केका थिए । शान्तिकुञ्जमा, मात्र यो देशमा धर्म धारणाको विस्तारको लागि होइन, अपितु संसारका सबै देशहरुमा देवसंस्कृतिको सन्देश दिनको लागि परिब्राजकहरु दीक्षित भैरहेका छन् । यहाँ आउने परिजनहरुलाई धर्मचेतनाबाट अनुप्राणित गरिन्छ । भारतमा मात्र झण्डै एक लाख प्रज्ञा पुत्र प्रवृज्यामा निरत रहेर घरघरमा जन जागरण गरी रहेका छन् ।

आर्यभट्टले सौर्य मण्डलको ग्रह – उपग्रहको ग्रह – गणित लगाएर पृथ्वीका साथ सौर्य परिवारको आदान प्रदानको क्रम कस्तो छ र यो आधारमा धरतीको वातावरण र प्राणी समुदाय कसरी प्रभावित हुन्छन् भन्ने कुरा पत्ता लगाएका थिए । शान्तिकुञ्जमा एउटा समग्र बेधशाला बनाइएको छ र त्यससंग आधुनिक यन्त्रहरुको समन्वय स्थापित गरेर ज्योतिर्विज्ञानको अनुसन्धान गरिदैछ । दृश्य गणित – पंचाङ्ग यहाँको एउटा अनौठो देन हो ।

चैतन्य महाप्रभु सन्त ज्ञानेश्वर र समर्थ गुरु रामदास, प्राणनाथ महाप्रभु तथा रामकृष्ण परमहंस आदि सबै मध्यकालीन सन्तहरुको धर्मधारण विस्तार परम्पराको अनुशरण शान्तिकुञ्जमा भैरहेको छ ।

सबभन्दा महत्वपूर्ण प्रसंग त यो हो कि यस आश्रमको वातावरण यति प्रबल संस्कारले परिपूर्ण छ कि व्यक्ति सहजै अध्यात्म तिर प्रेरित हुँदै जान थाल्दछ । यो सूक्ष्म सत्ताधारी ऋषिहरुको यहाँ उपस्थितिको परिणाम हो । वहाँहरुले आफूले उठाएको पाइलाको पुनर्जीवन देखेर निश्चय नै प्रशन्न भएर भावपूर्ण आशीर्वाद दिइरहेहोलान् । ऋषिहरुको तपप्रतापबाट नै यो धरती देवमानवहरुबाट धन्य भएको हो । बाल्मीकि आश्रममा लव – कुश र कण्व आश्रममा चक्रवर्ती भरत विकसित भएका थिए । कृष्ण र रुकमिणीले बद्रीनारायणमा तप गरेर कृष्ण जस्तै प्रद्युम्नलाई जन्म दिएका थिए । पवन र अन्जनीले

तपस्वी पूषाको आश्रममा बजरंगबलीलाई जन्म दिएका थिए । यो हिमालय क्षेत्रमा भएको तपसाधनाको नै चमत्कारी वरदान थियो ।

संस्कारवान क्षेत्र एवं तपस्वीहरुसँगको सम्पर्क लाभका अनेक विवरणहरु छन् । स्वाती नक्षत्रको पानीको थोपा सीपमा परेपछि मोती बन्दछ । बाँसमा वंशलोचन र केरामा कपूर बन्दछ । चन्दनका नजिक उम्रेका झाडीहरु पनि सुगन्धित हुन पुग्दछन् । पारसको स्पर्श पाएर फलाम सुन बन्दछ । मेरा मार्गदर्शक सूक्ष्म शरीरमा पृथ्वीको स्वर्ग भनेको यसै हिमालय क्षेत्रमा शताब्दियौं देखि रहँदै आउनु भएको छ । जसको ढोकामा हामी बसी रहेका छौं । मेरो ब्याट्री चार्ज गर्नका लागि वहाँले समय समयमा बोलाउने गर्नु भएको छ । जब वहाँले कुनै नयाँ काम दिन चाहनु हुन्छ, तब नयाँ शक्ति दिनको लागि मलाई त्यहीं बोलाउनु हुन्छ । त्यहाँबाट फर्कदा मैले नयाँ शक्ति भण्डार प्राप्त गरेको अनुभव हुने गर्दछ ।

म प्रज्ञा पुत्रहरु र जाग्रत आत्माहरुलाई युग परिवर्तनमा रीछ, वानर र ग्वालबालको भूमिका निर्वाहको क्षमता आर्जित गर्नको लागि शिक्षण पाउन या साधना गर्नका निमित्त सधैं शान्तिकुञ्ज बोलाउने गरेको छु । यो क्षेत्रको आफ्नो विशेषता छ । गंगाको काख, हिमालयको छाया, प्राणचेतनाले भरिएको वातावरण र दिव्य संरक्षण यहां उपलब्ध छ । यहाँ थोरै समय निवास गर्नेले पनि आफ्नो कायाकल्प भए जस्तो अनुभव गर्दछ । उनीहरुले कुनै जाग्रत तीर्थमा निवास गरेर अभिनव चेतना उपलब्ध गरेको अनुभव गर्दछन् । यो एक किसिमको अध्यात्मिक सेनीटोरियम हो ।

साठी वर्ष देखि बलीरहेको अखण्ड दीपक, नौ कुण्डको यज्ञशालामा नित्य २ घण्टा यज्ञ, दुवै नवरात्रिमा २४ - २४ लाख गायत्री महापुरश्चरण, साधना आरण्यकमा गायत्री उपासकहरुद्वारा नित्य नियमित अनुष्ठान । यी सबै कुराबाट यहाँ यस्तो दिव्य वातावरण बन्दछ जस्तो मलयागिरिमा चन्दनका रुखहरुबाट बग्ने मनमोहक सुगन्ध । यहाँ आएपछि साधना नै नगरेपनि यो समय तप साधनामा बितेको आनन्द आउँछ । शान्तिकुञ्ज गायत्री तीर्थको विशेषता यहाँ सतत दिव्य अनुभूति हुनु हो । यो संस्कारित सिद्ध पीठ हो, किनकि यहाँ सूक्ष्म शरीरधारी ती सबै श्रृषि क्रिया - कलापको रुपमा विद्यमान छन्, जसको वर्णन मैले गरिसकेको छु ।

उपरोक्त पंक्तिहरुमा ऋषि परम्पराको टुटेका कडीहरु मध्ये केही कडी जोडिएको उल्लेख गरिएको छ जसमा विगत दिनहरुमा अध्यात्म र विज्ञानको ब्रह्मवर्चस शोध साधनाद्वारा सम्पन्न गरिदै आइएको छ । यस्ता प्रसंग एक होइन अनेक छन् जसमा विगत ६० वर्ष देखि प्रयत्न चलिरहेको छ र लगनशीलता, तत्परता यदि उच्चस्तरीय प्रयोजनमा संलग्न हुन्छ भने त्यसको परिणाम कति महत्वपूर्ण हुन्छ ? भन्ने कुरा सिद्ध गर्दै आएका छौं ।

.................. कहीं पनि सुधारका प्रयत्न सफल भैरहेका छैनन् । स्थिर समाधानको लागि जनमानसको परिष्कार र सत्प्रवृत्ति संवर्धन यी दुइटा उपाय मात्र छन् । यसमा प्रत्यक्ष, रचनात्मक, संगठनात्मक र सुधारात्मक उपयोगद्वारा पनि प्रयाश हुनु पर्दछ साथै अदृश्य अध्यात्मिक उपचार पनि हुंदै जानु पर्दछ । मैले विगतमा यही काम गरेको छु । सिंगो सामर्थ्यलाई यसैमा होमेको छु । अहिले सम्मका परिणाम

आश्चर्यजनक छन् र अब जे हुन्छ त्यसलाई भविष्यमा अप्रत्याशित भनिने छ । एक शब्दमा यो ब्राह्मण मनोभूमिद्वारा अपनाइएको सन्त परम्परा अपनाउनमा गरिएको तत्परता नै हो । यस प्रकरका प्रयाशमा लागेको व्यक्तिले आफ्नो कल्याण गर्दछ र अन्य व्यक्तिहरुको पनि कल्याण गरिरहेका हुन्छ ।

## मेरा प्रत्यक्ष सिद्धिहरु

सम्पत्तिको संग्रह भएपछि त्यसको प्रभाव देखिन थाल्छ । शरीर स्वस्थ भएको मानिस बलिष्ठ र सुन्दर देखिन्छ । सम्पत्तिशालीको ठाटबाट बढेको हुन्छ र बुद्धिमानको वैभव बोलचाल र रहनसहनमा देखा पर्दछ । ठिक्क यस्तै अध्यात्मिक धन बढेपछि त्यसको प्रभाव पनि स्पष्ट उदीयमान भैरहेको देखा पर्दछ । "साधनाबाट सिद्धि" को अर्थ हुन्छ –"असाधारण सफलता" साधारण – सफलता त सामान्य मानिसले पनि आफ्नो पुरुषार्थ र साधनको सहाराले प्राप्त गर्ने गर्दछ र किसिम किसिमका थुप्रै सफलता आर्जित गरेको हुन सक्दछ । अध्यात्म क्षेत्र ठूलो र उच्च हुन्छ । यसकारण यसका सिद्धि पनि यस्तो हुनु पर्दछ जसलाई सामान्य जनको एक्लो प्रयाशबाट बन्न नसक्ने सम्भव हुंदैन र यसलाई धेरै उच्च स्तरको मान्नु पर्दछ ।

यसलाई त दुर्भाग्य नै भन्नु पर्दछ कि अध्यात्मिकताको अवमूल्यन हुँदै यो त चटके स्तरसम्म आई पुगेको छ र सिद्धिको तात्पर्य मानिसहरुले कुनै यस्तो आश्चर्यलाई ठान्न थालेका छन् जसबाट कौतुक र कौतूहल उत्पन्न हुन्छ जसले दर्शकलाई आश्चर्य चकित पार्दछ चाहे त्यो आश्चर्य जनक उपलब्धि सर्वथा निरर्थक नै किन नहोस । रौंको छाला काढ्नु भनेको कुनै यस्तो काम त होइन, जसबाट कसैको रोकिएको काम बनोस अथवा त्यसबाट कसैको बहुतै ठूलो हित हुन सकोस् । चटकेहरुले त असाधारण काम र चकाचौंध पार्ने खालका चटक नै देखाउँछन् । यसै आधारमा तिनले पैसा कमाउँछन् र स्याबासी पाउँछन् । तर यिनीहरुको कामबाट जनहितको साधना हुने कुनै काम हुँदैन । यिनीहरुको त कौतुक देखाएर आफ्नो चटकको बडप्पन सिद्ध गर्ने उद्देश्य रहेको हुन्छ । यसको सहारामा उनीहरुको रोजी रोटी चल्छ । सिद्ध पुरुषहरु मध्ये पनि कतिपय त यस्ता चटके हुन्छन् जसले आफ्नो हात – सफाई देखाएर आफू सिद्ध रहेको विज्ञापन गरि रहेका हुन्छन् । हावामा हात हल्लाएर सुकुमेल या मिठाई मगाउने र रुपैयालाई दोब्बर पारिदिने जस्ता चमत्कार देखाएर कतिपय सोझा मानिसहरु ठगिएका समाचार दिनहूँ सुन्न पाइन्छ । यो त मानिसहरुको बालबुद्धि हो, जसले चटक, कौतुक र अध्यात्म क्षेत्रको सिद्धिको अन्तर बुझ्दैनन् । चटके र सिद्ध पुरुषको जीवन क्रमको स्तरमा जुन मौलिक अन्तर हुन्छ, त्यसको पहिचान गर्नु पर्दछ ।

साधनाबाट सिद्धिको तात्पर्य ती विशिष्ट कामहरु हुन्, जो लोक मंगलसँग सम्बन्धित हुन्छन् र यति ठूला तथा व्यापक हुन्छन् जसलाई कुनै एक्लो व्यक्तिले आफ्नो संकल्प र प्रयासको बलले गर्न सक्दैन र पनि त्यसलाई गर्ने दुसाहस गर्छ र अगाडी बढ्नको लागि पाइला सार्छ र अन्तमा असम्भव

देखिने काम लाई पनि गरी छाड्छ । त्यसलाई पनि समयानुसार सहयोग प्राप्त हुन्छ । जब श्रृष्टिको नियम अनुसार प्रत्येक वर्गका मानिसलाई सहयोग प्राप्त हुने गर्दछ तब श्रेष्ठ काम गर्ने माथि त्यो विधान लागु नहुने कुनै कारण नै हुँदैन । यहां एउटा प्रश्न के मात्र उठ्छ भने अध्यात्मवादीले साधन र सहयोगको अभावमा पनि पाइला सारी रहेको हुन्छ र आत्मबल तथा ईश्वर माथि विश्वास राखेर आफ्नो डुंगा लाई पारी लैजाने भरोसा राखेको हुन्छ, तर सामान्य मानिसको मनस्थिति यस्तो हुँदैन । यिनले त साधन र सहयोगको व्यवस्था भैसकेको प्रत्यक्ष देखिसकेपछि मात्र काममा हात हाल्छन् ।

साधनारत महापुरुषहरुबाट त महान कार्य सम्पन्न हुने गर्दछन् । तिनको सिद्धि र चमत्कार यही हुन्छ । देशमा स्वतन्त्रता आन्दोलन प्रारम्भ गर्नका लागि समर्थ गुरु रामदासले एउटा मराठा बालकलाई अघि सारेर काममा जुट्नु भएको थियो र आश्चर्यजनक सीमासम्म सफलता पाउनु भयो । भगवान बुद्धले समाजमा व्याप्त भ्रष्टाचारका विरुद्ध विश्वव्यापी बुद्धवादी आन्दोलन चलाउनु भयो र त्यसलाई सम्पूर्ण संसारमा, विशेषतया एशियाको कुना काप्चामा पु¥याउनु भयो । गाँधीजीले सत्याग्रह आन्दोलन गर्नु भयो र एक मुठ्ठी मानिसहरुलाई साथ लिएर धरसनामा नुन बनाउने काम गरेर आन्दोलनको शुरुवात गर्नु भयो । अन्तमा यसको कस्तो विस्तार र कस्तो परिणाम भयो ? भन्ने सम्बन्धमा सर्वविदित नै छ । विनोवाद्वारा एक्लै शुरु गरिएको भूदान आन्दोलन कति व्यापक र सफल भयो ? यो कुरा कसैसँग लुकेको छैन । स्काउटिंग र रेडक्रस जस्ता कतिपय आन्दोलनहरु नितान्त सानो रुपमा शुरु भएर कहाँ देखि कहाँ पुगे ? स्पष्ट नै देखिन्छ । राजस्थानको वनस्थली बालिका विद्यालय, बाला साहब आम्टेको अपाङ्ग एवं कुष्टरोगी सेवा सदन, यस्तै प्रत्यक्ष देखिने कामहरु हुन् जसलाई साधना देखि सिद्धिको प्रत्यक्ष प्रमाण भन्न सकिन्छ । यस्ता अनगिन्ती घटनाहरु संसारमा सम्पन्न भएका छन्, जसमा प्रारंभकर्ताको कौशल, साधन र सहयोग नगण्य थियो तर आत्मबल भने असीम थियो । यत्तिकै भरमा गाडी चल्यो र यत्र तत्र तेल पानी प्राप्त गर्दै क्रमशः गन्तव्य स्थानसम्म पुग्न सफल भयो । सद्उद्देश्यको यस्तो पूर्तिको पछाडी साधना देखि सिद्धिको झाँकी देख्न सकिन्छ ।

यदि कसैले सिद्धि स्तरमा मेरो जीवन साधनाको परिणाम खोज्न चाहन्छ भने ऊ निराश हुनु पर्दैन । मेरा प्रत्येक पाइला आफ्नो कौशल र उपलब्ध रहेका साधनहरुको सीमा भन्दा धेरै उच्च स्तरमा उठेको हेर्न सकिन्छ । मलाई कार्य प्रारम्भ गर्ने बेलामा सिद्धिको प्रर्यवेक्षण गर्नेहरुले "मूर्खतापूर्ण काम" भनेका थिए र अन्तमा उपहासको पात्र बन्नु पर्ने भन्ने चेतावनी पनि दिएका थिए तर मेरो मनमा ती ईश्वर जसले यो काम उठाउन मलाई प्रेरित गरेका छन्, वहाँ मेरा साथमा रहनु हुनेछ भन्ने अटल विश्वास थियो । लोभरहित अंतःकरणमा प्रायः यस्तै संकल्पहरु उठ्ने गर्दछन् जसको सीधा सम्बन्ध लोक मंगलसँग हुन्छ र जसको पछाडी दिव्य सहयोग प्राप्त हुने विश्वास हुन्छ ।

मैले साधनाको उर्जा सिद्धिका रुपमा परिपक्व भएपछि उसलाई सामयिक आवश्यकता पूरा गर्ने कुनै काममा लगाउन निश्चय गरें । कार्य आरम्भ भयो तर आश्चर्य यस कुराको छ कि सहयोगको र साधन जुटाउने वातावरण हेर्दै यस्ता अग्रगामी प्रयाशहरु भए मानौ ती पहिले देखि सुनिश्चित थिए र कसैले पहिले

देखि नै त्यसको आद्योपान्त व्यवस्था बनाएर राखेको थियो । अनेकौं पर्यवेक्षकहरुले मेरो कामलाई शरुमा दुसाहस भनेका थिए तर निरन्तर सफलता प्राप्त हुँदै गएपछि तिनीहरुले नै यी सफलताहरुलाई साधनाको सिद्धि भन्न थाले ।

यस्ता दुस्साहसहरुको सानो तिनो चर्चा त गरि नै सकेको छु तर ती सबैलाई पुनः दोहराउन पनि सकिन्छ । १) पन्द्रह वर्षको उमेरमा २४ वर्षसम्म गायत्री महापुरश्चरण २४ वर्षमा पूरा गर्ने संकल्प लिएँ जसको साथ साथ अन्य थप कामहरु पनि गर्दै जाने वाचा बन्धन थियो । ती सबै कामहरु कति पनि डगमग नभएर यथासमयमा सम्पन्न भए ।

२) यो महापुरश्चरणको पूर्णाहुतिमा निर्धारित जप संख्यामा हवन गर्नु थियो । आशीर्वाद दिनका लागि देशभरका गायत्री उपासकहरुलाई निमन्त्रित गर्नु थियो । पत्ता लगाउँदा चार लाख उपासकको पत्तो लाग्यो ती सबैलाई सन् १९५८ को मथुराको सहस्त्रकुण्डीय यज्ञमा आमन्त्रित गरियो । प्रशन्नताको कुरा यो थियो कि वहाँहरु मध्ये एक जना पनि अनुपस्थित भएन । पाँच दिनसम्म यज्ञ, भोजन र निवासको निःशुल्क प्रबन्ध थियो । विशाल यज्ञशाला, प्रवचन मन्च, बिजुली, पानी, सफाई आदि सुनियोजित प्रबन्ध थियो । सात माइलको घेरामा सातवटा नगर बसालिएको थियो । सम्पूर्ण कार्य निर्विघ्न पूरा भयो । लाखौं रुपिया खर्च भयो तर कसैको सामुन्ने हात नथापेर नै सबै आपूर्ति भयो ।

३) मैले आफ्नो पैतृक सम्पत्ति बिक्री गरेर गायत्री तपोभूमि मथुराको भवनको निर्माण शुभारंभ गरें त्यसपछि श्रद्धालुहरुले मागदै नमागेर स्वस्फूर्त रुपमा गरेको सहयोगबाट “धर्मतन्त्रबाट लोक शिक्षण” को उत्तरदायित्व, निर्वाह गर्ने केन्द्रको रुपमा त्यसको विशालकाय ढाँचा खडा भएको हो ।

४) अखण्ड ज्योतिको सन् १९५८ देखि अनवरत प्रकाशन । बिना विज्ञापन र चन्दा पनि नमागेर लागत मूल्यमा निस्कने गाँन्धीको हरिजन पत्रिका घाटा भएकोले बन्द भएको थियो तर तब पनि अखण्ड ज्योति अनेकौं कठिनाईका बावजूद प्रकाशित भै नै रह्यो र आज एक लाख पचास हजारको संख्यामा छापिन्छ । एक पुस्तकका कैयौं पाठक हुन्छन् यस दृष्टिले हेर्दा यसका पाठकको संख्या दसलाख भन्दा कम छैन ।

५) साहित्य श्रृजन ः आर्ष ग्रन्थहरुको अनुवाद तथा व्यवहारिक जीवनमा अध्यात्म सिद्धान्तहरुको सफल समावेश गर्ने, नितान्त सस्तो तर अत्यन्त उच्चस्तरीय पुस्तकहरुको प्रकाशन । यिनीहरुको अन्य भाषाहरुमा अनुवाद । यो लेखन यति धेरै छ कि एक मानिसको शरीरको भार भन्दा पनि बढी छ । यो साहित्य करोडौंले पढेका छन् र नयाँ प्रकाश पाएका छन् ।

६) गायत्री परिवारको गठन ः यसद्वारा लोकमानसको परिष्कारको लागि प्रज्ञा अभियान र सत्प्रवृत्ति सम्बर्धनको लागि युगनिर्माण योजनाको कार्यान्वयन । दुवै अन्तरगत लाखौं जाग्रत आत्माको एकीकरण । सबैको आ – आफ्नो तरिकाबाट नवसृजनामा भावपूर्ण योगदान ।

७) युगशिल्पी प्रज्ञा पुत्रहरुका लागि आत्म निर्माण र लोक निर्माणको समग्र पाठ्य विधिको निर्धारण र सत्र योजना अन्तरगत नियमित शिक्षण, दस दस दिनका गायत्री साधना सत्रको यस्तो व्यवस्था जसमा साधकको लागि निवास र भोजन आदिको प्रबन्ध रहेको छ ।

८) अध्यात्म र विज्ञानको समन्वयको शोधको लागि ब्रह्मवर्चस शोध संस्थानको स्थापना । यसमा यज्ञ विज्ञान र गायत्री महाशक्तिको उच्चस्तरीय अनुसन्धान भैरहेको छ । यसै उपक्रमलाई अझ अगाडी बढाएर जडीबुटी विज्ञानको चरककालीन प्रक्रियाको अभिनव अनुसन्धान हातमा लिइएको छ । यसका साथै खगोल विद्याको टुटेको श्रृंखलालाई नयाँ तरिकाले जोड्ने काम भैरहेको छ ।

९) देशका दूरस्थ क्षेत्रका कुना कुनामा २४०० निजी भवन भएका प्रज्ञा पीठ र बिना भवनका ७५०० प्रज्ञा संस्थानहरुको स्थापना गरेर नैतिक बौद्धिक र सामाजिक पुनर्निर्माणको युगान्तकारी चेतनालाई व्यापक बनाउने सफल प्रयत्न । यो प्रयासलाई ७४ देशका प्रवासी भारतीयहरुमा विस्तृत गरिएको छ ।

१०) देशका समस्त भाषा र संस्कृतिहरुको अध्ययन अध्यापनको एक अद्भुत केन्द्र स्थापित गरिएको छ । जसबाट प्रत्येक वर्गका मानिसहरुसम्म नवयुगको विचार धारालाई पु¥याउन सकियोस् । अहिले त जनजागरणको प्रचारक टोली जीप गाडीहरुको माध्यमबाट हिन्दी, गुजराती, उडिया र मराठी क्षेत्रमा मात्र पुगेको छ । अब यस्ता टोली देशका कुना काप्चामा पुग्ने छन् र पवित्रता, प्रखरता एवं एकात्मकताको जग बलियो पार्ने छन् ।

११) अहिलेसम्म टेप रिकार्डर र स्लाइड प्रोजेक्टरको माध्यमबाट प्रचार प्रसार चलिरहेको छ । अब त्यसमा भिडियो फिल्म निर्माणको एक कडी जोडिदै छ ।

१२) प्रज्ञा अभियानको विचारधारालाई फोल्डर योजनाको माध्यमबाट देशका सबै भाषाहरुमा यसरी प्रसारित गरिदै छ कि जहाँ नयाँ चेतनाको वातावरण बन्न देखि कुनै छेउ टुप्पो न छुटोस ।

१३) प्रज्ञा पुराणका ५ खण्डको प्रकाशन प्रत्येक भाषामा र त्यसको प्रवचन टेपको निर्माण । यस आधारमा पुराना कथा कुथुन्ग्रीहरुको माध्यमबाट नयाँ समस्याहरुको समाधानको प्रयास भै रहेको छ ।

१४) प्रतिदिन शान्तिकुञ्जको भोजनालयमा शिक्षार्थी, अतिथि र तीर्थयात्रिहरुको संख्या प्रायः एकहजार रहने गर्दछ । कसैसँग कुनै मूल्य मागिदैन । सबैजना श्रद्धाभाव पूर्वक प्रसाद ग्रहण गरेर जान्छन् ।

गायत्री तीर्थमा अनगिन्ती मानिसहरु आएर अनुष्ठान र साधना गर्ने गरेका छन् । यसबाट व्यक्तित्वमा परिष्कार हुने गर्दछ । मनोविकार देखि मुक्ति मिलेको छ र भावी जीवनको रीति नीति निर्धारित गर्नमा सहयोग प्राप्त हुने गर्दछ । ब्रह्मवर्चस शोध संस्थानमा विज्ञान सम्मत पद्धतिबाट प्रर्यवेक्षण गरेर यस सत्यलाई प्रमाणित गरि सकिएको छ ।

उपरोक्त प्रमुख कार्य र निर्धारणहरुलाई देखेपछि हाम्रो सरल बुद्धिमा के कुरा आउँछ भने यो काममा श्रम मनोयोग र साधन बहुतै ठूलो संख्यामा लागेको हुनु पर्दछ अर्थात् पहाड जत्तिकै विशाल श्रम साधनको प्रयोग भएको भनेर हामीले सहजै कल्पना गर्न सक्दछौं । तर यो कामको प्रारम्भ गर्ने, आमन्त्रित गर्ने र एकत्रित गर्नमा एक व्यक्तिको अदृश्य शक्तिले मात्र काम गरेको छ । अहिलेसम्म कसैसँग याचना,

अपील अथवा चन्दा उठाउने प्रक्रिया अपनाइएको छैन । जे जति काम भएको छ, यो सबै स्वेक्षा र सहयोगले भएको छ । आज भोली धन जम्मा गर्नका लागि कति दबाब, आकर्षण र तरीका अपनाउनु पर्दछ भन्ने कुरा सबैलाई थाह छ । तर यो मात्र एउटा यस्तो मिशन हो जसमा प्रतिदिन ज्ञानघटमा दस पैसा र धर्मघटमा एक मुठ्ठी अन्न स्थापित गरेर आफ्नो काम चलाई रहेको छ । ज – जसले यति सानो धनराशि दान गर्ने गर्दछ उसले यो संस्था मेरो हो र मेरो श्रम सहयोगले चलिरहेको छ भन्ने कुरा अनुभव गर्दछ र फलस्वरुप उसको आत्मीयता सघनतापूर्वक यो संस्था सँग गाँसिएको छ । संस्थाका सञ्चालकहरुले पनि यति धेरै दानदाता प्रति उत्तरदायी भएर सबैलाई जवाफ दिनु पर्दछ र एक एक पैसा बहुतै सतकर्ता पूर्वक खर्च गर्नु पर्दछ । थोरै पैसाले यति ठूलो कामको सञ्चान हुने र सफलता पाउने रहस्य यसको लोकप्रियता नै हो ।

यो मिशनसँग निस्वार्थी, त्यागी र उच्चस्तरीय व्यक्तित्व भएका जति कार्यकर्ता छन् त्यति कार्यकर्ता अरु कुनै संगठनसँग मुश्किलले नै होलान् । यसको एकमात्र कारण यो हो कि सञ्चालन सूत्रलाई नजिकबाट खुब धेरै जाँच परख गरेपछि यहाँ बाह्मण आत्माले काम गरिरहेको छ भन्ने कुरामा विश्वास गर्नु नै हो । मानिसहरुले बुद्धको जाँच परख गरेर लाखौं परिव्राजक घर छोडेर वहाँका अनुयायी बने । गाँधीका सत्याग्रहीहरुले पनि त तलब मागेनन् । आज जबकि प्रत्येक संस्थामा वैतनिक कर्मचारीले काम गर्दछन् तब यो प्रज्ञा अभियान एक मात्र यस्तो तन्त्र हो जसमा उच्चस्तरीय योग्यता भएका हजारौं मानिसहरु भोजन – वस्त्रमा नै निर्वाह गरिरहेका छन् ।

यति व्यक्तिहरुको श्रम – सहयोग र थोपा थोपा गरेर संकलित हुने यति विशाल धनराशि र विपुल साधन चुम्बकले तानेर ल्याए झै तानिदै आई रहेको छ, यो पनि एउटा चमत्कार नै हो । जो अन्यत्र कदाचित कतै मुश्किलले देखा पर्न सक्दछ ।

बितेका दिनहरुमा पटक पटक हिमालय जाने र एकान्त साधना गर्ने निर्देशनको पालना गर्दै आएको छु । यसमा के देखियो त ? भन्ने कुरा बडो आतुरतापूर्वक जिज्ञासा राख्ने गर्दछन् । वहाँहरुले त्यहाँ कुनै यक्ष, गन्धर्व, राक्षस, बेताल र सिद्ध पुरुषसँग भेट – वार्ता भयो होला, उनीहरुको उठापटक देखियो होला र अदृश्य हुने तथा प्रकट हुने खालका कुनै जादुई छडी पाए होलान् भन्ने कुरा कल्पनामा आउँछ होला । जिज्ञासुहरुले यस्तै किसिमका अनहोनी देखिने घटना सुन्न चाहन्छन् । वहाँहरुले हिमालय भनेको जादू मन्तरको थैलो भन्ने ठान्दछन् । त्यहाँ पुग्नासाथ कुनै चटके बाबा कुनै बन्द डेब्बाबाट उफ्रेर भूत झैं बाहिर निस्कन्छन् र त्यस क्षेत्रमा जो गएको हुन्छ त्यसलाई विभिन्न कौतुक र चटक देखाएर मुग्ध पारि दिन्छन् होला भन्ने कल्पना गर्दछन् । तर वास्तविकता के छ भने मलाई बढी भन्दा बढी अन्तरमुखी हुनको लागि हिमालय जानु परेको थियो । हाम्रो बहिरंग जीवन माथि घटनाहरु ओइरिएका हुन्छन् भने अतःक्षेत्रलाई भावनाहरुले छोपेका हुन्छन् । भावनाहरुको वर्चस्व नै अध्यात्मवाद हो । इच्छा र वस्तुहरुको दौड भौतिकवाद हो । किनकि मेरो जीवनक्रम यी दुइटैको संगम रहेको छ, यसकारण बहिरंगमा जम्मा भैरहेको प्रभावलाई बीच – बीचमा एकान्तमा गएर धपाउने माझने आवश्यकता पर्ने गरेको हो । आत्मालाई

प्रकृतिको सानिध्यबाट जति सकें त्यति हटाएको छु र आत्मालाई परमात्मासँग जति नजिक लैजान सकें, त्यति नजिक लैजानलाई हिमालयको अज्ञातवासमा प्रयाश गरेको हुँ । आहार विहारमा परिस्थितिवश अधिक सात्विकताको समावेश हुने गरेकै छ । यसको अतिरिक्त सबभन्दा ठूलो कुरा उच्चस्तरीय भाव संवेदनाहरुको उन्नति र रसास्वादन प्राप्त हुनु हो । यसको लागि व्यक्ति, साधन र परिस्थितिको आवश्यकता पर्दैन । राम्रो नराम्रो जे जस्तो सामुन्ने आउँछ, त्यसैमा आफ्नो भावना र चिन्तनलाई जोडेर यस्तो स्वरुप बनाउन सकिन्छ, जसबाट एक थोकको रुप अर्को थोक देखा परोस् । कण कणमा भगवानको र उनको रस संवेदनाको दर्शन हुन थालोस् ।

ज –जसले मेरो “सुनसानको सहचर” पुस्तक पढेको छ, उसले सामान्य घटना र परिस्थितिमा पनि आफ्नो उच्च भावनाहरुको समावेश गरेर स्वर्गीय उत्साहले भरिपूर्ण वातावरण गठित गर्न र त्यसैमा मस्त रहेर सत –चित –आनन्दको अनुभूति प्राप्त गर्न सकिन्छ भन्ने कुरा बुझ्न सक्दछ । यो एउटा उच्चस्तरीय सिद्धि हो । यो सिद्धि प्राप्त भैसकेपछि म सर्वसाधारण जस्तो जीवनचर्यामा निरत रहेर पनि स्वर्गमा बस्ने देवता जस्तो आनन्दित रहने गर्दछु ।

## चौथो र अन्तिम निर्देशन

गत वर्ष पुनः चौथो पटक मलाई एक साताको लागि हिमालय बोलाइयो । सन्देश पूर्ववत सन्देश सरह नै आयो । अनि आज्ञाको परिपालनमा विलम्ब गर्नु त थिएन । मेरो शरीर मलाई सुम्पिएको काममा खटि राखे पनि मन भने सदैव दुर्गम हिमालयमा आफ्नो गुरुसँग नै हुन्छ । मलाई भन्न त संकोच भैरहेको छ तर गुरुदेवको शरीर हिमालयमा र मन भने मेरो वरीपरी मडारिई रहेको भन्ने अनुभव हुन्छ । वहाँको वाणी प्रेरणा बनेर अन्तरालमा गुञ्जायमान भैरहन्छ । त्यही साँचो लगाए पछि नै यो हृदय र मस्तिष्कको पेंडुलम धड्कने र चल्ने गर्दछ ।

यसपटकको यात्रा पनि पहिलेका तीनवटा यात्रा झैं कठिन नै रहयो । मेरो साधनाको परिपक्वताले गर्दा यस पटक सूक्ष्म शरीरमा आउने निर्देशन मिलेको थियो । यस शरीरले एकै साथ तीन वटा परीक्षा पुनः दिनु पर्ने थियो । साधना क्षेत्रमा एक पटक उत्तीर्ण भैसकेपछि “पिसिएकोलाई पिसन” मात्र बाँकी हुन्छ । बाटो देखिएकै थियो र दिनचर्या पनि बनेकै थियो । गोमुखसम्म पुगेपछि साथी भेटिने र तपोवनसम्म सहजै पुग्ने क्रम पुनः दोहरियो । वहाँको सूक्ष्म शरीरको निवास कहाँ छ र के गर्छ ? यो कुरा मैले कहिले पनि सोधिन । मलाई त भेटिने स्थान सम्म थाह छ –“मखमली गलैचा” ब्रह्मकमल चिनी सकेको थिएँ । गुरुदेवसँग भेट हुँदा पहिलो पटक सर्वप्रथम त्यही फूल टिपेर वहाँको चरणमा चढाई दिन्थें । अभिनन्दन

आर्शिवाद जस्तो शिष्टाचारमा कत्ति पनि बेरै लाग्दैनथ्यो कामको कुरा तुरुन्तै शुरु भै हाल्थ्यो । यही प्रकरण यस पटक पनि दोहरियो । बाटोमा मेरो मनले के सोच्दै आएको थियो भने गुरुदेवले जति पटक हिमालय बोलाउनु भएको छ त्यति पटक मेरो स्थान परिवर्तन हुने गरेकोले यस पटक पनि सम्भवतः यो ऋषि प्रदेशमा आउने आदेश हुनेछ र अघि गरिएका कामहरु भन्दा अब गर्नु पर्ने काम बढी महत्वपूर्ण हुनेछन् । बाटाका संकल्प विकल्प यस्तै थिए । अब त प्रत्यक्ष भेट भइनै हाल्यो ।

वहाँले अहिले सम्मको कामबाट खुशी व्यक्त गर्नु भयो । अनि मैले भनें – "काम त तपाईंले गर्नु हुन्छ तर त्यसको श्रेय म वानर जस्तोलाई दिनु हुन्छ । मैले समग्र समर्पण गरि सकेपछि यो शरीर र मन हेर्नका लागि मात्र अलग छन्, तर वास्तवमा यो सबै तपाईंकै सम्पत्ति त हो । जब जसरी चाहनु हुन्छ बन्ग्याई खुम्च्याई सोझ्याई तपाईंले आफ्नो काम गरि हाल्नु हुन्छ ।"

गुरुदेवले भन्नु भयो –"अहिले सम्म जे भनियो र गराइयो त्यो नितान्त स्थानीय र सामान्य काम थियो । यस्तो काम त वरिष्ठ मानवले नै गरि हाल्छन्, विगतमा गरि आएका पनि छन् । अब तिमीले अगाडीको काम थालेपछि यी भैराखेका कामहरु तिम्रा अनुयायीहरुले सजिलै गर्दै जाने छन् । अगाडी पाइला सार्ने व्यक्तिले नै अग्रणी हुने श्रेय पाउँछ । पछि त ग्रह नक्षत्र र सौर्य मण्डलका सदस्य पनि आ – आफ्नो कक्षामा कुनै कठिनाई बिना नै बाटोमा हिँडी रहेकै छन् । अब यसपछिको काम यो भन्दा ठूलो छ । आजभोली स्थूल वायुमण्डल र सूक्ष्म वातावरण विषाक्त भै सकेका छन् । जसले गर्दा मानवी गरिमा मात्र होइन, दैवी सत्ता पनि संकटमा पर्न सक्दछ । भविष्य बहुतै भयानक देखिन्छ । यसबाट परोक्षतः लड्नको लागि मैले र तिमीले त्यो सब काम गर्नु पर्नेछ, जसलाई अद्‌भुत र अलौकिक भन्न सकियोस् ।"

"पृथ्वीले घेर्ने – वायु, जल र भूमि, यी तिनैवटा विषाक्त हुँदै गएका छन् । वैज्ञानिक कुशलतासँग धनको लोभको साइनो गाँसिएकोले यन्त्रीकरणको युग छ र यसले चारैतिर विष फैलाई रहेको छ । यस्तो स्थिति बन्न पुगेको छ कि दुर्बलता, रुग्णता र अकाल मृत्युको जोखिम प्रत्येकको टाउकोमा मडारिदै छ । अनाडीहरुद्‌वारा आणुविक हतियारहरुको प्रयोगबाट हुन सक्ने खतरा यति ठूलो छ कि अलि कति पनि गडबडी हुनासाथ सब थोक भस्मीभूत हुन सक्दछ । मानिसको उत्पत्ति वर्षे घाँस – पात सरह भैरहेको छ । यी मानिसले के खालान् र कहाँ बस्लान ? यस्तो अवस्थामा सबै विपत्ति र विभीषिकाहरुबाट विषाक्त वायुमण्डलले धर्तीलाई नर्क बनाई दिनेछ ।"

"जुन हावामा मानिसहरु स्वाँस फेरीरहेका छन्, त्यस हावामा जसले पनि स्वाँस फेर्छ, त्यसले नराम्रो कुरा नै सोच्न थाल्छ र दुष्कर्म गर्दछ । हेर्दा हेर्दै दुर्गतिले घेर्दै गएको छ । यो अदृश्य लोकमा भरि सकेको विकृत वातावरणको प्रतिफल हो । यो स्थितिमा जो रहन्छ उसले नरपशु र नरपिशाचले जस्तै काम कुरा गर्नेछ । भगवानको यो सर्वोत्तम कृति धर्ती र मानव सत्तालाई यस प्रकार नर्क बन्दै गएको देखेर दुःख लाग्छ । महाविनाशको सम्भावना देखि कष्ट भैरहेको छ । यो स्थितिमा परिवर्तन गर्न र यो समस्याको समाधान गर्नकोलागि गरुङ्गो गोवर्धन पर्वत उठाउनु पर्ने छ र विशाल समुद्र नाघ्नु पर्ने छ । यसका लागि वामनले झैं अनंत विशाल पाइला उचाल्न तिमीलाई बोलाइएको हो ।"

"यसकोलागि तिमीले एकबाट पांच भएर मोर्चामा लडनु पर्नेछ । कुन्तीले जस्तै आफनो एकलो अस्तित्वलाई निचोरेर पाँच देवपुत्रहरुलाई जन्माउनु पर्नेछ ,जसबाट उनीहरुले भिन्न भिन्न मोर्चामा भिन्न भिन्न भूमिका प्रस्तुत गर्न सकुन् ।"

.

मैले वहाँको कुरा काट्दै भनें –"यो त तपाईंले परिस्थितिको कुरा गर्नु भयो । यति धेरै सोंच विचार गर्नु र समस्याको समाधान खोज्नु तपाईं ठूला बडाहरुको काम हो । म बालकलाई त काम बताउनु होस् र सदा झैं कठपुतलीको तार आफ्नो औंलामा बाँधेर नाच नचाई रहनु होस् । परामर्श नगर्नु होस् । समर्पित व्यक्तिलाई त आदेश मात्र भए पुग्छ । यो भन्दा पहिले पनि तपाईंले जब कुनै मूल आदेश स्थूल अथवा सूक्ष्म सन्देशको रुपमा पठाउनु भएको छ, त्यसमा मैले कुनै इनकारी गरिन । गायत्रीका २४ महापुरश्चरणको सम्पादन देखि लिएर स्वतन्त्रता संग्राममा भाग लिने कामसम्म, कलम समातेर लेख्ने देखि लिएर विराट यज्ञको आयोजनसम्म, एउटा विशाल संगठन खडा गर्न देखि लिएर करोडौं स्थापना गर्ने सम्म तपाईंको आज्ञा, संरक्षण एवं मार्गदर्शनले नै सम्पूर्ण भूमिकाको निर्वाह गरेको हो । दृश्य रुपमा यद्यपि सबैको सामुन्ने म नै रहेको छु तर यो सबै काम गराउने सत्ता कुन हो भन्ने कुरा मेरो अन्तस्करणलाई त थाह नै छ । अनि अब मेरो सुझाव र सल्लाहको कुरा कहाँबाट आयो ? यो शरीरको एक एक कण, रगतको एक एक थोपा, चिन्तन र अंतस्करण तपाईंलाई – विश्वमानवतालाई समर्पित छ ।"

वहाँले खुशी भएर स्वीकारोक्तिमा टाउको हल्लाउनु भयो र परावाणीमा निर्देशन दिन्छु भनेर संकेत गर्नुभयो ।

विवेचना स्तरको जुन कुरा चलेको थियो त्यो सकियो र त्यो सम्पूर्ण कुरा जुन वहाँले भन्नु थियो, सार संकेत रुपमा भन्न थाल्नु भयो ।

"तिमी एक देखि पाँच बन्नु छ । पाँच रामदूत, पाँच पाण्डव जस्तै पाँच किसिमको काम गर्नु परेको छ । यस कारण यो एउटै शरीरलाई पाँच बनाउनु परेको छ । एउटा रुखमा पाँच वटा चराहरु रहन सक्दछन् । तिमी आफूलाई पाँच वटा बनाऊ । यसलाई सूक्ष्मीकरण भनिन्छ । पाँच शरीर सूक्ष्म रहने छन्, किनकि व्यापक सत्तालाई सूक्ष्म शरीरद्वारा नै सम्हाल्न सकिन्छ । जबसम्म यी पाँचवटै शरीर परिपक्व भएर आफ्नो काम स्वतन्त्रतापूर्वक सम्हाल्न सक्दैनन् तबसम्म यसै शरीरबाट तिनीहरुको पृष्ठपोषण गर्दै जानु । यसमा एक वर्ष अथवा केही बढी समय पनि लाग्न सक्दछ । तिनीहरु समर्‌थ भइसकेपछि तिनलाई आफ्नो काम गर्नको लागि मुक्त गरि दिनु । समय आएपछि तिम्रो दृश्यमान स्थूल शरीर खतम भै हाल्छ । "

यो दिशा निर्देशन भयो । के गर्नु छ र कसरी गर्नु छ ? भन्ने कुरा वहाँले आफ्नो भाषामा बुझाई दिनु भयो । यसको विवरण बताउने आदेश छैन, जे भनिएको थियो त्यही भनि रहेको छु । संक्षेपमा यसलाई यसरी बुझ्ने हुन्छ । १) वायु मण्डलको संशोधन (२) वातावरणको परिष्कार (३) नवयुगको निर्माण (४) महाविनाशको खारेजी र समापन (५) देव मानवको उत्पादन र सम्बर्धन ।

"यी पाँच वटा काम कसरी गर्नु पर्दछ ? यसका लागि आफ्नो सत्तालाई पाँच भागमा कसरी विभाजित गर्नुपर्दछ, भगीरथ र दधीचिको भूमिका कसरी निर्वाह गर्ने हो ? यसका लागि, अलौकिक क्रियाकलाप देखि विराम लिनु पर्नेछ र छरपष्टिएकोलाई समेट्नु पर्नेछ । यही सूक्ष्मीकरण हो ।"

"यसको लागि गर्नु पर्ने कामहरु समय समयमा बताई रहने छु । मेरो योजनालाई असफल बनाउनका लागि तिम्रो शरीरलाई समाप्त पार्ने दानवी प्रहार हुने छन् त्यस देखि रक्षागर्नेछु । पहिले भैंसकेको आसुरी आक्रमणको पुनरावृत्ति कुनै बेला, कुनै रुपमा, सज्जन वा परिजन माथि प्रहार हुन सक्दछ । पहिले जस्तै सबै ठाउँमा मेरो संरक्षण रहिरहने छ । अहिलेसम्म तिमीलाई जे जति काम सुम्पेको छु, त्यसलाई आफ्ना सुयोग्य र समर्थ परिजनहरुका जिम्ममा सुम्पिदै जानु, जसले गर्दा मिशनको कुनै कामको चिंता र जिम्मेवारी तिमीले लिइ रहनु नपरोस् । जुन महापरिवर्तनको ढाँचा मेरो मनमा छ, त्यसलाई सम्पूर्ण भनिरहेको छैन तर समय अनुसार प्रकट गर्दै जानेछु । यस्तो विषम समयमा त्यस रणनीतिलाई समय भन्दा पूर्व प्रकट गर्नाले उद्देश्यको हानि हुन सक्दछ ।"

यस पटक मलाई धेरै दिन रोकिएन । ब्याट्री चार्ज गरेर धेरै दिनसम्म काम चलाउने कुरा हुन सकेन । वहाँले भन्नुभयो कि –"मेरो ऊर्जा अब तिम्रो पछि पछि अदृश्य रुपमा हिँडिरहने छ । अब मलाई र अन्य ऋषिहरु ज –जसको आवश्यकता पर्ला उसले सधैं तिम्रो साथमा रहेर तिमीलाई सहयोग गर्नेछ । तिमीलाई कहिल्यै कुनै अभाव खट्किने छैन र आत्मिक उर्जाको कमी अनुभव हुने छैन । वस्तुतः यो उर्जा अब पाँच दोब्बर थप हुन जानेछ ।

मलाई विदाई गरियो र म शान्तिकुन्ज फर्कें । मेरो सूक्ष्मीकरण सावित्री साधना रामनवमी १९८४ देखि प्रारम्भ भयो ।

## आत्मशक्तिको उद्‌भवको लागि तपश्चर्या अनिवार्य

महर्षि अरविन्द बेलायतबाट फर्कनासाथ भारतबाट अंग्रेजहरुलाई धपाउनको लागि सम्भव भए जतिका सबै उपाय गर्दा पनि काम बन्ने लक्षण देखिएको थिएन । राजाहरुलाई संगठित गरेर,

विद्यार्थीहरुको सेना बनाउन र पार्टी गठन गरेर पनि त्यति सशक्त सरकारसँग यस्ता खुद्रा खाद्री प्रयत्नले केही हुन नसक्ने रहेछ भन्ने कुरा वहाँले बुझ्नु भयो। यसको लागि त उनीहरुसँग टक्कर लिन सक्ने समान स्तरको सामथ्र्य चाहिने रहेछ। ती दिनहरुमा गाँधीजीको सत्याग्रह जस्तो उपक्रम सम्भव थिएन। यस्तो परिस्थितिमा वहाँले आत्मशक्ति उत्पन्न गरेर त्यसबाट वातावरणलाई तताउने रणनीति बनाउनु भयो र एकान्तवास तथा मौन साधना सहित विशिष्ट तप गर्न लाग्नु भयो।

अरुहरुको दृष्टिमा त्यो पलायनवाद पनि हुन सक्दथ्यो तर वास्तवमा त्यस्तो थिएन। सूक्ष्मदर्शीहरुका अनुसार त्यस तपबाट अदृश्य स्तरको प्रचण्ड उर्जा उत्पन्न भयो। त्यसबाट वातावरण नै तातियो र एकै समयमा देशमा यति महापुरुषहरु जन्मे, जसको अन्यत्र कुनै इतिहासमा तुलना नै गर्न सकिन्न। राजनीतिक नेता त जहाँ पनि उत्पन्न हुन सक्छन् र जो पनि हुन सक्दछन् तर महापुरुष भनेको प्रत्येक दृष्टिले उच्चस्तरीय हुन्छन्। जसको व्यक्तित्व धेरै उच्च हुन्छ उसैमा जनमानसलाई उल्लासित र आन्दोलित गर्न सक्ने क्षमता हुन्छ। दुई हजार वर्षको दासता भोगेको देशलाई यस्तै कर्णधारहरुको आवश्यकता थियो। ती एक होइन अनेक व्यक्ति एकै समयमा उत्पन्न भए। प्रचण्ड गर्मीमा उठ्ने चक्रवात जस्तै। परिणामस्वरुप अरविन्दको त्यो संकल्प कालान्तरमा ठीक प्रकारले सम्पन्न भयो। त्यो काम जुन अन्य उपायहरुद्वारा सम्भव हुन सकी रहेको थिएन त्यो तपश्चर्याबाट सम्पन्न भयो।

अध्यात्मविज्ञानको इतिहासमा उच्चस्तरीय उपलब्धिहरुको लागि तप - साधना एक मात्र विधान र उपचार हो। यसलाई सुविधाले परिपूर्ण विलासी रीति –नीति अपनाएर सम्पादित गर्न सकिदैन। एकाग्रता र एकात्मता सम्पादित गर्नका लागि बहुमुखी बाह्यचार र प्रचार प्रयोजनमा संलग्न रहन मिल्दैन। यसबाट शक्ति छिया छिया हुन्छ। फलस्वरुप केन्द्रीकरणको त्यो प्रयोजन पूरा हुन पाउँदैन जो सूर्यका किरणहरुलाई आतिशी शीशामा केन्द्रित गरेर अग्नि उत्पादन जस्तो प्रचण्डता उत्पन्न हुन सकोस।व्यासले अठारह पुराण लेख्ने बेलामा उत्तराखण्डको गुफामा वसोधराको शिखरमा जानु भएको थियो।वहांको लेखन कार्यमा सहायता गर्नका लागि श्री गणेशजी यस शर्तमा जानु भएको थियो कि वहाँ एक शब्द पनि नबोलेर मौन रहने छन्। त्यति महत्वपूर्ण काम यो भन्दा कम तपस्याले सम्भव थिएन।

भारतीय स्वतन्त्रता संग्रामका समयमा महर्षि रमणको मौन तप चलिरहेको थियो। यसका अतिरिक्त हिमालयमा पनि अनेक उच्चस्तरीय तपश्चर्या यसैको लागि चलि रहेका थिए। राजनेताहरुद्वारा संचालित आन्दोलनलाई सफल बनाउनकालागि यो अदृश्य सूत्र सञ्चालनको कति ठूलो योगदान रह्यो ? यो कुराको अनुमान स्थूल दृष्टिले लाग्न सक्दैन तर सूक्ष्मदर्शी तथ्यान्वेशीले यो रहस्य माथि पूर्णतया विश्वास गर्दछन्।

"जति ठूलो कार्य, त्यति ठूलो उपचार" भन्ने सिद्धान्तलाई ध्यानमा राखेर वातावरणको प्रवाहलाई बदल्न र सुधार्नकालागि यस पटक विशिष्ट तपश्चर्या गरेको छु। यसकारण यसको स्तर र स्वरुप कठिन छ। शुरुका दिनहरुमा जुन कामको जिम्मेवारी काँधमा आएको थियो, त्यो पनि लोक मानसलाई परिष्कृत गर्न, जाग्रत आत्माहरुलाई एउटै संगठन सूत्रमा उन्न र रचनात्मक गतिविधिहरुमा

उत्साह भर्नु रहेको थियो । यदि यत्तिकैले काम चल्ने भएदेखि त सम्पन्न मानिसहरुले नै आफ्नै खल्तीबाट अथवा अरुहरुको सहयोग र रकमबाट सजिलैसँग यो व्यवस्था सम्पन्न र पूर्ण गरी हाल्ने थिए र अहिलेसम्म स्थितिलाई बदलेर नमालुम के के बनाई सक्ने थिए । कैयौंले त भरपूर शक्ति लगाएर यस्ता प्रयत्न गरेका पनि छन् । प्रचारात्मक साधनको पहाड खडा गरेका छन् तर तिनको बलले कुनै लाभदायक प्रभाव प्राप्त हुने कुनै काम हुन सकेको छैन । वस्तुस्थितिलाई बुझ्ने निर्देशकले मलाई सर्वप्रथम एउटा काम मात्र सुम्पेका थिए । २४ वर्षको गायत्री महापुरश्चरण साधना श्रृंखलाको विगत ३० वर्षमा जे जे हुन सक्यो त्यसमा श्रेय छ । मेरो कमाईको त्यो सञ्चित धनले नै अहिले सम्म काम दिई रहेको छ । मेरो आफ्नो, कुनै व्यक्तिको, समाजको र संस्कृतिको यदि कुनै हित मबाट हुन सकेको छ भने त्यो यो २४ वर्षको सञ्चित भण्डारलाई खर्च गरेर नै भएको हो भन्ने कुरा बुझ्नु पर्दछ । त्यसबेला पनि मात्र जप संख्या पूरा गरिएको थिएन कि त्यसका साथमा कैयौं अनुबन्ध, अनुशासन एवं व्रत पालन गर्नु परेको थियो ।

जप संख्याकै कुरा हो भने त खाली समय भएको जो कसैले पनि एन केन पूरा गर्न सक्दछ तर विलासी अथवा अस्त व्यस्त जीवनचर्या अपनाई रहेको कुनै व्यक्तिले त्यति चिन्ह पूजा भन्दा बढी कुनै ठूलो काम गर्न सक्दैन । जपको साथमा तपश्चर्याको कठोर विधान पनि साथ साथ चल्नु पर्दछ जसले स्थूल शरीर, सूक्ष्म र कारण शरीर तीनवटै शरीरलाई तपाउने र प्रत्येक दृष्टिले समर्थ बनाउने काम गर्दछ । हामीमा सञ्चित कषाय कल्मश पनि आत्मिक प्रगतिको बाटोमा बहुतै ठूलो बाधा हुने गर्दछ । त्यसको निवारण र निराकरण पनि यसै भट्टीमा प्रवेश गरेपछि हुन सक्दछ । फलाम खानिबाट झिक्ने समयमा माटो मिसिएको काँचो हुन्छ । अन्य धातुहरु पनि यस्तै अधकल्चो स्थितिमा हुने गर्दछन् । तिनलाई भट्टीमा हालेर तपाइन्छ र प्रयोग गर्ने योग्य बनाइन्छ । रसशास्त्रीहरुले बहुमूल्य रस र भष्म बनाउनको लागि कैयौं पटक अग्नि संस्कार गर्दछन् । कुमालेले भाँडा पकाउनको लागि आगोको भट्टीमा नतपाई सुखै हुँदैन । मानिसमाथि पनि यिनै नियम लागु हुन्छन् । ऋषि मुनिहरुले सेवा साधना र धर्म धारणा त प्रकट रुपमा गर्थे नै, साथै आफ्नो लक्ष्य पूर्तिकोलागी आवश्यक शक्ति आर्जन गर्नकोलागी समय समयमा तपश्चर्या पनि गर्ने गर्दथे । आज सम्मको इतिहासमा प्रत्येक महत्वपूर्ण व्यक्तिले आ - आफनो तरीकाले यो प्रक्रिया सम्पन्न गर्नु परेकोछ र भविष्यमा पनि गर्नु पर्नेछ । किनकि ईश्वर प्रदत्त शक्तिको उन्नति र पोषण तप बिना सम्भव नै हुँदैन । व्यक्तित्वमा पवित्रता, प्रखरता र परिपक्वता छैन भने कसैलाई बताउन सुनाउन सकिने र प्रशंसा गर्न मिल्ने खालको सफलता प्राप्त गर्ने सुयोग बन्नै सक्दैन । कुचक्र, कपट र आतंकको सहाराले उपार्जित भएको सफलता जादू तमाशामा हत्केलामा सरसों उमार्ने जस्तो चमत्कार देखाएर तिरोहित हुन पुग्दछ । जरा नै नभएको रुख कति बेरसम्म उभिन सक्दछ र कसरी फल्नफूल्न सक्दछ ।

तपश्चर्याको मौलिक सिद्धान्त हो – संयम र सदुपयोग । इन्द्रिय संयमबाट पेट ठीक रहन्छ र स्वास्थ्य बिग्रन पाउँदैन । ब्रह्मचर्य पालनबाट मनोबलको भण्डार रित्तिन पाउँदैन । अर्थ संयमबाट, नीतिको कमाईबाट राष्ट्‍्‍्रको सामान्य नागरिकको औसत स्तरको जीवन निर्वाह गर्नु पर्ने हुन्छ, फलस्वरुप न

त दरिद्रता नजीक आउँछ र न त बेइमानीको आवश्यता नै पर्दछ । समय संयममा व्यस्त दिनचर्या बनाई राख्नु पर्ने हुन्छ, यस कारण कुकर्म गर्नलाई समय नै मिल्दैन जे जति काम हुन्छ, त्यो श्रेष्ठ र सार्थक नै हुन्छ । विचार संयमबाट एकात्मताको साधना हुन्छ । अस्तिकता, अध्यात्मिकता र धार्मिकताको दृष्टिकोण विकसित हुन्छ । भक्तियोग, ज्ञान योग र कर्मयोगको साधना सहजै भैरहने गर्दछ । संयमको अर्थ बचत पनि हो । चारै किसिमका संयम अपनाएपछि मानिससँग यति धेरै सामथ्र्य बच्ने गर्दछ कि परिवारको निर्वाहमा खर्च गरिसकेपछि बाँकी सामथ्र्यलाई महान प्रयोजनमा प्रचूर मात्रामा राम्ररी लगाउन सकिन्छ । संयमशीलहरुले वासना, तृष्णा र अहम्को विशाल खाल्टो भाट्ने – भर्ने काममा मरिमेट्नु पर्दैन । यसकारण सद्उद्देश्यको दिशामा पाइला अघि सार्न आवश्यकता परेपछि व्यस्तता, अभावग्रस्तता, चिन्ता र समस्या आदिको बहाना बनाई रहनु पर्दैन । स्वार्थ र परमार्थ दुवैको साथ साथ साधना भैरहन्छ र हँसी खुशी तथा हलुंगो र सरल जीवन जिउने अवसर मिल्दछ । मलाई मेरा मार्गदर्शकले आज भन्दा साठी वर्ष पहिले यसै बाटोमा हिड्न सिकाउनु भएको थियो । त्यो क्रम निरन्तर चलिरहेको छ । बीचमा पटक पटक ब्याटी« चार्ज गर्नको लागि हिमालयमा बोलाइने गरियो । विगत तीस वर्षहरुमा एक एक वर्षको लागि एकान्तवास र विशेष साधना उपक्रमको लागि जाने गरेको हूँ । यसको एउटा मात्र उद्देश्य थियो । तपश्चर्याको पुरुषार्थ र उत्साहमा कहीँ कुनै अभाव हुन न पाओस र अभाव आएकोे ठाउँमा आपूर्ति हुँदै जाओस् । भागीरथ शिला गंगोत्रीमा गरिएको साधनाबाट धर्र्तीमा ज्ञान गंगाको र प्रज्ञा अभियानको अवतरणको क्षमता र दिशा प्राप्त भएको हो । यस पटक उत्तरकाशीको परशुराम आश्रममा त्यो बन्चरो उपलब्ध भएको छ, जसको सहाराले व्यापक अवांछनीयता प्रति लोक मानसमा विक्षोभ उत्पन्न गर्नसकियोस् । पौराणिक परशुरामले धर्र्तीमा अनेक आतताईहरुको कैयौं पटक टाउको काटेका थिए । आफ्नो शिर काट्नु "ब्रेन वासिंग" हो । विचार क्रान्ति र प्रज्ञा अभियानमा सृजनात्मक मात्र होइन सुधारात्मक प्रयोजन पनि सम्मिलित रहेको हुन्छ । यी दुवै उद्देश्य जसरी जति व्यापक क्षेत्रमा जति सफलताका साथ सम्पन्न हुनेगरेका छन्, त्यसमा न शक्तिको कौशल छ, न साधनको चमत्कार र न त परिस्थितिहरुको संयोग । यो मात्र तपश्चर्याको सामथ्र्यबाट सम्पन्न भएको हो ।

यो मेरो जीवनचर्याको अद्यावधिक भूतकालको विवरण हो । वर्तमानमा यसै दिशामा ठूलो छलांग लगाउनको लागि त्यस शक्तिले निर्देशन गरेको हो । जुन सूत्रधारको संकेतमा कठपुतली झैं नाच नाच्दै सम्पूर्ण जीवन बितेको हो । अब मलाई तपश्चर्याको एउटा नयाँ उच्चस्तरीय कक्षामा प्रवेश गर्नु परेको छ । सर्वसाधारणलाई म एकान्तवासमा छु र कसैसँग भेटघाट गरिरहेको छैन भन्ने कुरा मात्र थाह छ । उनीहरुको यो सर्वथा अधूरो जानकारी हो । किनकि जुन व्यक्तिको रौं - रौं कर्मठता, पुरुषार्थ परायणता, नियमितता र व्यवस्थाले भरि भराउ छ, त्यसले यस किसिमको निरर्थक र निश्क्रिय जीवन बिताउन सक्दैन, जस्तो कि अरुहरुले बुझेका छन् । मलाई एकान्तवासमा पहिले भन्दा बढी श्रम गर्नुपरेको छ, धेरै व्यस्त रहनु परेको छ र कोहीसँग पनि नभेट्ने विधा अपनाएको भएता पनि यस्ताहरुसँग सम्पर्क सूत्र जोड्नु परेको छ, जसको साथमा बस्नाले तमाम समय त व्यतीत हुने गर्दछ तर मन भर्दैन । अनि एकान्त

कसरी भयो त ? कसैसँग भेट गर्दैन भन्ने कुरा कसरी भन्न मिल्यो ? मात्र कार्यशैलीमा कनिका बराबर परिवर्तन भएको हो । भेटघाट गर्नेहरुको वर्ग र विषयमा परिवर्तन भएको हो । यस्तो अवस्थामा अकर्मण्य र पलायनवादको दोष दिन त पाइएन नि ? तपस्वीले त सधैं यस्तै रीतिनीति अपनाउने गर्दछन् । तिनीहरु निष्क्रिय देखासम्म पर्दछन् तर वास्तवमा बहुत व्यस्त हुन्छन् । लट्टू जब पूर्ण वेगका साथ नाचेको हुन्छ तब स्थिर उभिएको देखा पर्दछ । त्यो घुमीरहेको छ भन्ने कुरा त तब मात्र देखा पर्दछ जब त्यसको गति मद्धिम पर्दछ र त्यो ढल्ने अवस्थामा आई पुग्दछ ।

आइन्सटाइन जुन दिनहरुमा अत्यधिक महत्वपूर्ण आणुविक अनुसन्धानमा लागिपरेका थिए, त्यो अवधिमा उनको जीवनचर्यामा विशेष परिवर्तन गरिएको थियो । उनी भव्य भवनमा एक्लै बस्दथे । त्यहाँ सबै सुविधाहरु उपलब्ध थिए - साहित्य, प्रयोगशाला, उपकरण एवं सेवक र सहायकहरु सबै थिए । तर ती सबै टाढा बस्ने गर्दथे जसबाट उनको एकान्तमा र एकाग्रतापूर्वक हुने चिन्तनमा कुनै व्यवधान उत्पन्न न होस् । उनी आफूले चाहेसम्म नितांत एकान्तमा सर्वथा एक्लै बस्दथे । उनको काममा कसैले किञ्चित मात्र पनि व्यवधान गर्न सक्दैनथ्यो । उनले आवश्यकता पर्दा घण्टी बजाएर नोकर बोलाउन सक्दथे र इच्छित व्यक्तिसँग भेट र आवश्यक वस्तुको प्राप्ती गर्न सक्दथे । भेट्न आउनेहरु आफ्नो परिचय कार्ड जम्मा गरेर गै हाल्थे । जब कुनै कामले उनलाई बोलाएको निमन्त्रण आउँथ्यो तब महीनौं कुर्नु पर्थ्यो । घनिष्टता देखाएर भेट्ने निहुँमा कसैले पनि उनको काममा बाधा पु¥याउन सक्दैनथ्यो । यति प्रबन्ध भएकोले नै उनले संसारलाई आश्चर्यचकित गर्न सम्भव भयो । यदि उनी साथी भाईहरुसँग घेरिएर साना तिना काममा रस लिएर समय गुजारेको भए उनी पनि अन्य सामान्य जनहरm जस्तै बहुमूल्य जीवनको कुनै उल्लेखनीय लाभ पाउने थिएनन् । प्राचीनकालका ऋषि तपस्वीहरुको जीवन चर्या ठिक्क यस्तै थियो । उनीहरुले तन्मयतापूर्वक आफ्नो काम गर्नका लागि होहल्ला नहुने स्थान छनौट गर्दथे र पूर्ण एकाग्रताका साथ निर्धारित प्रयोजनमा लागि रहन्थे ।

मलाई पनि प्रायः यसै स्तरका कामहरु गर्नको लागि आदेश भयो । ती कामहरु साह्रै सारगर्भित र महत्वपूर्ण छन् । यस मध्ये एउटा हो –विश्वव्यापी सर्वनाशी विभीषिकाहरुलाई ध्वस्त पार्न सक्ने आत्मशक्ति उत्पन्न गर्नु । अर्को, प्रेरणा र क्षमताको अभावमा केही गर्न नसक्ने सृजन शिल्पीहरmलाई प्रेरणा र क्षमता प्रदान गर्नु । तेस्रो – नव युगको लागि जुन सत्प्रवृत्तिहरुको सूत्र सञ्चालन गर्नु छ त्यसको रुपरेखा कोर्नु र ढाँचा खडा गर्नु । यी तीनवटै काम यस्ता छन् जसलाई एक्लो स्थूल शरीरबाट गर्न सम्भव छैन । यो शरीरको सीमा र सामथ्र्य अति न्यून छ । इन्द्रिय सामथ्र्यबाट एउटा निश्चित क्षेत्रमा मात्र काम हुन सक्दछ र सीमित भारी मात्र बोक्न सकिन्छ । हाड - मांसको पिण्डमा बोल्ने, सोच्ने, हिँडडुल गर्ने, काम गर्ने, कमाउने र पचाउने सामथ्र्य बहुतै कम हुन्छ । यसबाट त सीमित काम मात्र हुन सक्दछ । सीमित कार्यले शरीर यात्रा चल्न सक्दछ र नजीकका सम्बद्ध मानिसहरुको यत्तकिंचित भलो हुन सक्दछ । धेरै व्यापक र धेरै ठूलो कामको लागि सूक्ष्म र कारण शरीरलाई विकसित गर्नु पर्ने आवश्यकता पर्दछ । यी

तीनवटै जब एक समान रुपले सामथ्र्यवान र गतिशील हुन्छन् तब मात्र यति ठूलो काम बन्न सक्दछ, जुन काम गर्नको लागि अब मलाई भनिएको छ ।

रामकृष्ण परमहंसका सामुन्ने पनि यस्तै स्थिति आएको थियो । वहाँलाई व्यापक काम गर्नको लागि बोलाइएको थियो । योजनाबद्ध तरीकाले वहाँले आफ्नो क्षमता विवेकानन्दलाई सुम्पनु भयो र आफूले कार्यक्षेत्रलाई सरल र सफल बनाउनको लागि ताना बाना बनाई दिने कार्य सम्हाल्नु भएको थियो । किनकि त्यति ठूलो काम वहाँले स्थूल शरीरबाट गर्न सक्ने सम्भव नै थिएन । यस कारण वहाँले स्थूल शरीरलाई निसंकोच छोड्नु भयो । ब्यालेंस भन्दा बढी वरदान दिनाले वहाँ माथि ऋण पनि चढेको थियो । त्यसको भुक्तान नगरेसम्म गाडी रोकिन्थ्यो होला । यस कारण स्वेक्षापूर्वक क्यान्सरको रोग पनि ग्रहण गर्नु भयो । यस प्रकार ऋण मुक्त भएर विवेकानन्दको माध्यमबाट त्यो कार्यमा जुट्नु भयो जुन कार्य गर्नका लागि वहाँको निर्देशक सत्ताले वहाँलाई संकेत गरेको थियो । प्रत्यक्षतः त रामकृष्ण बित्नु भयो , सकिनु भयो । वहाँको अभाव खड्क्यो र शोकको अवस्था पनि आयो तर त्यो भयो, जो श्रेयस्कर थियो । दिवंगत भएपछि वहाँको सामथ्र्य हजार गुना बढ्यो । यसबाट वहाँले देश र विश्वमा अनेक  सत्प्रवृत्तिहरुको सम्बद्र्धन गर्नु भयो । आफ्नो जीवनकालमा त वहाँले भक्तजनहरुलाई धेरै थोरै आशीर्वादसम्म दिनुहुन्थ्यो तर विवेकानन्दलाई मात्र आफ्नो संग्रहीत शक्ति सुम्पन सक्नु भयो । तर जब वहाँलाई सूक्ष्म र कारण शरीरबाट काम गर्ने अवसर मिल्यो तब वहाँद्वारा विश्वस्तरमा नै यति ठूलो काम भयो कि जसको लेखाजोखा गर्नु सामान्य स्तरको छानबीनबाट बुझ्न सम्भव छैन ।

ईशाको दिनचर्या पनि यस्तै थियो । वहाँले आफ्नो जीवनकालमा धेरै प्रयाशका बावजूद जम्मा १३ जना लाई शिष्य बनाउन सक्नु भएको थियो । जब वहाँले यो स्थूल शरीरको क्षमताले त्यति ठूलो काम हुन सक्दैन जति ठूलो काम गर्नु परेको छ भन्ने कुरा बुझ्नु भयो तब वहाँले सूक्ष्म शरीरको सहाराले संसार भरमा ईसाई मिशन फैलाउन उपयुक्त ठान्नु भयो । यस्तो परिवर्तनको समयमा महापुरुषहरुले पुरानो बाँकी बक्यौता फछ्र्याेट गर्नको लागि कष्टसाध्य मृत्युको वरण गर्दछन् । ईशाको क्रसमा झुण्डिनु, सुकरातको विष पिउनु, कृष्णलाई वाण लाग्नु, पाण्डवहरु हिमालयमा गल्नु, गाँधीले गोली खानु र आद्य शंकराचार्यलाई भगंदर हुनु, यसले यो बताउँछ कि आगामी महान प्रयोजनको लागि स्थूलबाट सूक्ष्ममा प्रवेश गर्नु पर्दछ । अनि वहाँहरुले उपलब्ध शरीरको यसरी अन्त गर्नु भयो कि जसलाई बलिदान स्तरको प्रेरणा प्रदान गर्ने र पवित्रता र प्रखरता प्रदान गर्ने भन्न सकियोस । मेरो साथमा पनि यस्तै भएको छ र भविष्यमा हुन गैरहेको छ ।

## स्थूलको सूक्ष्म शरीरमा परिवर्तन ः सूक्ष्मीकरण

युग परिवर्तनको यो ऐतिहासिक बेला हो । विगत २० वर्षमा मलाई कस्सिएर काम गर्ने दायित्व सुम्पिएको थियो । सन् १९८० देखि आजसम्मका पाँच वर्षमा जे जति काम भएको छ, विगत ३० वर्षको दाँजोमा धेरै नै हो । समयको आवश्यकता जस्तो थियो त्यस्तै तत्परता देखाएको छु र खर्चलाई ध्यानमा राखेर त्यस अनुसार शक्ति आर्जित गर्ने गरेको छु । यी वर्षहरु कति जागरुकता, तन्मयता, एकाग्रता र पुरुषार्थको चरम सीमासम्म पु¥याउँदै बिताउनु प¥यो ? भन्ने कुराको उल्लेख गर्नु उचित हुने छैन । किनकि यो तत्परताको प्रतिफल २४०० प्रज्ञापीठ र १५००० प्रज्ञा संस्थानको निर्माणका अतिरिक्त प्रत्यक्ष रुपमा अरु केही पनि देखिदैन । यसमा प्रत्येक दिन एउटा फोल्डर लेख्ने कामलाई थप उपलब्धि भन्न सकिएला तर बाँकी समस्त उपलब्धि त परोक्ष नै छन् । परोक्षको प्रत्यक्षरुपमा लेखा जोखा कसरी सम्भव हुन्छ ?

युग सन्धिको बेला आउन अझै १५ वर्ष बाँकी छ । यो अवधिमा गतिचक्र अझ तीव्र रुपमा भ्रमण गर्ने छ । एकातिर त्यसको गति बढाउनुपर्ने छ भने अर्को े तिर गति रोक्नु पर्ने छ । विनाशलाई रोक्न र विकासलाई बढाउने आवश्यकता पर्नेछ । दुईटै गति आज भोली मत्थर छन् । यो गतिले त सन् २०००सम्म त्यस लक्ष्यको उपलब्धि हुन सक्दैन जो अभीष्ट छ । यसकारण श्रृष्टिका प्रयास चक्र निश्चित रुपले तीव्र हुने छन् । त्यसमा मेरो पनि गिद्ध र माउसुली जस्तै भूमिका छ । कुन काम, कहिले र कसरी गर्ने भन्ने कुरा अगाडि आउँदै जाने छ । प्रश्न जिम्मेदारीको छ । युद्धकालमा सेनापतिको जुन जिम्मेवारी हुन्छ, भात पकाउनेको पनि त्यत्तिकै जिम्मेदारी हुन्छ । आपत्तिकालको कसैले पनि उपेक्षागर्न मिल्दैन ।

यो अवधिमा एक साथ कैयौं मोर्चामा लडाई लड्नु पर्ने छ । कहिले काहीँ यस्तो समय पनि आउँछ कि खेतको बाली काट्नु, गाईवस्तुहरुका लागि घाँस ल्याउनु, बीमारी बच्चाको औषधि गराउनु, मुद्दा मामिलामा तारीखमा हाजिर हुन जानु र घरमा आएका पाहुनाको स्वागत सत्कार गर्नु लगायतका कैयौं काम एउटै मानिसले एक्लै भ्याउनु पर्ने हुन्छ । त्यस्तै युद्धकालमा बहुमुखी चिन्तन र उत्तरदायित्व अझ धेरै सघन र कठिन हुन पुग्दछ । कुन मोर्चामा कति सैनिक पठाउने हो र लडीरहेका सैनिकहरुको लागि गोली गठ्ठा घटन नदिनु, खाद्य सामग्रीको प्रबन्ध राख्नु, अस्पतालको अवस्था ठीक दुरुस्त राख्नु, मृतक सैनिकको अन्त्येष्टि गर्नु र आगामी मोर्चाको लागि खाल्टो खन्नु आदि बहुमुखी काम हुन्छन्, यी सबै काममा समान ध्यान दिनु पर्ने हुन्छ । कुनै एक ठाउँमा पनि भूल हुनासाथ कुरा बिग्रन सक्दछ र सम्पूणर्ूा प्रबन्ध व्यवस्था चौपट हुन पुग्दछ ।

मलाई आफ्नो प्रवृत्तिलाई बुहुमुखी बनाएर वृद्धि समेत गर्न भनिएको छ । यसमा स्थूल शरीरको सीमा बन्धन सबभन्दा ठूलो कठिनाई रहेको छ । यो सीमित छ यस कारण यसले सीमित क्षेत्रमा मात्र काम गर्न सक्दछ र सीमित भारी मात्र बोक्न सक्दछ । मलाई सुम्पिएको काम असीमित क्षेत्रसँग सम्बन्धित छ र यसमा एक साथ कैयौं व्यक्तिसँग सम्बन्धित भएर काम गर्नु पर्ने अवस्था छ । यो कसरी हुन सक्दछ ? यसको लागि एउटा तरीका के हो भने स्थूल शरीरलाई बिल्कुलै त्याग्ने र जे जे गर्नु छ त्यो काम सूक्ष्म शरीरमा एक्लो वा एक भन्दा बढी शरीर बनाएर काम गर्ने । यदि निर्देशक सत्तालाई यो कुरा उचित लाग्यो भने यो काम सम्पन्न हुनमा कत्ति पनि समय लाग्ने छैन । स्थूल शरीरको लागि एउटा अर्को झन्झट के हुन्छ भने यसको साथमा कर्मफलका भोग विधान पनि टाँसिन पुग्दछन् । यदि लेनदेन बाँकी रहन गयो भने त झन त्यो भार सरेर अर्को जुनी सम्म पुगी हाल्छ । त्यसपछि तानातान गर्दछ । यस्तो अवस्थामा आफ्नो भोग भोगेर जाँदा नै ढुक्क हुन्छ ।

रामकृष्ण परमहंसले आशीर्वाद र वरदान खुबै बाँड्नु भएको थियो  तर आर्जित पूण्य भण्डार थोरै थियो । यो बाँकी बक्यौता तिर्नको लागि वहाँले घाँटीको क्यान्सरलाई बोलाउनु भयो । तब मात्र हिसाब मिलान हुन सक्यो । आद्य शंकराचार्यको भगंदरको पीलोले नै ज्यान लिएको थियो ।महात्मा स्वामी नारायणलाई पनि यस्तै रोग लागेको थियो । गुरु गोलवल्कर क्यान्सरबाट पीडित भएर स्वर्गवासी हुनु भएको थियो । यस्तो अरु उदाहरण पनि छन् जसमा पुण्यात्माहरुले अन्तिम समय कष्टपूर्ण बिताउनु परेको छ । यसमा वहांहरुले पापको कारणबाट दण्ड पाएको होइन । यो त पुण्यको बढी खर्च भएपछि त्यसको क्षतिपुर्ति गर्नु पर्ने हुनाले यस्तो हुन्छ किनकि वहाँहरmले कैयौंको कष्ट आफूमा सारी राखेका हुन्छन् । बिचमा भुक्तान गर्न सके त ठीकै भयो तर हुन सकेन भने अन्तिम अवस्थामा हिसाब किताब बराबर गर्दछन्, जसले गर्दा भविष्यमा कुनै झन्झट शेष न बचोस र जीवन मुक्त स्थिति भैरहनाले पहिलेको कुनै कार्यफलले बाधा उपस्थित नगरोस् ।

मूल प्रश्न जीव सत्ताको सूक्ष्मीकरण को हो । सूक्ष्म व्यापक हुन्छ र बहुमुखी पनि हुन्छ । एकै समयमा कैयौं ठाउँमा काम गर्न सक्दछ । कैयौं उत्तरदायित्व एकै साथ बोक्न सक्दछ । जबकि स्थूलको लागि एक स्थान  र सीमा बन्धन हुन्छ । स्थूल शरीरधारीले आफ्नो चलखेल हुने क्षेत्रमा मात्र काम गर्दछ साथै भाषा ज्ञान अनुसार विचारको आदान प्रदान गर्न सक्दछ तर सूक्ष्ममा प्रवेश गरेपछि भाषा सम्बन्धी समस्या खतम हुन्छ । विचारको आदान प्रदान हुन थाल्छ । विचार सोझै मस्तिष्क या अन्तःस्थलसम्म पु¥याउन सकिन्छ । यसकालागि भाषाको माध्यम चाहिँदैन । व्यापकताको दृष्टिले यो ठूलो सुविधा हो । स्थूल शरीरधारीलाई यातायातको सुविधा चाहिन्छ । पैदल त एक घण्टामा प्रायः तीन माइलको यात्रा सम्भव होला । वाहन छ भने उसको आफ्नो गति अनुसारको कुदाई हुन्छ । एक व्यक्तिको एउटै जिब्रो हुन्छ यसकारण त्यसले त्यसैबाट उच्चारण गर्छ तर सूक्ष्म शरीरधारीको इन्द्रिय माथि त्यस्तो कुनै बन्धन हुँदैन । उसको हेर्ने, सुन्ने र बोल्ने सामथ्र्य स्थूलको तुलनामा कैयौं गुना धेरै हुन्छ । एउटा शरीर समयानुसार अनेक शरीरमा पनि प्रतिभाषित हुन सक्दछ । रासलीलाको समयमा श्रीकृष्णका अनेक शरीर

गोपीहरुले आफू सँग–सँगै नाचिरहेको देख्दथे । कंस बधका समय र सीता स्वयम्बरका समयमा उपस्थित समुदायलाई कृष्ण र रामका विभिन्न प्रकारका आकृतिहरु देखा परेका थिए । विराट रुपको दर्शनमा भगवानले अर्जुनलाई र यशोदालाई जुन दर्शन गराउनु भएको थियो, त्यो वहांको सूक्ष्म र कारण शरीरको नै आभास थियो । अलंकार र काव्यको रुपमा ती कुराहरुको व्याख्या हुने गर्दछ, त्यो कुरा पनि केही सीमासम्म ठीकै छ ।

शरीर त्याग्ना साथ प्रत्येकलाई यो स्थिति उपलब्ध हुने कुरा सम्भव हुदैन । यद्यपि भूत प्रेतहरु पनि सूक्ष्म शरीरमा जान्छन् तर तिनको स्थिति नितान्त अधकल्चो नै हुन्छ । तिनले केही सम्बन्धित व्यक्तिहरुलाई मात्र आफनो आवश्यकता बताउने सम्मको कुनै दृश्य र त्यो पनि बडो कठिनाईसँग देखाउन सक्छन् । पितर स्तरका आत्मा तिनीहरु भन्दा बढी सक्षम हुन्छन् । तिनको विवेक र व्यवहार उदार हुने गर्दछ । यसको लागि उनीहरुको सूक्ष्म शरीर पहिले नै परिष्कृत भैसकेको हुन्छ । तर सूक्ष्म शरीरलाई उच्चस्तरीय क्षमता सम्पन्न बनाउनको लागि विशेष प्रयत्न गर्नु पर्दछ । यिनी तपस्वी स्तरका हुन्छन् । सिद्ध पुरुषले त सामान्य शरीरलाई नै शरीरको सीमामा रहेर जुन दिव्य क्षमता आर्जित गर्न संभव हुन्छ, सो गरी हाल्छन् र त्यसबाट अर्काको सेवा र सहयोग गर्दछन् । तर शरीर विकसित गर्न सक्ने ती सिद्धिका धनीहरु पनि देखिन्छन् जसलाई अणिमा, महिमा र लघिमा भनिन्छ । शरीरलाई हलुंगो बनाउनु, गरुंगो गर्नु, दृश्य वा अदृश्य हुनु, यहाँबाट त्यहाँ पुगी हाल्नु आदि कुरा प्रत्यक्ष शरीर छँदाछँदै सम्भव हुँदैन । किनकि शरीरगत परमाणुको संचरना यस्तो छैन जो पदार्थ विज्ञानको सीमा र मर्यादा देखि बाहिर जान सकोस् । कोही मानिस हावामा उड्न सक्दैन र न त पानी माथि हिँड्न नै सक्दछ । यदि कसैले यस्तो गर्न सकेको भए उसले वैज्ञानिकहरुको चुनौतीलाई पनि स्वीकार गरि सकेको हुन्थ्यो र प्रयोगशालामा गएर विज्ञानको प्रतिपादनमा एक नया अध्याय अवश्य थपी सक्ने थियो । किंबदन्तीको आधारमा कसैले कसैसँग यस्तो किसिमको सिद्धिको कुराको वर्णन गर्छ भने त्यसलाई अत्युक्ति नै मान्नु पर्ने हुन्छ । अब प्रत्यक्षलाई प्रमाणित नगरेसम्म कसैको कुनै मान्यता छैन ।

यहाँ सूक्ष्मीकरण साधनाको प्रश्न उठेको छ, जुन आजभोली मैले गरि रहेको छु । यो एउटा विशेष साधना हो, यसलाई स्थूल शरीर मै पनि गर्न सकिन्छ र शरीर त्यागेपछि पनि हुन सक्दछ । दुवै परिस्थितिमा यो स्थितिमा पुग्नको लागि अतिरिक्त प्रयोग - पुरुषार्थ र तप साधना बिना संभव हुन सक्दैन । यसलाई योगाभ्यास र तपश्चर्याको आगामी चरण भन्नु पर्दछ ।

यसको लागि कसले के के गर्नु पर्दछ भन्ने कुरा यसको वर्तमान स्तर एवं उच्चस्तरीय मार्गदर्शनमा निर्भर हुन्छ । सबैको लागि एउटै पाठ्यक्रम हुन सक्दैन तर एउटा कुरा के भने प्रत्येक साधकले आफ्नो शक्तिको बाहिरी अपव्यय भने रोक्नै पर्ने हुन्छ । फुल जबसम्म पाकेको हुँदैन तबसम्म एउटा खोलमा बन्द भैराखेको हुन्छ पछि यो खोललाई फुटालेर ऊ हिँड्छ र दौडन्छ –उडछ पनि । लगभग यही अभ्यास सूक्ष्मीकरणमा हुन्छ । जुन मैले गत दिनमा गरि सकेको छु । प्राचीनकालमा गुफा सेवन र समाधि आदि प्रयोग प्रायः यसैको लागि हुने गर्दथ्यो ।

सूक्ष्म शरीरधारीहरुको वर्णन र विवरण पुरातन ग्रन्थहरुमा विस्तारपूर्वक पाइन्छ । यक्ष र युधिष्ठिरको बीचमा झगडा विवादको महाभारतमा विस्तारपूर्वक वर्णन छ । सूक्ष्म शरीरधारीहरmमा यक्ष, गन्धर्व र ब्रह्मराक्षस जस्ता कैयौं वर्ग पाइन्थे । शिवजीका गण "वीर भद्र" कहलाउँथे । भूत - प्रेत, जिन्न र मशानहरmको छुट्टै बिरादरी थियो । जसले "अल्लादीनको चिराग" पढेको छ, त्यसलाई यो समुदायको गतिविधिको जानकारी होला । छाया पुरुषद्वारा साधनाको लागि आफ्नै शरीरबाट एक अतिरिक्त सत्ताको रचना गरिन्छ र उसले एउटा समर्थ साथी र सहयोगीको काम गर्दछ ।

यस्ता सूक्ष्म शरीरधारीहरु मध्ये अधिकांश सूक्ष्म शरीरधारीको बारेमा विभिन्न पुस्तकहरुमा यिनलाई हानिकारक देखाइएको छ अथवा अवहेलना गरिएको छ । यो यस्तो पनि सम्भव छ कि ती दिनहरुमा हुने गरेका लडाईहरुमा अतृप्त र विक्षुब्धस्तरका योद्धाहरm रणभूमिमा मरेपछि यस्तै हानिकारक काम गर्ने हुनाले त्यसो भनिएको हो कि ? त्यस युगमा सर्वत्र मारकाट र युद्ध हुने गर्दथे । यसको साथै पुस्तकहरुमा सूक्ष्म शरीरधारी देवर्षिहरुको पनि उल्लेख पाइन्छ । राजर्षि र महर्षि त स्थूल शरीरधारी नै हुने गर्दथे । तर जसको गति सूक्ष्म शरीमा पनि काम गर्दथ्यो त्यसलाई देवर्षि भन्दथे । तिनीहरु वायुभूत भएर विचरण गर्दथे । लोकलोकान्तरमा जान सक्दथे । वहाँहरुले जहाँ आवश्यकता अनुभव गर्नु हुन्थ्यो, त्यहाँ भक्तहरुको मार्गदर्शन गर्नका लागि अचानक पुगी हाल्नु हुन्थ्यो ।

ऋषिहरुमा पनि यस्तै कैयौंको बारेमा उल्लेखित पाइन्छ । तिनीहरु समय, समयमा धैर्य दिन, मार्गदर्शन गर्न वा जहाँ आवश्यक ठाने त्यहाँ पुग्ने - प्रकट हुने गरेको पाइन्छ । उनीहरु खुट्टाले हिँडेर जानु परेको छैन । अहिले पनि हिमालयका कैयौं यात्रीले उनीहरु हिमालयमा बाटो बिराएपछि कुनै अपरिचित व्यक्ति अचानक भेटिएर उनलाई सकुशल गन्तव्य ठाउँमा पु¥याई दिएको भन्ने कुरा सुनाउँछन् । कैयौं यात्रीहरुले कुनै गुफा या हिम शिखरमा अदृश्य योगीलाई दृश्य र दृश्यलाई अदृश्य भएको देखेका छन् । तिब्बतका लामाहरुको यस्तै अनगिन्ती कथा र गाथाहरु सुनिएको छ । थियोसोफिकल सोसायटीको मान्यता के छ भने अहिले पनि हिमालयको धुरब केन्द्रमा एउटा यस्तो मण्डली छ, जसले विश्वशान्तिमा योगदान गरिरहेको छ । यसलाई "अदृश्य सहायक" नाम दिइएको छ ।

यहाँ स्मरण राख्नु पर्ने कुरा यो हो कि देवर्षि समुदाय पनि मानिसहरुको नै एउटा विकसित वर्ग हो । यो वर्ग योगी, सिद्धपुरुष र महामानव जस्तै सेवा सहायतामा अन्य व्यक्तिहरु भन्दा धैरै समर्थ रहेको पाइन्छ । तर उनीहरु सर्व समर्थ छन् भनि ठहराउनु गल्ती हुन्छ । तिनले कसैको पनि मनोकामना तत्काल पूरा गर्न सक्दछन् वा अमोघ वरदान दिन सक्छन् भन्ने पनि होइन । कर्मफलको वरिष्ठता सर्वोपरि हुन्छ, त्यसलाई त भगवानले मात्र घटाउन वा मेटाउन सक्नुहुन्छ । यो कुरा मानिसको सामथ्र्य देखि बाहिर छ । जसरी बिरामी मानिसको चिकित्सक र विपत्तिग्रस्तको धनी व्यक्तिले सहयोग गर्न सक्दछ ठिक्क त्यसरी नै सूक्ष्म शरीर धारी देवर्षिले पनि समय समयमा सत्कर्मका लागि बोलाउँदा अथवा बोलाउँदै नबोलाए पनि सहयोगको लागि दगुरेका हुन्छन् । यसबाट धैरै लाभ हुन्छ । यति हुँदा हुँदै पनि कसैले यो मान्नु हुँदैन कि पुरुषार्थको आवश्यकता नै रहदैन अथवा देवर्षि अगाडी उभिदिनासाथ सफलता मिली नै

हाल्छ । यस्तो हुने भए मानिसहरुले उनीहरुकै आश्रय लिएर ढुक्क भै हाल्ने थिए । निजी पुरुषार्थको आवश्यकता नै पर्ने थिएन र निजी कर्मफलद्वारा बाधा अवरोध पर्ने र परिस्थितिहरुले तगारो लगाउने कुरा हुने नै थिएन ।

यहाँ मेरा हिमालयवासी गुरुदेवको एउटा राम्रो उदाहरण दिन सकिन्छ । वहाँ सूक्ष्म शरीरधारी भएको हुनाले नै त्यस्तो वातावरणमा बस्न सक्नु हुन्छ जहाँ जीवन निर्वाहको कुनै साधन छैन । वहाँले समय समयमा मेरो सहयोग गरी रहनु हुन्छ तर यसको अर्थ यो होइन कि मैले केही गर्नु नै परेको छैन, कुनै समस्या मेरो बाटोमा आउँदै आएन र असफल कहिले हुँदै भइएन । यो सब थोक हुने गरेको छ तर म एक्लैले जे जति गर्न सक्दथैं त्यसको अपेक्षा त्यो दिव्य सहयोगबाट मेरो मनोबल बहुतै उच्च रहेको कुरा निश्चित नै हो । वहाँको उचित मार्गदर्शन मिल्ने गरेको छ । यस कारण कठिनाईका दिनहरुमा पनि मेरो धैर्य र साहस यथावत स्थिर रहने गरेको छ । यो सानो कुरा होइन । अर्कासँग यत्ति नै आशा गर्नु पर्दछ । मेरो सबै काम अरुले नै गरि देला भनेर भगवानसँग पनि आशा लिनु हुँदैन । मानिसले यही त भूल गर्छन् कि दैवी सहयोगको याचना गर्ना साथ जादूको लकडी घुमाए झैं मनले चाहेको काम तुरुन्त भै हाल्नु पर्दछ । यस्तै अतिवादीहरुले एकै क्षणमा आस्था गुमाई दिन्छन् । दैवी शक्ति र सूक्ष्म शरीरहरुबाट हामीले सामयिक सहायताको आशा त गर्नु पर्दछ तर आफ्नो जिम्मेदारी वहन गर्नको लागि कटिबद्ध पनि रहनु पर्दछ । असफलता र कठिनाईलाई राम्रो शिक्षक मानेर आगामी पाइला अझ धेरै सावधानी र अझै ठूलो बहादुरीका साथ उठाउने तयारी गर्नु पर्दछ ।

सूक्ष्म शरीरको शक्ति सामान्यतः धेरै नै हुन्छ । दूरदर्शन, दूर श्रवण, पूर्वाभास र विचार सम्प्रेषण आदि काममा प्रायः सूक्ष्म शरीरको नै भूमिका हुने गर्दछ । वहाँहरुको सहायताबाट अनगिन्ती मानिसहरु विपत्तिबाट मुक्त भएका छन् । कैयौंलाई त यस्तो सहयोग मिलेको छ जसको अभावमा उनीहरुको काम अघि सर्नै सक्दैनथ्यो । दुई सच्चा मित्र भेटिए भने कैयौं गुणा हिम्मत बढ्छ । अदृश्य सहायकहरmसँग सम्बन्ध जोडिएपछि त्यस्तै अनुभव हुन्छ ।

जसरी हामीहरुको देखापर्ने संसार छ र यसमा दृश्य शरीरधारी जीव बस्दछन्, ठिक्क त्यसै एउटा अदृश्य लोक पनि छ । त्यसमा सूक्ष्म शरीरधारीहरुले निवास गर्दछन् । यसमा केही बिल्कुल साधारण, केही दुरात्मा र केही अति उच्चस्तरका हुन्छन् । यिनीहरुले मनुष्यलोकमा समुचित चाख राख्ने गर्दछन् । बिग्रेकोलाई सुधार्ने र सुध्रेकोलाई अझ बढी सफल बनाउनको लागि सूक्ष्म शरीरधारीहरुसँग याचना गर्दा, सहयोग माग्ने प्रयोजन र सहयोग माग्नेको स्तर उपुक्त छ भने राम्रोसँग र प्रर्याप्त मात्रामा सहयोग उपलब्ध हुन सक्दछ ।

यो त सूक्ष्म शरीर र सूक्ष्मलोकको सामान्य चर्चा भयो । यहाँ आफूले आफैलाई विकसित गर्ने प्रसंग छ । यो विषम बेला हो । यसमा प्रत्यक्ष शरीरधारीहरुले, प्रत्यक्ष उपाय र उपचारबाट जे जो गर्न सक्दछन् सो गरि नै रहेका छन् । गर्नु पनि पर्छ । तर यत्तिले काम चल्ने देखिदैन । अब बिग्री सकेकाहरुलाई झन बिग्रन देखि बचाउनका लागि सशक्त सूक्ष्म शरीरहरुले जोर लगाउनु पर्दछ । अहिले त बिग्री सकेकालाई

सपार्ने जुन प्रक्रिया चलिरहेको छ, त्यो प्रर्याप्त हुँदैन । त्यसलाई अझै सरल र सफल बनाउनका लागि अदृश्य सहयोगको आवश्यकता पर्ने छ । यो त सामूहिक समस्याहरुको समाधानको लागि पनि आवश्यक हुनेछ र व्यक्तिगत रुपले सत्प्रयोजनमा संलग्न व्यक्तिलाई अग्रगामी यशस्वी बनाउने दृष्टिले पनि आवश्यक हुनेछ ।

जब मलाई यो काम सुम्पिएको छ भने यसलाई पूरा गर्नका लागि अब लापरवाही र उपेक्षा किन ? म त दिव्य सत्ताको संकेतमा चिरकाल देखि हिँड्ने गरेको छु र जबसम्म आत्मबोध जागृत रहने छ तबसम्म यही स्थिति रहीरहने छ । यहि गतिविधि चल्ने छ । यो विषम बेला भएकोले दृष्य र अदृष्य क्षेत्रमा जुन विषाक्तता भरिएको छ, त्यसको परिशोधनको प्रयास गर्नु अविलम्ब आवश्यक हुन पुगेको छ । तसर्थ संजीवनी बूटी लानकोलागि पर्वत उखेलेर ल्याउन र सुषैण वैद्यको खोजीमा जानकोलागि जे गर्नु पर्ने हो  अवश्य गर्नु पर्दछ । यो काम गर्नको लागि प्रसुप्त अवस्थामा रहेको स्थूल शरीरलाई जाग्रत स्थितिमा ल्याउनकोलागि मलाई अविलम्ब जुट्नु परेको हो र विगत दुई वर्षमा कठोर तपश्चर्याको र एकान्त साधनाको अवलम्बन लिएको छु ।

आजभोली म यो काममा लागिपरेको छु

मेरा जिज्ञासा र उत्सुकताको समाधान गुरुदेव मेरो अंतरस्थलमा बसेर गर्नु हुन्छ । मैले वहाँको आत्मालाई आफ्नो नजीकै देख्ने गर्दछु । आर्ष ग्रन्थहरुको अनुवाददेखि प्रज्ञा पुराणको संरचनासम्म लेखन प्रयोजनमा वहाँको मार्गदर्शन, शिक्षक र विद्यार्थी जस्तो रहँदै आएको छ र मेरो वाणीले पनि वहाँकै सिकावटलाई दोहराउँदै रहेको छ । घोडा जसरी सवारको संकेतमा दिशा र चाल बदल्ने गर्दछ, त्यही प्रक्रिया मेरो साथमा पनि कार्यान्वित हुने गरेको छ ।

वहाँले ब्याट्री चार्जको लागि जब मलाई हिमालय बोलाउनु हुन्छ, तब पनि खासै केही भन्नु हुँदैन । सेनीटोरियममा जसरी कुनै दुर्बल व्यक्तिको स्वास्थ्य सुधारिन्छ त्यही उपलब्धी मलाई हिमालयमा प्राप्त हुने गर्दछ ।

यस पटक सूक्ष्मीकरणको प्रक्रिया र साधना विधिवत राम्ररी बुझी हालें र जसरी कुन्तीले आफ्नो शरीरबाट पांचवटा देव संतान जन्माएकी थिइन् ठिक्क त्यसरी नै मैले आफनो शरीरमा विद्यमान पाँच कोश - अन्नमय, मनोमय, प्राणमय, विज्ञानमय र आनन्दमय कोषलाई पाँच वीरभद्रको रुपमा विकसित गर्नु पर्नेछ । यसको साधना विधि पनि बुझी सकेको छु । जबसम्म यी पाँच वटै पूर्ण समर्थ हुँदैनन् तबसम्म वर्तमान स्थूल शरीरलाई यौटा गँुण जस्तो सुरक्षित राख्ने आदेश छ र अहिले प्रत्यक्ष देखिएका स्थूल जिम्मेदारी अरmहरmलाई सुम्पिने दृष्टिले अहिले शान्तिकुंजमा नै बस्ने आदेश छ ।..... ..... ... .......भगवान बुद्धले आनन्द, कुमार जीव, अंगुलीमाल, अम्बपाली, अशोक, हर्षवर्धन र संघ मित्रा आदिको मन जब पतिवर्तित गर्नु भयो तब वहाँहरुले गरिरहनु भएको कामको ठिक्क उल्टो काम गर्न थाल्नु भयो र विश्व विख्यात भैहाल्नु भयो । विश्वामित्रले हरिश्चन्द्रलाई एउटा मामूली राजा रहन दिनु भएन, अपितु यति वरेण्य बनाई दिनु भयो कि "राजा हरिश्चन्द्र नाटक"  देख्नाले मात्र गांधीजी पनि विश्व वन्दनीय हुन

पुगे । महाकञ्जूस भामाशाहलाई सन्त बिठोबाले अन्तप्रेरणा दिनु भयो र उनको सम्पूर्ण धन महाराणा प्रतापको लागि खर्च गराई दिनु भयो । आद्य शंकराचार्यको प्रेरणाले मान्धाताले चारै धाममा मठ बनाई दिए । अहिल्या बाईलाई एक जना सन्तले प्रेरणा दिएर कैयौं मन्दिर र नदीका घाटहरुको जीर्णोद्वार गराएका थिए र दुर्गम स्थानहरुमा नयाँ देवालय बनाउने संकल्पलाई पूर्ण गर्नको लागि सहमत गराएका थिए । समर्थ गुरु रामदासले शिवाजीलाई त्यो काम गर्ने अन्तःप्रेरणा दिनु भयो जो काम वहाँले आफ्नो इच्छाले संभवत गर्ने थिएनन् । अनि रामकृष्ण परमहंसले नरेन्द्रलाई विवेकानन्द बनाई दिए । राजा गोपी चन्दको मन वैराग्यमा लगाउने श्रेय संत भातृहरिलाई जान्छ ।

यस्ता उदाहरणहरुबाट इतिहास भरिएको छ । जसमा अनेकौं प्रतिभाहरुलाई कुनै मनस्वी आत्मवेत्ताले परिवर्तित गरेर एक थोकबाट अर्को थोक बनाई दिएको छ । तिनीहरुमाथि कुनै मनस्वीले कृपा नगरेको भए आफ्नो पुरानो बाटोमा गुडी रहन्थे होलान् , त्यो बाटो जुन बाटोमा उनीहरुको परिवार हिँडी सकेको थियो ।

मेरो आफ्नो कुरा पनि ठिक्क यस्तै त छ । यदि गुरुदेवले नउल्टाई दिएको भए म पनि त आफ्नो परिवारका सदस्यहरु जस्तै पुरोहित्याईं गरिरहेको हुन्थें अथवा अन्य कुनै काममा लागि रहेको हुन्थें । म त्यो स्थानमा कदापि पुग्न सक्ने थिएन जुन स्थानमा आज पुगेको छु ।

अब युग परिवर्तनको लागि कैयौं किसिमका प्रतिभाहरु चाहिन्छन् । अब यस्ता विद्वानहरुको आवश्यकता छ जसले आफ्नो तर्क र प्रमाणको नयाँ पद्धति प्रदान गर्न सकोस् , कलाकारहरुको पनि आवश्यकता छ जसले चैतन्य महाप्रभु, मीरा, सूर, कबीरको भावनालाई यसरी लहलहाउँदो बनाउन सकोस जसरी सपेराले सर्पलाई लठ्ठ पारेर हल्लिने बनाउँछ । धनवानहरुको झन आवश्यकता छ, जसले आफ्नो पूँजी विलासमा खर्च नगरेर सम्राट अशोकले गरे जस्तै समयको आवश्यकता पूरा गर्नको लागि आफ्नो सर्वस्व धन लुटाउन सकोस् । राजनीतिज्ञहरुको आवश्यकता यस कारण छ, जसले गाँधी, रुसो, कार्लमाक्र्स र लेनिन जस्तै आफ्नो सम्पर्कबाट प्रजाजनलाई यस्तो बाटोमा हिँडाउन सकोस्, जसको यो भन्दा पहिले कहिले पनि आशा गरिएको थिएन ।

भावनाशीलको त के कुरा गर्ने ? संत र सज्जनहरुले नमालूम कतिलाई आफ्नो सम्पर्कमा लिएर पारसको भूमिका निर्वाह गर्दै फलाम जस्ता मानिसहरुलाई सुन झैं उच्चस्तरीय व्यक्तित्व बनाउने गरेका छन् ।

मेरा वीरभद्रले अब यही काम गर्ने छन् । मैले पनि यही नै गरेको छु । लाखौं मानिसहरुको विचार र क्रिया पद्धतिमा आमूल परिवर्तन गरेको छु र तिनलाई गांधीका सत्याग्राही जस्तै, बिनोवाका भूदानी जस्तै, बुद्धका परिव्राजक जस्तै आफ्नो सर्वस्व लुटाई दिनलाई तयार गरि दिएको छु । प्रज्ञा पुत्रहरुको यति विशाल सेनाले हनुमानका अनुयायी वानरहरुको भूमिका निर्वाह गर्नु परेको छ । यो सानो जीवन कालमा मैले आफ्ना प्रत्यक्ष क्रियाकलापहरुबाट जहाँ रहे बसे पनि चमत्कार खडा गरि दिएको छु भने मेरै

आत्माका टुक्राहरु जता र जसका पछि लाग्छन् त्यसलाई सोझ्याएर सद्मार्गमा लान नसक्ने कुनै कारण नै छैन ।

आगामी दिनहरुमा अनेक दुष्प्रवृत्तिहरmको उन्मूलनको आवश्यकता पर्नेछ । त्यसको लागि यस्ता गांडीवधारीहरुको, जो अर्जुन जस्तै कौरवहरुको अक्षौहिणी सेनालाई धाराशायी गरोस, आवश्यकता पर्ने छ । यस्ता हनुमानहरुको पनि आवश्यकता पर्नेछ जसले एक लाख पुत्र – सवालाख नाती भएको रावणको लंकालाई पुच्छरले डढाएर खरानी बनाउन सकोस् । यस्ता परिवर्तन अन्तराल बदल्नाले हुन सक्दछन् । अमेरिकाका अब्राहम लिंकन र जर्ज वाशिंगन बहुतै गरीब र असमर्थ परिवारमा जन्मेका थिए तर तिनीहरुले आफ्नो जीवन प्रवाहलाई उल्टाएर अमेरिकाका राष्ट्रपति बन्न पुगे ।

प्रतिभाहीनहरुको कुरा छोडौं । तिनले त आफ्नो क्षमता र बुद्धिमत्तालाई चोरी, डाँका, ठगी जस्ता नीच काममा लगाउन सक्छन् तर जसमा भावना भरिएको छ, त्यसले आफ्नो साधारण पराक्रमबाट समयलाई उल्टाएर सानो स्तरबाट निकै उच्च स्तरमा पुग्न सक्दछ । स्वामी दयानन्द, श्रद्धानन्द र रामतीर्थ जस्ता अनगिन्ती उदाहरण छन् जसको दिशाधारा बदल्यो र तिनी असंख्यलाई बदल्न समर्थ भए ।

आज भोली प्रतिभाहरु विलासितामा, संग्रह र अहंकारको पूर्तिमा लागि परेका छन् । यसै कारणले तिनले आफनो क्षमता र सम्पन्नतालाई नष्ट गर्दै गएका छन् । यदि यी मध्ये केहीले मात्र पनि बाटो बदलिदिन्छन् भने तिनी गीता प्रेसवाला जयदयाल गोयन्दका जस्तै तमाम साधन खडा गर्न सक्दछन्, जसलाई अद्भुत र अनुपम भन्न सकिन्छ ।

कुन प्रतिभालाई केमा परिवर्तित गर्नु छ र त्यसबाट कुन काम लिनु छ भन्ने कुराको निर्धारण उच्च भूमिकाबाट हुँदै जानेछ । अहिले ज –  जसले विश्व युद्ध शुरु गर्ने र संसारलई ध्वस्त पार्ने कुरा सोचीरहेका छन्, उनको बुद्धि परिवर्तन भएपछि विनाश प्रयोजनमा लाग्ने बुद्धि, शक्ति र सम्पत्तिको विकास प्रयोजनको दिशामा परिचालित गर्ने छन् । यतिले समस्त परिस्थितिहरुमा सुधार आउन सक्ने छ । प्रवृत्ति र दिशामा परिवर्तन आएपछि मानिसको काम कुरामा पनि परिवर्तन आउँछ र जसले श्रेयमार्गमा पाइला चाल्छ, त्यसको सहायताका लागि भगवानको शक्ति उसको पछि पछि निश्चित रुपले विद्यमान रहन्छ । बाबा साहेब आम्टेले जस्तै उसले अपाङ्गहरुको विश्वविद्यालय र कुष्ठको औषधालय बनाउन सक्दछ । हीरालाल शास्त्रीले जस्तै वनस्थली बालिका विद्यालय खडा गर्न सक्दछ र लक्ष्मी बाईले गरे जस्तै कन्या गुरुकुलको स्थापना गर्न सक्दछ ।

मानवी बुद्धिको भ्रष्टताले मानिसको गतिविधिलाई भ्रष्ट, पापी र अपराधी स्तरमा पु¥याई दिएको छ । यस्ताले  जे जति कमाउँछन् ,त्यो हाता – हात आवंछनीय काममा नष्ट हुन पुग्दछ । टाउकोमा बदनामी र पापको घैटो फुटीरहेको छ । यस समुदायका मानिसहरुको विचारलाई कसैले उल्टाउन सक्यो र रीति, नीति र दिशा धारालाई बदल्न सक्यो भने यिनै मानिसहरु यति महान बन्न सक्दछन् र यस्ता

महान कार्य गर्न सक्दछन् कि त्यसको अनुकरण गरेर लाखौं मानिस धन्य हुन र युग परिवर्तन भएको देख्न सक्दछन् ।

हालका दिनहरुमा जुन मेरो सावित्री साधना, चलिरहेको छ र जसको माध्यमबाट जो अदृश्य महाबली उत्पन्न हुन लागेका छन्, ती चुपचाप असंख्य व्यक्तिको मन मस्तिष्कमा प्रवेश गर्ने छन् र तिनको अनीतिलाई छोडाई दिने छन् र त्यसको बदलामा तिनीहरुका लागि यस्ता मणि माणिक्य छोडेर आउने छन् जसबाट उनीहरु धन्य बन्न सकुन् र "युगपरिवर्तन" जो अहिले कठिन देखिएको छ, त्यो सरल बन्न सकोस् ।

## मनीषीको रुपमा मेरो प्रत्यक्ष भूमिका

मानिस आफ्नो अन्तःशक्तिको सहाराले निदाएका शक्तिहरुलाई बिउँझाएर ऊचा उठाउँछ । यो कुरा जति सही छ त्यति नै यो कुरा पनि झूठो होइन कि तप र साधनाबाट प्रखर बनाइएको वातावरण, शिक्षा, सान्निध्य - सत्संग र परामर्श अनुकरणले पनि त्यत्तिकै भूमिका खेलने गर्दछ । यस्तो पनि देखिन्छ कि कुनै समुदायको नितान्त साधारण श्रेणीको सीमित सामथ्र्य भएको व्यक्ति पनि कुनै प्रचण्ड प्रवाहको सहाराले असंभव पुरुषार्थ गरेर देखाएको हुन्छ । प्राचीन कालमा मनीषी र मुनिहरुले यस्तै भूमिकाको निर्वाह गरेका हुन्थे । उनीहरु युग साधनामा लागि पर्दथे र लेखनी तथा वाणीका सशक्त तन्त्रका माध्यमबाट जनमानसको चिन्तनलाई विकसित गर्दथे । यस्तो साधनाले अनेक उच्च स्तरीय व्यक्तिहरुलाई जन्म दिन्थ्यो, अर्काको सुती निदाएको सामथ्र्यलाई उजागर गरेर सही दिशा दिएर समाजमा वाञ्छित परिवर्तन गर्दथ्यो । शरीरको दृष्टिले सामान्य देखिने व्यक्ति पनि प्रतिभा कुशल र चिन्तनमा श्रेष्ठताले परिपूर्ण देखा पर्दथे ।

मुनि र ऋषि यी दुइटा वर्गका व्यक्तिहरुलाई अध्यात्म क्षेत्रको प्रतिभामा मान्यता दिने गरिएको पाइन्छ । ऋषि भनेको त्यस्तो प्रतिभावान व्यक्ति हो जसले तपश्याद्वारा शरीरको चेतनात्मक अनुसन्धान गरेर प्राप्त भएका निष्कर्षहरुबाट जन समुदायलाई लाभ पु¥याएको होस् र मुनि भनेको त्यो हो जसले चिन्तन मनन र स्वाध्यायद्वारा जनमानसको परिष्कारको अहम् भूमिकाको निर्वाह गर्दछ । पहिलो पवित्रताको प्रतीक हो भने दोस्रो प्रखरताको । यी दुवै थरीले तपसाधनामा लीन भएर सूक्ष्मतम बन्नु पर्दछ जसबाट आफ्नो स्वरुप विराट र व्यापक बनाएर स्वयंलाई आत्मबल सम्पन्न गरेर युगचिन्तनको प्रवाहलाई उल्टाई पल्टाई सोझ्याउन सकियोस । मुनिले प्रत्यक्ष साधनाको प्रयोगको स्वतन्त्रा राख्दछन् तर ऋषिको लागि यो अनिवार्य हुँदैन । ऋषिले त आफ्नो सूक्ष्म रुपमा पनि वातावरणलाई आन्दोलित गर्दै सुसंस्कारित बनाई राख्न सक्दछन् ।

लोक व्यवहारमा मनीषी भनेको त्यो महाप्राज्ञ हो जसको मन उसको पूर्ण नियन्त्रणमा हुन्छ । जो स्वयं मनद्वारा सञ्चालित हुँदैन, उसले त आफ्नो विचारद्वारा मनलाई चलाउने गर्दछ । त्यसलाई मनीषी भनिन्छ र यस्तो प्रज्ञालाई मनीषा भनिन्छ । शास्त्रकारको भनाईमा "मनीषा अस्ति येषां ते मनीषा नः" र साथ साथ के पनि भनिएको छ भने "मनीषी नस्तु भवन्ति, पानानि न भवन्ति, अर्थात मनीषा त कैयौं हुन्छन्, ठूला ठूला बुद्धिमान हुने कुरा अर्कै हो तर पवित्र र शुद्ध अंतःकरण राखेको बुद्धिमान ब्यक्ति नै सही हो । आज सम्पादक, बुद्धिजीवी, लेखक, अन्वेषक र प्रतिभाशाली वैज्ञानिक त अनेकौ छन्, देश देशान्तरमा भरिभाउ छन् तर तिनीहरु मनीषी होइनन् । किन ? किनकि तप शक्तिद्वारा र अन्तःशोधनद्वारा वहाँहरुले पवित्रता आर्जित गर्नु भएको देखिदैन ।

आज साहित्यको कमी छैन । जति पत्र पत्रिका प्रकाशित हुन्छन्, विश्वभरमा दिनहुँ जति साहित्य छापिन्छ, त्यो विशाल पर्वत बराबरको सामग्री देखे पछि त वास्तवमा मनीषीहरु बढेका छन् र पढ्नेहरु बढेका छन् भन्ने भ्रम हुन्छ । तर यो विशाल साहित्यको प्रभाव समाजमा किन परिरहेको छैन । लेखकहरुको कलमले भडकाउको स्थिति किन पैदा गरि रहेको छ ? र त्यो साहित्यलाई पढेर मन प्रफुल्लित हुने र सन्तोष मान्ने हरुको संख्या किन बढ्दैन ? यदि यसको कारण खोज्ने हो भने हामी "पानानि न भवन्ति" मा पुग्छौं । यदि यति मात्रामा उच्चस्तरीय चिन्तनलाई उत्कृष्ट बनाउने साहित्यको रचना भएको भए र त्यसको भोक बढाउने पाचन शक्ति जन समुदायको मनमा पैदा गरिएको भए के ती विकृतिहरु देखा पर्न सक्दथे, जो आज समाजमा विद्यमान छन् ? दैनिक जीवनका समस्याहरुको समाधान यदि सम्भव छ भने, युग मनीषाद्वारा मात्र सम्भव हुन सक्दछ ।

जस्तो कि यो भन्दा पहिले नै मैले भनिसकेको छु कि यदि नयाँ युग आउँछ भने त्यो विचार शोधनद्वारा आउँछ र यदि क्रान्ति हुन्छ भने फलाम र रगतबाट होइन विचार र विचारको खण्डन मण्डनद्वारा हुन्छ । समाजको नवनिर्माण भयो भने सद्विचारको प्रतिष्ठापनद्वारा नै सम्भव हुन्छ । अहिलेसम्म समाजमा जति तुयांलो लागि सकेको छ त्यो बुद्धिमानहरुको माध्यमबाट भएको हो । द्वैश, कलह, जाति र नश्लवाद र व्यापक नरसंहार जस्ता कामहरुमा बुद्धिमानहरुले नै भूमिका निर्वाह गर्दै आएका छन् । यदि तिनीहरु सत्मार्गमा हिँड्ने भैदिएको भए र तिनका अन्तःकरण पवित्र भैदिएकोभए तथा तप उर्जाको सहयोग तिनलाई प्राप्त भएको भए उनीहरुले सकारात्मक विज्ञान प्रवाहलाई जन्म दिने थिए, सत्साहित्यको रचना गर्ने थिए र यस्तै आन्दोलन चलाउने थिए । हिटलरले जब नीत्सेको विचारद्वारा सृजित सुपरमेन नामको अधिनायकलाई आफ्नो व्यक्रित्वमा धारण गरेर साकार पार्न खोज्यो तब उसले सर्वप्रथम सम्पूर्ण राष्ट्रको विचार प्रवाहलाई त्यस दिशामा फर्कायो । शिक्षक र वैज्ञानिक वर्ग नाजीवादको कट्टर समर्थक बन्यो तब त्यसको त्यो नकारात्मक विचार साधनाद्वारा जुन त्यसले "मेन कैंफ" को रुपमा आरोपित गर्यो, पछि त सम्पूर्ण राष्ट्रको पाठ्यक्रम र समाचारपत्र पत्रिकाहरुको प्रवाह त्यसले त्यस दिशामा फर्कायो जस्तो कि त्यस्ले चाहेको थियो । जर्मन राष्ट्रले "नस्लवाद" को घमण्डमा आफूलाई सर्वश्रेष्ठ जातिको प्रतीकको रुपमा लिएर गर्वमा मद्मत्त भएर ब्यापक नरसंहार ग¥यो

र स्वयं ध्वस्त भयो । यो पनि मनीषाको एक घुम्तीको परिणाम नै हो । यो घुमती सही दिशातिर उन्मुख भएको भए त्यस्तो समर्थ र सम्पन्न राष्ट्रलाई धेरै अगाडी लिएर जान सक्थ्यो ।

कार्ल माक्र्स व्यापक गरीबीमा बाँचेर पनि यस्तो अर्थशास्त्रीय दर्शनलाई जन्म दिए जसले समाजमा क्रान्ति ल्याई दियो । पूँजीवादी किल्लाहरु ध्वस्त हुँदै गए र साम्राज्यवादको दुई तिहाई भाग धर्तीबाट गायब हुन पुग्यो । “दास कैपिटल” को रुपमा यो रचनाले एउटा नयाँ युगको शुभारम्भ गर्‍यो जसमा श्रमिकहरुलाई उनको अधिकार मिल्यो र पूँजीको समान वितरणको त्यो अध्याय खुल्यो जसमा करोडौं मानिसहरुले सुख – शान्ति र स्वावलम्बन प्रधान जीवन जिउने स्वतन्त्रा पाए । रुसोले जुन प्रजातन्त्रको जग हालेका थिए त्यो जगमा उपनिवेशवाद र साम्राज्यवादका पक्षधर शोषकहरुको रीति नीति नै प्रेरणा स्रोत रहेको थियो । यदि रुसोको विचारधाराले जनसमुदायमा व्यापक प्रभाव पैदा नगरेको भए मताधिकारको स्वतन्त्रता र बहुमतको आधारमा प्रतिनिधित्वको दर्शन विकसित हुने थिएन । “जसको लठ्ठी उसैको भैंसी” भन्ने नीति नै सर्वव्यापी भएर जाने थियो र कसैले विरोध गर्न सक्ने थिएन । जमीनदार र उत्तराधिकारको रुपमा राजा बन्ने अधकलचो व्यक्तित्वहरुको नै वर्चस्व हुने थियो । यसलाई एक प्रकारको “मनीषा प्रेरित क्रान्ति” भन्नु पर्दछ जसबाट हेर्दा हेर्दै उपनिवेशहरु सकिए र शोषक वर्गको सफाया भयो । यसै सन्दर्भमा मैले कैयौं पटक लिंकन र लूथर किंगका साथ साथ ति महिला “हैरियट स्टो ” को उल्लेख गर्ने गरेको छु, जसको कलमले कालाहरुलाई दासताको बन्धन देखि मुक्त गरायो । प्रत्यक्षतः यो युग – मनीषाको भूमिका हो ।

बुद्धको विवेक एवं नीतिमत्तामा आधारित विचार क्रान्ति र गाँधी, पटेल तथा नेहरुद्वारा पैदा गरिएको स्वतन्त्रता आन्दोलनको आँधी बहेरी त्यो परोक्ष मनीषाको प्रतीक हो, जसले आफ्नो समयमा यति प्रचण्ड प्रवाह उत्पन्न गर्‍यो कि युग बदलिँदै गयो । वहाँहरुले कुनै विचार उत्तेजक साहित्यको रचना गर्नु भयो भन्ने पनि छैन । अनि यो कसरी सम्भव भयो त ? यो तब मात्र हुन सक्यो जब वहाँहरुले मुनि स्तरको भूमिकाको निर्वाह गर्नु भयो, स्वयंलाई तपाउनु भयो र विचारमा शक्ति पैदा गर्नु भयो तथा त्यसबाट वातावरणलाई प्रभावित गर्नुभयो ।

परिस्थिति त आज पनि विषम नै छ । वैभव र विनाशको पींग खेलीरहेको मानव जातिको उद्धार गर्नको लागि आस्थाहरुको मर्मस्थलसम्म पुग्नु पर्ने छ र मानवी गरिमालाई विकसित गर्ने तथा दूरदर्शी विवेकशीलतालाई बिउँताउने प्रचण्ड पुरुषार्थ गर्नु पर्नेछ । यो कार्यमा साधकहरुले योगदान गर्न सक्दछन् भन्ने कुरा सोच्नु भ्रमपूर्ण छ । दुर्बल आस्थालाई अन्तःकारणको तत्वदर्शन र साधना प्रयोगको मलको आवश्यकता छ । अध्यात्मवेत्ताहरुले यो मरुभूमिको हेरचाह गर्ने जिम्मेवारी लिने गरेका छन् र समय समयमा संव्याप्त भ्रान्तिहरुबाट मानवतालाई बचाउने गरेका छन् । अध्यात्मको शक्ति विज्ञान भन्दा ठूलो छ । अध्यात्मले नै व्यक्तिको अन्तरात्मामा विकृतिको वातावरणसँग लड्न सक्ने र विकृतिलाई धपाउन सक्ने सक्षम तत्वहरुलाई स्थापित गर्न सक्दछ । मैले व्यक्तिहरुमा पवित्रता र प्रखरताको

समावेश गर्नको लागि मनीषालाई नै आफ्नो माध्यम बनाएको छु र उज्ज्वल भविष्यको सपना देखेको छु।

मैले आफ्नो भावी जीवन क्रमको लागि जुन महत्वपूर्ण निर्धारण गरेको छु, त्यसमा धर्म र लोक चिन्तनलाई सही दिशा दिनको लागि यस्तो विचार प्रवाह खडा गर्नु सर्वोपरी निर्धारण हो जसले कुनै पनि स्थितिमा अवाञ्छनीयतलाई प्रवेश गर्न नै नदेओस् । आज जनसमुदायको मस्तिष्कमा जुन दुर्गति घुसेको छ, त्यसैको परिणति यस्तो परिस्थितिको रुपमा देखा पर्दछ । जसलाई जटिल र भयावह मानिन्छ । यस्तो वातावरणलाई बदल्नको लागि व्यास, बुद्ध, गाँधी र कार्ल माक्र्स, मार्टिन लुथर किंग, अरविन्द र महर्षि रमण जस्तो भूमिकाको निर्वाह गर्ने मुनि र ऋषिहरmको हातेमालोको आवश्यकता छ । जसले प्रत्यक्ष र परोक्ष प्रयासद्वारा विचारक्रान्तिको प्रयोजन पूरा गर्न सकोस् । यो पुरुषार्थ अंतःक्षेत्रको प्रचण्ड तपसाधनाद्वारा नै संभव हुन सक्दछ । यसको प्रत्यक्ष रुप त युग मनीषा नै हुन सक्दछ, जसले आफ्नो शक्तिद्वारा उत्कृष्ट स्तरको साहित्यको रचना गर्न सक्दछ र जसलाई युगान्तकारी भन्न सकिन्छ । मैले आजभन्दा ४७ वर्ष पहिले "अखण्ड ज्योति" को माध्यमबाट जुन संकल्प लिएको थिएँ, त्यसलाई निरन्तर निर्वाह गर्दै जानु मेरो नैतिक दायित्व छ ।

मैले परोक्ष रुपमा युग ऋषिको भूमिका निर्वाह गर्दै ती अनुसंधानहरुको पृष्ठभूमि बनाउने मेरो इच्छा थियो जो वैज्ञानिक अध्यात्मको प्रत्यक्ष रुप – तर्क, तथ्य र प्रमाणलाई आधार मान्ने समुदायका समक्ष राख्न सकूँ । आज चलिरहेका वैज्ञानिक अनुसन्धानहरु यदि त्यसबाट कुनै सही दिशा ग्रहण गरेर सही बाटोमा हिँड्न सक्छन् भने मेरो प्रयाश सफल मानिने छ । आत्मअनुसन्धानको लागि खोजी कार्य कसरी चल्नु पर्दछ, साधना र उपासनाको वैज्ञानिक आधार के हो ? मनः शक्तिको विकासमा साधना उपचार कसरी सहायक सिद्ध हुन्छ ? ऋषिकालिन आयुर्विज्ञानको पुनर्जीवन गरेर शारीरिक र मानसिक स्वास्थ्यलाई कसरी अक्षुण्य बनाउन सकिन्छ, गायत्रीको शब्द शक्ति र यज्ञाग्निको ऊर्जाले व्यक्तित्वलाई सामथ्र्यवान र पवित्र तथा शरीरलाई जीवनी शक्ति सम्पन्न बनाएर प्रतिकूलतासँग लड्नको लागि कसरी समर्थ बनाउँछ, ज्योर्तिविज्ञानका प्राचीन प्रयोगहरुको माध्यमबाट आजको परिप्रेक्ष्यमा मानव समुदायलाई कसरी लाभान्वित गर्न सकिन्छ ?यस्ता अनेक पक्ष र प्रश्नलाई मैले अथर्वेदीय ऋषि परम्परा अन्तरगत अफ्ना शोध प्रयाशमा निरन्तर पोषण दिई रहनेछु । सम्पूर्ण वैज्ञानिक समुदायको चिन्तन यो दिशामा प्रवाहित हुन सकोस् र आत्मिकीको अनुसंधानमा तिनले आफ्नो प्रज्ञालाई परिचालित गरेर स्वयं आफैलाई धन्य बनाउन सकुन भन्ने मेरो प्रयास जारी रहने छ । सम्पूर्ण मानवजातिलाई आफ्नो मनीषाद्वारा र शोध अनुसन्धानको निष्कर्षको माध्यमबाट लाभान्वित गर्ने भन्ने मेरो संकल्पले सूक्ष्मीकरण तपश्चर्याको स्थितिमा झन प्रखर रुप लिँदै गएको छ । यसको परिणति भविष्यमा समयले बताउने छ ।

## “विनाश होइन सृजन” ःमेरो भविष्यवाणी

आगामी दिनहरु संकटले भरि भराउ हुनेछन् भन्ने कुरा विभिन्न मूर्धन्यहरुले आ – आफ्नो दृष्टिकोण अनुसार विभिन्न प्रकारका जोरदार शब्दमा भनेका छन् । ईसाई धर्मग्रन्थ बाइबलमा जुन “सेवन टाइम्स” मा प्रलयकाल जस्तो विपत्ति आउने कुरा उल्लेख भएको छ, त्यो समय यही हो । इस्लाम धर्ममा चौदहौं शताब्दीको महान संकट भनिएको छ र भविष्य पुराणमा अहिलेको समय अवस्थाको संकेत गर्दै ठूलो विपत्ति आई पर्ने कुरा लेखिएको छ । त्यस्तै सिखहरुको गुरु ग्रन्थ साहिबमा पनि यस्तै अनेक भविष्यवाणीहरु छन् । कवि सूरदासले यस्तै दिनहरुमा विपत्ति आउने भनेका छन् । मिश्रका पिरामिडहरुमा यस्तै शिलालेख पाइएका छन् । अनेक भारतीय भविष्यवक्ताहरुले यिनै दिनहरुमा भयंकर उथल पुथलले गर्दा अध्यात्म आधारमा र दृश्य गणित ज्योतिषको माध्यमबाट यस्तै सम्भावना व्यक्त गरेका छन् ।

पाश्चात्य देशहरुमा जुन भविष्यवक्ताहरुको नाम आदरका साथ लिने गर्दछन् र जसका भविष्यवाणीहरु ९९ प्रतिशत सत्य ठहरिन्छन्, ति मध्ये जीन डिक्सन, प्रो. हरार एंडरशन, जोन बावेरी, कीरो, आर्थर, क्लार्क, नोस्ट्राडमस, मदर शिम्टन, आनन्दाचार्य आदिले यस सम्बन्धमा जुन सम्भावना व्यक्त गरेका छन् ती भयावह छन् । केही समय भयो, कोरियामा समस्त संसारका दैवज्ञहरुको एउटा सम्मेलन भएको थियो, त्यसमा पनि डर लाग्दा सम्भावनाहरुको नै भविष्य कथन गरिएको थियो । टोरंटो – क्यानडामा संसारभरका विज्ञान विशेषज्ञ(फ्यूचराण्टालाजिष्ट)हरुको एउटा सम्मेलन भएको थियो जसमा वर्तमान परिस्थितिहरुको पर्यवेक्षण गर्दै खराब दिन धेरै नजीक आई सकेका छन् भनिएको थियो । पृथ्वी माथि पर्ने ग्रह नक्षत्रको प्रभावलाई अध्ययन गरी बुझ्न सक्नेहरुले हाल सूर्य माथि परेको डाम बढी रहेको र लगातार परिरहेका सूर्यग्रहणलाई पृथ्वी निवासीहरुको लागि हानिकारक बताएको छ । आज भोली सन् १९८५ को प्रारम्भमा उदय भएको “हेलीको पुच्छर तारा” को विषैलो ग्यासको परिणाम पृथ्वीवासीहरुका लागि घातक हुने बताएका छन् ।

यो कुरा त सामान्य व्यक्तिलाई पनि थाह छ कि अन्धाधुन्ध बढीरहेको जनसंख्याको लागि आगामी दिनहरुमा अन्न जलको त कुरै छोडौं, बाटोमा हिँड्नलाई ठाउँ समेत हुने छैन । औद्योगीकरण र मशीनीकरणको भरमारले हावा र पानी पनि पुंगीरहेको छैन र विषाक्त भैसकेको छ । खनिज तेल, धातु र कोइला अब पचास वर्षको लागि छैन । अणु परीक्षणबाट उत्पन्न हुने विकिरणबाट आगामी पीढी र वर्तमान जन समुदायलाई क्यान्सर जस्ता भयानक रोगको अधिकता हुने खतरा मडारीरहेको छ । दुर्भाग्यवश यदि अणु युद्ध हुन पुग्यो भने यसबाट मानिस मात्र होइन, अन्य प्राणी र वनस्पति पनि नष्ट भै हाल्ने छन् । असंतुलित भैरहेको तापमानबाट धुरवको हिउँ पग्लने, समुद्रमा हुरी र चक्रवात आउने र हिमयुग फर्कने सम्भावना पनि बताई रहेका छन् । अनेक प्रकारको संकटको अनेकानेक कारणहरु विद्यमान छन् । यस विषयको साहित्य जम्मा गर्ने हो भने त्यसबाट यस्ता सम्भावनाहरु स्पष्टै देखिन्छन जसको कारणबाट यी वर्षहरुमा भयानक विनाश हुन सक्दछ । सन् २००० मा युग परिवर्तनको घोषणा छ । यस्तो समयमा पनि विकास भन्दा पहिले विनाश र मूर्ति ढलोट गर्नु भन्दा पहिले धातुलाई पगाल्ने सम्भावनाको अनुमान

लगाउन सकिन्छ । कुनै पक्षबाट विचार गर्दा पनि प्रत्यक्षदर्शी र भावनाशील मनीषी – भविष्यवक्ताले आज भोली विश्व संकट दिन प्रतिदिन बढ्दै गएको देखि रहेका छन् ।

हाल पत्रकार र राजनीतिज्ञहरुको क्षेत्रमा अत्याधिक चिन्ता यस कारण व्याप्त भएको छ कि आज जस्तो संकट मानिस जातिको सामुन्ने छ, त्यस्तो संकट त मानवीय उत्पत्तिको समय देखि हालसम्म आएको छैन । शान्ति परिषद जस्ता कैयौ संस्थाहरुले महाविनाशको मडारिरहेको संकट कुनै विधिले हटोस भन्ने कुरामा प्रयत्नशील छन् । साना तिना खुद्रा लडाई त यत्रतत्र विभिन्न क्षेत्रमा भै नै रहन्छन् शीत युद्ध त कुनै दिन पनि महाविनाशको रुपमा विकसित हुन सक्दछ । यो त जो कोहीले सजिलै अनुमान गर्न सक्दछ ।

भूतकालमा पनि देवासुर संग्राम हुने गरेका छन्, तर जनजीवनको सर्वनाशको प्रत्यक्ष सम्भावनाको सर्वसम्मत यस्तो अवसर यो भन्दा पूर्व कहिल्यै आएन ।

यस्ता संकटहरुलाई ऋषिकल्प सूक्ष्मधारी आत्माहरुले राम्ररी नियालेर हेरी बुझी रहेका छन् । यस्तो बेलामा वहाँहरु मौन वस्न सक्दैनन् । ऋषिहरुको तप स्वर्ग, मुक्ति एवं सिद्धि प्राप्त गर्नका लागि हुँदैन । उपलब्धी प्राप्ती कै कुरा गर्ने हो भने त अध्यात्मिक जीवनमा प्रवेश गर्ने स्थूल शरीरधारीले पनि प्राप्त गर्न सक्दछ । यो त महामानवलाई प्राप्त हुने विभूति हो । तर ऋषिहरुलाई भगवानको कार्य सम्हाल्नु पर्दछ र वहाँहरु त्यस प्रयासलाई नै लक्ष्य मानेर काममा संलग्न भै रहन्छन् ।

म माथि अनुग्रह गर्ने ऋषि र दैवी सत्ताले मसँग सबै कार्यहरु लोक मंगलको लागि गराउनु भएको हो । शुरुका २४ महापुरश्चरण पनि यसैको लागि गराउनु भएको हो जसबाट यस स्तरको आत्मिक समर्थता प्राप्त होस जसद्वारा लोक मंगलका अति महत्वपूर्ण कार्यहरु गर्न कठिनाई नपरोस् ।

वहाँहरुलाई विश्व माथि मडारिएका संकटहरुलाई खतम पार्ने चिन्ता छ । चिन्ता मात्र होइन प्रयास पनि गरि रहनु भएको छ । यिनै प्रयासहरु मध्ये मेरो व्यक्तित्वलाई पवित्रता र प्रखरताले भर्ने काम पनि एउटा प्रयास नै हो । यसै आधारमा आध्यात्मिक सामर्थ्य विकसित हुन्छ ।

उपासनाको वर्तमान चरण सूक्ष्मीकरणको सावित्री साधनाको रुपमा चलिरहेको छ । यस प्रक्रियाको पछाडी कुनै व्यक्ति विशेषको ख्याति, सम्पदा, वरिष्ठता या विभूति छैन । त्यसको एक मात्र प्रयोजन यो हो कि मानवी सत्ता र गरिमाका डगमगाई रहेको गोडा स्थिर हुन सकुन । उहाँहरुले पाँच वीरभद्रका काँधमा आफ्ना उद्देश्य बोकाएर पनि आफनो काम सम्पन्न गर्न सक्नु हुन्छ । हनुमानका काँधमा चढेर राम र लक्षमण दुवै दाजुभाई हिँड्ने गर्दथे । यो त श्रेष्ठता प्रदान गर्नु सम्मको काम मात्र हो । यसलाई माध्यमको छनौट भन्न सकिन्छ । एउटा गांडीव धनुषले त्यति विशाल महाभारत कसरी लड्न सकिन्थ्यो ? सामान्य बुद्धिले त यसलाई असंभव भन्नु पर्दछ तर भगवानको जो इच्छा हुन्छ त्यो त कुनै न कुनै रुपमा पूरा भएरै छाड्छ । महाबली हिरण्याक्षलाई भगवानले सुंगुरको रुप लिएर चिरेर फाल्नु भयो । त्यो भगवानको इच्छाको परिणाम हो ।

यसपटक पनि मेरो निजी अनुभवमा असुरताद्वारा उत्पन्न विभीषिकालाई सफल हुन दिइने छैन । यस्तो परिवर्तन आउने छ कि जो व्यक्तिहरु यस महाविनाशमा संलग्न छन् र महाविनाशको संरचना गरि रहेका छन्, ती पल्टने छन् अथवा उनलाई उल्टाउनका लागि नयाँ व्यक्ति जन्मिने छन् । विश्व शान्तिमा भारतको निश्चित नै कुनै ठूलो भूमिका रहन सक्ने देखिन्छ ।

समस्त संसारका मूर्धन्य, शक्तिवान र विचारवानहरुले विनाश हुन गैरहेको छ भनि शंका गरेका छन् तर म एक्लोले के भन्छु भने उल्टोलाई उल्टाएर नै सोझो पारिने छ । मेरो भविष्यवाणीलाई अहिले नै बडो गंभीरतापूर्वक बुझी हाल्न आवश्यक छ । विनाशका बादलहरुलाई आगामी दिनहरुमा हुरीको प्रवाहले उडाएर लैजाने छ र अँधकारलाई चिर्दै प्रकाशले भरिएको वातावरण देखा पर्नेछ । यो काम ऋषिहरुको पराक्रमबाट नै संभव हुन सक्दछ । यसमा वहाँहरुको केही भूमिका देखा पर्न सक्दछ र केही भूमिका देखा नपर्न पनि सक्दछ ।

सामान्य मानिसको इच्छाशक्तिले पनि काम गरि रहेको भन्ने कुरा पनि सबैले स्वीकार गर्नु पर्दछ । जनमतको पनि दबाब पर्दछ । ज – जसको हातमा विश्वको परिस्थिति बिगार्ने क्षमता छ, तिनीहरुले जागृत लोकमतका सामुन्ने घुँडा टेक्नु पर्नेछ । लोकमतलाई जगाउने अभियान प्रज्ञा आन्दोलनद्वारा चलिरहेको छ । यो क्रमशः विस्तारित र सशक्त हुँदै जानेछ । यसको दबाब प्रत्येक प्रभावशाली क्षेत्रका समर्थ शक्तिहरुमाथि पर्नेछ र उनीहरुले आफ्नो कौशल र चतु¥याईलाई विनाशको योजना बनाउनमा लगाउनु भन्दा विकासको लागि लगाउनु पर्छ भन्ने सोंच बन्दै जाने छ । प्रतिभा एउटा महाशक्ति हो । यो जतातिर लाग्छ त्यतैतिर चमत्कार प्रस्तुत गर्दै जान्छ ।

वर्तमान समस्याहरm एक अर्कासँग सम्बन्धित छन् र आपसमै बेरिएका छन् । एउटाको अर्का‍े सँग घनिष्ट सम्बन्ध छ । चाहे त्यो वर्यावरण होस्, अथवा युद्ध सामग्रीको संकलन, बढी रहेको अनीति र दुराचार होस् अथवा अकाल र महामारी जस्ता दैवी विपत्तिहरु होउन् । एउटा समस्याको समाधान गर्ने तर अरुहरुलाई बाँकी राखी दिने हो भने काम हुन सक्दैन । सबै समस्याको एकमुष्ट समाधान खोज्नु पर्नेछ र यदि इच्छा साँचो छ भने त्यसको समाधानको खोजि अवश्य सफल हुनेछ ।

प्रमुख शक्ति दुइटा मात्र छन् । यिनको माध्यमबाट नै केही कुरा बन्न वा बिग्रन सक्दछ । एउटा शस्त्र बल – धन बल हो । अर्का‍े बुद्धिबल – संगठन बल नै प्रमुख हो । बितेका दिनहरmमा धनबल र शस्त्रबलको आधारमा मानिसलाई तल खसाल्ने, अनुचित रीतिले दबाउने र मनमा लागेको काम गराउने गरिएको छ । यही दानवी शक्ति हो । अब आगामी दिनहरुमा दैवी शक्ति अगाडी आउने छ र बुद्धिबल – संगठनबलको प्रभाव अनुभव गराउने छ ।

सही दिशामा हिँड्नाले यो दैवी शक्तिले के के काम गरेर देखाउने छ भन्ने कुराको अनुभूति सबैलाई गराउनु परेको छ ।

न्ययको प्रतिष्ठा होस्, नीतिलाई चौतर्फी मान्यता मिलोस्, सबैजना मिलीजुली रहुन् र मिलेर बाँडेर खाउन्, यो सिद्धान्तलाई जनभावनाद्वारा सच्चामनले स्वीकारियो भने बाटो देखा पर्नेछ र उपाय

पत्ता लाग्ने छन्, नयाँ योजनाहरु बन्ने छन्, प्रयास जारी रहने छ र अन्ततः लक्ष्यमा पुग्ने बाटो बनी नै हाल्नेछ ।

"आत्मवत सर्वभूतेषू" र "वसुधैव कुटुम्बकम्" यी दुइटा सिद्धान्त यस्ता छन् जसलाई अपनाई सकेपछि तत्कालनै आज भोली कस्ता अवांछनीयताहरुलाई अपनाइएको छ र तिनलाई त्याग गर्नकालागि के कस्तो साहस अपनाउनु पर्दछ र कुन स्तरको संघर्ष गर्नु पर्दछ भन्ने कुरा थाह हुन सक्ने छ । मानिससँग अपार सामथ्र्य छ उसले कुनै काम गर्नलाई अठोट गरेर औचित्यको आधारमा अपनाई सकेपछि कुनै कार्य यति कठिन हुन सक्दैन कि जसलाई पूरा गर्न नसकियोस् ।

आगामी दिनमा एउटा विश्व, एक भाषा, एक धर्म र एक संस्कृतिको प्रावधान हुन गैरहेको छ । जाति, लिंग, वर्ण र धनको आधारमा गरिने भेद भावको अन्त समय अब नजिकिदै छ । यसको लागि जे जो गर्नु पर्ने हो त्यो स्पष्ट देखिने छ र विचारशील मानिसहरुद्वारा पराक्रमपूर्वक गरिने पनि छ । यो समय नजिक आई सकेको छ । हामी यसको उत्सुकतापूर्वक प्रतीक्षा गरि रहेका छौं ।

जीवनको उत्तरार्धका केही महत्वपूर्ण निर्धारण

ठूलो र कठिन परीक्षामा उत्तीर्ण भएपछि मात्र कुनै महिमा र गरिमाको बारेमा थाह पाउन सकिन्छ । प्रतियोगितामा उत्तीर्ण भएपछि मात्र पदाधिकारी बनाइन्छ । खेलमा जित्नेहरुले नै पुरस्कार पाउँछन् । असल सुनको पहिचान आगोमा तपाउने र कसी लगाएपछि हुन्छ । हीरा साधारण रेती र आरीले काटिदैन यसै कारण त्यो कीमती मानिन्छ । लडाईमा जितेर फर्केको सेनापतिले सम्मान पाउँछ र विजश्रीको वरण गर्दछ ।

चुनौती स्वीकार गर्नेलाई नै साहसी भनिन्छ । त्यस्ताले भयानक कठिनाईलाई पार गरेर आफ्नो वरिष्ठता सिद्ध गर्नु पर्दछ । योगी र तपस्वीले जानेबुझेर कष्टसाध्य प्रक्रिया अपनाउँछन् । कृष्णको गरिमाको बारेमा ज – जसले जान्यो, ती दुर्दान्तहरुले वहाँलाई शुरुमा नै समाप्त गर्नका लागि आक्रमण गर्दै रहे । बकासुर, अघासुर, कालिया सर्प र कंस आदि अनेकौंको आघातको मुकाविला गर्नु प¥यो । पूतना त नवजात शिशुलाई नै विष दिन आएकी थिई । त्यसपछि जीवन भर नै उहाँले संघर्ष कै सामना गर्नु प¥यो । महानताको बाटो यस्तै छ जसमा हिँड्ने र अघि बढ्नेलाई प्रत्येक पाइलामा खतरा उठाउनु पर्दछ । दधीचि, भगीरथ, हरिश्चन्द्र र मोरध्वज आदिको महिमा वहाँहरुको तप र त्यागको कारणबाट नै प्रकट भएको हो ।

भगवानले जसलाई सच्चा मनले प्रेम गर्नु हुन्छ, त्यसलाई अग्निपरीक्षाहरुमा प्रवेश गराउनु हुन्छ । भगवानको प्रेम चटक जस्तो चमत्कार देख्न र देखाउनमा छैन । त्यहाँ त मनोकामनाको पूर्ति पनि हुँदैन ।

मेरो निजी जीवनमा भगवानको कृपा निरन्तर वर्षने गरेको छ । २४ लाखको २४ महापुरश्चरण गर्ने अत्यन्त कठोर साधनाक्रम म माथि त्यति बेला नै लादियो जब म दुधे बालकको किशोराअवस्था पनि पूरा भएको थिएन । यसपछि संगठन, साहित्य, जेल र परमार्थका कठिन भन्दा कठिन कामहरु सुम्पिए र साथसाथै, के पनि जाँच गर्दै गए कि जुन काम मैले सम्पन्न गर्दै गएको छु त्यो स्तरीय भयो कि, भएन ?

ठूलो ढाँट ढुँट गरेर सांसारिक ख्याति आर्जित गर्ने विडम्बना त रचिएको छैन ? वहाँहरुले आद्यशक्ति गायत्रीलाई युग शक्तिको रुपमा विकसित र विस्तृत गर्ने दायित्व मलाई सुम्पेर एउटा बिउले आफूलाई गलाएर २४ लाख नयाँ सहयोगी – समर्थक कसरी बनायो भन्ने कुराको जानकारी लिइ सक्नु भएको थियो। म द्वारा २४०० प्रज्ञा पीठहरुको स्थापना देखि लिएर सतयुगी वातावरण बनाउने र प्रयोग परीक्षणको अद्भुत र अनुपम स्तरसम्मको श्रृंखला बनाउनमा आत्मसमर्पण नै एक मात्र आधारभूत कारण रहेको छ। सस्तो ईन्धन त ज्वलन्त ज्वाला बनेर बल्छ तर यसको कारण ईन्धनको अग्निमा समर्पित हुनलाई नै मान्न सकिन्छ।

अब जबकि मैले मेरो ७५ वर्षको समयलाई, प्रत्येक वर्षलाई नै यस्तै आगोमा तपाई – तपाई बिताएँ तब झन् एउटा ठूलो परीक्षा टाउकोमा लादियो। यसमा नियन्ताको निष्ठुरीपन खोज्नु हुँदैन। यसमा त वहाँले दिएको प्रखरताको परीक्षण क्रममा झन बढी वेग ल्याउनकोलागि यसलाई उचित ठानिएको हो भन्ने कुरा बुझ्नु पर्दछ।

हीरक जयन्तीको बसन्तपर्वमा अन्तरिक्षबाट दिव्य सन्देश आयो। त्यसमा “लक्ष्य” शब्द थियो र औंलाले संकेत गरिएको थियो। हुनत यो एउटा गाउँखाने कथा जस्तै थियो तर मलाई यसलाई बुझ्न समय लागेन। प्रजापतिले देव, दानव र मानवको मार्गदर्शन गर्दै उनीहरुलाई उपदेशमा एक शब्द मात्र बोलेका थिए –“द” । ती तीनवटै चलाख थिए। उनीहरुले आफ्नो स्थिति र आवश्यकता अनुसार त्यसको अर्थ निकाले। “द” भनिएकोमा देवताले “दमन” अर्थात संयम, दैत्यहरुले “दया” र मानवले “दान” को रुपमा त्यस संकेतको भाष्य गरे। यो सर्वथा उचित पनि थियो।

मलाई एक एक लाखका पाँच वटा श्रृंखला बनाउने संकेत भएको रहेछ। त्यसको तात्पर्य कोपिला फक्रेर फूलको रुपमा आउनु हो। अब मैले यो जन्मको आहुतिमा पाँचवटा हब्य सम्मिलित गर्नु पर्ने हुन आएको थियो।

१) एक लाख कुण्डको गायत्री यज्ञ (२) एक लाख युग सृजेता तयार गर्नु र शक्तिशाली प्रशिक्षण दिनु। (३) एक लाख वृक्ष रोप्नु (४) एक लाख ग्रामतीर्थको स्थापना (५) एक लाख वर्षको समयदान संचय।

यी पाँच वटा काम एउटा भन्दा अर्को झन् कठिन देखा पर्दछ। साथै सामान्य मानिसको शक्ति देखि बाहिर पनि छ तर वास्तवमा यस्तो छैन। यी कामहरु संभव छन् र सरल पनि छन्। तर हेर्ने मान्छेले यसलाई अदभुत र अनुपम भन्ने छन्। यो आश्चर्यको कुरा हुनेछ।

१) एक लाख गायत्री यज्ञ ः प्रत्येक वरिष्ठ प्रज्ञापुत्रहरुले आफ्नो जन्मदिन आफ्नै घर आँगनमा मनाउनु पर्नेछ। यसमा एउटा सानो चारकुने वेदी बनाएर गायत्री मन्त्रको १०८ आहुति दिनु पर्नेछ। यसका साथै समय दान अंश दानको प्रतिज्ञाको परिपालन गर्ने शपथ पनि लिनु पर्नेछ। जीवन अभ्यासमा पस्न गएका दुर्गुणहरु मध्ये न्यूनतम एउटालाई त त्यागी नै हाल्ने र सत्प्रवृत्ति सम्बर्धनको लागि न्यूनतम एक पाइला अगाडी सार्नु पर्ने छ। यसरी अंशदानबाट झोला पुस्तकालय चल्न थाल्ने छ र शिक्षितहरुलाई युग – साहित्य पढ्न र अशिक्षितहरुलाई पढेर सुनाउने विधि – व्यवस्थाको प्रारम्भ हुनेछ। आफ्नो आम्दानी

मध्येबाट परमार्थ प्रयोजनमा एक अंश रकम खर्च गर्नाले प्रायः ती सबै काम चल्न थाल्ने छन् जसका लागि प्रज्ञा मिशनद्वारा सबै प्रज्ञा संस्थानहरुलाई प्रोत्साहित गरिदैछ ।

प्रत्येक गायत्री यज्ञका साथ ज्ञान यज्ञ जोडिएको छ । यो यज्ञमा आफ्ना कुटुम्बी, सम्बन्धी, मित्र, छिमेकी, सबैलाई धेरै भन्दा धेरै संख्यामा बोलाउनु पर्दछ तथा ज्ञानयज्ञको रुपमा सुगम संगीत जस्तै प्रवचन गर्ने व्यवस्था बनाउनु पर्दछ । यज्ञवेदीको मण्डप उपलब्ध सामग्रीबाट सुझबुझका साथ सजाउनु पर्दछ । वेदीलाई लीपपोत गरेर चौक बनाएर सजाउनु पर्दछ यसबाट वेदी आकर्षक देखिन्छ । सबैजनाले मिलेर मन्त्रोच्चारण गर्नु पर्दछ । यदि हवन सामग्रीको रुपमा सुगन्धित द्रव्य मिलाउन सकिन्छ भने भेली र घिउले बयरको आकारमा गोली बनाएर राख्नु पर्दछ । १०८ गोलीले १०८ आहुति दिन सकिन्छ । यसबाट घरको पुरै वातावरण र वायुमण्डल शुद्ध हुन्छ । एक ठाउँमा एक लाख गुणन १०८ बराबर लगभग एक करोड आहुतिको यज्ञ हुन पुग्दछ । यो त न्यूनतम हो । यस भन्दा बढी हुनसक्यो भने २४० संख्यासम्म पु¥याउन सकिन्छ । आतिथ्यमा केही खर्च गर्नु हुँदैन । यस कारण गरीब धनी सबैको लागि यो यज्ञ सुगम छ । महत्वको कुरा गर्ने हो भने यो सानो देखिने यज्ञबाट महत्वपूर्ण सत्परिणाम उत्पन्न हुन सक्दछ ।

सन् २००० सम्म युग सन्धि छ । त्यो आउन अझै १४ वर्ष बाँकी छ । यदि प्रत्येक वर्ष मैले भने अनुसार जन्मदिन मनाई राख्ने हो भने एक लाख कार्यकर्ताका एक लाख जन्म दिन प्रत्येक वर्ष सम्पन्न हुँदै जानेछन् जसबाट एक लाख यज्ञ हुने छन् । यदि एक र अर्काको देखासिकी गर्दै यसको विस्तार हुँदै गयो भने प्रत्येक वर्ष कैयौं लाख यज्ञ र कैयौं करोड आहुति पर्ने छन् । यसबाट वायुमण्डल र वातावरण दुईटै शुद्ध हुने छन् साथै जनमानसको परिष्कार गर्ने अनेकौं सत्प्रवृत्ति यस्ता अवसरमा अंशदान र समयदानको संकल्पको आधारमा सुविकसित हुँदै जानेछन् ।

२. एकलाख जनालाई संजीवनी विद्याको प्रशिक्षण

अब शान्तिकुञ्जको यस्तो व्यवस्था गर्नु परेको छ जसमा ५०० देखि अधिकतम १००० सम्म नियमित रुपले शिक्षार्थीहरुका प्रशिक्षण हुँदै जान सकोस् । यो प्रशिक्षणमा व्यक्तिको परिष्कार र प्रतिभाको प्रष्फुटीकरण, परिवारको सुसंस्कारिता तथा समाजमा सत्प्रवृत्तिहरुको सम्बद्र्धन जस्ता महत्वपूर्ण पाठहरु दिनहूँ पढाइने छन् । यो सानो अवधिमा पनि जुन पाठ्यक्रम हृदयंगम गराइने छ, जुन प्राण – प्रेरणा भरिने छ, त्यसलाई साधना र तत्वज्ञानको सार भन्न सकिने छ भन्ने आशा गरेको छु । यो संजीवनी विद्यालाई ग्रहण गरेर जो घर फर्कने छ त्यसले आफ्नो कायाकल्प भएको अनुभव गर्नेछ र साथ साथै यस्तो लोक नेतृत्वको क्षमता प्राप्त गरी सकेको हुनेछ जसले प्रत्येक क्षेत्रमा प्रत्येक पाइलामा सफलता दिन सक्ने छ भन्ने आशा गर्न सकिन्छ । यी प्रशिक्षित कार्यकर्ताले आफ्नो क्षेत्रमा पाँच सूत्रीय योजनाको सञ्चालन एवं प्रशिक्षण दिनेछन् ।

मिशनको पत्रिका पढ्ने पाठकको संख्या त ग्राहकहरुको दाँजोमा पाँच दोब्बर बढी नै छ । एउटा पत्रिका न्यूनतम पाँच जनाले पढ्ने गर्दछन् । यसरी प्रज्ञा परिवारको संख्या लगभग २५ लाख पुग्दछ ।

यसमा नर – नारी र शिक्षित वर्ग छ । यी सबैलाई प्रशिक्षणमा आउनलाई आमन्त्रित गरेको छ । २५ प्रज्ञावान मध्येबाट एक जनामात्र प्रशिक्षार्थी पाइएपनि तिनीहरुको संख्या एक लाख हुन्छ । युग सन्धिको समयमा कमसेकम यति प्रशिक्षार्थीले त ज्ञान प्राप्त गरि सकेका हुनेछन् । यिनलाई मात्र स्कूलको विद्यार्थी मानि हाल्नु हुँदैन । यी त जुन उच्चस्तरीय ज्ञान प्राप्त गरेर घरफर्केका हुन्छन् त्यसबाट यिनीहरुको व्यक्तित्व महामानव स्तरको र युग नेतृत्वको प्रतिभाले परिपूर्ण हुन्छ ।

यो शिक्षण १९८६ को मे महिना देखि प्रारम्भ भएको हो । यसको विशेषता यो हो कि शिक्षार्थीहरुको लागि निवास र प्रशिक्षण जस्तै भोजन पनि निशुल्क छ । यो काममा कसैले स्वेच्छाले केही दिन्छ भने त्यस्तो सहयोग लिन देखि इनकार गरिदैन । तर धनी र गरीबको भेदभाव देखिने शुल्क र परिपाटीलाई यो प्रशिक्षणमा प्रवेश गर्न दिइएको छैन । प्राचीन कालमा विद्यालयहरुले अध्यापक र अभिभावकको दोहरो भूमिकाको निर्वाह गर्ने गर्दथे भने अब शान्तिकुन्जमा भैरहेको प्रयोगलाई त्यसै प्राचीन विद्यालय प्रणालीको पुनर्जीवन भन्न सकिन्छ ।

जीवनको बहुमुखी समस्याहरुको समाधान, प्रगतिपथमा अग्रसर हुने रहस्यमय तत्वज्ञानका साथै यसै अवधिमा भाषण, कला, सुगम संगीत, जडीबुटी, उपचार, पुरोहित्याई, शिक्षा, स्वास्थ्य र गृह – उद्योगको सूत्र सञ्चालन पनि राखिएको छ । जसबाट परोक्ष र प्रत्यक्ष लाभ आफ्नो र अरुको लागि समेत उपलब्ध गर्न सकियोस् ।

आगामी १४ वर्षमा एक लाख छात्रहरुलाई उपरोक्त प्रशिक्षण दिँदा ठूलो रकम खर्च हुने अनुमान छ । भोजनमा मात्र लगभग एक करोड लाग्ने छ । भवनमा मर्मत सुधार, फर्नीचर, बिजुली आदि जुन नयाँ खर्च थपिनेछ त्यो पनि यत्ति नै हुनेछ । अहिलेसम्म कसैसँग कुनै रकम नमागेर जब सबै खर्च पूरा गर्ने व्रत यथावत कायम रहेको छ भने भविष्यमा पनि रहि रहने छ भन्ने आशा लिएको छ र यो संकल्प पनि पुरा हुने नै छ । यो उच्चस्तरीय शिक्षणमा २५ लाख कार्यकर्ता सम्मिलित हुने कुरा बिल्कुलै कठिन छैन तर प्रतिभावानहरुलाई प्राथमिकता दिनका लागि छानबीन गर्नु नै परेको छ र प्रवेश गर्न चाहनेहरुको परिचय सोध्ने त गरिएकै छ ।

३. एक लाख अशोक वृक्षहरुको वृक्षारोपण

वृक्षारोपणको महत्व सर्वविदित छ । बादलबाट वर्षात् तान्ने, भूक्षय रोक्ने, भूमिको उब्जनी शक्ति बढाउने, प्राणवायुको वितरण, प्रदूषणको अवशोषण, छाया, प्राणीजगतलाई आश्रय, घरबनाउनलाई काठ र ईन्धन आदि वृक्षहरुबाट अनेक लाभ यो धर्तीलाई प्राप्त हुने गर्दछ । धार्मिक र भौतिक दृष्टिले वृक्षारोपणलाई एउटा उच्च कोटिको पुण्य परमार्थ मानिन्छ ।

वृक्षहरुमा अशोकको आफ्नै किसिमको छुट्टै महत्व छ । यसलाई सम्राट अशोक सरह कै प्रतिष्ठा दिएर गुणगान गर्न सकिन्छ । सीतालाई अशोक वाटिकामा नै आश्रय प्राप्त भएको थियो । आयुर्वेदमा यसलाई महिलाहरुमा हुने रोगको अचूक औषधि भनिएको छ । यसमा पुरुषहरुको वरिष्ठता र प्रखरता

वृद्धि गर्ने विशेष शक्ति छ । साधनाको लागि अशोक वनमा बस्न सकिन्छ । यसको शोभा त त्यसै पनि असाधारण नै हुन्छ । यदि सर्वसाधारणलाई अशोकका गुणहरु बुझाउन सकियो भने प्रत्येक व्यक्तिले अशोक वाटिका लगाउन नसके पनि प्रत्येकले घर – आँगन र छरछिमेकमा अशोकका केही बिरुवा पक्कै पनि रोप्ने छ र त्यसको सेवा सुरक्षामा लागि पर्ने छ ।

यदि प्रज्ञापरिजनहरु एक लाख अशोक वृक्ष लगाउने मेरो संकल्पलाई पूरा गर्नकालागि उत्साहपूर्वक प्रयत्न गर्छन् भने यो संकल्पको आकार बहुतै साधारण हुन पुग्नेछ र यति ठूलो जन समुदायको लागि यति काम बिल्कुलै कठिन हुने छैन । यसको पूर्तिमा कुनै बाधा पनि देखिदैन । यिनलाई देवालयको प्रतिष्ठा दिइने छ । बिहारको एक किसानले आफ्नै बल र पुरुषार्थले आँपको एक हजार बगैंचा लगाउन सफल भएर हजारी नामले विख्यात भएका छन् । अनि एक लाख अशोकको बिरुवा रोप्ने मेरो उद्देश्य पूरा नहुने कुरै छैन । यसको बेर्ना शान्ति कुन्जबाट वितरण गरिने सोच बनाइएको छ र प्रत्येक प्रज्ञापुत्रलाई अशोक बाटिकाको रोपणमा कुनै कमी रहन नदिने भनेको छु । यसबाट हुने वायुशोधनको कार्य शाश्वत शास्त्र सम्मत यज्ञ जस्तै हो । अग्निहोत्रले त केही समयसम्म मात्र काम गर्दछ भने यो पुनीत वृक्षले त त्यसै कार्यलाई निरन्तर चिरकालसम्म गरिरहने छ ।

४. प्रत्येक गाउँ एक युगतीर्थ

जहाँ श्रेष्ठ कामहरु हुने गर्दछन र ती स्थानहरुको प्राचीन र नवीन गतिविधिहरुलाई देखेर प्रेरणा प्राप्त हुने गर्दछ त्यस्तो स्थानलाई तीर्थ भनिन्छ । श्रद्धालुहरु जुन दर्शनीय स्थानहरुको तीर्थयात्रा गर्दछन् त्यो स्थान र क्षेत्रमा कुनै यस्तो इतिहास निर्मित भएको हुन्छ, जसबाट संयमशीलता र सेवा भावनाको स्वरुप प्रदर्शित हुन्छ । यी तीर्थहरुमा कुनै बेला ऋषि आश्रमहरु थिए, गुरुकुल र अरण्यकहरु चलेका थिए र आज परमार्थ सम्बन्धी विविध कार्यहरु चल्दै निरन्तरता पाउँदै गरेका छन् ।

अहिले प्रख्यात तीर्थहरुको संख्या थोरै छ । त्यसमा पनि पर्यटकहरुको धकल पकल नै बढी हुन्छ । पुण्य प्रयोजनको कतै अत्तोपत्तो नै हुँदैन । यस्तो परिस्थितिमा तीर्थ भावनालाई पुनर्जीवित गर्नको लागि हाम्रा प्रत्येक गाउँलाई एउटा सानो तीर्थको रुपमा विकसित गर्नु पर्दछ भन्ने सोच बनाई रहेको छु । मैले गाउँ भनेको छु तर यसको अर्थ शहर बजारको उपेक्षा गर्ने होइन । यसको अर्थ पछौटेपनको औसत रेखा भन्दा तलको वर्गलाई प्रधानता दिनु हो । मातृभूमिको प्रत्येक कण देव समान हुन्छ । गाउँ र झुपडी सबै । यसको लागि पछौटेपनलाई पखालेर सत्प्रवृत्तिको प्रतिष्ठान गर्नु पर्ने आवश्यकता छ । यसबाट त्यहाँ उत्साहवर्धक, प्रेरणाप्रद र आनन्ददायक परिणाम प्राप्त हुन सक्दछ । “प्रत्येक गाउँ एक तीर्थ” यो योजनाको उद्देश्य गाउँको उत्थान, गाउँको सेवा र गाउँको विकास हो । यस प्रचलनको लागि ठूलो प्रयत्न गर्नु परेको छ र परिश्रमलाई गाउँ देवताको पूजा मान्नु पर्दछ । यो तीर्थस्थापना, जसलाई स्थानीय निवासी र बाहिरको सेवा भावी उद्बोधनकर्ताले हातेमालो गरेर पूरा गर्न सक्दछन् । पछौटेपनका प्रत्येक पक्षसँग

लड्नु र प्रगतिको प्रत्येक पक्षलाई उजागर गर्नका लागि गाउँको सार्थक पद यात्रा गर्नु पर्ने, जनसम्पर्क बढाउनु पर्ने र युग चेतनाको लागि जन जागरण गर्नुपर्ने आवश्यक छ ।

प्रत्येक गाउँलाई तीर्थको रुपमा विकसित गर्नका लागि तीर्थयात्रा टोली पठाउने योजना छ । पदयात्रालाई साइकल यात्राको रुपमा मान्यता दिइएको छ । चार जना साइकल सवारहरुको एउटा टोली पहेँलो वस्त्र धारण गरेर, काँधमा पहेँलो झोला भिरेर, साइकलमा पहेँलो रंगको कमण्डल झुण्ड्याएर प्रवास चक्रमा हिँड्ने छ । यो प्रवास न्यूनतम एक साता, दस दिन, पन्द्रह दिन अथवा अधिकतम एक महिनाको हुनेछ । यसको निर्धारण पहिले नै भैसक्ने छ । जहाँ देखि यात्रा शुरु हुनेछ एक गोल चक्कर लगाएर त्यही ठाउँमा समाप्त हुनेछ । प्रातःकाल जलपान गरेर टोली हिँड्ने छ र बाटोमा पर्ने भित्ताहरुमा आदर्श वाक्य लेख्दै जानेछ । स - साना बाल्टीनमा रंग घोलेर बोकेको हुनेछ । सुन्दर अक्षर लेख्ने अभ्यास पहिले नै गरिसकेको हुनु पर्दछ । (१) हामी बदलिन्छौं – युग बदलिन्छ । (२) हामी सुध्रिन्छौं - युग सुध्रिरन्छ (३) नर र नारी एक समान, (४) जाति वंश सब एक समान । यस्ता वाक्यहरुको प्रकाशित श्रृंखला मध्येबाट जहाँ जे उपयुक्त हुन्छ, त्यहाँ रंग र ब्रुशले त्यो वाक्य लेख्नु पर्दछ ।

राति वासको लागि जुन गाउँको चयन गरिएको छ, त्यहाँ पुगेपछि शंख र घण्टा घडियाल बजाएर गाउँको परिक्रमा गरिने छ र फलानो ठाउँमा तीर्थयात्री टोलीद्वारा भजन कीर्तन हुनेछ भनेर घोषणा गरिनेछ ।

गाउँको कीर्तनमा उपस्थित मानिसहरुलाई सुगम संगीतद्वारा भरपूर मनोरञ्जन गराउनुका साथै गाउँलाई सज्जनता र प्रगतिको प्रतिमूर्ति बनाउन सकिन्छ भन्ने कुरा बताइने - बुझाइने छ । प्रौढ शिक्षा, बाल संस्कारशाला, स्वच्छता र ब्यायामशाला, घरेलु करेशा बारी, परिवारनियोजन, नशाबन्दी, मितव्ययिता, सहकारिता, वृक्षारोपण आदि सत्प्रवृत्तिको महिमा र आवश्यकता बताउँदै यस्ता सत्प्रवृत्तिहरुलाई आपसमा मिलेर कसरी कार्यान्वयन गर्न सकिन्छ र ती प्रयत्नहरुको कसरी भरपूर लाभ उठाउन सकिन्छ भन्ने कुरा समेत बताइने छ ।

यदि सम्भव छ भने सभाको अन्तमा उत्साही र प्रतिभावान व्यक्तिहरुको एउटा समिति गठन गरिने छ जो नियमित रुपले समयदान र अंशदान दिएर सत्प्रवृत्तिहरुको कार्यान्वयनमा जुटोस् । भोलीपल्ट प्रातःकाल गाउँको एकता र पवित्रताको ध्वजाको रुपमा अशोकको बिरुवा रोपिने छ । यो वृक्ष देव प्रतिमाको रुपमा उपयोगिता र भावनाको दृष्टिले अतीव उपयोगी हुनेछ ।

यो आन्दोलनलाई एक लाख गाउँमा पु¥याउनको लागि शान्तिकुञ्जबाट पहिलो पाइला चालिएको छ । यसका लागि सञ्चालन केन्द्रहरु स्थापित गरिएका छन् । प्रत्येक केन्द्रमा चार - चार वटा नयाँ साइकल, स - साना चारवटा बाल्टीन, बिस्तरबन्द, संगीत उपकरण र साहित्य सामग्री आदि साधन जुटाइएका छन् । यसबाट यात्राको सबै आवश्यक वस्तुहरु एकै ठाउँमा उपलब्ध हुन सक्दछन् र केही दिन प्रशिक्षण लिएर समयदानीहरुका टोलीहरु अगाडी बढ्न सक्दछन् । यो कार्यक्रम सफल भएको भनेर तब मात्र मानिनेछ जब गाउँमा कमसेकम एकजना नैष्ठिक सदस्य तयार होस जसले नियमित रुपमा

समयदान र अंशदान दिँदै झोला पुस्तकालय पनि चलाओस् । यो प्रक्रिया जहाँ पनि अपनाइने छ त्यहाँ एउटा उपयोगी संगठन तयार हुँदै जानेछ र त्यसको प्रयाशबाट गाउँको सर्वतोमुखी प्रगतिको उपक्रम चल्ने छ । यो नै तीर्थ भावना र तीर्थ स्थापना हो । यसका लागि यस्ता एक हजार केन्द्रहरु स्थापित गर्ने योजना छ जहाँ उपरोक्त यात्रा टोलीको लागि सम्पूर्ण चीजवस्तुहरु सुरक्षित होउन्, समयदानी तीर्थयात्रीहरुको प्रशिक्षण चलिरहोस् र एउटा टोलीको एक एक वटा प्रवास चक्र पूरा हुँदा हुँदै अर्को टोली तयार होस् र त्यसलाई अर्को प्रवास चक्रको लागि रमाना गर्न सकियोस् । मैले चारैतिर पचास पचास माइलको क्षेत्रमा चारै दिशामा एक एक तीर्थ मण्डल बनाउन सोची रहेको छु जसमा जति पनि गाउँ पर्छन, प्रत्येक वर्षमा एक पटक परिभ्रमण चक्र चल्दै जाओस् ।

यो देशमा मात्र सात लाख गाउँ छन् तर अहिलेको स्थिति र संभावना हेरेर एक लाख गाउँलाई मात्र लक्षित गरेको छु । २४ लाख प्रज्ञा परिजनलाई एक लाख गाउँमा पठाइने छ । उनीहरुको सहयोगबाट यो कार्यक्रम सरलतापूर्वक सम्पन्न हुन सक्दछ । त्यसपछि बग्ने हावाले सम्पूर्ण गाउँ क्षेत्र देशलाई आफ्नो पकडमा लिन सक्ने छ । क्रमिक गतिको हिँडाई र जति सम्भव हुन्छ त्यति काम तत्कालै गरेर आगामी योजनालाई विस्तार दिँदै अगाडी बढ्दै जानु पर्दछ यो नै बुद्धिमता हुनेछ ।

५. एक लाख वर्षको समयदान

जति विशाल र बहुमुखी युग परिवर्तनको कल्पना गरिएको छ, त्यसको लागि साधनको दाँजोमा श्रम र सहयोगको बढी आवश्यकता पर्नेछ । यदि साधनबाट मात्र काम हुने भएदेखि त अरबौं – खरबौं रुपियाँ खर्च गर्ने सरकारले यो कार्यलाई पनि हातमा लिन सक्ने थियो । धनी – सम्पन्न व्यक्तिहरुले पनि केही काम त गर्न नै सक्ने थिए । तर यतिले मात्र काम चल्दैन । भावना पैदा गर्नु र आफ्नो प्रमाणिकता, अनुभवशीलता, योग्यता र त्याग भावनाको जन साधारणलाई विश्वास दिलाउनु, यी नै यस्ता आवश्यकता हुन् जसको कारणबाट लोकहितको कार्यमा अरुहरुलाई प्रोत्साहित गर्न र लगाउन सकिन्छ । अन्यथा ठूलो तलब र भरपूर सुविधा दिएर पनि यो काम हुन सक्दैन । पछौटेपनमा डुबेको जनतालाई आदर्शवादी पाइला अघि सार भन्नु सजिलो हुँदैन । बलि रहेको दियोले नै अर्को दियोलाई बाल्न सक्दछ । भावनाशीलहरुले नै जनतामा भावना जगाउन सक्दछन् । सृजनात्मक काममा कर्मवीर अग्रदूतहरुको भूमिका नै सदैव सफल हुने गर्दछ ।

यो कुरा पहाड जत्तिकै भारी भएपनि कनिका झैं सरल पनि छ । मानिसले औसत नागरिक स्तरको जीवनशैली स्वीकारेर परिवारलाई सुसंस्कारी र स्वावलम्बी बनाउने जिम्मेदारी मात्र वहन गरे पनि सेवा साधनाको बाटोमा भएको बाधा हटि सक्यो भन्ने कुरा बुझ्नु पर्दछ । मनोभूमिको यत्तिमात्र विकास र परिष्कार गरेपछि कुनै पनि विचारशील व्यक्ति लोक सेवाको लागि युग परिवर्तन गर्न थुप्रै समय निकाल्न सक्दछ । प्राचीनकालमा ब्रह्मचारी, वानप्रस्थी र सद्गृहस्थहरुले यस्तो साहस गर्दथे र यता पट्टी पाइला चाल्दथे । गुरु गोविन्द सिंहले आफ्नो शिष्य समुदायको प्रत्येक गृहस्थसँग उसको जेठो छोरा सन्त सिपाही

बन्नका लागि मागेका थिए । उनलाई त्यसको प्राप्ती पनि भयो र जसबाट सिखहरुको भूतकालीन इतिहास बिजुली झैं टल्की रहेको छ । देशको रक्षा र प्रतिष्ठाको लागि असंख्य व्यक्तिहरुले ज्यान दिए र ठूलो दुःख सहनु प¥यो । यो परम्परा गाँधी र बुद्धको समयमा पनि सक्रिय भएको थियो । विनोवाको सर्वाेदय आन्दोलन यसै आधारमा चलेको थियो । स्वामी विवेकानन्द र दयानन्द आदिले समाजलाई अनेकौं उच्चस्तरीय कार्यकर्ता प्रदान गरेका थिए । आज यसैको सबभन्दा ठूलो आवश्यकता छ । समयको माग यस्ता महामानवको छ, जो स्वयं कर्तव्य पथमा लम्कन सकोस र अरुलाई त्यस्तो बाटोमा दगुराउन सकोस ।

यद्यपि आज स्वार्थपरता, संकीर्णता र क्षुद्रताले मानिसलाई नराम्रोसँग घेरेको छ तर धर्तीलाई वीरविहीन त भन्न सकिन्न । यदि धर्मका नाममा ६० लाख जति साधु बाबाहरु घरबार छोडेर डुलुवा भएर हिँड्न सक्दछन् भने मिशनको एक लाख वर्षको समयदानको माग पुरा नहुने त प्रश्नै उठ्दैन । यदि एक मानिसले रोजै दुइघण्टा मात्र समयदान दिन सक्दछ भने एक वर्षमा ७२० घण्टा हुन्छन् । ७ घण्टाको दिन मान्ने हो भने एक वर्षमा १०३ दिन हुन्छन् यदि कसैले २० वर्षको आयुमा यस्तो सेवाको संकल्प लिन्छ भने र ७० वर्षको उमेरसम्म अर्थात कुल ५० वर्ष सेवा दिन्छ भने कूल ५ हजार दिन हुन्छन् जसको अर्थ लगभग १४ वर्ष हुन्छ । एक लाख वर्षको समय पूरा गर्नका लागि यस्तै १००००० = १४७१४३ जम्माजम्मी यति मानिसले आफ्नो जीवनकालमा नै एक लाख वर्षको समयदानको याचनालाई पूर्ण गर्न सक्दछन् । यो त एउटा सानो गणना हो । मिशनमा यस्ता व्यक्तिहरुको कमी छैन, जसले अहिले पनि साधु – ब्राह्मण जस्तो परमार्थ परायण जीवन जिउने गरेका छन् र आफ्नो समयलाई पूर्णतया युग परिवर्तनको प्रक्रियामा नियोजित गरेका छन् । यस्ता वानप्रस्थी र ब्रह्मचारी अझै पनि हजारौंको संख्यामा छन् । वहाँहरुको सम्पूर्ण समयलाई जोड्ने हो भने त यो गणना एक लाख भन्दा बढी नै हुन्छ ।

कुरा यत्तिमै सीमित छैन । प्रज्ञापरिवारमा यस्ता कतिपय उदार व्यक्तित्वहरु छन्, जसले हीरक जयन्तीको उपलक्ष्यमा समयदानको आग्रह र अनुरोधलाई दैवी निर्देशन मानेका छन् र आफ्नो परिस्थितिसँग तालमेल मिलाएर एक वर्ष देखि पाँच वर्षसम्मको एकमुष्ट समय दिएका छन् । यस्ता मानिसहरु पनि ठूलो संख्यामा छन्, जो प्रवासमा त जान सकेनन्, तर घरमा बसेर नै मिशनको गतिविधिलाई अग्रगामी बनाउनको लागि समय दिइ रहेका छन् र स्थानीय गतिविधिमा नै सीमित रहेर नजीकको गाउँ क्षेत्रलाई सम्हाली रहेका छन् ।

पुरुष जस्तै महिलाहरु पनि यो समयदान यज्ञमा भाग लिन सक्दछन् । शारीरिक र बौद्धिक दुई प्रकारका श्रम मध्ये महिलाहरुले कुनै एउटैलाई पनि अगालेर समाजमा शिक्षा – सम्बद्र्धन जस्ता अनेकौं काम गर्न सक्दछन् । अशिक्षित महिलाहरुले कम्तीमा आफ्नै घरमा करेसावारी बनाउन सक्दछन् । जससँग पारिवारिक जिम्मेदारी छैन र शारीरिक स्वास्थय राम्रो र मनमा फूर्ति छ तिनले शान्तिकुञ्जको भोजनालय विभागमा काम गर्न सक्दछन् र यहाँको वातावरणमा आशातीत सन्तोषप्रद जीवन बिताउन सक्दछन् ।

कार्यक्रमहरुमा प्रचारात्मक, रचनात्मक र सुधारात्मक अनेक कार्य छन्, जसलाई घरदेखि बाहिर रहँदा परिस्थिति अनुरुप कार्यान्वित गर्न सकिन्छ । प्रचारात्मक स्तरका कार्यहरु १) झोला पुस्तकालय (२) ज्ञानरथ (३) स्लाइड प्रोजेक्टर प्रदर्शन, टेप रेकर्डबाट युग संगीत र युग सन्देश जन जनमा पु¥याउने (४) भित्तामा आदर्श वाक्य लेख्ने (५) साइकलमा धर्म प्रचार पद यात्रा योजनामा सम्मिलित हुने । संगीत – साहित्य र कलाको माध्यमबाट बहुतै काम हुन सक्दछ । साधन दानबाट अनेक सत्प्रवृत्तिहरुको पोषण हुन सक्दछ । रचनात्मक कार्यमा (१) प्रौढ शिक्षा – पुरुषहरुको रात्रि पाठशाला, महिलाहरुको अपरान्ह पाठशाला । (२) बाल संस्कारशाला (३) ब्यायामशाला (४) स्वच्छता सम्बर्धन (५) वृक्षारोपण आदि । सुधारात्मक कार्यमा अवाञ्छनीयता, अनैतिकता र अन्धविश्वास आदिको उन्मूलन नै प्रमुख मुद्दा हो । १) जातिगत ऊँच नीज २) पर्दा प्रथा ३) दाइजो प्रथा ४) फेशनको नाममा अपव्यय, बाल विवाह, बहुप्रजनन, जस्ता कुरीतिहरुको उन्मूलनमा सामथ्र्य अनुसार प्रयत्न गर्नु । यसका अतिरिक्त शारीरिक, मानसिक, आर्थिक, पारिवारिक, सामाजिक, धार्मिक, सांस्कृतिक र साहित्यक क्षेत्रहरुसँग सम्बन्धित अनेक कार्यक्रमहरु छन्, जसलाई कार्यान्वित गर्नका लागि प्रत्येक क्षेत्र र स्थितिमा व्यवस्था गर्न सकिन्छ । जसले नवसृजनको लागि समय दिनु छ, उसले आफ्नो योग्यता र परिस्थिति अनुसार कुनै काम छान्नु वा सोध्नु पर्दछ । यी सबै कामहरु प्रगति प्रयास र समयदानसँग सम्बन्धित छन् ।

एक व्यक्तिको एक लाख वर्षको समय भनेर भन्न र सुन्नमा अपत्यारिलो लाग्न सक्दछ तर जब सबै आफन्तेहरुले मिलीजुली यसलाई पूर्ण गर्न कटिबद्ध हुन्छन्, तब प्रत्येक परिजनको भागमा थोरै समय मात्र पर्दछ । ठूलो अनुदान – ठूलो वरदान

सानो खटिरालाई घरको सियोले घोचेर फोडेर पस झिकन सकिन्छ तर टाउको अथवा मुटुमा पसेको गोलीलाई झिक्नको लागि कुशल सर्जन र बहुमुल्य उपकरणको आवश्यकता पर्दछ । माकुराको पेट त एउटा झिंगा खाएर पनि भरिन्छ तर हात्तकिो पेट भर्नलाई त उखुको थुप्रो नै चाहिन्छ । घोंघा त नदी पोखरीको पींधमा गएर बस्दछ तर समुद्र सोख्नका लागि त अगस्त्य ऋषिको हत्केलो नै चाहिन्छ । इनारबाट घैंटोमा जो कोहीले पानी झिक्न सक्दछ तर स्वर्गबाट धर्तीमा गंगाको अवतरण गराउनको लागि भगीरथ जस्तो तप र शिव जटाको आधार चाहिन्छ । वृत्तासुरलाई मार्नको लागि दधििच ऋषिको उर्जामयी हाडबाट बज्र बनाउनु परेको थियो । सानो काम सानो मानिसको सानो साधनाबाट पनि सम्पन्न हुन सक्दछन् तर महान कार्यको लागि महान व्यवस्था बनाउनु पर्दछ । धर्तीको तिर्खा बादलले मेटाउनछन् तर समुद्रको सतह यावत बनाई राख्नको लागि सहस्त्रौं नदीहरुको असीम जलराशि समुद्रमा निरन्तर समर्पित भैरहनु आवश्यक हुन्छ ।

परिवर्तन र निर्माण यी दुवै काम कष्टप्रद नै हुन्छन् । भ्रुरूण जब शिशु रmपमा पृथ्वीमा जन्मिन्छ तब प्रसव पीडामा बग्ने रगत देखेर मुटु थर्कन्छ । प्रस्तुत परिस्थितिका दृश्य र अदृश्य दुवै यस्ता पक्षहरु छन् जसको कणकणबाट महाविनाशको परिचय प्राप्त हुन्छ । समयको आवश्यकताहरु यति धैरै छन् कि तिनलाई पूरा गर्नको लागि धैरै जनाले धैरै – धैरै काम गर्नु परेको छ । विनाशबाट मुकबिला गर्न र

विकासलाई फलित गर्नकोलागि असामान्य व्यक्तित्व, असामान्य कौशल र असीम साधन चाहिन्छ । यति असीम कि जसलाई जुटाउन कुनै व्यक्ति या समुदायको लागि कठिन छ । यो सम्पूर्ण व्यवस्था बनाउन मात्र परमेश्वरको हातमा छ । हो, यति अवश्य हो कि निराकाराई साकार जीवधारीहरुमा नियोजित रणनीति र कौशलले भरिपूर्ण व्यवस्थाको आवश्यकता पर्दछ । यो पनि परिमाणमा मात्र । यस्ता कार्यहरुको संयोजन त सृष्टाको विधि व्यवस्थाले मात्र गर्दछ तर त्यसको श्रेय भने श्रद्धालु साहसीहरुलाई प्राप्त हुन्छ । हनुमान र अर्जुनको शक्ति वहाँहरmले आफैले आर्जन गर्नु भएको थिएन । वहाँहरmले सृष्टाको काम गर्दै जाँदा सृष्टाकै शक्ति र सामथ्र्य प्राप्त गरेका थिए । अर्जुनलाई यदि सारथीको समर्थन प्राप्त नभएको भए महाभारत कसरी जित्न सम्भव थियो । यदि हनुमान साँच्चै नै स्वयं ठूलो बलवान भैदिएको भए बालिका साथमा ऋष्यमूक पर्वतमा लुक्दै बस्दै गर्नु पर्ने थिएन । वहाँलाई समुद्र फडकने , लंका डढाउने र पहाड उखेलेर ल्याउने सामथ्र्य नासोको रुपमा यस कारण प्राप्त भएको थियो कि वहाँ रामको काममा समर्पित हुनु पर्ने थियो । यदि निजी महत्वाकान्छाको लागि कुनै भक्तले केही माग्छ भने नारदमोहको समयमा नारदलाई प्राप्त भएको उपहास जस्तै तिरस्कृत हुनु पर्दछ ।

महान परिवर्तनका साथ गाँसिएको नवसृजनको दुवै पक्षको काम यस्तो छ कि जसलाई सम्पन्न गर्नकालागि त्यति धेरै साधन चाहिन्छ जसको विवरण शब्दमा प्रस्तुत गर्न सकिदैन । ती साधन जुटाउनु परेको छ र जुट्ने पनि छन् ।

अभीष्ट प्रयोजनको महानतालाई समग्ररुपमा प्रस्तुत गर्न कठिन हुन्छ । यसका अंशहरु कुनै श्रृंखलाको टुक्रा जस्तै प्रकट हुने गर्दछन् । अहिलेको मेरो संकल्प या संकट यस्तै त छ जो अवतरण पर्वमा विगत बसन्त पञ्चमीमा प्रकट भएको थियो । त्यसलाई मैले सुविाको लागि पाँच भागमा विभाजित गरेको छु । १. एक लाख यज्ञ, २. एक लाख कार्यकर्ता ३. एक लाख अशोक बाटिका ४. एक लाख ग्राम्य तीर्थ र ५. एक लाख वर्षको समयदान संकलन । यी पाँच वटै काम यति भारी देखिन्छन् मानौं शेषनागको टाउकोमा धर्तीको भारी बोकाउनेको अनुशासन नै प्रत्यक्ष भएको होस् । यी सबै कार्यहरु यस्ता छन् जसलाई मानवी सत्ताले न त कल्पना गर्न सक्दछ, न त त्यसको बारेमा योजना बनाउन सक्दछ र न त त्यसलाई पूरा गर्ने आँट नै गर्न सक्दछ । यी अतिमानवी काम हुन् जसलाई म जस्तो तुच्छ व्यक्तिले आफ्नो शक्ति र सामथ्र्यले मात्र कुनै हालतमा बहन र सम्पन्न गर्न सक्दैन । यो परम सत्ताको काम हो र उसैले जादूगर जस्तै कठपुतलीहरुलाई नचाउने, कुदाउने गरीरहेको छ ।

त्यसो हुनाले यो गोवर्धनलाई सबैले मिलेर उठाउनु राम्रो हुनेछ । यो समुद्रमा पुल बनाउने काममा ढुंगा, माटो बोकेर श्रेय लुटौं र यशस्वी बनौं । प्रज्ञा परिजनहरुले यो योजनामा हातेमालो गर्नु उनको निजी लाभको कुरा हो । परिजनले यदि यसमा केही गुमाउन नै पुगे पनि त्यो भन्दा हजार गुना बढी पाउने छन् । बिउले त कुहिने बेलामा मात्र कष्ट सहनु पर्ने हुन्छ त्यसपछि त अंकुरित भएर बढ्ने हुर्कने र फुल्ने फल्ने आनन्द नै आनन्द हुन्छ । वैभव नै वैभव हुन्छ । स्वतन्त्रता संग्राममा जो जो अगुवा बनेका थिए तिनीहरु मन्त्री बन्ने देखि लिएर स्वतन्त्रता सेनानीको पेन्सन लगायतका सुविधाहरु सम्मान सहित प्राप्त गरेका

छन् । यो अवसर पनि त्यस्तै हो । जसमा सहभागिता जनाउनु भनेको त मणिहरु पाइने खानी सुके दाममा किन्न पाउने जस्तै हो । जसको श्रेय, यश र वैभव सुनिश्चित छ, त्यसलाई प्राप्त गर्नमा कञ्जुस्याई भन्दा बढी अरु केही हुन सक्दैन ।

## तीन संकल्पको महान पूर्णाहुति

मैले जस्तो कि यो पुस्तकमा समय समयमा संकेत पनि गरेको छु, मेरो बासको जे जस्तो आदेश मिल्ने गरेको छ, त्यसै अनुरुप मेरा संकल्प बन्ने, पाक्ने र फल्ने गरेका छन् । सन् १९८६ को उत्तरार्ध मेरो जीवनको महत्वपूर्ण खुड्किलो हो । यो वर्षको समाप्तिका साथ मेरो पचहत्तरौं वर्षको हीरक जयन्तीको त्यो अध्याय पूरा हुनेछ, जससँग एक एक लाखका पाँचवटा कार्यक्रमहरु गाँसिएका छन् । त्यसको पूर्णाहुतिको समय पनि आई पुगेको छ । अखण्ड ज्योति पत्रिका, जो यस मिशनको प्रेरणा पुञ्ज हो, जसबाट यो विशाल परिवार निर्मित भएर उभिएको छ, आफ्नो जीवनको पचासौं वर्षमा प्रवेश गर्दैछ । यस उपलक्ष्यमा त्यसको स्वर्णयजन्ती मनाइदैछ । यता तीन वर्षदेखि मेरो सूक्ष्मीकरण साधना चलिरहको छ । यसलाई सावित्री साधना अथवा देवात्म शक्तिको कुण्डलिनी जागरण साधना भन्न सकिन्छ । तर मेरो यो साधना विशुद्ध रुपमा लोक कल्याणको लागि भएको हो । यसबाट राष्ट्रिय गरिमामा वृद्धि हुनुका साथै धर्तीमा रहेको अनेक अभाव, संकट, व्यवधान र विपत्तिले भरिपूर्ण कालो बादलको निराकरण सम्भव हुन सक्दछ ।

यी तीनवटा महाअनुष्ठानको पूर्णाहुति एउटा विशेष धर्मानुष्ठानद्वारा गरिदैछ । २४ लक्ष्यका २४ वटा महापुरश्चरणको समापनमा पूर्णहूतिको अवसरमा सन् १९५८ मा मैले १००० कुण्डीय यज्ञ गरेको थिएँ । यो अविस्मरणीय कुरा हो । यस पटकको तीनवटा साधनाहरुको पूर्णाहुति सम्पूर्ण भारतमा कुल १००० स्थानमा १०८ कुण्डीय यज्ञ एवं युग निर्माण सम्मेलनको रुपमा हुनेछ । एक वर्षमा एक हजार यज्ञहरुको माध्यमबाट मेरो एक लाख यज्ञको संकल्प पनि पूरा हुनेछ र विभिन्न क्षेत्रहरुको परिशोधन गर्नमा र समृद्धि तथा प्रगतिमा सहायता मिल्ने छ ।

यी सबै संकेत र आदेशहरु कुनै व्यक्ति विशेषका लागि हुन्, यसकारण उसले नै पूरा गर्नु पर्दछ भन्ने ठान्नु हुन्न । यहाँ त यो बुझ्न जरुरी छ कि यति ठूलो भारी कुनै एक व्यक्तिले न त उठाउन सक्दछ र न त लक्ष्यसम्म पु¥याउन नै सक्दछ । यहाँ व्यक्ति भनेको समुदाय हो जसलाई आजको स्थितिमा प्रज्ञा परिवार जस्तो सानो इकाई बुझ्न सकिन्छ । तर भविष्यमा यो उदारमनाहरुको एउटा ठूलो कुटुम्ब हुनेछ । यो यशस्वी वर्गमा सम्मिलित हुनु र तिनीहरुको दायित्वमा हात बटाउनु ती भाग्यमानीहरुको लागि एउटा अलौकिक वरदान हो, जसले आफ्नो भागको काम गरेर उपयुक्त अनुदान प्राप्त गर्दछन् ।

युग सन्धि २००० सन् सम्म चल्नेछ । तबसम्म मलाई स्थूलमा सूक्ष्म शरीरमा सक्रिय रहनु छ । मलाई सुम्पिएका सबै कामहरmलाई पूरा गरेर नै जानु छ । मेरा आफन्त परिजनहरुले अहिलेसम्म सबै

महत्वपूर्ण कार्यमा साथ दिँदै, सहयोग गर्दै र पाइलासँग पाइला मिलाएर हिँड्दै आएका छन् । अब पनि यो अग्नि परीक्षामा साथ छाड्दैनन् मुख फर्काउँदैनन् भन्ने कुरामा म विश्वस्त छु । यो श्रेय साधनामा सबै प्राणवानहरुको भागीदारी रहनेछ ।

## आत्मीयजनहरुसँग अनुरोध र आश्वासन

साधनाबाट प्राप्त हुने अतिरिक्त सामथ्र्यलाई विश्वका मूर्धन्य वर्गलाई हल्लाउन र तिनलाई पछार्ने मेरो इच्छा छ । सियोमा धागो हाले जस्तै हामीले पनि आपसमा संयोजन गरिदिने कुनै सूत्र फेला पारिदिए देखि राम्रो हुने थियो । अन्यथा सर्वथा अपरिचित रहेको स्थितिमा तालमेल बनाउन कठिनाई हुन सक्दछ । मूर्धन्यहरुमा सत्ताधीश, थानाध्यक्ष, वैज्ञानिक र मनीषीवर्गको उल्लेख हुन्छ । यी सर्वाेच्च र सामान्य दुवै स्तरका हुनेछन् । सर्वाेच्चस्तर भएकाहरुको सूक्ष्मता धारिलो त हुन्छ तर तिनीहरु अहंकारी र आग्रही पनि हुन्छन् । यसकारण मैले आफूलाई उच्चवर्गसम्म मात्र सीमित नराखेर मध्यम वृत्तिका यी चारैवटालाई आफ्नो पकडमा लिइ रहेको छु । जसबाट तल देखि उठेको काम कुरा माथिसम्म पुग्ने बाटो बन्न सकोस् ।

अर्काे वर्ग जागृत आत्माहरुको हो । यसको उत्पादन पहिलेदेखि नै भारत भूमिमा धेरै मात्रामा हुँदै आएको छ । यहाँ जति महामानव, ऋषि, मनीषी र देवताहरु जन्मेका छन् त्यति अन्यत्र पाइँदैनन् । मेरो लागि यो झनै राम्रो कुरा हो । तसर्थ जहाँ पनि पूर्व सञ्चित संस्कार आत्मा देखा परेमा तिनलाई समयको सन्देश सुनाऔं, युगधर्म बताऔं र मोह मायालाई घटाएर थोरै कुरामा निर्वाह गरेर संतोष गर्नको लागि समझाई बुझाई गरौं, यसैको लागि प्रयत्न गर्नु परेको छ । जुनकुरा प्राप्त भैसकेको छ त्यसैलाई छर्न, उब्जाउन र हजारौं गुना बढाउनु परेको छ । हामी एक्लै उम्र्यौं हुर्क्याैं र फले फुलेर अन्तमा गलेर नासियाेंं भने यो त एउटा दुर्घटना हुनेछ । जब एकबाट हजार बनाउने कुरा सोची रहेका छौं र भनिरहेका छौं भने त्यसको प्रत्यक्ष परिणति पनि त हुनु पर्दछ । प्रज्ञा परिवार ठूलो छ । साथै यो देवभूमिको उर्वरता पनि कम छैन । यसका अतिरिक्त हाम्रो योजना त विश्वव्यापी छ । त्यसको परिधिमा भारत मात्र हैन, सम्पूर्ण संसार नै आउँछ । तसर्थ विचार क्रान्तिको प्रक्रियालाई परिस्थिति अनुरुप व्यापक बनाउनका लागि जाग्रत आत्माहरुको समुदाय प्रत्येक क्षेत्र र प्रत्येक देशमा भेट्न भन्ने प्रयत्न गरिदैछ । क्षेत्रीय वातावरण अनुसारका कार्यपद्धतिहरु बन्दै जाने छन् तर लक्ष्य एउटै रहने छ – ब्रेन वाशिंग, विचार परिवर्तन र प्रज्ञा अभियान र हामी बाण झैं सनसनाउँदै लक्ष्यसम्म पुग्ने प्रयत्न गर्ने छौं । जसमा यसप्रकारको साहस होला उसले आफूलाई कसैले घचघच्याई रहेको, कोट्याई रहेको, घोचीरहेको तानीरहेको र बाध्यपारी रहेको अनुभव गर्नेछ । हुन त यस्ता मानिसहरु समयले हाँक दिएपछि अन्तर आत्माको प्रेरणाबाट पनि बिउँझन्छन् । ब्रह्म मुहूर्तमा कुखुरा बास्नलाई आफै तम तयार भएको हुन्छ भने जसमा प्राण चेतना विद्यमान छ, उसले महाकालको निमन्त्रण नै नसुनोस र पेट प्रजननको लागि व्यस्तता र

अभाव ग्रस्तताको बहाना पारी रहोस्, यो कसरी हुन सक्दछ ? समयको पुकार र मेरो अनुरोधको संयुक्त प्रभाव कत्ति पनि नपरोस्, यस्तो त हुनै सक्दैन । यस स्तरको एउटा शानदार वर्ग प्रकट भएर माथि आउने छ र कम्मर कसेर सामुन्ने उभिनेछ भन्ने कुरामा मेरो अटूट विश्वास छ ।

तेस्रो वर्ग भनेको प्रज्ञा परिवार हो । यससँग मेरो व्यक्तिगत प्रेम छ । धैरै समयदेखि कैयौं काममा साथ साथै रहदै आएको हुनाले यति ठूलो घनिष्टता हुनपुगेको छ कि यसको समापन कुनै किसिमले पनि हुन सक्दैन । यसका कैयौं कारणहरु छन् । प्रथम कुरा मलाई आफ्ना कैयौं जन्मको समझना छ । अरु सबैलाई यस्तो छैन । मेरा जोसँग पूर्व जन्ममा घनिष्ट सम्बन्ध थियो उसलाई मैले संयोगले अथवा प्रयत्नपूर्वक आफ्नो परिजनको रुपमा एकत्रित गर्दै आएको छु र तिनीहरु विभिन्न प्रकारले मेरो वरिपरि जम्मा हुँदै आएका छन् । यिनीहरुलाई अखण्ड ज्योतिले आफ्नो काखमा बटुल्दै गएको छ । संगठनको नाममा चलिरहेका रचनात्मक कार्यक्रमले पनि यस सन्दर्भमा आकर्षण थप्दै रहेका छन् । यसका अतिरिक्त बच्चा र अभिभावकका बीचमा जुन सरल र वात्सल्यपूर्ण आदानप्रदान रहेको हुन्छ, त्यो पनि चल्दै आएको छ । केटाकेटीहरु अभिभावकसँग केही न केही चीजवस्तु सजिलै खोजी रहेका हुन्छन् । यद्यपि मुखै खोलेर नमाग्न पनि सक्दछन् तर उनीहरुको भावबाट त्यस्तो माग झल्किने गर्दछ । उनीहरुको आकांक्षा माथि – माथि गैरहेको हुन्छ । त्यो उपयोगी अथवा अनुपयोगी, आवश्यक या अनावश्यक जस्तो सुकै होस् । अन्तमा तिनलाई एक थोक दिएर नै चुप गराइन्छ । उनीहरुमा यति समझ हुँदैन कि उसले मागेको चीजवस्तु अनुपयोगी छ र पैसा व्यर्थ हुन्छ भन्ने तर्क तिनीहरुलाई बुझाउन – बताउन सकिन्न । केटाकेटी र अभिभावकका बीचमा यस्तो प्रेमपूर्ण ताना तान तबसम्म चलि रहन्छ जबसम्म तिनीहरु परिपक्व हुँदैनन् र उपयोगिता – अनुपयोगिताको अन्तर बुझ्दैनन् । मेरा परिजनहरुसँग मेरो एउटा यस्तो सम्बन्ध पनि रहँदै आएको छ ।

मान्यता भनेपछि मान्यता नै हो । बानी भने पछि बानी नै हो । यदि प्रत्यक्ष नातेदारी छैन भने पूर्व संचित सघनताको दबाव माने पनि त भयो । एउटा यस्तो बाक्लो सूत्र हामीहरुका बीचमा विद्यमान छ जो विचार विनिमय र सम्पर्क – सानिन्ध्य सम्म मात्र सीमित छैन, यसले त अझ बढी प्रशन्नताको कुनै साधन र कुनै अवसर हात लागोस भन्ने चाहन्छ । कठिनाई त सबैका सामुन्ने आउँछन् र कोही कोही त भ्रमवश घर व्यवहारमा फसेका हुन्छन् । थुप्रैले आजको स्थिति भन्दा अझै राम्रो स्थिति खोजीरहेका छन् । यसका अनेक कारण हुन सक्दछन् तर सामान्यतया के देखिन्छ भने अधिकांश व्यक्तिहरु इच्छा – आकांक्षा लिएर आएका हुन्छन् त्यो कुरा मुखले अथवा अन्य तरीकाले व्यक्त गर्दछन् । साथै मेरो कुरा यथास्थान पुग्यो भन्ने ठान्दछन् त्यस कुराको विश्वास तिनलाई तब हुन्छ जब पुरै नभए पनि आधा अधुरो केही न केही पाइ हाल्छन् ।

याचक र दानीको सम्बन्ध अर्कै किसिमको हुन्छ । तर बालक र अभिभावकको बीचमा यो कुरा लागू हुँदैन । बाछाले दूध नखाई दिने हो भने गाईको हालत बिग्रन्छ । गाईले मात्र बाछोलाई केही दिन्छ

भन्ने कुरा छैन, बाछोले पनि गाईलाई केही दिन्छ । यस्तो नभैदिएको भए कुनै अभिभावकले बच्चा जन्माउने र उसको पालन पोषणमा समय खर्चिने जस्ता झन्झट व्यहोर्ने थिएन ।

भन्नलाई त गायत्री परिवार, प्रज्ञा परिवार जस्ता नामहरु राखिएका छन् र त्यसको सदस्यताको रजिष्टर तथा समयदान, अंशदानको शर्त पनि छ तर वास्तविकता अर्कैछ । जसलाई हामीहरु सबैजनाले राम्ररी अनुभव गरेका छौं । त्यो हो जन्म जन्मान्तर देखि संग्रहीत भएको आत्मीयता । जसको पछाडी अनेकौं काउकुती लाग्ने खालका घटनाहरु मलाई स्मरण छ । परिजनले त त्यसलाई स्मरण राख्न सकेनन् होला । तै पनि उनीहरुले यो अनुभव गर्दछन् कि हाम्रा बीचमा परस्पर आत्मीयताको कुनै बलियो डोरी बाँधिको छ । एक अर्कासँग धेरै नजीक आउने र परस्पर केही बढी नै काम गर्नका लागि उत्सुक हुन्छन् । यो कल्पना होइन वास्तविकता हो । जसको दुवै पक्षलाई निरन्तर अथवा समय समयमा अनुभूति भैरहन्छ ।

यही तेस्रो वर्ग बालकहरुको वर्ग हो । यिनीहरुको सहयोगबाट मिशनको केही काम भएको त छ तर यो कुरा गौण नै हो । प्रमुख प्रश्न मात्र यो हो कि यिनीहरुलाई हाँस्दै नाच्दै देख्न पाउने आनन्द कसरी प्राप्त गर्न सकिन्छ । अहिलेसम्म भेटघाट परामर्श सत्संग र सुविधा सानिन्ध्यबाट यो भाव संवेदनाको तुष्टि हुन्थ्यो तर अब त नीयतिले त्यो सुविधा पनि खोसी सकेको छ । अब परस्पर भेट घाट र मिलनको अध्याय नै सकिदै गएको छ । यसमा समयको अभाव अथवा व्यवस्था सम्बन्धी कुनै कठिनाई कारण होइन । कुरा यति मात्र छ कि यसबाट मेरो सूक्ष्मीकरणमा बाधा पर्छ । मन यता उती दगुर्न थाल्छ र अंतरमनमाथि जुन स्तरको दबाव पर्नु पर्ने हो त्यो पर्न पाउँदैन । एकाग्रता भंग हुन्छ । परिणाम स्वरुप त्यो लक्ष्य प्राप्तिमा बाधा पर्दछ जसको साथमा सम्पूर्ण मानव समुदायको भागय र भविष्य गाँसिएको छ । मेरो आफ्नो जीवनमुक्ति, सिद्धि या स्वर्ग र उत्कर्ष जस्तो कुनै कारण भएको भए त्यसलाई भविष्यमा गर्ने गरि सार्न सकिन्थ्यो तर समय बहुतै विकट छ जसले एक क्षणको पनि छुट दिदैन । ईमान्दार सिपाही झैं मोर्चा सम्हाल्नुको अलावा अरु कुनै विकल्प नै छैन । यस कारण सूक्ष्मीकरणको सन्दर्भमा परिजनहरुलाई आफ्नो साधना गर्नको लागि एक्लै छोडीदिनु पर्दछ ।

बच्चाहरु र प्रज्ञा परिजनहरुको सम्बन्धमा अब अन्तमा मेरो यति मात्र आश्वासन छ कि यदि उनीहरुले आफ्नो भाव संवेदना क्षेत्रलाई अलिकति अझ परिष्कृत गर्छन् भने मसँग अहिलेको भन्दा पनि बढी नजीक हुन पुग्ने छन् । कारण भने मेरो सूक्ष्म शरीर सन् २००० सम्म अझ बढी प्रखर भएर बाँच्ने छ । आवश्यकता परेको ठाउँमा बिलम्ब नगरेर पुग्ने छ । कठिनाईमा सहयोग पु¥याउने र बालकहरुलाई उच्चस्थानमा पु¥याउने र प्रगति पथमा लैजाने मेरो प्रकृतिमा कतिपनि फरक पर्न गैरहेको छैन । यो लाभ पहिले भन्दा बढी नै मिल्दै रहन सक्दछ ।

मेरा गुरुदेव सूक्ष्म शरीरमा हिमालयमा बस्नु हुन्छ । विगत ६१ वर्ष देखि मैले निरन्तर वहाँको सान्निध्य अनुभव गरिरहेको छु । हुन त वहाँलाई आँखाले देख्ने कुरा गर्ने हो भने त जीवन भरमा तीन पटक मात्र तीन तीन दिनको लागि देख्न पाएको छु । तर मेरो भाव सान्निध्यमा श्रद्धाको उत्कृष्टता रहेकोले

त्यसको परिणाम स्वरुप एकलव्यका द्रोणाचार्य, मीराका कृष्ण र रामकृष्णको कालीदर्शन जस्तै भएको छ । मैले भविष्यमा वहाँको निकटता अझ बढ्दै गएको अनुभव गर्दै जानेछु ।

बालक बालिकाले ठूला बडासँग केही खोजेका हुन्छन्, त्यो कुरा त ठीकै हो, तर ठूला बडाले उनीहरुसँग केही चाहेका हुँदैनन् भन्ने कुरा होइन । तोकिएको ठाउँमा दिसा पिशाब गर्ने, शिष्टाचार बुझ्ने, हाँस्ने हँसाउने, चीजवस्तुहरु नमिल्काउने र पढ्न जाऊन् भन्ने अपेक्षा त तिनले पनि गरेकै हुन्छन् । जति संभव हुन्छ त्यति त उनीहरmले पनि गर्नै पर्दछ । मेरा अपेक्षाहरु पनि यस्तै छन् । गोवर्धन उठाउनेले आफ्ना अगाडि साथी ग्वालबालको सहयोगमा नै गोवर्धन उठाएर देखाएको थियो । हनुमानको कुरा जब कसैले सुनेन तब उनले आफ्ना साथी रीछ  वानरहरलाई नै बटुलेर ल्याए । म पनि नव निर्माणको उत्तरदायित्व एक्लो काँधमा बोक्न सक्दैनथें । यो मिलेर गर्ने काम हो । जब बुद्धि विवेकशीलहरु मेरा साथमा आउन उत्सुक भएनन् तब मैले पनि यसै बालपरिवारलाई लिएर काममा जुटेको छु र जे जति सम्भव हुन सकेको छ त्यति गर्दै गएको छु । अहिलेसम्मको प्रगतिको सार संक्षेप यही हो ।

अब आगामी दिनको कुरा आउँछ । मलाई आफ्ना नानीहरुका लागि के गर्नु पर्दछ ? भन्ने कर्तव्य र उत्तरदायित्वको सधैं ध्यान राखेको छु । साथै जबसम्म चेतनाको अस्तित्व छ, त्यसको स्मरण गराउने कुरा एक मात्र यो छ कि मेरो आवश्यकता र आकाँक्षालाई नभुलाइयोस । अबको समय विकट छ । यसमा परिजनहरुको प्रत्यक्ष समयदान र अंशदान चाहिएको छ । जति प्राप्त हुने गरेको छ त्यो भन्दा बढी मात्रामा, किनकि जो गर्नुछ, त्यसको लागि तत्काल पाइला सार्नु परेको छ । ठूलो कामको लागि ठूल – ठूला मानिस चाहिन्छन् र ठूला साधन पनि । मेरो परिवारको प्रत्येक व्यक्ति ठूलो मान्छे हो । सानो हुने त मुकुण्डो सम्म भिरेको छ । मुकुण्डो उतार्ना साथ उसको सक्कली अनुहार देखा परी हाल्छ । भेडीको समूहमा हुर्केको बाघको बच्चाको कथा मेरा प्रजा परिजनका प्रत्येक सदस्य माथि लागु हुन्छ । अथवा हुन सक्दछ ।

मेरा मार्गदर्शकले एक पलमा मेरो क्षुद्रताको खोल तानेर फाल्नु भएको थियो र महानताको लुगा पहिराई दिनु भएको थियो । यो काया कल्पमा यति मात्र भएको थियो कि लोभ र मोहको हीलोबाट माथि आउनु प¥यो । जथाभावी मानिसहरुको परामर्श र आग्रहको उपेक्षा गर्नु प¥यो र आत्मा परमात्माको संयुक्त निर्णयलाई शिरोधार्य गर्ने साहस जटाउनु प¥यो । त्यसो भएपछि एक्लै हिँड्ने आत्मविश्वास जाग्यो र आदर्शलाई भगवान मानेर पाइलाहरु उठ्दै गए । यसपछि त एक्लो रहनै परेन र न त साधनहीन र उपेक्षित स्थितिको कहिल्यै आभास नै भयो । सत्यलाई अँगाल्नासाथ असत्यको तुयाँलो आफै फाट्दै गयो ।

मेरा परिजनहरुसँग मेरो यौटै अनुरोध के छ भने मेरो जीवनचर्यालाई घटनाक्रमको दृष्टिले होइन, अपितु पर्यवेक्षकको दृष्टिले हेर्नु बुझ्नु पर्दछ । म मा दैवी अनुग्रहको अवतरण भएपछि “साधनाबाट सिद्धि ” को प्रसंग मिल्यो मिलेन ? जाँच्नु पर्दछ । यस्तै यो पनि हेर्ने लायक कुरा हो कि अर्काले ग्रहण गर्न सक्ने अध्यात्मिकताको प्रस्तुतीकरण गर्दै मेरा पाइलाहरु ऋषि परम्परा अपनाउनलाई सक्रिय रहे रहेनन् ? जसले यथार्थताको जति खोजी गर्न सक्दछ त्यस्ले यो अनुमान लगाओस् कि अध्यात्म विज्ञानको

वास्तविक स्वरुप यही हो । आन्तरिक पवित्रता र बहिरंगको प्रखरतामा जसले जति आदर्शवादी समन्वय गर्न सक्दछ, त्यो ती विभूतिहरुबाट लाभान्वित हुनेछ जो अध्यात्म तत्वज्ञान र क्रिया विज्ञानका साथ जोडिएका छन् र बताइएका छन् ।

आफ्ना अनन्य प्रज्ञा परिजनहरुमा प्रत्येकको नाममा मेरो यही अख्तियारी पत्र र उत्तराधिकार पत्र लेखी रहेको छु कि मेरो जीवनबाट केही सिक । मेरा पाइलाहरुको यथार्थता खोज, सफलता जाँच र जससँग जे जति हुन सक्दछ, अनुकरण र अनुगमनको प्रयाश गर । यो नाफाको व्यापार हो घाटा लाग्दैन ।